# मिडिया काउन्सिल

## मधेश प्रदेश जनकपुरधाम

२०७९/०८०







# वार्षिक बुलेटिन

# मिडिया काउन्सिल

मधेश प्रदेश जनकपुरधाम

## वार्षिक बुलेटिन

२०७८/०७९

सम्पादक

शिव हरि प्रसाद भट्टराई

भाषा सम्पादक

रोशन जनकपुरी

सम्पादन मण्डल

राजेश कर्ण

कैलास दास

तस्वीर

मिडिया काउन्सिल

प्रकाशकाधीन

प्रकाशक : मिडिया काउन्सिल, मधेश प्रदेश


फोन नं.०४१-५९१७४६, ९८५४०२९४६२

इमेल : mcmp.jnk077@gmail.com

वेवसाइट : www.mediacouncil.madhesh.gov.np

मुद्रित प्रति : १०००

# मिडिया काउन्सिल सदस्यहरु



शिवहरि प्रसाद भट्टराई



राजेश कुमार कर्ण
पदेन सदस्य



कैलास दास
सदस्य



रिंकु कुमारी मिश्र
सदस्य



अर्जुन मण्डल
सदस्य



बन्दना झा
सदस्य



मुनेश्वर यादव
सदस्य सचिव

मधेश प्रदेश सरकार

**गृह तथा सञ्चार मन्त्रालय**


जनकपुरधाम, धनुषा

निजी सचिवालय

**भरत प्रसाद शाह**

मन्त्री

# हार्दिक शुभकामना



मिडिया काउन्सिल मधेश प्रदेशले सञ्चारमाध्यम र सञ्चारकर्मीहरुको अवस्थालाई मध्यनजर गरी यस प्रदेशका सञ्चारकर्मीहरुबाट लेख-रचना र विचार संकलन गरी वार्षिक 'बुलेटिन' प्रकाशन गर्न लागेकोमा आफू हर्षित भएको छ ।

प्रदेश सरकारले पत्रकारिताको पेसागत मूल्य, मान्यता, आदर्श र आचार अभ्यास अनुरुप उच्चतम आचरण कायम राख्न स्वच्छ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा सम्वर्द्धन गर्ने उद्देश्यले 'मिडिया काउन्सिल'को स्थापना पनि गरिएको हो । यो वार्षिक बुलेटिन प्रकाशनको कार्यले गर्दा पत्रकारिता क्षेत्रको अवस्था बारेमा प्रदेश सरकारलाई महत्वपूर्ण जानकारी हुने र पत्रकारिताको विषयमा जानकारी राख्न चाहने व्यक्ति, पत्रकार लगायतलाई उपयोगी सूचना सामग्री हुने मैले विश्वास लिएको छु ।

काउन्सिललाई स्वस्थ पत्रकारिताको विकास एवं सञ्चारमाध्यम र पत्रकारलाई राष्ट्र, समाज र नागरिकप्रति जिम्मेवार/उत्तरदायी बनाउने जिम्मेवारी रहेको छ । मिडिया काउन्सिलाई प्रारम्भमा धेरै समस्या आएको होला, धेरै चुनौतीहरु सामना गर्नु परेको होला, लक्ष्य अनुसार कार्यमा केही त्रुटि पनि भएको होला । तर त्यसका वावजूद पनि प्रदेश भित्रका सञ्चारमाध्यम र सञ्चारकर्मीहरुको लागि गरेको अहिलेसम्मको कार्य प्रशंसनीय छ । पत्रकारहरु मध्येबाट आएको लेख-रचनामा आएका केही तथ्यहरु मधेश प्रदेशका लागि एउटा स्रोतको रुपमा हुने आफूले बुझेको छु ।

यो बुलेटिन पुस्तकलाई प्रदेश सरकारले सुझावको रुपमा लिइने छ । यसरी नै मिडिया काउन्सिलद्वारा प्रकाशित वार्षिक बुलेटिन पुस्तक प्रभावकारी हुन्छ र मिडिया काउन्सिल अगामी दिनमा यस्तै कार्य गरेर देखाउने छ, आशा र विश्वासका साथ मिडिया काउन्सिल परिवारप्रति हार्दिक शुभकामनाका साथै उत्तरोत्तर प्रगतिको कामना गर्न चाहन्छु ।

**भरत प्रसाद शाह**

मन्त्री

मधेश प्रदेश सरकार

**गृह तथा सञ्चार मन्त्रालय**

जनकपुरधाम, धनुषा

निजी सचिवालय

**रुबि कुमारी कर्ण**

राज्यमन्त्री

# शुभकामना सन्देश



हाम्रो देश नेपालमा विभिन्न कालखण्डमा भएको आन्दोलनको उपलब्धि स्वरूप संघीयताको आगमन पछि स्थापित प्रदेश सरकारको गृह तथा सञ्चार मन्त्रालय अन्तर्गत रहेको मिडिया काउन्सिलबाट प्रकाशन गरिएको वार्षिक बुलेटिन को सोच सराहनीय रहेको छ। नेपालको हरेक परिवर्तन गामी आन्दोलन मा पत्रकार र संञ्चारमाध्यमहरुको भूमिका सराहनीय रहँदै आएको छ ।

वर्तमानमा मधेश प्रदेशको अधिकांश सञ्चारमध्यामहरुको अनुगमन र अवलोकन गरी हेर्दा पत्रकार र पत्रकारितालाई व्यावसायिक र आत्मनिर्भर बनाउन सकिएको छैन । स्वच्छ, निष्पक्ष, स्वतन्त्र, उत्तरदायी र व्यावसायिक पत्रकारिताको विकास गर्ने उद्देश्यले 'मिडिया काउन्सिल' को स्थापना मधेश सरकारले गरेको हो । स्वस्थय, प्रतिस्पर्धी , जनमुखी, राष्ट्र र राष्ट्रियता प्रति पूर्ण प्रतिबद्ध पत्रकारिता आजको आवश्यकता हो । मधेस प्रदेशका पत्रकारको विकास, सञ्चारमाध्यम र पत्रकारलाई राष्ट्र, समाज र नागरिकप्रति जिम्मेवार, उत्तरदायी बनाउने जिम्मेवारी यस मिडिया काउन्सिलको हो र मिडिया काउन्सिलले जिम्मेवारी वहन गर्दै वार्षिक बुलेटिन प्रकाशन गरेको प्रति खुशी छु र आफूलाई यस मन्त्रालयको राज्यमन्त्रीको हैसियतले गौरवान्वित महसुस गर्छु ।

प्रिन्ट मिडियादेखि लिएर अनलाइन मिडियासम्मको बारे यस वार्षिक बुलेटिनमा रहेको लेख रचना मार्फत जानकारी गराउने प्रयास गरिएको छ । मधेस प्रदेशका शहरदेखि लिएर ग्रामिण क्षेत्रको पत्रकारिता, महिला पत्रकारिता र पत्रकारिता क्षेत्रमा दलित पत्रकारको अवस्था लगायतको लेख रचनाले हाम्रो प्रदेश मात्र नभै सिंगो देश र विदेश का पाठक प्रति सकारात्मक प्रभाव पर्ने निश्चित छ।

मिडिया काउन्सिलले थोरै समयमा यसरी आफ्नो कार्यलाइ निरन्तरता दिदै मधेस प्रदेशका सञ्चारमाध्यम र पत्रकारहरुको हकहितमा भविष्यमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिनेछ भने विश्वास सहित हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**रुबी कुमारी कर्ण**

राज्यमन्त्री

मधेश प्रदेश सरकार
**गृह तथा सञ्चार मन्त्रालय**
जनकपुरधाम, धनुषा

# हार्दिक शुभकामना



मधेश प्रदेश सरकारले मधेश भित्र रहेको सञ्चारमाध्यम एवं पत्रकारहरुलाई स्वच्छ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा सम्वर्द्धन गर्ने उद्देश्यले मिडिया काउन्सिल स्थापना गरेको छ । काउन्सिलले सोही उद्देश्य अनुसार सञ्चारमाध्यमलाई स्वस्थ,प्रतिस्पर्धी, मर्यादित र व्यावसायिक बनाउन पत्रकारको हकहित र सुरक्षा प्रत्याभूत गर्न, पत्रकार आचारसंहित पालना गर्न लगायतको कार्य गर्दै आएको छ ।

नियमित कार्यका अतिरिक्त मिडिया काउन्सिलले वार्षिक बुलेटिन प्रकाशन गर्न लागेको छ । पत्रकारितामा आचारसंहिता, ग्रामिण पत्रकारिता आवश्यकता र चुनौती, विद्युतीय पत्रकारिता र चुनौती, पत्रकारिताको विकासमा स्थानीय निकायको महत्व, ग्रामिण क्षेत्रको पत्रकारिता, महिला पत्रकारको अवस्था र चुनौती, पत्रकारिता क्षेत्रमा दलित पत्रकारको अवस्था लगायत लेख रचनाहरु सो बुलेटिनमा समावेश गरिएको छ ।

मधेश प्रदेशका सञ्चारमाध्यम र पत्रकारहरुका लागि यो बुलेटिन प्रभावकारी हुने आफूले विश्वास लिएको छु । यो बुलेटिन प्रकाशनको कार्यले गर्दा पत्रकारिता क्षेत्रको अवस्था बारेमा प्रदेश सरकारलाई महत्वपूर्ण जानकारीको रुपमा रहिआएको छ ।

एक वर्षमा मिडिया काउन्सिलले गरेको कार्यको प्रगति सहितको बुलेटिन प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ । मिडिया काउन्सिलको कार्यप्रगति लगायत पत्रकारिताको विषयमा जानकारी राख्न चाहने व्यक्ति, पत्रकार तथा अन्य सरोकारवालाहरुका लागि उपयोगी सूचना सामग्री हुने मेरो विश्वास छ । यो प्रकाशनले सञ्चारमाध्यम, पत्रकार, पत्रकारिता क्षेत्रमा चासो राख्ने व्यक्ति लगायतलाई सहयोगीको भूमिका खेल्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, यो वार्षिक बुलेटिन तयारीको कार्यमा संलग्न सबैमा धन्यवाद दिँदै प्रगतिउन्मुख, रचनात्मक र सेवाग्राहीमुखी कार्यमा निरन्तरताको अपेक्षा सहित शुभकामना व्यक्त गर्दछु ।

**रामकुमार महतो**
सचिव



प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेत ज्यू मिडिया काउन्सिल मधेश प्रदेशमा आउँदा उहाँलाई सम्मान गर्दै मिडिया काउन्सिल अध्यक्ष शिवहरि प्रसाद भट्टराई, सदस्य र कर्मचारीहरु ।



मधेश प्रदेशका गृह तथा सञ्चार मन्त्रालयका सचिव रामकुमार महतो ज्यू मिडिया काउन्सिल मधेश प्रदेशमा आउँदा उहाँलाई सम्मान गर्दै मिडिया काउन्सिल अध्यक्ष शिवहरि प्रसाद भट्टराई र सदस्यहरु ।



नेपाल पत्रकार महासंघका केन्द्रिय अध्यक्ष धर्मेन्द्र झा ज्यू मिडिया काउन्सिल मधेश प्रदेशमा आउँदा उहाँलाई सम्मान गर्दै मिडिया काउन्सिल अध्यक्ष शिवहरि प्रसाद भट्टराई, सदस्य र कर्मचारीहरु ।




नेपाल पत्रकार महासंघका केन्द्रिय पूर्व अध्यक्ष तारानाथ दाहाल ज्यू मिडिया काउन्सिल मधेश प्रदेशमा आउँदा उहाँलाई सम्मान गर्दै मिडिया काउन्सिल अध्यक्ष शिवहरि प्रसाद भट्टराई, सदस्य र कर्मचारीहरु ।




धनुषा जिल्ला समन्वय समितिका अध्यक्ष र उपाध्यक्ष मिडिया काउन्सिल मधेश प्रदेशमा आउँदा उहाँलाई सम्मान गर्दै मिडिया काउन्सिल अध्यक्ष शिवहरि प्रसाद भट्टराई, सदस्य र कर्मचारीहरु ।

जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज कुमार साह ज्यू  मिडिया काउन्सिल मधेश प्रदेशमा आउँदा उहाँलाई सम्मान गर्दै मिडिया काउन्सिल अध्यक्ष शिवहरि प्रसाद भट्टराई, सदस्य र कर्मचारीहरु ।




सर्लाहीको मंलगवामा सञ्चारमाध्यमकको विकास लागि सुझाव संकलन गोष्ठीमा सहभागी अतिथि तथा मिडिया काउन्सिलका सदस्यहरु



मिडिया काउन्सिल मधेश प्रदेशका लागि सदस्यहरु नियुक्त भएपछि उहाँहरुलाई सम्मान गर्दै काउन्सिल अध्यक्ष शिवहरि प्रसाद भट्टराई, तत्कालिन प्रमुख प्रशासकीय अधिकृत चन्देश्वर साह ।



आचारसंहिता मस्यौदा तयार सम्बन्धी बर्दिवासमा गरिएको छलफल कार्यक्रमपछि सदस्य तथा कर्मचारीहरु खिचाएको तस्वीर ।

# अध्यक्षको कलमबाट

पत्रकारिताको पेसागत मूल्य, मान्यता, आदर्श र आचार अभ्यास अनुरुप उच्चतम आचरण कायम राख्न स्वच्छ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा सम्बर्द्धन गर्ने उद्देश्यले मधेश प्रदेश सरकार 'मिडिया काउन्सिल'को स्थापना गरिएको छ । तर शुभारम्भदेखि नै चुनौती र समस्याले भरिएको कारण लक्ष्य अनुरुप कार्य हुन सकेन । मिडिया काउन्सिलको स्थापना भएको एकवर्ष बढी भएको हो । यस अवधिमा यस प्रदेशमा सञ्चालित 'मिडिया' तथा पत्रकारहरुको हितमा केही उदाहरणी कार्यहरु पनि नभएको होइन । तर सरकार फेरबदल हुँदा 'मिडिया काउन्सिल'मा ठूलो प्रभाव परेको आफूले महसुस गरेको छ ।

स्वस्थ पत्रकारिताको विकास एवं सञ्चार माध्यम र पत्रकारलाई राष्ट्र, समाज र नागरिकप्रति जिम्मेवार/उत्तरदायी बनाउने जिम्मेवारी छ भने अर्को तर्फ ऐन त्रुटिपूर्ण भएको कारणले चुनौती र समस्यासँग भेल्नुपर्ने अवसर पनि त्यतिकै प्राप्त भएको छ । मधेश सरकारको मन्त्री परिवर्तन हुन लगतै मिडिया काउन्सिलका साथीहरुलाई बिनाकारण स्पष्टीकरण सोधेर हटाउने मानसिकता, कार्यालयमा कर्मचारी अभाव, चाहिने प्रविधि तथा उपकरणहरु उपलब्ध नहुनु लगायतको समस्याका वावजूद पनि एकवर्ष भित्रमा धेरै कार्यहरु भएको छ ।

मिडिया काउन्सिल ऐन २०७७ ले स्वस्थ पत्रकारिताको विकास र पत्रकारितालाई मर्यादित, जवाफदेही र प्रतिष्ठाको पेसा बनाउन पत्रकार आचारसंहिता जारी गर्ने र कार्यान्वयन गर्न, पहल गर्न अधिकतम जिम्मेवारी मिडिया काउन्सिललाई दिएको छ । सोही अनुसार नेपाल पत्रकार महासंघ धनुषा, महोत्तरी र सर्लाही शाखाका अध्यक्ष लगायतका पत्रकारहरुलाई राखेर महोत्तरीको बर्दिवासमा, सिरहा र सप्तरी शाखाका अध्यक्ष र पत्रकारहरुलाई राखेर सप्तरीमा तथा बारा, पर्सा, रौतहट शाखाका अध्यक्ष र पत्रकारहरुलाई राखेर पर्सामा प्रेस काउन्सिल नेपालले जारी गरेको 'पत्रकार आचारसंहिता' माथि छलफल गरी सुझाव संकल्न गर्ने कार्य गरियो । यसरी नै आठवटै जिल्लाका पत्रकारहरुबाट आएको सुझावहरु तथा शाखाका अध्यक्षहरुबाट हस्ताक्षरित 'पत्रकार आचारसंहिता २०७९' मिडिया काउन्सिले जारी गरियो ।

यस प्रदेश भित्र रहेको अधिकांश सञ्चारमध्यामहरुको अवस्था दयनीय छ । कतिपय सञ्चारमाध्यमहरु बन्द भई सक्यो भने कतिपय सञ्चारमाध्यमहरु बन्दको अवस्थामा पुगेको मिडिया काउन्सिले गरेको अनुगमनमा पाइयो । मिडियाहरुमा समावेसी समानुपातिक अनुसार विज्ञापन नआउनु, जातिय मिडिया वा कमिशनको

भरमा विज्ञापन जानु, राजनीति दलका व्यक्तिहरुद्वारा मिडिया सञ्चालनमा आउँदा आचार संहिताको खुल्लोआम उल्लंघन गर्नु, अर्को समाचारलाई अर्को मिडियाले खण्डन गर्नु, नभएका पत्रकारहरु पनि मिडियाको कार्ड झुण्डाएर धाकधम्की देखाउनु, पत्रकार पत्रकारबीच अन्तरद्वन्द वा समन्वय नभएको कारण राजनीति दल तथा जनप्रतिनिधिहरुले त्यसको बढी फाइदा लिनु, स्थानीय र मधेश सरकार स्थानीय मिडियाप्रति उदासिन सञ्चारमाध्यमहरुबाट नै आएको/उठने गरेको छ । यी समस्या र चुनौतीहरु प्रदेश सरकारको गृह तथा सञ्चार मन्त्रालयलाई पनि अवगत गराउने कार्य मिडिया काउन्सिलले गरेको छ ।

मधेस प्रदेश भित्रका सञ्चार माध्यमहरु तथा कार्यरत श्रमजिवी सञ्चारकर्मीहरुको हकहित, वृति विकास तथा अनुगमन, आचारसंहिता आदि नियमन गर्न आठवटै जिल्लाका पत्रकारहरुहरुसँग विभिन्न जिल्लामा 'सञ्चारमाध्यमको विकासका लागि सुझाव संकलन गोष्ठी' कार्य गरेको हो । गोष्ठीमा आएको सुझावहरुलाई बुँदागरी यस पुस्तकमा राख्ने गरेका छौं ।

सूचनाको हकलाई लोकतन्त्र प्रबर्द्धनको अनिवार्य शर्तको रुपम लिने गरिन्छ । नागरिकलाई राज्य संयन्त्रको प्रकृयामा सहभागी गराउन उनीहरुलाई सो प्रकृयाको बारेमा आवश्यक जानकारी दिनु दायित्व बोध गर्दै 'सूचनाको हक प्रवर्द्धनमा मधेस प्रदेश सरकार तथा स्थानीय तहको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रम पनि गरेका छौं ।

मधेशभित्रका मिडिया तथा सञ्चारकर्मीहरुको अवस्थालाई मध्यनजर गरी यो पुस्तक प्रकाशन गरिएको छ । यो पुस्तकमा वरिष्ठ पत्रकारदेखि युवा पत्रकारहरुको लेखरचना समावेश गरिने प्रयास पनि गरिएको छ। पुस्तक प्रकाशनले मधेश प्रदेशमा मिडिया सञ्चालनमा भई रहेको समस्या र चुनौतीलाई सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउने आशा र विश्वासका साथै मिडिया काउन्सिललाई लेखरचना लगायतबाट सहयोग गर्नुहुने सबैप्रति हार्दिक आभार व्यक्त गर्दछ ।

**शिवहरि प्रसाद भट्टराई**

अध्यक्ष

# विषय : सूची


| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | मिडिया काउन्सिलको स्थापना र कार्य प्रगति | १-३ |
| २. | 'डिजिटल' पत्रकारितामा विश्वासनीयता'को समस्या | ४-६ |
| ३. | मधेशमा सञ्चार माध्यमको चुनौती | ७-१० |
| ४ | स्थानीय तह र पत्रकारिता : समन्वयको खाँचो | ११-१२ |
| ५. | जनकपुरको पत्रकारिता : व्यसायिक बन्न सकस | १३-२० |
| ६. | सूचनाको हक र सरोकारवालाका दायित्व | २१-२४ |
| ७ | अनलाइन मिडियामा देखिने विकृतिहरु | २५-२८ |
| ८. | कोरोना प्रभावित मिडियाको दुःख र समाधान | २९-३२ |
| ९ | पत्रकारितामा आचारसंहिता | ३३ |
| १०. | राजनैतिक परिवर्तनपछि पनि स्थानीय तहबाट सञ्चार क्षेत्र ओझेल | ३४-३६ |
| ११ | पत्रकारिताको विकासमा स्थानीय तहको महत्व | ३७-३९ |
| १२. | मधेशक पत्रकारिता: आशा कम र निराशा बेसी | ४०-४५ |
| १३. | पत्रकारिताको विकासमा स्थानीय तहको महत्व | ४६-५० |
| १४. | पत्रकारितामा दलित, जनजाति, मुस्लिम तथा अल्पसंख्यकको पहुँच | ५१-५३ |
| १५ | पत्रकातिरामा आचारसंहिता | ५४-५५ |
| १६ | नेपाली पत्रकारितामा दलित पत्रकारको अवस्था, अवसर र चुनौती | ५६-५८ |
| १७. | प्रदेश सरकारले सामुदायिक रेडियोको विस्तारमा जोडिनुपर्छ | ५९-६२ |
| १८. | ग्रामीण पत्रकारिताका समस्या चुनौती र अवसर | ६३-६८ |
| १९. | मधेश प्रदेशमा टेलिभिजनको प्रयोग र अवस्था | ६९-७२ |
| २०. | पत्रकारिता : चुनौती र अवसर | ७३-७५ |
| २१. | महोत्तरीमा पत्रकारिताको इतिहास | ७६-७९ |
| २२ | कोरोना र पत्रकारको दुःख | ८०-८२ |
| २३ | कोभिड-१९ महामारी र रेडियो | ८३-८६ |
| २४ | पत्रकारिता क्षेत्रमा महिलाको चुनौती र सम्भावना | ८७-९० |
| २५ | ग्रामिण पत्रकारिता : आवशयकता र चुनौती | ९१-९२ |
| २६ | केही उदाहरणीय महिला पत्रकारहरु | ९३-९५ |
| २७ | मधेशका मिडियाहरुको समस्या र चुनौती | ९६-९८ |
| २८ | सञ्चारमाध्यमको विकासका लागि आएका सुझावहरु | ९८-१०२ |
| २९ | सूचनाको हक प्रवर्द्धन अन्तरक्रिया कार्यक्रम | १०२-१०४ |
| २८ | फोटो ग्यालेरी | १०५-१११ |

# मिडिया काउन्सिलको स्थापना र कार्य प्रगति

मधेश प्रदेश सरकारले २०७७ असार १३ गते सञ्चार ऐन पारित र ०७७ भदौ ३ गतेमा प्रदेश प्रमुखले प्रमाणिकरण गरियो । सञ्चार ऐन अन्तरगत मिडिया काउन्सिललाई कार्यान्वयनमा ल्याउनका लागि मन्त्रीपरिषद्ले सोको अध्यक्षमा शिवहरि प्रसाद भट्राईलाई २०७७ माघ २९ गते नियुक्त गरियो । अध्यक्ष भट्टराईले नियुक्ति पाएपनि बस्न र कार्य गर्नका लागि कार्यालय थिएन, कर्मचारी थिएन । विधिवत रुपमा कार्य गर्नका लागि बोर्डको आवश्यकता हुन्छ । तर सदस्यहरु पनि नियुक्त भएको थिएन । माघ मसान्तमै नेपालमा महामानव विनासकारी कोरोना भाईरस अर्थात कोभिड-१९ आयो र चैत्र मसान्तसम्म विकराल रुपमा लियो । चैत्र १२ गते नेपाल सरकारले नेपालमा (लकडाउन) बन्दाबन्दी गरियो ।

चैत्र अन्तिममा सदस्यहरु पनि नियुक्त भयो र बैशाखमा मिडिया काउन्सिलको कार्यालय सञ्चालना आयो । यसबीच कोरोना मधेश प्रदेश लगायत देशमै हाहाकार मचाएको थियो । कार्यालय सञ्चालन भएतापनि एकजना प्रशासकीय प्रमुख बाहेक कोही पनि थिएन । उहाँपनि तीनवटा कार्यालय सम्हाल्नु हुन्थ्यो ।

***सञ्चारकर्मीहरुलाई मास्क र सेनिटाइजर वितरण***

कोरोनाको बेलामा सबभन्दा जोखिममा पत्रकार नै हुनुहुन्थ्यो । धेरै पत्रकारलाई पनि कोरोना लागेको विभिन्न जिल्लाबाट सूचना प्राप्त भयो र मिडिया काउन्सिलले स्वास्थ्य सामाग्री वितरण गर्ने निर्णय गरियो । तर त्यतिबेला जनशक्तिको अभाव थियो । मिडिया काउन्सिल अध्यक्ष शिवहरि प्रसाद भट्टराई र आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले मधेश प्रदेशका आठवटै जिल्लामा गएर नेपाल पत्रकार महासंघको शाखाहरुमा र केही मिडिया हाउसमा मास्क, सेनिटाइर लगायतको सामाग्री वितरण गरियो ।

***मिडियाहरुको अभिलेखीकरण***

मिडिया काउन्सिलले कोभिड-१९ को प्रभाव कम हुन थालेपछि प्रदेश भित्र रहेको मिडिया हाउसहरुमा अनुगमन गरेका छन् । पत्रपत्रिका, एफएम, टेलिभिजन कार्यालयमै पुगेर सोको अवस्था, समस्या र चुनौती बारेमा मिडिया सञ्चालक तथा नेपाल पत्रकार महासंघका शाखाहरुमा गएर पत्रकारहरुसँग छलफल गरेका छन् । सो क्रममा मिडियाकर्मी र सञ्चारकर्मीहरुबाट आएको समस्या, चुनौती र समाधानका उपायको बारेमा मौखिक रुपमा गृह तथा सञ्चार मन्त्रालयमा जानकारी समेत गराउने कार्य गरिएको छ ।

त्यस्तै मधेश प्रदेश भित्र रहेको वर्गीकृत पत्रपत्रिकाहरुको अभिलेख र नियमित रुपमा प्रशासरित एफ.एम. तथा टेलिभिजनहरुलाई अभिलेखीकरण गर्ने कार्य पनि गरेको छ ।

***कार्यविधि निर्माण प्रक्रिया***

मिडिया काउन्सिलले बोर्डमिटिङ्गबाट प्रदेश भित्र रहेको मिडियाहाउस तथा पत्रकारहरुलाई केही महत्वपूर्ण कार्य पनि गर्ने प्रयास गऱ्यो । तर समय अनुकूल हुन नसक्दा सो कार्यले तिव्रता लिन सकेन । मिडिया काउन्सिलले पत्रकार कल्याणकोषको स्थापना, पत्रकारहरुलाई पुरस्कार एवं सम्मानको व्यवस्था, ज्येष्ठ

पत्रकारहरुको वृतिविकास तथा लेखनवृति वितरण लगायतको निर्णय गरेतापनि  केही कारणवस कार्यान्वयनमा आउन सकेन ।

मिडिया काउन्सिलले गर्न खोजेको कार्य, समस्या र चुनौतीको बारेमा प्रदेशका गृह तथा सञ्चारमन्त्री भरत प्रसाद साह र राज्यमन्त्री रुवि कर्ण, सचिव वीरेन्द्र कुमार यादव ज्यूलाई जानकारी समेत गराइयो । मन्त्रीद्वयले समस्या समाधानका लागि सल्लाह दिनुभयो, तर अगामी कार्य प्रगतिमा सन्तोषजनक सहयोग हुन सकेन । त्यस्तै प्रशिक्षकहरुको रोष्टर तयार गर्ने कार्यलाई पनि तिव्रता दिइयो ।

*कोभिड-१९ संक्रमित पत्रकारहरुको अभिलेखिकरण*

तत्कालिन कोभिड-१९ बाट प्रभावित पत्रकारहरुको तथ्यांक संलकलन कार्य पनि अगाडि बढाइयो । कोरोना संक्रमित पत्रकारहरुको तथ्यांकन संकलनका लागि मिडिया काउन्सिलले प्रदेश भित्र रहेको नेपाल पत्रकार महासंघका शाखाहरुमा पत्र पठाउने कार्य गरियो ।

*तीनवटा कार्यविधि निर्माण*

मधेश प्रदेश भित्र रहेको सञ्चारगृह तथा सञ्चारकर्मीहरुको क्षेत्रमा कार्यका लागि कार्य विधि निर्माण आवश्यक भएकोले तत्काल वर्गीकरण सम्परीक्षण मापदण्ड, पत्रकार कल्याण कोष, आचारसंहिता मस्यौदा, लेखनवृति र पुरस्कार तथा सम्मान कार्यविधि निर्माणको प्रक्रियालाई अगाडि बढाइयो र भयो पनि ।

वर्गीकरण सम्परीक्षण मापदण्ड कार्यविधि, पत्रकार कल्याणकोष र लेखनवृति कार्यविधि निर्माण भई गृह तथा सञ्चारमन्त्रालयमा समेत पठाई सकेको छ । सञ्चार ऐन अनुसार कार्यविधि निर्माण गरी मन्त्रालयले पारीत गरेपछि मात्र कार्यान्वयनमा आउने रहेकोले मन्त्रालयमा पठाइएको छ ।

*आचारसंहिता मस्यौदा निर्माण*

प्रदेश सञ्चार ऐन अन्तरगत मिडिया काउन्सिललाई प्रेस स्वतन्त्रताको दुरुपयोग हुन नदिन पत्रकारिता सम्बन्धी आचारसंहिता बनाउने भने अनुसार मिडिया काउन्सिलले प्रेस काउन्सिल नेपालले जारी गरेको पत्रकार आचासंहितालाई प्रदेशका आठवटै जिल्लाका नेपाल पत्रकार महासंघ शाखाका पत्रकारहरुसँग छलफल गरी 'पत्रकार तथा सञ्चारमाध्यम आचासंहिता मधेश प्रदेश २०७९' ल्याइएको छ ।

सोको लागि धनुषा, महोत्तरी र सर्लाहीका पत्रकारहरुलाई महोत्तरीको बर्दिवासमा बोलाएर 'सञ्चारमाध्यम र पत्रकार आचारसंहिता निर्माण' सुझाव संकलन गोष्ठी गरियो ।

त्यसैगरी बारा, पर्सा र रौतहटका पत्रकारहरुलाई वीरगञ्जमा बोलाएर 'सञ्चारमाध्यम र पत्रकार आचारसंहिता निर्माण' सुझाव संकलन गोष्ठी, सिरहा र सप्तरीका पत्रकारहरुलाई राजविराजमा बोलाए 'सञ्चारमाध्यम र पत्रकार आचारसंहिता निर्माण' सुझाव संकलन गोष्ठी गरियो । सो गोष्ठीमा पत्रकारहरुबाट आएको सुझावहरुलाई 'पत्रकार तथा संचारमाध्यम आचासंहिता मधेश प्रदेश २०७९' ल्याइयो । आचारसंहितालाई मूर्तरुपमा दिनका लागि नेपाल पत्रकार महासंघ आठवटै जिल्लाका शाखा अध्यक्ष सहित पत्रकारहरुलाई बोलाएर जनकपुरधाममा गृह तथा सञ्चारमन्त्री भरत प्रसाद साहको प्रमुख आतिथ्यमा सर्वाजनिकीकरण समेत गरियो ।

*लोककल्याणकारी विज्ञापन सिफारिस*

मधेश प्रदेशभित्र सञ्चारगृहलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराउने उद्देश्यले सञ्चारगृहहरुलाई सूचना प्रकाशन गरी आवेदन माँग गरियो । आएको आवेदनको आधारमा सञ्चार गृहहरुलाई विज्ञापन उपलब्ध गराई दिनका लागि आमसंचार प्राधिकरणलाई सिफारिस गर्ने कार्य गरियो ।

*सूचनाको हक सम्बन्धी गोष्ठी*

सूचनाको हकलाई लोकतन्त्र प्रबर्द्धनको अनिवार्य शर्तको रुपमा लिइन्छ । नागरिकलाई राज्य संयन्त्रको प्रकृयामा सहभागी गराउन उनीहरुलाई सो प्रकृयाको बारेमा आवश्यक जानकारी आवश्यक देखियो । नेपालको संविधनाको २०७२ को धारा २७ ले "प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ" भनी उल्लेख गरेको छ ।

मिडिया काउन्सिलले पत्रकारहरुलाई सूचनाको हक बारेमा सरोकारवालाहरुलाई राखेर जनकपुरधाममा अन्तरक्रिया गोष्ठी गरियो । सो गोष्ठी आठवटै जिल्लाका पत्रकारहरु, धनुषाका प्रमुख जिल्ला अधिकारी, सरकारी कार्यालयका प्रमुखहरु, सुरक्षा प्रमुख तथा सम्बन्धित निकायलाई राखेर सूचनाको हक सम्बन्धी एक दिने गोष्ठी गरियो ।

*सञ्चारमाध्यमको विकासका लागि सुझाव संकलन गोष्ठी*

मिडिया काउन्सिलले मधेस प्रदेश भित्रका सञ्चारमाध्यमहरु तथा कार्यरत श्रमजिवी सञ्चारकर्मीहरुको हकहित, वृति विकास तथा अनुगमन, आचार संहिताआदि नियमन गर्न प्रदेशका आठवटै जिल्लामा कार्यरत सञ्चारकर्मीहरुसंग विचार विमर्श, राय संकलन, गोष्ठी जनकपुरधाम र सर्लाहीको मलंगवामा गरियो ।

गोष्ठीमा सञ्चारमाध्यमहरुको लोकल्याणकारी विज्ञापन र अन्य सञ्चालन हुने तर तरिकाको लगानीको आधारमा छुट्टाछुट्टै वर्गिकरण हुनुपर्ने, पत्रकारहरुलाई बिना कुनै कारण रोजगारबाट हटाउन नहुने, पत्रकारहरुले सञ्चालन गरेको सञ्चारमाध्यमलाई सरकारले विशेष प्राथमिकता दिनुपर्ने प्रदेश सरकारले सामुदायिक एफएमहरुको विकासका लागि आफ्ना नीति तथा कार्यक्रममा साकारात्मक दृष्टि देखाएपनि व्यवसायिक एफएमहरुका लागि विभेदपूर्ण नीति लिनु गलत रहेको लगायतका कुराहरु सुझावको रुपमा आएका थिए ।

# ‘डिजिटल’ पत्रकारितामा ‘विश्वसनीयता’को समस्या !

> डिजिटल प्रविधिले उत्पन्न गरेको प्रभावलाई व्यवस्थित र नियमन गर्ने नाममा पत्रकारिता क्षेत्रमा राज्यको हस्तक्षेप बढेको अनुभव गरिएको छ।



धर्मेन्द्र झा

आजको पत्रकारिता प्रविधिबाट निर्देशित हुन बाध्य छ भन्दा अनुचित हुँदैन । विशेषगरी इन्टरनेटको विकासको युगमा पत्रकारिताको क्षेत्रमा प्रविधिको हस्तक्षेप बढेको छ र यसका राम्रा नराम्रा दुवै प्रभाव यस क्षेत्रमा अनुभूत गरिएको छ । हो, इन्टरनेटमा आधारित डिजिटल प्रविधिले पत्रकारिताका माध्यमहरुलाई तीव्र बनाएको छ । प्रभावकारीपनि बनाउने प्रयत्न गरेको छ र आमव्यक्तिमा सूचनाको शीघ्र सम्प्रेषणलाई सहज बनाएको छ । यसले पत्रकारितालाई व्यावसायिक पत्रकारहरुको कित्ताबाट नागरिक पत्रकारिताको किताामा पुऱ्याउने काम गरेको छ । माथि उल्लेख गरिएका सन्दर्भमध्ये कति विषय उचित र कति अनुचित हुन् त्यसका बारेमा वहस चल्दै गर्ला । तर वर्तमान अवस्थाले दुईवटा कुरा बडो गम्भीर ढंगले सोच्न उत्प्रेरित गरेको छ । पहिलो, पत्रकारिताको रचनात्मक (क्रिएटिभ) र विश्वसनीयताको पक्ष कमजोर बन्दै जानु र दोस्रो, डिजिटल प्रविधिको व्यवस्थापन र नियमनको वहानामा प्रेसमाथि राज्यको बढदो हस्तक्षेप ।

प्रविधिको प्रयोगले पत्रकारितालाई यति प्रतिस्पर्धी बनाएको छ कि आजको समयमा पत्रकारले कुनैपनि घटना र स्कूपलाई एकछिनपनि ‘होल्ड’ गर्न सक्दैन । एकजनाले होल्ड गरेछ भनेपनि अर्को पत्रकारले त्यस्ता सूचना तत्काल सम्प्रेषण गर्छ । यसो गर्दा उसले सूचनाको सत्य स्थापित गर्न आवश्यक सम्पादकीय प्रक्रिया (एडिटोरियल प्रोसेस) र ‘गेट किपिग’ को अवधारणालाई अनुशरण गर्न सकेको हुँदैन । यसले समाचारमा विश्वसनीयताको संकट निम्त्याउँछ । नेपालको सन्दर्भमा भन्ने हो भने यतिखेर यहाँका सञ्चारमाध्यमले विश्वसनीयताको संकट वेहोर्न बाध्य हुनुपरेको छ र यसको एउटा मूल कारण यो डिजिटल प्रविधिआधारित प्रतिस्पर्धा नै हो । यस प्रतिस्पर्धाले कुनै सामग्रीलाई कसरी र कुन रुपमा प्रस्तुत गर्ने भन्ने रचनात्मकतालाई पनि प्रभावित गर्दछ । माथि उल्लेख गरिएका विषय हार्ड न्यूज (घटनाप्रधान समाचार)का सन्दर्भमा त पूरै लागू हुन्छन् । तर पत्रकार सचेत र जिम्मेबार भयो भने सफ्ट न्यूज (विषय वा प्रक्रिया प्रधान

समाचार)का सन्दर्भमा पत्रकारिताको मौलिकता जोगिन सक्छ । यस प्रकारको समाचारको आधार खोजी पत्रकारिता हो । यसमा 'कारण' र 'परिणाम'को खोजी गर्नु आवश्यक हुन्छ भन्ने बुझाईका आधारमा पत्रकारको सक्रियता बढनसक्ने अपेक्षा गरिनु अनुचित हुँदैन । यस्तो भयोभने डिजिटल प्रविधि पत्रकारका लागि सहयोगी हुनसक्छ र पत्रकारको सक्रियताले पत्रकारिताको रचनात्मकता जोगिन सक्छ ।

आजको पत्रकारिता प्रविधिबाट यति बढी प्रभावित भइसक्यो कि मानिसले प्रतिस्पर्धा गर्नसक्ने सम्भावनाका सन्दर्भमा चुनौती थपिँदै गएकाछन् । आज पत्रकारितामा रोबोट र एआइ ( आर्टिफिसियल इन्टेलीजेन्स) को प्रयोग भइरहेको अवस्था छ । प्रविधिको यस अत्याधुनिक प्रयोगले पत्रकारितालाई क्रमशः परनिर्भरतातर्फ धकेलिरहेको छ भन्नु अस्वाभाविक हुँदैन । यस्तोमा पत्रकारिताको मौलिकतामाथि संकट निम्तिनसक्ने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन । यसबाट जोगिन एकमात्र उपाय, पत्रकारको स्वसक्रियता हो । पत्रकारले प्रविधि निर्देशित कन्टेन्ट (विषय)मा भरपर्नुको साटो आफूले कारण र परिणामको औजार प्रयोग गरेर खोजेको विषयलाई प्रविधिको सहयोगले थप सशक्त बनाउनु आवश्यक छ ।

> "सामाजिक सञ्जाल पत्रकारिताको अत्यन्त ठूलो निर्णायक अंगका रुपमा विकसित हुँदै गएको छ भन्नेमा दुई मत हुन सक्दैन। मूलधारका पत्रकार र पत्रकारिताका लागि यस्ता सञ्जालले विषय र विषयगत् सूचना उपलब्ध गराउन महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन्।"

यसै सन्दर्भमा डिजिटल प्रविधिले उत्पन्न गरेको प्रभावलाई व्यवस्थित र नियमन गर्ने नाममा पत्रकारिता क्षेत्रमा राज्यको हस्तक्षेप बढेको अनुभव गरिएको छ । कतिपय सन्दर्भमा डिजिटल झमेलाले पक्कै केही समस्या निम्त्याएका हुन सक्छन् । तर यसै आधारमा नियमनको सोच राख्दा स्वतन्त्र पत्रकारिताको अवधारणा प्रतिकूलरुपमा प्रभावित हुने अवस्थाप्रति राज्य अनभिज्ञ हुन मिल्दैन । नेपालपनि यो अवस्थाको अपवाद छैन । नेपालमा विगतमा सरकारद्वारा डिजिटल प्रविधिको प्रयोगलाई देखाएर प्रेस स्वतन्त्रता नियन्त्रणको प्रयास भएको हो । सूचना प्रविधिसँग सम्बन्धित कानून र निर्देशिकाहरु (बनेका र बन्ने प्रक्रियामा रहेका) यसैका नमुना हुन् भेन्नु अन्यथा ठहर्दैन ।

माथि उल्लेख गरिसकियो, वर्तमानमा व्यावसायिक पत्रकारिता र नागरिक पत्रकारिता गरी पत्रकारिता दुई कित्तामा विभाजित छ । यसलाई सम्भव बनाएको छ इन्टरनेटमा आधारित डिजिटल प्रविधिले । इन्टरनेटको विकासपछि न्यू मिडिया (नयाँ मिडिया) निकै सशक्त ढंगले उपस्थित भएको छ । यसले सामाजिक सञ्जाल र अनलाइनको प्रयोगलाई जनसामान्यको पहुँचमा ल्याएको छ ।

आज सूचना सम्प्रेषणका लागि पत्रकार नै भइरहनुपर्छ भन्ने मान्यता क्रमशः अस्वीकृत हुँदै गइरहेको छ। तर डिजिटल प्लेटफर्महरुमार्फत् जनसामान्यको पहुँचसम्म सम्प्रेषित सूचनाको आँधीवेहरीले सँगसँगै विश्वसनीयताको संकट निम्त्याएको छ। यसो हुनुको मूल कारण हो, सम्पादकीय प्रक्रियाको अनुशरणमा समस्या। कहाँसम्म भने व्यावसायिकरुपमा पत्रकारिता गर्नेहरुमै पनि सामाजिक सञ्जाल र अनलाइनको प्रयोग गरी सूचना सम्पेषण गर्ने सन्दर्भमा समस्या छ। आजको सन्दर्भमा सामाजिक सञ्जाल पत्रकारिताको अत्यन्त ठूलो निर्णायक अंगका रुपमा विकसित हुँदै गएको छ भन्नेमा दुई मत हुन सक्दैन। मूलधारका पत्रकार र पत्रकारिताका लागि यस्ता सञ्जालले विषय र विषयगत् सूचना उपलब्ध गराउन महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन्।

पछिल्ला दिनहरुमा 'विश्वसनीयता'को संकट खेप्न बाध्य नेपाली पत्रकारिताको ठूलो सरोकारवाला पत्रकारहरुले माथि उल्लेखित कुरा बुझेका छैनन् भन्न सकिँदैन। वास्तवमा नेपालका सन्दर्भमा पत्रकारको दुईथरी व्यक्तित्व छ, पहिलो पत्रकारको र दोस्रो व्यक्तिको। यी दुवै व्यक्तित्वबीच समन्वय र सन्तुलन कायम गर्न सकिएन भने सूचना प्रवाहको 'गेट किपिङ' दोषपूर्ण हुनजान्छ। व्यक्तिको हैसियतमा आफ्नो वैयक्तिक धारणा निर्माण गर्न छूट छ भन्ने आधारमा पत्रकारहरु समाजिक सञ्जाललगायतका अन्य वैकल्पिक सञ्चार माध्यमबाट निजात्मक धारणा व्यक्त गर्ने गर्दछन्, जो उनको पत्रकारिताको व्यक्तित्वभन्दा सर्वथा भिन्न हुन्छ। तर यस्ता पत्रकार(व्यक्तिलाई समाजले स्मृतिमा लिइरहेको हुन्छ र उनका विविधखाले अभिव्यक्तिका आधारमा मूल्यांकन गरिरहेको हुन्छ। पत्रकारले यस यथार्थलाई उपेक्षा गर्नुको कारण पत्रकारिताले वर्तमानमा विश्वसनीयताको संकट भोग्न बाध्य भइरहेको छ। सञ्चार उपभोक्तका दृष्टिले यो अत्यन्त चिन्ताजनक अवस्था हो।

*उहाँ नेपाल पत्रकार महासंघका पूर्व केन्द्रिय अध्यक्ष हुन्।*

# मधेशमा सञ्चार माध्यमको चुनौती

> व्यावसायीक रुपमा सञ्चार माध्यमहरु बीच तालमेल रहेको देखिदैन्। विज्ञापनको दरमा एकरुपता समेत कायम भएको पाइदैन। प्रतिस्पर्धाको नाममा एक अर्काको खुट्टा तान्ने प्रवृती बढेको देखिन्छ।



बृज कुमार यादव

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि गठन भएको ७ प्रदेश मध्ये मधेश प्रदेशमा सञ्चार माध्यमहरुको संख्यात्मक रुपमा बृद्धिभएको छ। पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाईन(डिजिटल)को संख्या पछिल्लो समयमा अनपेक्षित रुपमा बढेको छ। सञ्चालनमा रहेका सञ्चार माध्यमहरुको अवस्था सबल नभएको बेला संख्यात्मकरुपमा पत्रपत्रिका, टेलिभिजन, रेडियो र अनलाईनमा बृद्धि हुनुको कारण पहिल्याउनु पर्ने हुन्छ।

कयौं वर्षदेखि सञ्चालनमा रहेका अर्थात पुराना रेडियो स्टेशन, टेलिभिजन, साप्ताहिक/दैनिक पत्रिकाहरुको आर्थिक अवस्था अत्यन्त कमजोर रहेको देखिन्छ। कार्यरत कर्मचारी र सञ्चारकर्मीहरुले तलब, सुविधा पाउन सक्ने अवस्था छैन्। दक्ष जनशक्तिको चरम अभाव छ। सञ्चार माध्यमहरु संस्थागत भन्दा व्यक्तिगत रुपमा सञ्चालनमा छन्। हाल अधिकांश सञ्चार माध्यमहरु कम्पनीबाट नै सञ्चालन भइरहेका छन्। कम्पनीबाट सञ्चालनमा रहेपनि संस्थागतरुपमा सञ्चालनमा रहेको देखिदैन्।

मधेश प्रदेशमा सञ्चालनमा रहेका सञ्चारमाध्यमहरुका लागि संभावना र स्रोत दुबैको अभाव भने छैन्। देशको अधिकांश भागमा विज्ञापन गर्ने निजी कम्पनीहरुको संख्या मधेश प्रदेशकै बढी रहेको छ। बारा र पर्सा जिल्लाका उद्योग र व्यावसायिक प्रतिष्ठानहरुकै विज्ञापन देशका अधिकांश सञ्चार माध्यमहरुले पाउने गरेका छन्। तर त्यो मधेशका सञ्चार माध्यमहरुमा न्युन नै छ। बारा र पर्सा जिल्लाका औद्योगिक र व्यावसायिक प्रतिष्ठानको विज्ञापन त्यै जिल्लाका सञ्चार माध्यमहरुलाई समेत उपलब्ध हुँदैन्। व्यावसायिकभन्दा व्यक्तिगत पहुँचको आधारमा कसैले केही विज्ञापन पाएकापनि छन्। तर प्रादेशिक आधारमा बारा र पर्सा जिल्लाका उद्योगी, व्यावसायी घराना सञ्चारमाध्यमहरुप्रति सकारात्मक रहेको देखिदैन्। हुन त व्यावसायिक प्रतिस्पर्धामा त्यसको अर्थपनि रहेको छैन्।

मधेश प्रदेशमा उत्पादन हुने सरकारी विज्ञापनहरुपनि प्रदेशकै सञ्चार माध्यमहरुले पाउनु पर्ने हो। तर त्यसका लागि प्रदेश सरकार, स्थानीय सरकार अथवा संघीय सरकारले कुनै कानुन वा मापदण्ड

बनाएको छैन् । आर्थिक वर्ष २०७७/०७८को नीति तथा कार्यक्रममा मधेश प्रदेश सरकारले प्रदेशमा उत्पादन हुने विज्ञापन प्रदेशकै सञ्चार माध्यमहरुलाई उपलब्ध गराउने उल्लेख गरेपनि त्यसको कार्यान्वयन स्वयं सरकारले नै गरेन । मधेश प्रदेश सरकारले आफ्नै नीतिको कार्यान्वयन नगर्दा स्वाभाविक रुपमा स्थानीय तह र संघीय अड्डाहरुलेपनि त्यसको कार्यान्वयनमा रुची देखाएनन् । प्रदेशको सञ्चार माध्यमलाई जोगाउनु पर्ने मात्र नभै त्यसको समृद्धिका लागि समेत प्रदेश सरकारले लगानी गर्नुपर्ने दायित्व हो । तर मधेश सरकारले पाँचवर्षको कार्यकालमा कुनै प्रकारको लगानी प्रदेशका सञ्चार माध्यमहरुमा गरेको छैन् ।

मधेश प्रदेशका सञ्चार माध्यमहरुका लागि प्रतिकुल समय रहेपनि अनलाईन, रेडियो, टेलिभिजन र दैनिक पत्रिका प्रकाशनको क्रममा ब्यापक बृद्धि हुनु आश्चर्य नै मान्नु पर्छ ।

*प्रदेश सरकारको उपेक्षा*

सञ्चारमाध्यमहरुमा नीतिगत रुपमा प्रदेश सरकारले लगानी गर्नुपर्ने हो । तर हालसम्म सरकारले कुनै नीति नै बनाएको छैन् । प्रदेश मिडिया काउन्सिल र आमसञ्चार प्रतिष्ठानले सञ्चार माध्यमहरुको सबलताका लागि काम गर्नसकेको छैन् । देशमा कोरोना भाइरसको महामारी फैलिएको बेला प्रदेशका कयौं पत्रकारहरुपनि संक्रमित भए । कयौं सञ्चार माध्यमहरु बन्द नै भए । सञ्चारकर्मीहरुपनि महामारीको बेला गंभीर आर्थिक संकटमा परेका थिए । कतिपय सञ्चारकर्मीहरुलाई छाक टार्न समेत समस्या थियो । तर प्रदेश सरकारले कुनै चासो देखाएन् । सञ्चार माध्यमहरुलाई सहयोग गर्न सरकारसित रहेको रकम भित्ते पत्रिका प्रकाशनको नाममा गृह तथा सञ्चार मन्त्रालयले हजम गरे । संक्रमित सञ्चारकर्मीहरुलाई समेत कुनै प्रकारको सहायता सरकारले उपलब्ध गराएन् । सञ्चारमाध्यमहरुलाई कोरोना भाइरसको संक्रमणबाट जोगिन लोककल्याणकारी विज्ञापन उपलब्ध गराएरपनि सरकारले सहयोग गरेन । अन्य सबै प्रदेशमा सरकारले सक्दो सहयोग गरेको थियो । प्रदेशका सञ्चारकर्मीहरु गंभीर प्रकृतीको बिरामी हुँदा समेत प्रदेश सरकारले कसैलाई उपचारका लागि समेत सहयोग गरेन ।

*अस्वस्थ्य प्रतिस्पर्धा*

मधेश प्रदेशमा सञ्चारमाध्यमबीच अस्वस्थ प्रतिस्पर्धा देखिन्छ । व्यावसायीक रुपमा सञ्चार माध्यमहरुबीच तालमेल रहेको देखिदैन् । विज्ञापनको दरमा एकरुपता समेत कायम भएको पाइदैन । प्रतिस्पर्धाको नाममा एक अर्काको खुट्टा तान्ने प्रवृती बढेको देखिन्छ । एउटा सञ्चार माध्यमले विज्ञापन पाउँदा अर्कोले किन दिएको भनेर धम्की दिने प्रवृतीलेपनि विज्ञापनदाताहरुको उत्साहमा कमी आएको छ । प्रदेशका सञ्चारमाध्यममा विज्ञापन दिएकै कारण अनेक प्रकारको समस्या सृजना गर्नुभन्दा प्रदेश बाहिरका सञ्चार माध्यमहरुमा विज्ञापन गर्दा सुरक्षित रहने विज्ञापनदाताहरुको मानसिकता देखिन्छ ।

*दक्ष जनशक्तिको कमी*

मधेश प्रदेशमा सञ्चारमाध्यमहरुको संख्या बढेसँगै दक्ष जनशक्तिको चरम अभाव भएको छ । रेडियोमा बोलिने अथवा सामाजिक सञ्जालमा प्रसारण गर्नुपनि पत्रकारिता हो । टीभी, रेडियो, अनलाईन पत्रकारिताको भन्दापनि जटिल छापाको पत्रकारिता हो । दैनिक पत्रिकाको संख्यामा बृद्धिभएको देखिएपनि

त्यस अनुपातमा दक्ष जनशक्ति उत्पादनमा बृद्धि भएको छैन्। पाठक, श्रोता, दर्शकले खोजे अनुसारको समाचार अथवा मनोरञ्जन पस्कन सञ्चारमाध्यमहरु पछाडी परेका छन्। त्यसको प्रमुख कारण नै आवश्यक दक्ष जनशक्तिको अभाव हो।

*पत्रकारिताबाट जिवकोपार्जनमा कठिनाई*

मधेश प्रदेशमा पत्रकारिता गरेर नै जीविको पार्जन गर्न कठिनाई छ। सम्पादक/प्रकाशक/व्यवस्थापक, पत्रकार, विज्ञापन संकलक सबै काम एकैजनाले गरेको अधिकांश सञ्चार माध्यमहरु छन्। रेडियो र टीभीको अवस्थापनि उस्तै छ। पाठकको रुची अनुसारको सामग्री उत्पादनगर्न सञ्चार माध्यमहरु दिनानुदिन पछाडी परिरहेकाले निजी क्षेत्रको व्यावसायिक विज्ञापनमा भारी गिरावट आएको छ। आर्थिक रुपमा रुग्ण सञ्चारमाध्यमहरुले कर्मचारी/सञ्चारकर्मीलाई पाल्न सक्दैन्। सानो व्यावसायिक प्रतिष्ठानमा कार्यरत् मजदुरले दैनिक पाउने ज्याला भन्दापनि कम रकम सञ्चारकर्मीले पाउँछन्। सरकारले न्यूनतम् पारिश्रमिक निर्धारण गरेपनि त्यसको देशैभरिका सञ्चारमाध्यमहरुले पूर्णतः कार्यान्वयन गर्नसकेको छैन्। एकजना खेतिहर मजदूर अथवा निर्माण कार्यमा लागेका मजदुर जतिपनि पारिश्रमिक नपाउँदा परिवार चलाउन असहज महसुस गर्दै पेशाबाट नै पलायन गर्नुपर्ने बाध्यता छ।

*विश्वासको संकट*

घटनास्थलमा पुगेर तथ्यसत्य समाचार संकलनगरि प्रकाशन/प्रशारण गर्नेमा कमी आएको छ। कपिपेष्ट पत्रकारिताले समग्रमा सञ्चार माध्यमहरुको विश्वसनियतालाई कमजोर बनाएको छ। मूल प्रवाहका सञ्चार माध्यमहरु सामाजिक सञ्जालको भरपर्दा तथ्यपरक समाचारमा कमी आएको देखिन्छ। अनलाईन र सामाजिक सञ्जालप्रतिको अविश्वसनियताले रेडियो, टीभी, पत्रपत्रिकाहरुलाई समेत प्रभावित पारेको छ। सामाजिक सञ्जालप्रतिको निर्भरता बढेको छ। तर विश्वसनियता गुमाउँदै गएको प्रति गंभीरता देखिदैन्। सञ्चारमाध्यमहरुले आफ्नो मौलिकता कायम राख्न सकेको छैन्। आधुनिक प्रयोगहरु समेत भइरहेको छैन्। खासगरी अनलाईन र सामाजिक सञ्जालमा देखिने अराजकताको कारण सञ्चार माध्यम र सञ्चारकर्मीहरुको विश्वसनियतामाथि प्रश्न उठन थालेको छ।

*शौखिन पत्रकारिता*

कामको अभाव रहेको बेला कतिपय युवाहरु र कतिपय अवकास प्राप्त नागरिकहरुले पत्रकारितालाई पेशाको भन्दा शौखले प्रारम्भ गरेको देखिन्छ। समय बित्दै जाँदा उनीहरुपनि पत्रकार हुने गरेका छन्। प्रबिधिको व्यापकतासँगै थोरै पुँजीमा सञ्चारमाध्यमहरुको सञ्चालन गर्ने वातावरण बनेको छ। कमै पुँजीमा सञ्चार माध्यम सञ्चालनमा ल्याउने र पछि कठिनाई हुँदा कि बन्द गर्ने कि निरन्तरताको औपचारिकता निर्वाह गरिराख्ने प्रवृत्तिपनि अत्यधिक छ। देखासिखीले पनि पत्रकार हुने र सञ्चारमाध्यम सञ्चालन गर्नेहरुको संख्यापनि कम्ति छैन्। पत्रकारितालाई धरातलबाट नबुझ्नेकाहरुको प्रवेशले समग्रमा यस क्षेत्रमा बेथिती बढाएको छ। शौख र देखासिखीले पत्रकारिता क्षेत्रमा आउनेहरु पेशागत मर्यादालाई पालना गर्नसकेको छैन्।

*पार्टी पत्रकारिता*

नेपालमा २०४६ सालको जनआन्दोलनसम्म मिसन जर्नालिज्म थियो । लोकतन्त्रको स्थापनाका लागि नेपाली काँग्रेस, नेकपा एमाले लगायतका राजनीतिक दलको मुखपत्रको रुपमा साप्ताहिक, पाक्षिक पत्रपत्रिका प्रकाशन हुन्थ्यो । रेडियो, टीभी, अनलाईन, सामाजिक सञ्जालमा  सीमित व्यक्तिहरुको पहुँच थियो । देशमा प्रजातन्त्र स्थापनासँगै सञ्चार क्षेत्रमापनि क्रान्ति आयो । मिसन जर्नालिज्म क्रमशःकमजोर हुँदै व्यावसायिक पत्रकारिताको शुभारम्भ हुन थाले । गोरखापत्रको बिकल्पमा निजी क्षेत्रबाट दैनिक पत्रिकाहरुको प्रकाशन हुन थाल्यो । रेडियो नेपाल र नेपाल टेलिभिजनलाई समेत निजी क्षेत्रले चुनौती दियो । मिसन पत्रकारिताको रुपमा रहेका साप्ताहिक, पाक्षिक पत्रिकाहरु बन्द हुन थाले । काठमाण्डु भन्दा बाहिरपनि व्यावसायिक रुपमा दैनिक पत्रिकाहरुको प्रकाशन प्रारम्भ भयो । तर सिमित साधनस्रोतको कारण मोफसलमा अपेक्षाकृत सञ्चार माध्यमहरु संस्थागत रुपमा व्यावसायिक हुनसकेन । मधेश प्रदेशमा ठूला लगानीको सञ्चार माध्यमहरु स्थापित हुन सकेन । वीरगञ्जबाट सुरु भएको तराई टीभी( सेटेलाईट)ले व्यावसायिकरुपमा अगाडी बढन चाहेपनि त्यो छोटो समयमै बन्द भयो । मधेश प्रदेशमा पत्रकारितालाई स्वतन्त्र र निष्पक्ष बनाउन आवश्यक छ । हुन त राजनीतिभन्दा कोही अलग छैनन् । तर पेसामा राजनीति हावीभए त्यसले दीर्घकालिन रुपमा नोक्सान नै गर्छ ।

*सारांश*

समग्रमा मधेशको पत्रकारितालाई टेवा दिन प्रदेश सरकारले ठोस योजना र कार्यक्रम ल्याउनु पर्छ । लोककल्याणकारी विज्ञापन वर्तमान समयमा प्यास मेटाउनु बाहेक केही होइन । सञ्चार माध्यमका सञ्चालकहरुलेपनि व्यावसायिकरण गर्न दक्ष जनशक्तिलाई आवश्यक सेवा सुविधा उपलब्ध गराइनु पर्छ । दक्ष जनशक्ति उत्पादनका लागि मधेश प्रदेश सरकारले लगानी गर्नुपर्छ । मधेशमा रहेका साधनस्रोतहरुलाई मधेशकै मिडियालाई उपलब्ध गराइनु पर्छ । एकले अर्काको बिरोधगर्ने प्रवृत्तिलाई निरुत्साहितगरि व्यावसायिक र मर्यादित पत्रकारिता गर्नै पर्छ । सञ्चारमाध्यम र सञ्चारकर्मीहरुबीच मधुर सम्बन्ध स्थापित हुनुपर्छ । मधेश सरकारले स्थापना गरेको मिडिया काउन्सिल र आमसञ्चार प्रतिष्ठानले लक्ष्य र उदेश्य अनुरुप काम गर्नुपर्छ । आपसी समझदारी र सहकार्यलाई विकसित गर्नुपर्छ । भौगोलिक रुपमा प्रदेशको आकार सानो रहेपनि जनसंख्याको आधारमा विशाल छ र संभावना प्रचुर छ । व्यवस्थितरुपमा पेसालाई मर्यादित बनाइराख्न सके पत्रकारिताबाट जीविकोपार्जन गर्न सकिन्छ । प्रदेश सरकारले मधेश प्रदेशमा उत्पादित विज्ञापनलाई प्रदेशकै सञ्चार माध्यमहरुलाई उपलब्ध गराउने नीतिलाई पालना गर्नुपर्छ । पालना गराउन सञ्चार माध्यमका सञ्चालक, प्रतिनिधिहरुले सरकारलाई आग्रह गर्नुपर्छ । मधेश प्रदेशमा रहेका रेडियो र टीभी, अनलाईन नवीकरण, दर्ता, अनुगमनको कार्य नियामक संस्थाले गर्नुपर्छ ।

*उहाँ जनकपुर टुडे दैनिकाका सम्पादक हुन ।*

# स्थानीय तह र पत्रकारिता समन्वयको खाँचो

> अधिकांश पत्रकारहरु सदरमुकाम केन्दित भई काम गरीरहेको कारणले गर्दा ग्रामिण क्षेत्रको जति समाचार आउनु पर्ने हो त्यो आउन सकिरहेको छैन।



दीपेन्द्र चौहान

अहिले हामी संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास गर्ने क्रममा रहेका छौ । नेपालको संविधानले परिकल्पना गरे बमोजिमको शासन व्यवस्था सञ्चालन भइरहेको छ । राज्यको तिनै तहमा जननिर्वाचित सरकार क्रियाशिल रहेको छ । गणतान्त्रिक नेपालको शासन व्यवस्था अन्तर्गत स्थानीय तहको दोस्रो कार्यकालको लागि भर्खरै स्थाानीय सरकारको निर्वाचन सम्पन्न भएको छ ।

मधेश प्रदेशमा स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरु प्रायः सूचना लुकाउने, स्थानीय तहमा हुने विकास निर्माण सम्बन्धी ठेक्कापट्टाको सूचना राजधानीबाट प्रकाशित भई मोफसलमा नदेखिने पत्रिकामा छपाएर ठेकेदारसँग मिलीभगत गरी बिना प्रतिस्पर्धा काम गर्ने प्रवृत्ति बढेको छ । मधेश प्रदेशमा काम गर्ने अधिकांश पत्रकारहरु सदरमुकाम केन्द्रित भई काम गरीरहेको कारणले गर्दा ग्रामिण क्षेत्रको जति समाचार आउनु पर्ने हो त्यो आउन सकिरहेको छैन । स्रोत साधनको अभावले गाउँमा बसेर पत्रकारिता गर्ने अवस्थापनि नरहेको कारणले गर्दा पत्रकारहरु सदरमुकाम केन्द्रित हुनुपरेको गुनासो छ ।

गाउँ नै गाउँले भरिएको मधेश प्रदेशमा मल, बिउबिजन समयमा आपुर्ति हुन नसक्नु, प्रदेश सरकारले केन्द्र सरकारलाई दोष देखाएर उम्कने अवस्थाको अन्त हुन जरुरी छ । मधेशको समृद्धि कृषिसँग जोडिएको भएतापनि सरकार कृषकहरुप्रति उदार देखिएको छैन । कृषकको नाउमा अनेक लोभलाग्दो नारा दिइएतापनि आफ्नो आसेपासेहरुलाई पोस्ने बाहेक वास्तविक पीडित कृषकहरु प्रति ध्यान दिएको पाइदैन ।

विभिन्न बैंकहरुले कृषि क्षेत्रमा लगानीगर्ने वाचा गरेको भएतापनि लगानी गर्न मानेको छैन । कृषकहरुलाई सहुलियतपूर्ण ऋणको व्यवस्था फगत झुठो नारा सावित भएको छ । अनेक कठिनाईका बावजुद पत्रकारहरुले खोजीनीति गरेर समाचार प्रकाशनमा ल्याएपनि त्यसतर्फ मधेश प्रदेश सरकारको ध्यान पुगेको छैन । मुलुक संघीय संरचनामा गइसकेपछि नेपाल पत्रकार महासंघपनि संघीय संरचना बमोजिम आफ्नो व्यवस्थापनमा जुट्यो । सोही अनुरुप मधेश प्रदेशमा नेपाल


पत्रकार महासंघ भएतापनि सरकारसँग जति सहकार्य हुनु पर्ने थियो त्यो हुन सकिरहेको छैन ।

मधेश प्रदेशको समृद्धिको लागि सरकार र स्थानियतहको बीच सहकार्य अति आवश्यक छ । नयाँ प्रविधि बारे किसानहरुलाई जनचेतना जगाई देश र प्रदेशको विकासमा जुट्न सबै मिलेर काम गर्ने वातावरण बनाउने दायित्व सबैको हो ।

*उहाँ नेपाल पत्रकार महासंघ प्रदेश समितिका पूर्व अध्यक्ष हुन् ।*

# जनकपुरको पत्रकारिता व्यावसायिक बन्न सकस

अधिकांश श्रमजीवि पत्रकार नियुक्तिविना काम गर्न बाध्य छन्। सञ्चारगृहहरु आर्थिकरुपले जर्जर छन्। अवैज्ञानिक विज्ञापन नीतिको कारण सञ्चारगृहहरु धराशायी बन्दैछन्। यसरी नै पछिल्ला दिनहरुमा समाचारप्रतिको पाठक, श्रोता र दर्शकको विश्वास घटेको अनुभूति हुन थालेको छ।



श्यामसुन्दर शशि

पत्रपत्रिकालाई आधुनिक युगको ऐना भनिन्छ। धरफरको साहित्य भनिने समाचारसम्मको पहुंच नहुने आज थोरै होलान्। संसार चियाउन पत्रपत्रिका पढनु, रेडियो सुन्नु, टेलिभिजन हेर्नु अनि सामाजिक सञ्जाल चहार्नु मानिसको दैनिकी बनेको छ। अझ ईन्टरनेटको वर्तमान युगमा यी सामग्रीहरु डिजिटल फर्मेटमा समेत उपलब्ध हुन थालेपछि समाचारसम्मको पहुंच झन सजिलो भएको छ। सामाजिक सञ्जालहरुमा उपलब्ध पल-पलका जानकारीले विश्वलाई साँगुरो बनाएको छ। मौखिक सन्देश मार्फत सुरु भएको सम्वाद ओहोर-दोहोर गर्ने प्रथा चिठिपत्रको भऱ्याङ उक्लँदै छापासम्म पुगेपछि बल्ल सुरु भएको थियो- औपचारिक पत्रकारिता। आज पत्रकारिताका चार प्रमुख माध्यमहरु प्रचलनमा छन् -छापा, रेडियो, टेलिभिजन तथा अनलाइन। प्रविधिको विकाससंगै अति विश्वसनीय मानिने छापा पत्रकारिता साँगुरिदै गएको छ भने अनलाइन र युट्युबलगायतका आधुनिक प्रविधिमैत्री पत्रकारितापनि झाङ्गिदै छ।

सीजी मूलरले ठिकै भनेका छन् -Journilism is business of timely knowledge, the business of obtaining the necessary facts, of evaluating them carefully and of presenting them fully and of acting on them wisely. अर्थात् पत्रकारिता सामयिक ज्ञानको व्यावसाय पत्रकारिता हो, यो आवश्यक तथ्यहरु प्राप्त गर्ने, तिनीहरुलाई सचेतता पूर्वक मूल्यांकन गर्ने एवं पूर्णरुपमा प्रस्तुत गर्ने र त्यसमाथि बुद्धिमत्तापूर्ण ढंगले कार्य गर्ने व्यवसाय हो। दुनियाको प्रथम समाचार पत्र कुन हो भन्ने विषयमा अझैपनि एकमत हुन सकेको छैन, तर केही विद्वानहरुको मतमा सन् १३४० ईस्वीमा चीनमा 'पेकिङ गजेट' नामले प्रकाशित विज्ञप्तिलाई दुनियाको प्रथम समाचारपत्र मान्न सकिन्छ। (१)

यसरी पहिलो समाचारपत्र वा भनौं सरकारी विज्ञप्ति अझै पनि सरकारी 'गजेट'को रुपमा धेरथोर प्रचलनमा छन्। नेपालको हकमा गजेटलाई राजपत्र भनेर नामाकरण गरिएको पाईन्छ।

समाजलाई बुझ्ने प्रबृति मानिसमा आदिकालदेखिनै रहँदै आएको हो । जतिवेला मानिस पर्वतका गुफाहरुमा जंगली जीवन व्यतीत गर्दै थिए , त्यतिवेलापनि समाज बुझ्न समाचारको आदान प्रदान हुने गर्थ्यो । भाषाको विकास नभएको वेला चित्र, आंगिक चेष्टाआदिको माध्यमले समाचार आदानप्रदान हुन्थ्यो । (२)

सन् १७५७ को पलाशी युद्ध पश्चात् भारतको बंगालमा ईस्ट इण्डिया कम्पनीको शासन स्थापित भएको थियो । यसको दुईदशक पछि सन् १७८०को २९ जनवरीदेखि कोलकत्ताबाट जेम्स आँगस्टस्को सम्पादन प्रकाशन र व्यवस्थापनमा भारतबाट 'बंगाल गजेट' नामक साप्ताहिक पत्रिका प्रकाशित भएको देखिन्छ । नेपाली भाषाको पहिलो पत्रिका पनि भारतकै बनारसबाट विसं १९४३मा युवाकवि मोतीराम भट्टले प्रकाशन गरेका थिए । जसको नाम थियो-'गोरखा भारत जीवन' । यसको दुईवर्षपछि काठमाण्डौबाट विसं १९५५ को साउनमा 'सुधासागर' नामक साहित्यिक पत्रिका प्रकाशित भयो । जसको प्रेरकपनि युवाकवि मोतीराम भट्टले नै थिए । यसको तीनवर्षपछि राणा प्रधानमन्त्री देवशमशेरको कार्यकालमा विसं १९५८ वैशाख २४ गते सोमवारदेखि 'गोर्खापत्र'को नामले पहिलो समाचारपत्र प्रकाशित भएको पाईन्छ । 'गोर्खापत्र' विसं १९८३देखि 'गोरखापत्र' भयो र विजुली बाजारस्थित छापाखानाबाट प्रकाशित हुन थाल्यो ।

देशको राजधानी काठमाण्डौबाट सरकारी खर्चमा सरकारी मुखपत्रको रुपमा गोरखापत्र प्रकाशित भएको झण्डै ५१ वर्षपछि मुलुकको सांस्कृतिक राजधानी जनकपुरधामबाट २००९ जेठ १३ गते 'सात दिन' नामक हिन्दी भाषाको साप्ताहिक प्रकाशित भएको पाईन्छ । जसको सम्पादक थिए-गिरीन्द्रमोहन भट्ट । विसं २००९कै असोजदेखि डा.युगेश्वर वर्मा र रामस्वरुप बिएको सम्पादनमा हिन्दी भाषाको 'मुक्त नेपाल'नामक साप्ताहिक पत्रिका प्रकाशित भयो ।  'सात दिन' र 'मुक्त नेपाल' जनकपुरवासी पत्रकारद्वारा प्रकाशित थिए तथा जनकपुरमै बिक्री वितरण हुन्थे । त्यसैले यी पत्रिकाहरुलाई जनकपुरबाट प्रकाशित पत्रिका भनिएको हो । यद्यपि दुबै पत्रिका भारतको दरभंगाबाट छापिन्थ्यो । दुबै पत्रिकाको आधिकारिक प्रति वा सरकारी कार्यालयमा दर्ताभएको अभिलेख प्राप्त हुनसकेको छैन ।

२००७ साल फाल्गुन ७ गते मुलुकमा प्रजातन्त्र स्थापना भयो । शाहवंशीय राजाहरुकै छत्रछायामा भएपनि मुलुकमा प्रजातान्त्रिक अभ्यास सुरु भयो । राजनीतिक दलहरुको सकृयता बढ्यो । बोल्ने र लेख्ने स्वतन्त्रताको उपभोग हुन थाल्यो । राजनीतिक दल तथा सामाजिक संघ संस्थाहरुमार्फत जनता संगठित हुनथाले । स्वत न्त्रताको उपभोग गर्दै केही राजनीतिक तथा सामाजिक संघ संस्थाहरुले विचारमूलक र गतिविधिमूलक मुखपत्रको रुपमा पत्रपत्रिका प्रकाशित गर्न थाले । विसं २०१० साल चैत १५ गते राष्ट्रिय प्रजातान्त्रिक मोर्चाले प्रकाशन गरेको 'पूर्वाञ्चल समाचार' पाक्षिक बुलेटिन तथा विसं २०१२ साल साउनमा जिवेन्द्रध्वज कार्कीको सम्पादनमा हिन्दी र नेपाली भाषामा समाचारप्रधान बुलेटिन प्रकाशित भएको थियो भने विसं २०१३ साल माघ २० गते नेपाल प्रजापरिषद्को मुखपत्रको रुपमा 'सन्देश बुलेटिन' प्रकाशित भएको उल्लेख जनकपुरको पत्रकारिताको इतिहासका लेखक अजय यादवले गरेका छन् । (३)

तर मिथिला नगरी जनकपुरधाममा औपचारिक पत्रकारिताको प्रारम्भ भने मैथिली पत्रकारिताबाट हुन्छ । कोलकताबाट बंगाल गजेट प्रकाशित भएको १ सय २५ वर्ष पछि भारतकै राजस्थानको जयपुरबाट मधुसुधन झाको सम्पादनमा सन् १९०५मा मैथिली भाषाको प्रथम पत्रिका 'मैथिली हित साधन, मासिक' प्रकाशित भएको थियो भने यसको ५४ वर्ष पछि विसं २०१६ चैत १ गते (सन् १९५९) देखि जनकपुरबाट 'नवजागरण' नामको पत्रिकाको प्रकाशन सुरु भयो । यसको दर्ता विसं २०१४ (सन् १९५७)मै भएको थियो, तर प्रकाशन दुई वर्षपछिमात्र भयो । महोत्तरी जिल्ला पुस्तकालय संघ प्रकाशक रहेको उक्त पत्रिकाका सम्पादक थिए ( नमोनाथ झा र संस्थापक थिए-ध्रुवनारायण लाल कर्ण । नवजागरणको पहिलो अंक उल्लेखनीय थियो । यो पहिलो पटक कुनै पार्टी वा संस्थाको नाममा नभई जनताको नाममा समर्पित थियो । नवजागरणको पहिलो अंकमा यस पत्रिकाको उद्येश्य यसरी उदघोष गरिएको थियो -

*हे जनार्दन ।*
*अहीँक सेवामे समर्पित हो*
*अहीँक जागरण ॥*

पहिलो अंकमा जीवनाथ झाको मैथिली कवितामाथि विवेचनात्मक निवन्धसंगै नेपाल संस्कृत विश्वविद्यालयका संस्थापक उपकुलपति प्राध्यापक हरिदेव मिश्रको 'मातृभाषाक माध्यमस' शिक्षाक महत्व' विषयक अनुसंधानमूलक निबन्ध प्रकाशित थियो । नवजागरणको दोश्रोअंक भने बाजारमा आउँन सकेन । यसरी जनकपुरबाट विधिवत सरकारी संस्थामा दर्ता भएर आम जनताको नाममा समर्पित पहिलो पत्रिका मैथिली,नेपाली र हिन्दीमा प्रकाशित त्रिभाषिक नवजागरण मासिक नै थियो भन्दा अत्युक्ति नहोला । जानकारहरुका अनुसार पहिलो अंक बजारमा आएपछि पत्रिकाले दुईवर्षको विराम लिएको थियो । त्यसपछि यो पुनः प्रकाशित भएको थियो । जसमा पण्डित सूर्यकान्त झा मैथिली खण्ड, रामभद्र कर्ण हिन्दी खण्ड तथा लोकराम पाण्डे नेपाली खण्डका सम्पादक थिए । यसो भन्नु पर्दा औपचारिक रुपमा प्रकाशित यो पत्रिका जनकपुरको मात्र होईन, मधेस प्रदेशकै पहिलो पत्रिका हो ।

विसं २०१७ साल पुस १ गते राजा महेन्द्रले जननिर्वाचित प्रधानमन्त्री विशेश्वर प्रसाद कोइरालासहित प्रायः सबै दलका नेताहरुलाई कैद गरी २०१७ पुस १२ गते आफ्नै अध्यक्षतामा मन्त्रीमण्डल गठन गरे । विसं २०१९ पुस १ गते निर्दलिय पञ्चायती व्यवस्थाको संविधान जारीगरी मुलुकमा विधिवत निर्दलिय शासनसत्ताको अभ्यास सुरु भयो । २००७ सालको प्रजातान्त्रिक आन्दोलनपछि मुलुकमा प्रजातान्त्रिक व्यवस्थाप्रतिको आकर्षण बढेकै थियो । प्रजातन्त्रवादीहरु सशस्त्र आन्दोलनदेखि जनचेतना बढाउन पर्चा पम्पलेट तथा समाचारपत्रहरु प्रकाशन गर्न थालेका थिए । अर्कोतर्फ पञ्चायत समर्थकहरुपनि राजसंस्थाको पक्षमा पत्रपत्रिका प्रकाशनदेखि सभा र सेमिनारहरु गर्न थालेका थिए । मुलुक दुई कित्तामा विभाजित थियो । लोकतन्त्रवादी तथा राजावादी ।

यसको प्रभाव पत्रकारितामाथि पर्नु स्वाभाविक थियो । प्रजातन्त्रको पक्षमा जनचेतना जगाउने पत्रकारहरु मिसन पत्रकारितामा लागेका थिए भने राजसंस्थाको पक्षमा जनमत बनाउनेहरु चाटुकारितामा रमाएका थिए । अझ जनकपुर चुरोट कारखाना, सूर्ति विकास कम्पनी, कृषि विकास तथा चरण

कार्यालय आदि सरकारी अड्डाहरुको नाममा राज परिवारका सदस्यहरुको जन्मोत्सव, विवाह(व्रतवन्ध आदिको विज्ञापन थाप्ने होडनै चल्यो । राजावादी पत्रकारहरु सरकारी विज्ञापनमाथि कुण्डली जमाएर बसेका थिए भने प्रजातन्त्रवादीहरु लुकि-छिपी पत्रकारिता गर्नुपरेको थियो । राजावादीहरुको पत्रिका जनकपुरमै छापिन्थे भने प्रजातन्त्रवादीहरुको सीमावर्ती भारतीय नगरहरुमा । तीसवर्षे शाहीशासन कालमा संख्यागत रुपमा दर्जनौं पत्रपत्रिकाहरुको जन्म भयो । तर वास्तविकता के थियो भने कुनैपनि पत्रिका व्यावसायिक र दीर्घजीवि हुन सकेन । केहि सम्पादकहरुले राम्रो कमाई गर्न सफल भए, तर पत्रिका भने संस्थागत हुनसकेन, व्यावसायिक हुन सकेन ।

> "शाही सत्ताको ३० वर्षे कालोकालमा प्रकाशित भएका पत्र पत्रिकाहरुको आ-आफ्नै विशेषता, कमजोरी तथा चुनौतीहरु थिए। जसको चर्चा यस लघु आलेखमा सम्भव छैन, तर साहित्यिक, भाषिक तथा प्रजातान्त्रिक मूल्य मान्यताको दृष्टिले उल्लेखनीय योगदान दिने केही पत्रिकाको चर्चा गर्नैपर्ने हुन्छ।"

पञ्चायतकालमा प्रकाशित पत्रपत्रिकाहरुमा विकास किरण, २०१८ सालमा रमेशकुमार घिमिरेको सम्पादनमा प्रकाशित धनुषा साप्ताहिक, २०२०मा लेखनाथ शर्मा सम्पादक रहेको नयाँ पाइलो, २०२४मा माधव आचार्यको सम्पादनमा जनआकांक्षा, २०२५मा चन्देश्वर गिरीको सम्पादनमा बैदेही, २०२७ सालमा कुलदीप कुमुदको सम्पादनमा ज्योतिसंगै सोही वर्ष आनन्द घिमिरेको सम्पादनमा हिमालयन टाइम्स, लक्ष्मण घिमिरेको सम्पादनमा जानकी, सुरेन्द्र पुरीको सम्पादनमा पञ्चवाणी, लक्ष्मण खरेलको सम्पादनमा सारंगी पाक्षिक, २०३७ भदौ २४गते रामभरोस कापडि भ्रमरको सम्पादनमा अंजुली पाक्षिक, २०३९ साउन २९ गते रामप्रकाश साहको सम्पादनमा लोकपुकार, २०३९असोज १७गते रामभरोस कापडि भ्रमरको सम्पादनमा मैथिली भाषाको प्रथम साप्ताहिक गामघर, २०३९ सालमा अशोक रौनियारको सम्पादनमा पिपुल्स विकली, २०३९ मंसिर ३० गते कुलराज घिमिरेको सम्पादनमा सिंहावलोकन, २०४० असोज ६ गते राजेश्वर नेपालीको सम्पादनमा लोकमत, २०४५ पुस २९ गते रामभरोस कापडि भ्रमरको सम्पादनमा आँजुर लगायतका दर्जनौं दैनिक, साप्ताहिक, मासिक, त्रैमासिक पत्रपत्रिकाहरु दर्ताभई प्रकाशनमा आए । यस अघिपनि भनि सकिएको छ (तीमध्ये अधिकांश राजसंस्थाका पक्षमा थिए भने केहि प्रजातान्त्रिक मूल्य मान्यताका पक्षमा अडिग थिए ।

शाही सत्ताको ३० वर्षे कालोकालमा प्रकाशित भएका पत्र पत्रिकाहरुको आ-आफ्नै विशेषता, कमजोरी तथा चुनौतीहरु थिए । जसको चर्चा यस लघु आलेखमा सम्भव छैन, तर साहित्यिक, भाषिक तथा प्रजातान्त्रिक मूल्य मान्यताको दृष्टिले उल्लेखनीय योगदान दिने केही पत्रिकाको चर्चा गर्नैपर्ने हुन्छ । सुन्दर झा शास्त्री मैथिली, संस्कृत, हिन्दी र अंग्रेजीका सिद्धहस्त विद्धान दिए । सरकारी सेवाबाट

व्यावसायिक जीवन सुरु गरेका शास्त्री आफ्ना फरकधार, विद्रोही तेवर तथा साहित्यिक प्रतिभाका कारण निकै चर्चित थिए। उनको सम्पादनमा विसं २०२५ सालमा प्रकाशित भएको फूलपात, साहित्यकार तथा पत्रकार रामभरोस कापडिको सम्पादनमा प्रकाशित गामघर र आंजुर, प्रजातान्त्रिक योद्धा राजेश्वर नेपालीको सम्पादनमा प्रकाशित लोकमत, हरिहर विरही र किशोर नेपालजस्ता प्रजातान्त्रिक युवाहरुलाई पत्रकार बनाउने माधव आचार्यको सम्पादनमा प्रकाशित जनआकांक्षा, पञ्चायतीकालमा पनि लोकतान्त्रिक विचार प्रसारित गर्ने रामप्रकाश साहको सम्पादनमा प्रकाशित लोकपुकार आदिले समकालिन समाजमा दियोको काम गरेको थियो।

जनकपुरको पत्रकारिताको विषयमा ध्यानाकर्षण गर्दा यहाँ पाँच प्रकृतिका पत्रिकाहरु प्रकाशित भएको देखिन्छ। विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको मुखपत्र, विभिन्न अवसरहरुमा प्रकाशित स्मारिकाहरु, व्यावसायिक पत्रपत्रिकाहरु तथा भित्ते पत्रिका, अल्पकालीन पत्रिका आदि। विसं २००९ सालदेखि सुरुभएको जनकपुरको पत्रकारिता विभिन्न चरण पारगर्दै अचेल बल्ल व्यावसायिक स्वरुप धारण गर्न अग्रसर हुँदैछ।

भाषा,साहित्य, कला, संस्कृति तथा खेलकुद, शिक्षा, कृषि आदिसंग सम्बन्धित संघसंस्थाहरुले बेला बेलामा आफ्नो मुखपत्रको रुपमा पत्र-पत्रिका प्रकाशन गरेको देखिन्छ। मैथिली भाषा(साहित्य, कला र संस्कृतिको क्षेत्रमा उल्लेखनीय योगदान दिँदै आएको मिथिला नाट्यकला परिषद्ले मिथिला वाणी नामको पत्रिका प्रकाशित गरेको देखिन्छ। प्रारम्भमा महेन्द्र मलंगिया, रमेश रञ्जन, अवधेश पोखेल र श्यामसुन्दर शशिको सम्पादनमा प्रकाशित भएको मिथिलावाणीको केही अंकको सम्पादन प्रो.परमेश्वर कापडिलेपनि गरेका थिए। यसैगरी रामानन्द युवा क्लवको मुखपत्रको रुपमा विसं २०६० सालदेखि विद्यापति टाइम्स नामक साप्ताहिक पत्रिका प्रकाशन सुरु भएको थियो। यसको सम्पादक मण्डलमा रमेशरंजन झा, श्यामसुन्दर शशि र अशोक दत्त थिए। २०६५ सालमा श्यामसुन्दर शशि विदेश गएपछि केही अंक परमेश्वर कापडिको सम्पादनमा प्रकाशित भएपनि पत्रिका बन्द भयो। शशि जनकपुर फर्केपछि विसं २०७४ देखि पुनः श्यामसुन्दर शशि प्रधानसम्पादक, अशोक दत्त र कैलास दास सम्पादक भएर यसको २५वटा अंक प्रकाशन भएको थियो। हाल यो पत्रिका बन्द छ।

त्रिभुवन विश्वविद्यालय मैथिली केन्द्रिय विभागको मुखपत्रको रुपमा मिथि नामक पत्रिका प्रकाशन भएको थियो। विभागका तत्कालीन विभागाध्यक्ष डा.धीरेश्वर झा धिरेन्द्रको स्मृतिमा प्रकाशित मिथिको सम्पादक प्रा.डा.पशुपतिनाथ झा थिए। यसमा डा.धीरेन्द्रको व्यक्तित्व एव कृतीत्वमाथि एकदर्जनभन्दा बढी  लेख रचना प्रकाशित भएको थियो। अखिल नेपाल मैथिली साहित्य परिषद्, जनकपुरधामद्वारा प्रकाशित भूमिजा उच्च कोटिको साहित्यिक पत्रिका थियो। जसको सम्पादक मण्डलमा डा.रेवतीरमण लाल, शिवेन्द्र लाभ, राजेश्वर नेपाली, डा.गगाप्रसाद अकेला र रामभरत साह थिए। सन् १९९९मा प्रकाशित यस पत्रिकामा डा.सुनिलकुमार झाको नेपालक मैथिली : एकर वर्तमान ओ भविष्य विषयक गहन आलेख प्रकाशित भएको थियो। विसं २०४९ साल पौष-माघमा मिथिला सांस्कृतिक केन्द्रको मुखपत्रको रुपमा रामभरोस कापडि भ्रमरको सम्पादनमा सांस्कृतिकी त्रैमासिक पत्रिका प्रकाशित भएको थियो। केन्द्रका अध्यक्ष थिए-इन्जिनियर सत्यनारायण साह।

पत्रपत्रिका भन्दापनि हुने, समसामयिक पत्रिका भन्दापनि हुने,संस्था विशेषको प्रतिवेदन भन्दापनि हुने । यसै प्रकृतिका हुन्छन्-स्मारिकाहरु । जनकपुरका गैरसरकारी संघसंस्था, विद्यालय, महाविद्यालय तथा केही सरकारी कार्यालयहरुले पनि बेला बेलामा स्मारिका प्रकाशित गर्छन् । यस्ता स्मारिकाहरुमा प्रकाशक संघ संस्थाहरुको इतिहास, कार्यप्रगतिसंगै कविता, कथा, समसामयिक निबन्ध तथा अनुसंधानमूलक लेख रचनाहरुपनि प्रकाशित भएका छन् । तीमध्ये अस्मिताः सन् १९९७ मा जनकपुरमा सम्पन्न अन्तरराष्ट्रिय मैथिली सम्मेलनका गतिविधि तथा केही लेख रचना समाहित गरेर प्रकाशित भएको थियो, जसका सम्पादक मण्डलमा थिए-डा.रेवतीरमण लाल, डा.राजेन्द्रप्रसाद विमल, राजेश्वर नेपाली, रामभरोस कापडि भ्रमर तथा डा.सुरेन्द्र लाभ । यसमा पंडित गोवीन्द झाद्वारा लिखित मैथिली भाषाको अन्य भाषासंगको अर्न्तसम्बन्ध विषयक सोधमूलक लेख संग्रहनीय छ । यसकासाथै डा.राजेन्द्रप्रसाद विमलको रुपार्थपरक व्याकरण र मैथिलीका आधार वाक्य विषयक आलोखपनि पठनीय छ ।

सन् २००८मा सम्पन्न अन्तरराष्ट्रिय मैथिली सम्मेलनको विषय वस्तु तथा सहभागी साहित्यकारहरुको लेख रचना समाहित गरेर 'अन्तरराष्ट्रिय मैथिली सम्मेलन आ नेपाल' नामक स्मारिका प्रकाशन गरिएको थियो । यसको सम्पादक रामभरोस कापडि थिए । यसमा डा.गंगाप्रसाद अकेलाको लोकसाहित्यमाथि खोजमूलक आलेख प्रकाशित छ । यसैगरी डा.चन्देश्वर साहको आधुनिक मैथिली नाटक, अयोध्यानाथ चौधरीको मैथिली आन्दोलनः भारत नेपाल र मिथिला, रामनारायण देवको मैथिली साहित्यः काल्हि, आइ आओर काल्हि, रामभरोस कापडि भ्रमरको नेपालमे मैथिली कविताक वर्तमान, चन्द्रेशको तीनफसिला खेतमे उपजैत नेपालक आधुनिक मैथिली कथा साहित्य, डा.प्रफुल्लकुमार सिंह मौनको  विदेशी परिसरक पत्रिकाक आकलन, डा.रमानन्द झा रमणको नेपालमे मैथिली साहित्यक दशादिशा आदि मुख्य रचनाहरु प्रकाशित थिए ।

यसैगरी काठमाण्डौमा सन् २०१० डिसेम्बर २२ र २३ तद्नुसार २०६७ साल पुस ७ र ८ गतेसम्म संचालन भएको अन्तरराष्ट्रिय मैथिली सम्मेलनको क्रममा रामभरोस कापडि भ्रमरको संयोजकत्व तथा डा.गंगाप्रसाद अकेलाको सम्पादनमा स्मारिका प्रकाशित भएको थियो । यसमा ३०वटा लेख र रचनाहरु प्रकाशित छन् । याज्ञवल्क्य संस्कृत विद्यालयका स्मारिकाहरु , सरस्वती माविको स्मारिका, धर्मसंस्थाको स्मारिकाआदि विशेष महत्वका छन् ।

***व्यावसायिक बन्न खोज्दै जनकपुरको पत्रकारिता :***

यद्यपि पञ्चायती कालमा राजा र राजपरिवारका सदस्यहरुको जन्मोत्सव, शाही आयोजनहरु, प्रजातन्त्र दिवस, पञ्चायती व्यवस्था लागूभएको दिवस तथा जनकपुर चुरोट कारखानाको विज्ञापन लिने उद्येश्यले जनकपुरमा नेपाली, मैथिली र हिन्दीभाषाका अनेकौ पत्र पत्रिकाहरु दर्ता भएका थिए । केही लोकतान्त्रिक मूल्य मान्यता पुर्नस्थापन गर्ने उद्येश्यले जोखिमपूर्ण मिसन पत्रकारितामा लागेका थिए । त्यतिवेला पत्रिका बाजारमा ल्याउनु पूर्व जिल्ला प्रशासन कार्यालयबाट सेन्सर गराउनु पर्ने व्यवस्था थियो । यसरी सेन्सरसिप लागू भएको अवस्थामापनि जनकपुरमा पत्र(पत्रिकाहरु निकै फस्टाए । तीमध्ये केही पत्रिका लोकतन्त्रको पक्षमा आवाज बुलन्द गर्ने प्रकृतिका पनि थिए । केही पञ्चायती

व्यवस्थालाई मलजल गर्ने, राजाहरुको स्तुतिगान गर्ने प्रकृतिका थिए । यस्ता पत्र पत्रिकाहरु सम्पादकहरुका लागी आयमूलक त थिए तर व्यावसायिक भने हुन सकेन । यस्ता पत्रिकाहरुको प्रकाशनले सम्पादक र प्रकाशकहरु मोटाएपनि पत्रकारिता संस्थागत हुन सकेन, श्रमजीवि सञ्चारकर्मीहरुको रोजीरोटी सुनिश्चित गर्न सकेन र संस्थागत स्वरुप लिन सकेन । यसै कारण त्यतिवेलाका अधिकांश पत्रपत्रिका अचेल औपचारिकतामा मात्र सीमित देखिन्छन् ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि नेपालमा लोकतन्त्रको स्थापना भयो । काठमाण्डौदेखि मोफसलसम्म व्यावसायिक पत्रकारिता सुरु भयो । पत्रपत्रिकाहरुको स्वरुप परिवर्तन हुन थाल्यो । खुला अर्थतन्त्रको कारण बहुराष्ट्रिय कम्पनीहरु नेपालमा आए । विज्ञापनको बजार विस्तार भयो । काठमाण्डौबाट आधा दर्जनभन्दा बढी ब्रोडसिट पत्रिकाहरु एकसाथ प्रकाशित हुनथाले । विधिवत नियुक्ति लिएर कामगर्ने श्रमजिवी पत्रकारहरुको व्यावसायिक समूह अघि आयो । यद्यपि अधिकांश पत्रपत्रिकाको साइनो राजनीतिक दल तथा व्यापारिक घरानाहरुसंग थियो नै । तरपनि कमिकमजोरीको बिच व्यावसायिक पत्रकारिता भने हुर्कन थाल्यो । ती पत्र पत्रिकाहरुको जिल्लास्थित सम्वाददाताको रुपमा मौफसलका सञ्चारकर्मीहरुपनि पेशागत रुपले पोख्त हुन थाले ।

यसरी राजनीतिक सत्ता परिवर्तन र व्यवस्था परिवर्तनसंगै व्यावसायिक पत्रकारिताको जग बस्न थालेको परिवेशमा विसं २०५५ कातिक २०गते दर्ता भई आधुनिक अपसेट प्रेसबाट जनकपुर टुडेको प्रकाशन सुरु भयो । जसका परिकल्पनाकारहरु थिए-बृजकुमार यादव, श्यामसुन्दर शशि र राजेशकुमार कर्ण । विभिन्न आरोह अवरोहको सामना गर्दै जनकपुर टुडे अहिलेपनि नियमित प्रकाशित हुदैछ । बृजकुमार यादव यसको सम्पादक हुनुहुन्छ । जनकपुर टुडे बजारमा आएको दुईमहिना नबित्दै रामभरोस कापडि भ्रमरको सम्पादनमा अर्को व्यावसायिक पत्रिका सुप्रभातको प्रकाशन सुरु भयो । त्यसपछि २०५६ सालदेखि भ्रमरकै सम्पादनमा जनकपुर एक्सप्रेस, राजेन्द्र झाको सम्पादनमा सन्ध्याकालीन, रविन्द्र साहको सम्पादनमा दैनिक जागरण, राजेश कर्णको सम्पादनमा पर्दाफास, उमेश साहको सम्पादनमा मिथिला ऋतु, सीतल साहको सम्पादनमा टुडे एक्सप्रेसलगायतका झण्डै एकसय पत्रपत्रिकाहरु प्रकाशित भए । तीमध्ये अधिकांश अझैपनि निरन्तर प्रकाशित हुँदैछन् ।

जनकपुरबाट प्रकाशित हुने व्यावसायिक प्रकृतिका पत्रिकाहरुमा सुजितकुमार झा सम्पादक तथा विश्वनाथ साह प्रकाशक रहेको मिथिला डट कम, साहित्य,समाचार र विचार समाहित रहेको उपेन्द्र भगत नागवंशीको सम्पादन र प्रकाशनमा मैथिली भाषाको सीमाञ्चल, राजेशकुमार कर्ण प्रधान सम्पादक र रामाशीष यादव सम्पादक रहेको सीता मिडिया प्रालिको तहल्का नेपाल पाक्षिक र वेलपात नामक समसामयिक पत्रिकाको चर्चा गर्नुपनि आवश्यक होला । वेलपातमा प्रकाशित डा.विजयकुमार सिंहको नेपाली सेनाको स्वरुप, माओवादी सेना समायोजन एवं मधेशीको समुहगत प्रयास विषयक राजनीतिक अधिकारसंग सम्बन्धित आलेख विशेष महत्वको थियो । यसका साथै शिवेन्द्र लाल कर्णको सीताको जन्मस्थल जनकपुरधाम एवं प्रसिद्ध ऐतिहासिक स्थलहरु शिर्षकको उत्कृष्ट लेख पनि प्रकाशित भएको थियो । अचेल जनकपुर टुडे, जनकपुर एक्सप्रेस, डेली एक्सप्रेस, जनधारा, तराई टाइम्स्, विश्व जागरण, धमाका नेपाल, समाचार दैनिक,जनकपुर संचार, रेजा टुडे, पूर्वाधार साप्ताहिक

सहितका दर्जनौं दैनिक, साप्ताहिक, मासिक तथा समसामयिक पत्रिकाहरु प्रकाशनमा छन् । ती सबैको नाम यस लघु आलेखमा उल्लेख गर्न सम्भव छैन ।

२०६३को राजनीतिक परिवर्तन पश्चात् छापासंगै आधुनिक प्रविधिको रेडियो, टेलिभिजन तथा अनलाइनहरुको प्रकाशन र प्रशारण सुरु भयो । जसमा रेडियो जनकपुर, जनकपुर एफएम, रेडियो मिथिला, जानकी एफएम, रेडियो टुडे, मिथिलाञ्चल एफएम, मिथिलाञ्चल म्युजिक, रेडियो मधेस, जनकनन्दनी एफएमलगायतका एफएम रेडियोहरु तथा टुडे टेलिभिजन, जनकपुर टेलिभिजन, जानकी टेलिभिजन, अप्पन टेलिभिजनलगायतका आधादर्जनभन्दा बढी टेलिभिजन तथा दर्जनौं अनलाइनहरु पल पलको सूचना दिदै छन् ।

चारवटै फर्मेटका सञ्चारमाध्यमहरु नियमित प्रकाशन र प्रसारण भएपनि सञ्चार गृहहरु तथा श्रमजीवि पत्रकारहरुको अवस्थामा भने खासे सुधार देखिदैन । अधिकांश श्रमजीवि पत्रकार नियुक्तिविना काम गर्न बाध्य छन् । सञ्चारगृहहरु आर्थिकरुपले जर्जर छन् । अवैज्ञानिक विज्ञापन नीतिको कारण सञ्चारगृहहरु धराशायी बन्दैछन् । यसरी नै पछिल्ला दिनहरुमा समाचारप्रतिको पाठक, श्रोता र दर्शकको विश्वास घटेको अनुभूति हुन थालेको छ । यो पत्रकारिता जगतकै लागी चिन्ताको विषय हो । समाचारप्रतिको विश्वास पत्रकारिताको मूलमर्म र आधार हो । यसलाई बचाई राख्नु चुनौतीको रुपमा अगाडी आएको छ । तर अनेकौं समस्या, चुनौती र कमी कमजोरीका बावजूद जनकपुरको पत्रकारिता व्यावसायिक बन्ने कठिन मार्गमा अग्रसर छ, जो आश लाग्दो छ ।

.....................................................................................................................

*सन्दर्भ ग्रन्थ :*


१ पत्र और पत्रकार : लेखक कमलापति त्रिपाठी

२ मैथिली पत्रकारिताक इतिहास : पं.चन्द्रनाथ मिश्र ' अमर' पृष्ट : २२ मैथिली अकादमी : पटना , द्वितीय संस्करण : २०११, मुद्रक : शोभा प्रिन्टींग प्रेस ,नया टोला पटना ४

३ श्रोत : लेखक : अजय यादव, जनकपुरको पत्रकारिता

# सूचनाको हक र सरोकारवालाका दायित्व

> सूचना माग्न जाँदा कर्मचारीले आनाकानी गर्ने, सूचना पाउन धेरै समय खर्चिनुपर्ने, गलत सूचना दिने ,आंशिक सूचना दिने , सूचना अभियन्ता माथि दुर्व्यवहार गर्ने , विभिन्न आरोप लगाउने, हातपात गर्ने जस्ता प्रवृति घटन सकेको छैन।



शैलेन्द्र झा

सुशासन, पारदर्शीता र स्वतन्त्र संचारमाध्यम लोकतान्त्रिक राज्य व्यवस्थाको आधार स्तम्भ मानिन्छ। शासन व्यवस्थालाई जनताप्रति जिम्मेवार र उत्तरदायी बनाउन प्रेस र संचारमाध्यमको स्वतन्त्रता अनिवार्य हुन्छ। स्वच्छ जनमतको निर्माणमा आम संचारको नेतृत्वदायी भुमिका रहन्छ। जनताका समस्या, चाहना र आकांक्षालाई सरकार समक्ष पुऱ्याउने र सरकारका क्रियाकलाप एवं गतिविधि जनता समक्ष प्रवाह गर्ने सशक्त माध्यम भनेकै संचारमाध्यम हुन्। नागरिकप्रति जिम्मेवार र उत्तरदायी सरकार हुनका लागि र राज्यका गतिविधि र निर्णय बारे नागरिक सुसूचित हुनै पर्दछ।

राज्य प्रणालीप्रति नागरिकको विश्वास र आस्था वृद्धि गर्न राज्यले सुशासनका मान्यतालाई आत्मसात गरि सूचनामा सर्वसाधारणको पहुँचलाई सहज र सरल बनाउन सक्नुपर्छ। लोकतान्त्रिक राज्य व्यवस्थामा सरकारका काम कारवाही पारदर्शी हुनुपर्दछ। सार्वजनिक महत्वका विषयमा सूचना माग्ने र पाउने नागरिकको नैसर्गिक अधिकारलाई राज्यले सिद्धान्त र व्यवहार दुबै तहमा आत्मसात गर्नु जरुरी हुन्छ। तर तीनै तहको सरकार यसप्रति उदासिन देखिएको छ।

राज्यको काम कारबाही लोकतान्त्रिक पद्धतिअनुरुप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकुल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउन सूचनाको हकको कानूनी अभ्यास सुरु भएको करिब पन्ध्रवर्ष बितिसकेको छ। तरपनि सूचनाको हक सम्बन्धि ऐन प्रभावकारी रुपमा कार्यान्यवयन हुनसकेको छैन।

नेपाल सरकारद्वारा नेपाल राजपत्रमा सूचनाको हक सम्बन्धि ऐन २०६४ ,२०६४ साल श्रावण ५ गते प्रकाशित गरिएको थियो। नेपालको संविधान २०७२ को भाग ३ को धारा २७ मा सूचनाको हकको व्यवस्था गरिएको छ। त्यसमा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको

कुनैपनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने उल्लेख छ ।

तर सूचना प्राप्त गर्ने प्रक्रिया लामो, झंझटिलो, जोखिमपुर्ण र अव्यवहारिक भएकोले अहिलेसम्म प्रभावकारी रुपमा कार्यान्वयन हुनसकेको छैन ।

विशेष गरी मधेश प्रदेशका अधिकांश सार्वजनिक निकायहरुमा सूचना प्राप्तगर्न धेरै कठिन छ । सूचना माग्न जाँदा कर्मचारीले आनाकानी गर्ने, सूचना पाउन धेरै समय खर्चिनुपर्ने, गलत सूचना दिने ,आंशिक सूचना दिने , सूचना अभियन्ता माथि दुर्व्यवहार गर्ने , विभिन्न आरोप लगाउने, हातपात गर्ने जस्ता प्रवृति घटन सकेको छैन ।

> "जवाफदेही शासन प्रणालीको सिद्धान्त अनुसार सरकारी काम कारवाही खुला र पारदर्शी हुनुपर्छ। तर अधिकांश सार्वजनिक निकाय यसलाई अपारदर्शी र गोप्य राख्न चाहन्छन। नागरिक दबावबाट आएको यो ऐन अपेक्षितरुपमा प्रभावकारी बन्न नसक्नुको प्रमुख कारण सरकार गंम्भीर नबन्नु नै हो।"

संघीयताले आकार ग्रहण गरे पश्चात गठन भएको प्रदेश सरकार र स्थानीय सरकारले सूचनाको हक सम्बन्धि ऐनलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गराउन चाहेको छैन । मधेश प्रदेशका महत्वपुर्ण सार्वजनिक निकायमा सूचना अधिकारीहरु नियुक्त गरिएपनि अधिकांश स्थानमा अहिलेसम्मपनि सूचना अधिकारी तोकिएको छैन । तोकिएपनि अधिकांश सूचना अधिकारीलाई कार्यालयको काम कारवाहीबारे जानकारी गराईदैन । सूचना अधिकारी आफै सूचनाबाट बंचित हुन्छन् । कतिपय सार्वजनिक निकायमा कर्मचारीको अभाव देखाएर सूचना दिईदैन ।

जवाफदेही शासन प्रणालीको सिद्धान्त अनुसार सरकारी काम कारवाही खुला र पारदर्शी हुनुपर्छ । तर अधिकांश सार्वजनिक निकाय यसलाई अपारदर्शी र गोप्य राख्न चाहन्छन । नागरिक दबावबाट आएको यो ऐन अपेक्षितरुपमा प्रभावकारी बन्न नसक्नुको प्रमुख कारण सरकार गंम्भीर नबन्नु नै हो ।

नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्न सार्वजनिक निकायको कानूनी दायित्व भएको सूचनाको हक सम्बन्धि ऐनको दफा ४ (१) मा स्पष्ट रुपमा उल्लेख छ। तर सरकारी उदासिनताको कारण सर्वसाधारणले यो ऐनको बिषयमा जानकारी समेत पाउन सकेका छैनन्। त्यस्तो दायित्व भएको निकायले सो दायित्व पुरा गर्नका लागि गर्नुपर्ने कामहरु ऐनको दफा ४(२) मा सूचीबद्ध गरिएपनि कार्यान्वयन हुनसकेको छैन । सूचनाको हक सम्बन्धि ऐनलाई व्यावहारिक रुपमा प्रयोगगर्न पाउनेगरि सूचना अभियन्ता र कर्मचारीहरुलाई सूचनाको हक सम्बन्धि अभिमुखिकरण कार्यक्रमहरु संचालनमा रहेपनि सूचना प्राप्त गर्न कठिनाईहरुको सामना गर्नु नै परिरहेको छ । कुनै सूचना अभियन्ताले सार्वजनिक निकायसंग सूचना माग गर्दा सार्वजनिक निकायले यति मात्र थाहा छ भनेर पुरानो सूचना दिएरपनि पठाउने गरेका छन् । तर त्यसरी सुख पाउने अवस्था छैन । उसले

आफुसंग सम्बन्धित ताजा सूचना त अद्यावधिक गरि राख्नैपर्छ । सम्भव भएसम्म यो ऐन लागुभएको मिति भन्दा कम्तीमा बीसवर्ष अघिसम्मको आफ्नो निकायसंग सम्बन्धित सूचनापनि अद्यावधिक गर्नु गराउनुपर्ने दायित्व ऐनको दफा ५(२) ले सुम्पिएको छ। सार्वजनिक निकायले सो निकायसंग सम्बन्धित सूचना सुचिकृत गरि प्रकाशन गर्नु पर्ने सूचनाको प्रकारको सूचीसमेत ऐनको दफा ५(३) मा राखिएको छ । यस अतिरिक्त सार्वजनिक निकायहरुले अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले गरेको कार्यक्रम वा संचालन गरेको आयोजना वेबसाइट र अन्यत्र प्रकाशन भएका वा हुने सूचनाहरुपनि सुचीकृत गरि प्रकाशन गर्नुपर्ने दायित्व सूचनाको हक सम्बन्धि नियमावलीका नियम ३ ले थप गरेको छ । ऐनको दफा ५(४) मा ऐन प्रारम्भ भएको मितिले तीनमहिना भित्र र त्यसपछि प्रत्येक तीन महिनामा अद्यावधिक गरि सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था छ । यस्तो व्यवस्थाले सूचनादातालाई नागरिकको सूचनाको हकप्रति जिम्मेवार बनाउने काम गरेको छ ।

सूचनाको हक सम्बन्धि ऐनले सार्वजनिक निकायबारे निकै उदारतापुर्वक परिभाषा गरेको छ । तर उदारताले सिर्जना गरेको व्यापकताका कारण अस्पष्टतापनि उत्तिकै छ । सम्वैधानिक निकाय राजनीतिक दलदेखि सबै गैरसरकारी संघसंस्थाहरु समेत सार्वजनिक निकायको दायरामा राखिएको छ । यस कारणले पनि ऐनको प्रभावकारी कार्यान्वयन हुनसकेको छैन । यसमा सम्विधान अन्तर्गतका निकायको उल्लेखगरी जटिल बनाईदिएको छ । कानूनद्वारा स्थापित निकायलाई पनि सार्वजनिक सेवा प्रदानगर्ने सरकारी निकाय भन्ने जस्तो खालको परिभाषा गर्नु उचित हुन्छ । सार्वजनिक कार्य गर्ने तर राज्यको कोषबाट कुनै रकम प्राप्त नगर्ने र सरकारी नियन्त्रणमा पनि नरहेको नीजि कम्पनीहरुलाई यसले नसमेटेको अवस्था छ । यो बाहेक विभिन्न प्रकारका आयोजनाहरुका साथै प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा राज्यकोषबाट रकम लिने सबै प्रकारका कानूनी व्यक्तिहरुलाई समेत समेटन जरुरी छ ।

ऐनले सूचनादाताको संरक्षणका लागि दफा २९ अन्तर्गत विभिन्न कानूनी व्यवस्थाहरु गरेको छ । सूचना दिनुलाई सम्बन्धित सार्वजनिक निकायका कर्मचारीको दायित्वका रुपमा उल्लेख गर्दै सूचनादातालाई सजाय गरे वा हामी नोक्सानी पुरयाएमा उसले क्षतिपुर्ति पाउने व्यवस्था समेत कानूनमा छ ।

यसरी सूचना दिने सूचनादाताको पहिचान गोप्य राख्नु सूचना प्राप्तकर्ताको कर्तव्य हुने भन्ने दफा २९ (२) को व्यवस्था आम नागरिको हकमा मात्र नभएर सूचनाको गोप्य श्रोतको संरक्षण गर्नुपर्ने व्यावसायिक दायित्व भएको पत्रकारको हकमा थप महत्वपुर्ण रुपमा गाँसिएको छ। कानूनका यी व्यवस्थाहरुबाट सार्वजनिक निकायका व्यक्तिहरुलाई सिधै नागरिकप्रति जिम्मेवार र विधिको शासनको हिमायती बनाउने काम भएको छ । त्यस्तो काममा स्वभाविक रुपमा संचारमाध्यमको व्यावसायिक दायित्वलाई पनि जोडने काम भएको छ । सार्वजनिक निकायलाई थप पारदर्शी बनाउँदै कानूनमा सुशासन कायमगर्न र समाजलाई आपराधिक कामहरुबाट मुक्त गर्नका लागि सूचनादाताको संरक्षण सम्बन्धि व्यवस्थालाई थप मजबुत बनाउनु आवश्यक छ । यसमा संचार माध्यमको व्यावसायिक तथा जिम्मेवार भुमिकालाई पनि जोडनु श्रेयष्कर र फलदायी हुन्छ । ऐनले प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रहि सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेभए पनि दफा ३(घ) अनुसार

केही सूचना रोक्न समेत लगाएको छ ।

ऐनको दफा ३ (३) अनुसारका सूचनाको संरक्षण गर्नका लागि नीतिगत रुपमा सूचनाको वर्गीकरण सम्बन्धि व्यवस्था पनि ऐनको दफा २७ मा छ । सरकारको मुख्य सचिवको अध्यक्षतामा सम्वन्धित मन्त्रालयका सचिव र विषय विशेषज्ञ सदस्य रहने समितिले त्यस्तो वर्गिकरण गर्ने गर्दछ । सूचनाको संरक्षणको कुरा गर्दा ऐनको दफा २८ले गरेका व्यवस्थाहरु पनि महत्वपुर्ण रहेका छन । व्यक्तिगत सूचनाको सम्बन्धमा दफा ३० ले थप स्पष्ट पारेको छ । सो दफाअनुसार कुनै व्यक्तिले सार्वजनिक निकायमा बहाल रहँदा सार्वजनिक पदसंग सम्बन्धित विषयको सूचना मांग गरेमा र कुनै सरोकारवाला व्यक्तिले सार्वजनिक निकायमा रहेको आफुसंग सम्बन्धित विषयको सूचना मांगगरेमा सो सूचना उपलब्ध गराउनुपर्दछ ।

सो एनको दफा ३ ले सरकारले लिखतहरुको गोप्यताको प्रयोजनको लागि तीन वर्गमा वर्गीकरण गर्ने व्यवस्था गरेको छ भने सबै प्रकारका लिखितको गोप्यताको अवधिका विषयमा दफा ५,६ र ७ मा उल्लेख गरिएको छ । सो ऐनअनुसार लिखतहरुको वर्गीकरण गर्ने जिम्मेवारी मुख्य सचिवको अध्यक्षतामा सम्बन्धित मन्त्रालयको सचिव समेत रहने समितिले नै गर्ने हो । यसर्थ यी दुवै ऐनले गरेको व्यवस्था बमोजिमको काम मुलतः एउटै भएको छ ।

लोकतन्त्रमा सार्वजनिक निकायको गोप्यताभन्दा पारदर्शिता अधिक शोभनीय विषय हो । जनउत्तरदायी शासन पद्धतिको विकास हुने यही जगमा जनउत्तरदायी तथा व्यावसायिक मिडियाको विकास निर्भर हुन्छ ।

यसरी सूचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५का प्रावधानहरुको गहन अध्ययन गरि प्रत्येक सार्वजनिक निकायले आम नागरिकको सूचना पाउने मौलिक हकको सम्मान गर्दै सूचना प्रवाह गर्नुपर्छ । लोकतन्त्रको आधार स्तम्भ मानिएको सुशासन, पारदर्शिता ,जवाफदेही शासन प्रणालीको महत्वपुर्ण औजार सूचनाको हकको प्रत्याभुतिका निम्ती जनतालाई सूचना माग गर्ने आफ्नो अधिकार बोध हुनु आवश्यक छ ।

# अनलाइन मिडियामा देखिने विकृतिहरु

> जसरी आलुको विभिन्न परिकार बनाएर स्वाद लिन सकिन्छ, समाचारलाई पनि बिभिन्न शैलीमा प्रस्तुत गरेर पाठकलाई फरक स्वादको अनुभूति गराउन सकिन्छ।

श्रवण कुमार देव

स्थानीय तहको चुनाव एक दिन मात्रै बाँकी रहँदा २९ बैशाखमा जनकपुरधामस्थित होटेल सीताशरण घेराउ गरिएको कुरा सामाजिक संजालमा भाइरल बन्यो । होटेलको एउटा कोठामा मुस्लिम आयोगका अध्यक्ष समीम अन्सारी उम्मेदबारलाई रिझाउन रकम बाँडिरहेको खबर सामाजिक संजाल फेसबुकमा चर्चामा आयो । खबर आएको आधा घण्टा नबित्दै अनलाइन मिडियाहरुमा समाचार आयो, 'रकम बाँडिरहेका मुस्लिम आयोगका अध्यक्ष रकमसहित पक्राउ ।'

केही अनलाइनले यो समाचार लेखेको १० मिनेट नबित्दै प्राय: देशभरिका अनलाइनले यो समाचारलाई प्राथमिकता दिए । कतिपयले त ब्रेकिङ समाचार भन्दै यसलाई महत्व दिएर पोस्ट गरेको देखियो । समाचार आएको झण्डै ४० मिनेटपछि अर्कै तथ्य बाहिर आयो । अन्सारीलाई पक्राउ गरेको नभई सुरक्षा दिएर प्रहरीले विमानस्थलसम्म पुऱ्याएका रहेछन् ।

यो तथ्य सार्वजनिक भएपछि फटाफट ब्रेकिङ भन्दै समाचार पोस्ट्याएको अनलाइनले फटाफट समाचार सच्याइहाले । कतिपय अनलाइनमा अहिलेपनि त्यहीं समाचार पोस्ट भएको देखिन्छ ।

अर्को जनकपुरधामकै उदाहरण । 'नेपालको एक मात्र रेलमा आगलागी भयो' भन्ने शिर्षकको समाचार केही अनलाइनहरुमा आयो । एकछिनमै यो समाचारपनि धेरै अनलाइनमा पोस्ट भयो ।

पछि सार्वजनिक भएको तथ्य यस्तो थियो, 'रेलको एउटा बोगीको सिटमा केही मानिस बसिरहेका थिए । उनीहरुमध्ये कसैले सिटभन्दा माथि सामान राख्ने ठाउँ (बर्थ)मा एसिडजन्य पदार्थ ग्यालेनमा राखेका रहेछन् । त्यो ग्यालेनबाट थोरै एसिड चुहिएपछि धुवाँ निस्केको रहेछ ।'

धुवाँ निस्किनु र आगो लाग्नु फरक कुरा हो । रेलमा धुवाँ मात्रै निस्केको हो, आगो लागेकै थिएन् । निस्केको धुवाँलाई तत्कालै प्राविधिकले नियन्त्रण गरेपछि आगलागी भएन् ।

पछिल्लो समयमा अनलाइन मिडियाको विकास हुँदैजाँदा आफू अगाडि हुने र समाचार ब्रेकिङ गर्ने लहर चलेको छ । सबैभन्दा पहिला सूचना पुऱ्याउन खोज्नु सकारात्मक हो । तर, यो दौडमा

गलत सूचना सम्प्रेषण गर्नु पक्कैपनि पत्रकारिताको धर्म र कर्तव्य विपरितको कार्य हो । माथिका यी दुई दृष्टान्तले हतारमा तथ्य बुझ्दै नबुझी समाचार लेख्नेलाई भ्रम फैलाउने कामपनि भन्न सकिन्छ ।

***कपी पेस्टको जालो***

वर्तमान समयमा अरु मिडिया संचालन गर्नुभन्दा अनलाइन मिडिया संचालन गर्न सजिलो देखिएको छ । डोमेन लिने र तत्कालै समाचार पोस्ट गर्न शुरु गरिहाल्ने । पत्रकारिता पेशामा आबद्ध नहुने व्यक्ति पनि अहिले धमाधम अनलाइन संचालन गर्नेतर्फ लागेको देखिन्छ । पत्रकारिता नबुझ्ने यस्ता अनलाइन संचालक मूलधारका अनलाइन मिडिया या वास्तविक पत्रकारले संचालन गरेको अनलाइन मिडियाबाट कपी गरेर पोस्ट गर्दै आएको वास्तविकतालाई नकार्न सकिन्न । माथि चर्चा गरिएका भ्रमित समाचारहरु यसका उदाहरण हुन् ।

एउटा तथ्यपूर्ण समाचार मात्रै तयारपार्न पत्रकारलाई धेरै मिहिनेत गर्नुपर्छ । अझ स्टोरी तयारी गर्नका निम्ति पत्रकारले कम्तीमा दिनभर खट्नु पर्छ । यत्रो मिहिनेत गरेर पत्रकारले जब मिडियामा ती सामग्री सार्वजनिक गर्छ, उसलाई औधी खुशी हुन्छ । तर, ती मिहिनेत गर्नेभन्दा नगर्नेलाई तत्कालै कपी गरेर पोस्ट गरेपछि त्यस पत्रकारको खुशी छिनभरीमै हराउनु स्वाभाविक हुन जान्छ ।

अर्को कुरा कपीपेस्टले झूठो सूचनापनि सम्प्रेषित हुने सम्भावना हुन्छ । त्यसरी नै विचार नै नगरी लेखिएको कुनै अमानवीय र सामुदायिक सम्वेदनशील समाचार  कपीपेस्ट गरेर हाल्नु भनेको आगोमा घ्यू हाल्नु झैं हुन्छ । गलत सूचनालाई समेत कपी गर्ने, अनि पोस्ट गर्दै जाने हो भने यसले समाजमा ठूलो क्षतिसम्म पुऱ्याउन सक्छ ।

अरुले लेखेको समाचार कपी पेस्ट गर्नु नै हुँदैन भन्ने छैन । आवश्यकतानुसार गर्नुपनि पर्छ । तर कुनै समाचार आफ्नो अनलाइनमा हाल्नु छ भने सम्बन्धित निकायबाट पुष्टि गर्नु, गराउनु जरुरी हुन्छ । र, पुष्टि गराइसके पछिपनि कपीपेस्ट गर्नु समाचार पुनर्लखन गरेर पोष्ट गर्नु सृजनात्मक हुन्छ । होइन, त्यही समाचार कपीपेस्ट गर्ने हो भने स्रोतको उल्लेख गर्नुले समाचार तयार पार्ने सञ्चारकर्मीले श्रेय पाएको ठहरिन्छ र यो उचितपनि हो ।

त्यसरी नै, समाचार एक किसिमको आलु जस्तै हो । जसरी आलुको विभिन्न परिकार बनाएर स्वाद लिन सकिन्छ, समाचारलाई पनि बिभिन्न शैलीमा प्रस्तुत गरेर पाठकलाई फरक स्वादको अनुभूति गराउन सकिन्छ ।

अनधिकृतरुपमा अर्काको सामग्री कपी गरेर पोस्ट गर्नु अपराध हो । यस्तालाई प्रतिलिपी अधिकार ऐन अनुसार कार्वाही हुन सक्छ भने प्रेस काउन्सिलले पनि कार्वाही गर्न सक्छ । तर, अहिलेसम्म मधेश प्रदेशमा कपी पेस्ट गर्नेलाई कार्वाही गराउने प्रकृया शुरु हुन सकेको छैन ।

***एउटाले लेख्ने अर्कोले खण्डन गर्ने***

अनलाइन मिडियाको विकास हुँदै जाँदा देखिएको अर्को विकृति हो एउटाले लेख्ने र अर्कोले खण्डन गर्ने । पत्रकारितामा संलग्न नभएका व्यक्तिले पनि अनलाइन संचालन गरिरहेको माथि नै चर्चा गरिएको छ । तथ्यगत समाचार सार्वजनिक गरेर पत्रकारिताको दायित्व निर्वाह गर्नुभन्दा पनि स्थानीय

पालिकाको विज्ञापन लिन, आफ्नो र आफू निकट दल र त्यसका नेताको प्रतिरक्षा गर्न कतिपय अनलाइन संचालन भइरहेको प्रष्ट रुपमा देख्न सकिन्छ ।

अनलाइनको विकास हुने क्रममा राजनीतिक दल निकटका नेता र कार्यकर्ताहरुले पनि अनलाइन संचालन गरेको देखिन्छ । यस्ता अनलाइन संचालन गर्नेले प्रायः आफैं समाचार लेख्दैनन् । समाजमा घटेका घट्ना, देशमा हुने गतिविधी, नेताले दिएको भाषणरुपी समाचार मूलधारका अनलाइनबाट कपी गरिरहेको देखिन्छ । यस्ता दलका अनलाइनले अरु मिडियामा आफ्नो बिरुद्धमा कुनै समाचार आए त्यसको खण्डन गर्दै समाचार लेख्छन् । तर, उनीहरु आफैंले लेख्ने समाचारको शब्द, भाषा र प्रस्तुति अधिकांशतः पत्रकारिताको मर्यादा र आचारसंहिता अर्थात् नर्म्सको उल्लंघन गरिरहेको हुन्छ । भाषा र शैलीको त के कुरा गर्नु !

यस्तै, केही अनलाइन पालिकाको विज्ञापन पाउनका निम्ति पालिका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको गुणगान गर्दै समाचार लेख्ने गरेको देखिन्छ । केही दिनअघि मात्रै सिरहाको एक पालिका प्रमुखले लगाए 'कोरोनाबिरुद्धको खोप' भन्ने शिर्षकमा एक अनलाइनले लेखेको समाचारलाई लिन सकिन्छ ।

पत्रकार आचारसंहिताको दफा १० को ३ मा पत्रकार तथा संचार माध्यमले समाचार श्रोतसँग पेशागत मर्यादा विपरित सम्बन्ध राख्न एवं व्यक्ति वा संस्थाको निहित स्वार्थपूर्तिका लागि संचारमाध्यमको दूरुपयोग गर्नुहुँदैन भन्ने उल्लेख गरिएको छ । तर आचारसंहिताको खुल्लेआम खिल्ली उडाउँदै अनलाइन संचालन भइरहेको अवस्था छ ।

बिडम्बना नै भन्नुपर्छ कतिपय जनप्रतिनिधी, राजनीतिक दलका नेता यस्ता आचारसंहिताको खिल्ली उडाउनेलाई आफूनिकट बनाएर पत्रकारितालाई बदनाम गराउने काममा सघाउ पुऱ्याइरहेका छन् ।

***अनलाइन मिडियाको सुधार नितान्त आवश्यक***

अनलाइन मिडियामा देखिएको अर्को विकृति हो, बिना प्रमाण कुनै व्यक्तिमाथि लाञ्छना लगाउनु । मधेश प्रदेशसहित देशभरिकै अनलाइन मिडियामा यो विकृति देखापरेको छ । 'फ्लानाले यस्तो गरे, फलानामाथि यस्तो आरोप...' जस्ता शिर्षकमा समाचार लेखेर अनलाइन मिडियाको बदनाम गर्ने काम भइरहेको छ । यसले व्यक्तिको चरित्रहत्या गर्ने काम भइरहेको छ नै, अनलाइनप्रतिको विश्वसनियतामा पनि कमी ल्याइरहेको अवस्था छ ।

पत्रकार र पत्रकारिता देश, समाज र जनताप्रति उत्तरदायी बन्नुपर्छ । हुन त राज्यले पनि पत्रकार र पत्रकारिताको विकासका निम्ति जसरी ध्यान दिनुपर्ने हो त्यो दिन सकेको छैन् । तथापी वास्तविक पत्रकारहरु आफ्नो श्रोत र साधनले भ्याएसम्म काम गरिरहेका छन् । तर वास्तविक पत्रकारलाई ओझेलमा पार्ने काम अहिलेको अनलाइन मिडियाले गरिरहेको छ ।

अनलाइन मिडियालाई नियमन गर्ने प्रेस काउन्सिल नेपालले यसतर्फ ध्यान दिएको पनि देखिन्छ । बेला(बेलामा भ्रम फैलाउने, सूचना तोडमोड गर्ने अनलाइनलाई कार्वाहीपनि गरेको छ । तर सबै थोक सार्वजनिक भइसकेको भएपनि प्रेस काउन्सिल निवेदनको प्रतिक्षामा रहने गरेको छ ।

निवेदन नआउँदा समेत यस्ता गलत कामगर्ने अनलाइनलाई कार्वाहीको दायरामा ल्याउनु आवश्यक छ ।

पछिल्लो समय पत्रकार र पत्रकारिताको विकासको नाममा मधेश प्रदेशमा पनि दुईवटा संस्था उभ्याइएको छ । एउटा मिडिया काउन्सिल र अर्को आमसञ्चार प्राधिकरण । यी दुबै निकाय कर्मचारीको अभावमा आफ्नो कामको थालनी गर्न सकेको छैन् । प्रदेशको मिडिया काउन्सिलले पत्रकारले पालना गर्नुपर्ने आचारसंहिता निर्माण गरेर त्यसलाई कार्वान्वयन गर्नेतर्फ अग्रसरता देखाएको छ भने प्राधिकरणले पत्रकारको हकहितका लागि काम थालेको छ । पहिलो चरणमा उसले लोक कल्याणकारी विज्ञापन र पत्रकारको दुर्घटना बिमागर्ने प्रयास गरेको छ ।

यति भन्दाभन्दै पनि अनलाइन मिडियामा देखिएको विकृतिलाई न्यूनिकरण गर्नेतर्फ पनि यी निकायहरुको ध्यान जानु जरुरी छ । यस्ता विकृतिलाई कसरी रोक्ने सन्दर्भमा बहस र छलफल गर्दै समाधानका उपाय खोज्नु सरोकारबालाका लागि अति आवश्यक छ ।

*(उहाँ नेपाल पत्रकार महासंघ, सप्तरी शाखाका अध्यक्ष हुन् ।*

# कोरोना प्रभावित मिडियाको दुःख र समाधान

> कोरोना महामारी र लकडाउनबाट उत्पन्न नकारात्मक प्रभावको कारण ४० प्रतिशतभन्दा बढी पत्रकारको पेशा तथा आम्दानीमा असर परेको देखिएको छ। यसरी प्रभावितहुनेमा महिला पत्रकार को संख्या पनि पर्याप्त छ।



श्याम बन्जारा

विश्वभरी नै कोरोना महामारीले नराम्ररी गाँजेको छ । यसले संसारको अर्थतन्त्रमा पारेको प्रभावले आधुनिक विकासको गतिलाई अवरोध पुऱ्याएको छ, र मानवीय जीवनलाई नै संकटग्रस्त र कष्टपूर्ण बनाएको छ । नेपाल पनि त्यसबाट अलग रहने कुरै भएन । झन बल्लबल्ल विकासको फड्को मार्ने तयारीमा रहेको नेपाल जस्तो गरिब देशहरुको अर्थतन्त्रको गति नकारात्मक स्थितिमा पुग्ने खतरा उत्पन्न भएको छ ।

अझ पत्रकारिता पेशमा लागेकाहरुलाई त यसले सबैभन्दा ठूलो पीडा नै थोपरिदिएको छ । मिडियाको आय स्रोत विज्ञापन नै हो । बजार चलायमान नभएर विज्ञापन घट्ने हुँदा मिडिया सञ्चालनमा प्रतिकूल असर पर्नु स्वाभाविक हो । मिडिया हाउस प्रभावित भएपछि श्रमजीवि पत्रकार प्रभावित नहुन् कुरै भएन । कोरोनाले पूँजीको गतिलाई रोक्दा नयाँ पूँजी परिचालन, उत्पादन र बितरण एवं रोजगारीमा समेत प्रतिकूलता थप्दा समग्र पत्रकारिता बिज्ञापनको अभावको कारण नराम्ररी समस्याग्रस्त बन्न पुग्यो । यसले केन्द्र, प्रदेश र स्थानीय तहमा बसेर पत्रकारिता गर्ने सबै तहका पत्रकारहरुलाई कुनै न कुनै रुपमा गाँज्यो र आर्थिक अवस्थामा समेत प्रतिकूलता थप्यो ।

सन २०१९को डिसेम्बरमा चीनको वुहानमा पहिलोपटक कोरोना भाईरस देखिएको थियो । पछि यसले विश्वव्यापी महामारीको रुप लियो । पहिलो र दोस्रो गर्दै लहर नेपालमापनि छिऱ्यो । पहिलोभन्दा दोस्रो लहर निकै भयानक देखियो । पहिलो लहरमा कोरोनाको डर थियो, दोस्रो लहरमा डर हराईसकेको थियो । तर कोरोना भाईरसले कोभिड निमोनिया गराउने र शरीरमा अक्सिजनको मात्रा घट्ने समस्या देखियो । यसलेगर्दा देशभर अक्सिजनको हाहाकार भयो । अस्पतालमा बेडको अभाव भयो । अहिले कोरोना विश्वब्यापी रुपमा नै विस्तारै सामान्य अवस्थमा फर्किएको मानिएपनि अझै खतरा मुक्त भने हुनसकेको छैन । नेपालमा पनि यसको ग्राफ ह्वात्तै घटेपनि फेरि उकालो लाग्न थालेको छ । यसकारण फेरि कोरोना फर्कने सम्भावनाले उत्पन्न असरले पत्रकारिता

क्षेत्रलाई अझै पूर्ण चिन्तामुक्त हुन दिएको छैन । कोराना भाईरसले समय समयमा आफ्नो स्वरुप परिवर्तन गर्ने गरेको छ र यसका नयाँ भेरिएन्टहरु देखिँदैछन् ।

कोरोना संक्रमणबाट नेपालमा झण्डै १२ हजार ( ११९५२) जनाको मृत्यु भईसकेको छ । यसमध्ये दुईदर्जन त पत्रकार नै पुग्ने छन् । नेपाल पत्रकार महासंघका सदस्य मात्र १ हजारजना भन्दा बढीमा कोरोना संक्रमण देखिएको छ । र यसबाट देशका सबै भागमा रहेर पत्रकारिता गर्नेहरु प्रभावित भएका छन् । कोभिशिल्ड खोपको दुईवटै खोप लगाएका पत्रकारलाई समेत संक्रमण देखा परिरहेको छ । एउटै व्यक्तिलाई तीनपटकसम्म संक्रमण देखिन थालेपछि कार्यक्षेत्रमा गएर पत्रकारिता गर्न समेत मनोवैज्ञानिक त्रास उत्पन्न भएको छ ।

संक्रमणको पहिलो लहरमा कोभिडसँग सम्बन्धित ५सय जनाभन्दा बढी श्रम समस्याका उजुरीहरु महासंघमा पुग्नुले पनि यसको बहुआयामिक असरको पुष्टी हुन्छ । दोस्रो लहरमा पनि अधिराज्यका बिभिन्न भूगोलमा कार्यरत पत्रकारहरुले कोरोनाका कारण भोेल्नुपरेको समस्याका दर्जनौं उजूरीहरु महासंघमा पुगेका छन् । केही सञ्चार प्रतिष्ठानमा त पत्रकारहरुले तलब उपलब्ध गराउन माग गर्दै धर्ना कार्यक्रम समेत बस्नु पर्‍यो । मधेश प्रदेशमा रहेर पत्रकारिता गर्नेहरुमा समेत यसको असर पर्‍यो । कोरोनाबाट मृत्यु र संक्रमणको भयावह वातावरणमा रहेर संचारकर्मीहरुले काम गर्नुको प्रभाव उनको घर परिवार र सिँगो समाजमा समेत पुग्यो ।

> **“ कोभिड महामारीमा ज्यान गुमाउने पत्रकारका परिवारलाई राज्यले अझै कुनै प्रकारको सहयोग गर्न सकेको छैन । यसको संक्रमणको कारण पत्रकारका सम्पूर्ण परिवार नै आर्थिक दूरवस्थामा फँसेको अनेकौं उदाहरणहरु छन् । ”**

यी दृष्टान्तहरुले नेपालका पत्रकार र मिडियामा कोरोनाले पारेको प्रभावको गम्भीरता बुझ्न सकिन्छ, जसले गर्दा आगामी दिनमा कसरी अघि बढ्ने भन्ने निर्णयगर्न सरोकारवालालाई सहज हुन्छ । नेपाल पत्रकार महासंघ लगायतका संघसंस्थाले पत्रकार र मिडियाको हकहितका लागि आवाज उठाएपनि त्यसलाई सम्बोधनगर्ने निकाय अझै अनुत्तरदायी देखिएको छ । कोभिड महामारीमा ज्यान गुमाउने पत्रकारका परिवारलाई राज्यले अझै कुनै प्रकारको सहयोग गर्न सकेको छैन । यसको संक्रमणको कारण पत्रकारका सम्पूर्ण परिवार नै आर्थिक दूरवस्थामा फँसेको अनेकौं उदाहरणहरु छन् । तर आर्थिकरुपमा पीडित पत्रकारहरुको परिवारमा सृजना भएका समस्याको पहिचान गरि त्यसको सम्बोधन हुन नसक्दा सिगो पत्रकारिता क्षेत्र प्रतिको विश्वास र आकर्षणमा समेत प्रश्न चिन्ह खडा हुन जाने सम्भावना र तथ्यलाई नकार्न सकिँदैन ।

पत्रकारिता समाजको बिविधिकरण र सामाजिक विकासको एउटा महत्वपूर्ण कडी हो भन्ने कुरालाइ आत्मसात् गरि राज्यले पत्रकारिता पेशाकर्मीहरुलाई समेत विश्वासमा लिनसक्नु पर्छ ।

उनीहरुको क्षमता अभिबृद्धी र लामो समयदेखि संकटग्रस्त पत्रकारिता र पत्रकारहरुलाई आर्थिक उपार्जनको सहज वातावरण निर्माण गर्न समेत सरोकारवाला निकायहरु अग्रसर हुन आवश्यक देखिएको छ ।

अब कोरोना महामारीमा मिडियाक्षेत्रमा परेको असरका बारेमा एकीकृतरुपमा जानकारी गराउँदै मिडियामा कोभिड-१९को आर्थिक प्रभाव बारे आंकलन गर्न जरुरी देखिएको छ । अफ्न कोभिड-१९ संकटको बेला पत्रकारहरुको व्यावसायिक र वित्तीय सुरक्षाको अवस्थाबारे यथार्थ चित्रणगर्दै .नीति निर्माता लगायत सरोकारवालाहरुले समग्र पत्रकारिता जगतको विकासको लागि सबै सम्भाव्य उपाएको अवलम्बन गर्नुपर्ने देखिन्छ । सबैभन्दा बढी जनसंख्या रहेको मधेश प्रदेशमा नेपाल पत्रकार महासंघको सदस्यसंख्या ८सय छ । तर महासंघको सदस्यता नलिएका सक्रिय पत्रकारहरुको संख्यापनि ठूलो छ । यी सबैको समस्या सम्बोधन गर्न विभिन्न तहका सरकारले तदारुकता तथा सहानुभूति देखाएर नीति निर्माण गरि तालिम, बिमा, तथा तत्काल आर्थिक सहयोगको वातावरण सृजना गर्नु जरुरी छ । त्यसरी नै विविध संकटमा परेका पत्रकारहरुलाई सहयोग गर्न अक्षयकोष निर्माण गरि पत्रकार महासंघले पनि पहल लिन जरुरी छ ।

विश्वव्यापी कोरोना भाइरस संक्रमणले नेपालको पत्रकारिता क्षेत्र र पत्रकारहरुलाई मनोवैज्ञानिक र आर्थिक रुपमा गम्भीर असर पारेको पहिले नै भनिसकिएको छ । यसकारण सञ्चार माध्यममा सामग्रीको उत्पादन पनि घटेको छ र पेशाप्रति एकखालको निरासा समेत पैदा भएको अनुभुति कयौं आम संचारकर्मीहरुले व्यक्त गरेको पाइन्छ । नियमित रुपमा प्राप्त गरिरहेको पारिश्रमिक कटौतिका कारण पत्रकारहरु बीच उत्पन्न चरम आर्थिक मार यसको मूख्य कारण हो भनेर बुझ्न गाह्रो छैन । कोरोना महामारी र लकडाउनबाट उत्पन्न नकारात्मक प्रभावको कारण ४० प्रतिशतभन्दा बढी पत्रकारको पेशा तथा आम्दानीमा असर परेको देखिएको छ । यसरी प्रभावितहुनेमा महिला पत्रकारको संख्यापनि पर्याप्त छ ।

४ प्रतिशत पत्रकारले रोजगारी गुमाएको, ६ प्रतिशत जतिलाई कार्यरत सञ्चारमाध्यमले वेतलबीविदामा राखेको, १० प्रतिशत वेरोजगार बनेको, ९ प्रतिशतको तलब कटौती भएको, २० प्रतिशतले नियमित तलब पाउन नसकेको, दुईतिहाई पत्रकारलाई घरखर्च चलाउन समस्या परेको, १० प्रतिशतले पेशा नै परिवर्तन गरेको, र २.५ प्रतिशत मिडिया सञ्चालकहरुले मिडिया नै बन्द गरिसकेको तथ्याँक 'शेयर कास्ट' नामक संस्थाले सञ्चार क्षेत्रमा कार्यरतहरुको बीचमा गरेका सर्वेक्षणले देखाएको छ । यस्ले नेपाली पत्रकारिता जगत कोरोनाको कारण गम्भिररुपमा प्रभाबित भएको कुराको पुष्टी गरेको छ ।

कोरोना महामारी र लकडाउनको समग्र नेपाली पत्रकारिता तथा सञ्चारक्षेत्रमा पर्ने नकारात्मक प्रभावहरु दुरगामी देखिन्छन् । यसले सञ्चार क्षेत्रको स्वरुपमा परिवर्तन आउने संभावनापनि व्यक्त गरिँदैछ । विशेषगरी परम्परगत मिडियाको भविष्य कस्तो हुने ? भन्ने बारेमा अन्यौल देखिएको छ ।

भनिन्छ, रोग लागेर उपचार गर्नु भन्दा रोग लाग्नै नदिनु बुद्धिमानी हो । कमजोर

चेतनास्तर, आर्थिक अवस्था र लापरबाहीका कारण स्वास्थ्य सुरक्षामा सतर्कताका उपाय अवलम्बन नगर्दा र राज्यका जिम्मेवार निकायले पालना गराउन नसक्दा, खुल्ला सीमाबाट हुने आवतजावत जस्ता कारणले गर्दा पटक(पटक कोरोना संक्रमण नेपालमा फैलिरहेको छ। स्वास्थ्य उपचारका लागि नागरिकले सास्ती खेपीरहेका छन्। अहिलेपनि अर्को लहर आउने चेतावनी विज्ञहरुले दिईरहेका छन्। त्यसैले अब रिपोर्टिङमा जाने पत्रकारहरुले संक्रमणको जोखिम पुर्वानुमान गरि मात्र सुरक्षित पत्रकारिताको मापदण्ड अनुसार कार्य क्षेत्रमा जानुपर्छ। यसैगरी कोरोनाको सम्भावित स्थितिले उत्पन्न गरेको थप चुनौती र समस्याहरुको समाधानको निम्ती सञ्चार माध्यमहरुले उपयुक्त उपायहरु सोच्नुपर्छ। जबसम्म पत्रकारहरु समस्यामुक्त हुँदैनन्, तबसम्म राज्यले अपेक्षित उपलब्धी हाँसिल गर्न सक्दैन भन्ने कुरालाई आत्मसात् गर्नु जरुरी छ। यस सन्दर्भमा बीरगंज महानगरपालिकाका प्रयत्न प्रशंसनीय र अनुकरणीय छन्। बीरगंज महानगरपालिकाले अलग्गै बिज्ञापन नीति निर्माण गरि छापा, बिद्युतिय र अनलाइनहरुलाई मासिकरुपमा लोककल्याणकारी बिज्ञापन बापतको रकम उपलब्ध गराएको छ। अन्य स्थानीय तहले यसको अनुसरण मात्र गरेपनि केही न केही मात्रमा पत्रकारहरुको लागि आशाको दियो बल्ने कुरालाई नकार्न सकिन्न।

*उहाँ नेपाल पत्रकार महासंघ प्रदेश समितिको महासचिव हुन*

# पत्रकारितामा आचारसंहिता

> समाचार लेख्ने क्रममा आचार संहिताको पालना नगर्नु पीत पत्रकारिता हो र यो समाजका लागी हितकारी हाईन।



दशरथ भण्डारी

आधुनिक समाज निर्माणमा पत्रकारिता एउटा महत्वपूर्ण हिस्सा हो। यस दृष्टिले समाजप्रति समर्पित निष्पक्ष पत्रकारिता आवश्यक छ। यसैकारण पत्रकारितामा आचारसंहिताको भूमिका अत्यन्त छ । असन्तुलित पत्रकारिताले समाजलाई भ्रमित पार्छ र यसैकारण आचारसंहिता बिनाको पत्रकारीता लामो समयसम्म टिक्दैन ।

पत्रकारले जहिले पनि कलम सन्तुलित, इमान्दार र सोझो राख्नु पर्दछ जसले समाजमा सकारात्मक प्रभाव पर्दछ। बाङ्गो कलमले नकारात्मक कुरा मात्र फैलाउछ। समाचार लेख्ने क्रममा आचार संहिताको पालना नगर्नु पीत पत्रकारिता हो र यो समाजका लागी हितकारी हाईन। पत्रकारले कलम चलाउने बेलामा जहिलेपनि देश र जनसमुदायप्रतिको दायित्वबोघ बारे सोच्नु पर्दछ ( 'मैले चलाएको कलमले समाजको सद्भाव, समाजका जेष्ठ नागरिक, वालबालिका, लगायतका अन्य क्षेत्रहरु प्रभावित त भैरहेको छैन ।' जहिलेपनि पत्रकारले कलम चलाउँदा आफुलाई आचारसंहिताको घेराभित्र राखी कलम चलाउनुलाई आफ्नो नैतिक दायीत्व ठान्नु पर्दछ।

केही वर्ष पूर्व एक प्रतिष्ठित पत्रिकाका नाम चलेका एक जना वरिष्ठ पत्रकारले महोत्तरी जिल्लाको सम्सीमा एकजना बालकलाई आगोमा फालेर जिउँदै जलाएको भ्रामक समाचार सम्प्रेषणको कारण साम्प्रदायिक खल्बलिएको दुःखद् संस्मरण मेरो मानसपटललाई अझै झक्झक्याई रहन्छ। पत्रकारले यस घटनामा सामाजिक दायित्वबोध तथा पत्रकारिताको आचारसंहिताको पालना गरिदिएको भए त्यो दुःखद स्थिति उत्पन्न हुने थिएन ।

त्यसैले समाजको निम्ती पत्रकारिता र आचारसंहिता एक अर्काको पूरक हो। पत्रकारले कलम चलाउँदा सामाजिक दायित्वबोध र पत्रकारितामा जहिलेपनि आचारसंहिताको पालना अत्यावश्यक हो ।

# राजनैतिक परिवर्तनपछि पनि स्थानीय तहबाट सञ्चार क्षेत्र ओझेलमा

> सञ्चारमाध्यमलाई स्थानीय पालिकामा दर्ता गरेर उसको क्षमता विकासका लागि तालिम, सिप र पेशागत अध्ययनमा जोड र प्रोत्साहित गर्नुपर्छ। सबलिकरण र अनुदान वा छुटमा सामग्री खरिदगारी प्रविधिमैत्री बनाउनु पर्छ



गुरुप्रसाद गौतम

नागरिकहरुलाई सूसुचित गर्ने सञ्चार क्षेत्र उपेक्षित छ भन्दा धेरैलाई विश्वासी नलाग्न सक्छ, तर अहिले सञ्चार क्षेत्र सबैतिरबाट मारमा छ। विशेषगरी साना लगानीमा केही गर्न सकिन्छ की भनेर वर्षौंदेखि सञ्चालित साना लगानीका मिडियाहरु पछिल्लो राजनैतिक परिवर्तन पछिपनि ओझेलमा परेका छन्। अनुकूल परिस्थितिको अभावमा आज सञ्चार जगत संकटग्रस्त छ भने कयौं संचार संस्था बन्द भएका छन। लोकतान्त्रिक आन्दोलन, दोश्रो जनआन्दोलन होस वा मधेश आन्दोलन सबैमा सञ्चार क्षेत्रले प्रत्यक्ष रुपमा नै राजनैतिक दलहरुलाई सहयोग पुग्ने गरी आफ्ना कलम चलाउदै आएका छन्। तिनै राजनैतिक दलका जनप्रतिनिधिहरुले सञ्चार क्षेत्रको विकास र सबलिकरणमा कुनै सहयोग गरेका छैनन्।

अहिलेको संघीय लोकतान्त्रिक गणतन्त्रमा केन्द्र, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको व्यवस्था गरिएको छ। त्यसमध्ये तल्लो तह स्थानीय सरकारको कुरा गर्ने हो भने धेरै समस्या छ। स्थानीय पत्रकारहरु जनसमुदायसंग प्रत्यक्ष सम्पर्कमा हुने गर्छन्। यस्तोमा उनिहरुले सबैभन्दा बढी आश र भरपर्नु पर्ने स्थानीय तह नै हो। तर स्थानिय तहले सञ्चार क्षेत्रलाई पुरै वेवास्ता गरेको देखिन्छ। स्थानीय तहको प्राथमिकतामा नपरेको सञ्चार क्षेत्रको विकासमा काम नभएपनि कर्मचारी र जनप्रतिनिधिहरुको मिलोमतोमा हुनेगरेका ठुलठुला भ्रष्टचारहरु अब सामान्य समाचार जस्तै भएका छन्। स्थानीय तहका कार्यालय प्रमुख र कर्मचारीहरुले आफन्तका नाममा आफैले एड एजेन्सी दर्ता गरी सञ्चालन गर्ने र सबै सुचना र विज्ञापन त्यसैलाई दिएर वास्तविक पत्रपत्रिकाले पाउने आर्थिकपनि आफैले भ्वाम्म पार्ने गरेको विषयपनि नौलो होइन। कर्मचारीहरुले यस्ता एड (विज्ञापन) एजेन्सीबाट ६०प्रतिशतसम्म कमिशन लिने गरेकोपनि सुनिन्छ।

स्थानिय सञ्चारकर्मीहरु स्थानिय समुदायको हितलाई नै प्राथमिकतामा राखेर कलम चलाउँछन्। तर स्थानीय निकाय बनेको पाँच वर्ष वितिसकेको भएपनि सञ्चार क्षेत्रको विकासका लागि ऐन कानुन बनाउन समेत तदारुकता त परको कुरा भयो, स्थानीय सरकारमा चेतनासमेत

देखिँदैन । बारा जिल्लाकै कुरा गर्ने हो भने यसको १६ पालिका मध्ये एक निजगढले केही सञ्चारकर्मीको पहलमा सञ्चार ऐन ल्याएको थियो । तर पहिलो कार्यकाल सकिन लाग्दापनि अहिलेसम्म त्यसको प्रमाणिकरण भएको छैन ।

बाराका अन्य १५वटा स्थानीय तहले सञ्चार ऐन ल्याउन छलफल समेत गरेका छैनन् । बारामा मात्र हैन समग्र मधेश प्रदेशमै अधिकाशं स्थानीय तहले सञ्चार ऐन ल्याएका छैनन । भ्रष्टाचारले प्रणालीगत रुप लिएको कारण कर्मचारी मात्र होइन, यस चलखेलमा राजनैतिक पार्टीका स्थानिय प्रतिनिधि समेत सामेल छन् । त्यसै कारण राजनैतिक दलमा आवद्ध सञ्चारकर्मीहरुले दलिय स्वार्थको कारण आवाज उठाउन नसकेको पनि देखिन्छ । यद्यपि केही जिम्मेवार र प्रतिबद्ध केही पत्रकारहरु यसको विरुद्ध देखिएका पनि छन् ।

वास्तविक घटनालाई सही समयमा सम्प्रेषण गर्ने कार्यमा सञ्चार जगतलाई प्रविधिले पनि चुनौती दिएको छ । हिजोसम्म पत्रपत्रिका पढ्न पत्रिका पसलसम्म पुग्ने पाठकहरु मोबाईलबाटै अनलाईन पोर्टलमा पत्रिका पढन् थालेका छन् र घटना भएको केही बेरमै सुसूचित हुन थालेका छन् । विगतमा साप्ताहिक होस वा दैनिक पत्रिका, कति धेरैले पढे, कति धेरै प्रति प्रकाशित भयो भनेर लोकप्रियताको मुल्याङकन आजसम्म हुदै आएको छ । तर मोबाइल, अनलाइन, र युट्युब लगायत सामाजिक सञ्जाल जस्तो विद्युतिय माध्यमको कारण पत्रिका पसलमा गएर पत्रिका किनेर पढने पाठक घट्दै गैरहेका छन् र पत्रिकाको व्यवसाय नकारात्मकरुपले प्रभावित हँदै गैरहेको छ । पत्रिका पसलहरुमा पत्रिका थन्किन थालेको छ । यसले छापा पत्रिकामा काम गर्ने पत्रकारहरुको पेशासमेत प्रभावित हुने स्थिति उत्पन्न भएको छ । यस्तो अबस्थामा सुचना र प्रविधिसम्मको पहुँच, दक्षता र प्रयोगको निम्ती सञ्चारकर्मीहरुले समय सापेक्ष व्यावहारिक र चेतनाको स्तरमा समेत विकासको जरुरी छ । यस कोणबाट हेर्दा स्थानीयस्तरमा कलम चलाउने सञ्चारकर्मीहरुको क्षमता अभिवृद्धि गराउन सम्बन्धित पक्षले चासो लिनु र उपयुक्त प्रयत्न गर्नु जरुरी छ ।

स्वयं पत्रकार र पत्रकारिताको परिवेशमा विचार गर्दा विविध चुनौती र समस्याका कारण व्यावसायिक पत्रकारिता मौलाउन नसक्नु त छँदैछ, वर्षौंदेखी कापी र कलमको भरमा पत्रकारिता गर्दै आएको पुराना पुस्ताको लागि आधुनिक प्रविधिको प्रयोग अनुरुप आफूलाई रुपान्तरण गर्नु तथा क्षमता विकास गर्नु थप चुनौतीपूर्ण छ । हुन त साधनसम्म पहुँच र प्रशिक्षणको सिमितता तथा कमजोर आर्थिक अवस्थाको कारण यस्तो चुनौती मोफसलका अधिकांश पत्रकारको निम्तीपनि छ । यस्तोमा सञ्चार जगतको यस अहम् दुःखमाथी मलम लगाउन न त कुनै सरकार, न त सञ्चारसँग सम्बन्धित संस्थाले नै सक्रिय देखिएको छ । यसले अरुको दुःख सार्वजनिक गर्ने र गलतप्रति सँधै पहरेदारी गर्ने पत्रकार आफै कति समस्याग्रस्त छ भन्ने देखाउँछ ।

यसरी नै आवश्यक सुविधाको अभावमा सूचना सम्प्रेषण कार्य ढिलो, झन्झटिलो साथै खर्चिलो भई स्थानीय स्तरमा पत्रिका प्रकाशनमा समेत समस्या छ । यसका लागि अति आवश्यक पर्ने टेलिफोन, कम्प्युटर, क्यामेरा, जस्ता सुविधा नहुनाले दैनिक समाचार सम्प्रेषणका लागि अरुमा भर पर्नुपर्ने अवस्था छ । बजारमा उपलब्ध सिमित सुविधाको उपयोग गर्न कहिले घण्टौ कुर्नपर्ने, कहिले बन्द र मँहगोका कारण तत्काल सम्प्रेषित गर्नुपर्ने अति जरुरी र महत्वपूर्ण समाचारसमेत समयमा सम्प्रेषित हुन सकिरहेका छैनन् ।

पत्रकार महासंघ देशमा स्वतन्त्र पत्रकारिताको गहनतम् जिम्मेवारी पूरा गर्न, आमसञ्चारका विभिन्न क्षेत्रमा कार्यरत पत्रकारहरुलाई एक सूत्रमा आवद्ध गरी राष्ट्रिय विकासको प्रवाहमा सामेल गराउन र जिम्मेवार, उत्तरदायी र अनुशासित पत्रकारिताको संस्थागत विकासमा क्रियाशील हुँदै प्रेस स्वतन्त्रताको आदर्शलाई परिपालना गर्ने उद्देश्यका लागि स्थापित विशुद्ध संस्था हो । तरपनि पछिल्लो समय पत्रकार महासंघ मधेश प्रदेशका जिल्लाहरुमा गैर पत्रकारहरुको कब्जामा गएको भान हुन थालेको छ । पत्रकारहरुको क्षमता अभिबृद्धि, तालिम र समग्र सञ्चार क्षेत्रको विकासका लागि कामगर्ने पत्रकारहरुको साझा थलो महासंघ यतिविधि कमजोर किन र कसरी भएको छ आफै खोजको बिषय बनेको छ । हैन भने पत्रकार महासंघ जनआन्दोलनको अगुवाई गर्न सक्ने भएपनि सञ्चार क्षेत्र र सञ्चारकर्मीको विकासका धमिराहरुको विरुद्ध किन आवाज उठाउन नसक्नु विडम्वनापूर्ण छ ।

तसर्थ स्थानीय तहमा मौलाउदै गएको भ्रष्टचारमा कमी ल्याउन पारदर्शिता जरुरी छ । अहिले स्थानीय निकायले बजेट स्वीकृत गर्दा होस वा योजना छनौट गर्दा, सञ्चार क्षेत्रको विकासका लागि सोच्नु जरुरी छ । सुचनाको हक भएपनि स्थानीय तहमा सुचना लुकाउने र अपारदर्शिताको स्थितिको अन्त जरुरी छ ।

***के गर्न जरुरी छ ?***

हरेका स्थानीय तह र जिल्लामा रहेका सबै सञ्चार माध्यमलाई सञ्चार ऐन वा कार्यविधि बनाई एक सुत्रमा जोड्न जरुरी छ । सञ्चारमाध्यमलाई स्थानीय पालिकामा दर्ता गरेर उसको क्षमता विकासका लागि तालिम, सिप र पेशागत अध्ययनमा जोड र प्रोत्साहित गर्नु पर्छ । सञ्चार माध्यमलाई सबलिकरण र अनुदान वा छुटमा सामग्री खरिदगरी प्रविधिमैत्री बनाउनमा जोड दिनु जरुरी छ । स्थानीय निकायमा दर्ता भएका सबै किसिमका उद्योग, कल कारखाना, बिद्यालय, सामुदायिक वन सरकारी अर्धसरकारी निजि होस वा कम्पनीका सबैलाई दर्ता प्रकृयाबारे सुचना स्थानीय सञ्चार माध्यममा अनिवार्य प्रकाशन भएपछि मात्र दर्ता अनुमति दिने ब्यबस्था हुनु पर्छ । स्थानीय निकायको प्रगति हरेक नागरिकले जानकारी पाउनु पर्ने वैधानिक अधिकार भएकोले बर्षको कम्तीमा पनि दुईपटक सञ्चार माध्यममा प्रगति विवरण प्रकाशन(प्रशारण गरिनु पर्दछ । पालिकाबाट प्रदान गरिने जुनसुकै विज्ञापन स्थानीय पालिकाबाट सञ्चालन हुने सञ्चार माध्यममा पनि प्रकाशन गर्न बाध्यकारी व्यवस्था गर्नु पर्छ । राष्ट्रिय पत्रिकाका नाममा पालिकामै नपाईने पत्रपत्रिका र सञ्चार माध्यममा मात्र विज्ञापन गर्दा सुचना जनता र लक्षित बर्गसम्म नपुग्ने भएका कारण पनि स्थानीय सञ्चार माध्यममा सुचना प्रकाशन अनिवार्य गर्न जरुरी देखिन्छ । पालिका र जिल्लामा दर्ता भएका होस वा ठुला उद्योगहरु, बैक वित्तिय क्षेत्रका सहकारीहरुको समेत बर्षको कम्तिमा एक पटक आफनो प्रगति विवरण स्थानीय सञ्चार माध्यममा प्रकाशन गरी नागरिकलाई जानकारी गराउन आवश्यक नीति र कार्यान्वयन गराउन स्थानीय सरकार चुकेको छ । त्यसैले सञ्चार क्षेत्र प्रति स्थानिय तहको उपेक्षिापूर्ण प्रवृत्ति र व्यवहारमा परिवर्तन जरुरी छ ।

*- उहाँ नेपाल पत्रकार महासंघ मधेश प्रदेशका पूर्व सचिब एवम पत्रकार महासंघ बाराका पूर्व अध्यक्ष हुन् ।*

# पत्रकारिताको विकासमा स्थानिय तहको महत्व

> स्थानीय तहले आफ्ना पालिकाबाट संचालन भइरहेका सञ्चारमाध्यमको विकासमा बजेट विनियोजन गर्न सक्नुपर्दछ। कार्यरत पत्रकार तथा सञ्चारकर्मीको विकासका लागि आवश्यक तालिम, संचार सामाग्री वितरण, सुरक्षा कोष, प्रोत्साहन लगायत आवश्यकता अनुरुप पालिकाले बजेट विनियोजन गर्नसक्छ।



सुनिता बराल

जनताले सरल तरिकाबाट सुचना पाउने सशक्त माध्यम सञ्चारमाध्यम हो। आम मानिसले सञ्चारमाध्यमबाट समयमै सही सूचना पाउने अपेक्षा राखेका हुन्छन्। पछिल्लो समय सञ्चार प्रविधिको विकास भएसंगै सञ्चारमाध्यम र सञ्चारकर्मीको भुमिका गहन बनेको छ। ईमेल ईन्टरनेटको माध्यमबाट विश्व साँघुरो बन्दै गएको भएपनि संचारमाध्यमप्रतिको आशा र भरोसा कायमै रहेको छ।

अहिले सञ्चारका अनेकन माध्यम भएतापनि पत्रपत्रिका,रेडियो,टेलिभिजन र अनलाईन न्युज पोर्टलनै समयमा सूचना प्रवाह गर्ने विश्वसनीय माध्यम छ।

अहिले मधेस प्रदेशमा मात्रै झण्डै १ हजार ५ सय सञ्चारमाध्यमहरु छन्। प्रदेशका ८ जिल्लामा दर्ता भएर संचालन भईरहेका १ हजार बढि पत्रपत्रिका, ९० वटा सामुदायिक तथा व्यवसायिक रेडियो, १ सय ५० भन्दा बढी अनलाईन र १० वटा टेलिभिजन आम जनताका लागि विश्वसनीय सूचनाको माध्यम बनेका छन्।

यस प्रदेशमा पत्रकारिता पेशा गरिरहेका झण्डै ८ सय संचारकर्मी यी विभिन्न माध्यमका संवाहक हुन्। हरेक क्षेत्रलाई स्थानीय तहले आफ्नो नीति तथा कार्याक्रममा समेट्दै विकासका कार्य गर्दै आईरहेको छ। संचारमाध्यम र पत्रकारिताको संस्थागत विकासमा पनि स्थानीय तहले महत्वपूर्ण भुमिका निर्वाह गर्न सक्दछ।

मधेस प्रदेशका धेरै सञ्चारमाध्यम आर्थिक स्रोत पर्याप्त नभएका कारण धरासायी बन्दै गएका छन्। संस्थामा काम गर्ने सञ्चारकर्मी आफूले पाउने सेवा सुविधा र पेट पाल्न आवश्यक आम्दानीको समेत हरहिसाब नगरी सञ्चारगृह टिकाउन सञ्चारकर्ममा निरन्तर लागी रहेका छन्। संचारमाध्यम र संचारकर्मीको हितमा तीन तहका सरकारको तर्फबाट कतिपय राम्रा काम भएको भएपनि सञ्चारमाध्यम र पत्रकारिताको लागि पर्याप्त बजेट विनियोजन हुन नसक्दा कयौं हुनुपर्ने कामहरु भएका छैनन्।

स्थानीय तहले आफ्ना पालिकाबाट संचालन भइरहेका सञ्चारमाध्यमको विकासमा बजेट विनियोजन गर्न सक्नुपर्दछ । कार्यरत पत्रकार तथा सञ्चारकर्मीको विकासका लागि आवश्यक तालिम, संचार सामाग्री वितरण, सुरक्षा कोष, प्रोत्साहन लगायत आवश्यकता अनुरुप पालिकाले बजेट विनियोजन गर्नसक्छ । व्यक्तिको हितमा नभई संस्थागत हितका लागि सञ्चारमाध्यम र सञ्चारकर्मीको संरक्षण र संम्बर्द्धन गर्नु स्थानीय पालिकाको पनि दायित्व हुन जान्छ ।

*उठ्न सक्ने प्रश्न*

> "जनताका दु:ख पीर बुझिदिने, समाज र समुदायका लागि योजना दिने व्यक्ति सघीयता चलाउने ठाउँमा पुग्न जरुरी छ । व्यक्तिगत पहुँच र राजनीतिक आडम्बरको भरमा आफ्नो दुनो सोझ्याउने व्यक्तिले संघीयता बेकामे बनाइदिएका छन् भने जनताको संघीयताप्रतिको सोझो बुझाइ बदलिदिएका छन् ।"

सञ्चारकर्मीलाईनै किन सामग्री दिनुपर्ने ? भनेर केहि पालिकाले गरेको कामप्रति विरोध नभएको होईन । राज्यले चौंथो अङ्गको रुपमा परिभाषित गरेको पत्रकारिता पेशामा लागेका पत्रकारलाई राज्यले अन्य कुनै सुविधाको व्यवस्था गरेको छैन । जनताको सूचना पाउने अधिकारलाई प्रत्याभूत गराउने सञ्चारकर्मीले सञ्चार सामाग्री नभएर काम गर्न नसक्नु एउटा व्यक्तिको लागि मात्रै नभएर समाजकै लागि दु:खद विषय हो ।

पत्रकारले पैसा कमाउँदैन भन्ने आम धारणा त्यत्तिकै बनेको हैन । वर्षौदेखि यही पेशामा लागेका मानिसहरु सञ्चारकर्ममा कमाएको आम्दानीले विहान बेलुका हातमुख जोड्नपनि नपुग्ने दुखेसो गर्छन् । कतिपय सञ्चारर्मीले सञ्चारगृह छोड्नुपर्ने वाध्यात्मक अवस्थामा आफूसंग सञ्चार सामग्री नहुँदा पेशाबाटै विमुख हुनुपरेको उदाहरण खोज्न टाढा जानुपर्दैन ।

सञ्चार क्षेत्रमा लागेका मात्रै हैन, हरेक पेशामा लागेका व्यक्तिलाई सरकारले उत्तिकै हौसला र साथ दिन जरुरी छ । आम नागरिकको संरक्षणको दायित्व बोकेको सरकारले सञ्चारकर्ममा लागेका व्यक्तिको पनि संम्बोधन गर्नुपर्ने जिम्मेवारी बहन गर्नुपर्दछ । राज्यको चौथो अङ्गको रुपमा चिनिने सेवामूलक पेशामा लागेका पत्रकारका लागि कामगर्नु जिम्मेवार सबै पक्षको दायित्वभित्र हो ।

*सञ्चारको महत्व कहाँ छ ?*

देशमा संघीयता आएसंगै स्थानीय स्तरमा विकासको सुरुवात भएको महसुस जनताले गर्न थालेका छन् । आफ्ना प्रतिनिधिले गरेका राम्रा कामका लागि जनता खुशीपनि छन् र स्याबासीपनि दिएका छन् । तर पहिलो गाँसमै ढुङ्गा परे जस्तै भ्रष्टाचारको रंङ्गले पोतिएका केही पालिकाका जनता भने कतै संघीयताको उपहारमा "घरघरमा सिंहदरबार,टोलटोलमा राजा" को आगमन त भएको छैन भन्दै चिन्ता व्यक्त गरिरहेका छन् ।

जनताका दुःख पीर बुझिदिने, समाज र समुदायका लागि योजना दिने व्यक्ति सघीयता चलाउने ठाउँमा पुग्न जरुरी छ । व्यक्तिगत पहुँच र राजनीतिक आडम्बरको भरमा आफ्नो दुनो सोझ्याउने व्यक्तिले संघीयता बेकामे बनाइदिएका छन् भने जनताको संघीयताप्रतिको सोझो बुझाइ बदलिदिएका छन् ।

भौतिक विकासलाई मात्रै विकास भन्ने हाम्रो बुझाइ र सोचाइ बदलेर हेर्ने हो भने विकासका केही गतिविधि अन्यत्र पनि भएको देखिन्छ । अधिकार सम्पन्न भएर आएको स्थानीय तहले भौतिक विकासको सुरुवात त गरेकै छ । संगै चेतनाको स्तर उठाउन ,चलिरहेको गलत रीतिरिवाज बदल्न, खराब अभ्यासहरु परिवर्तन गर्न र कला संस्कृति, पर्यटन र पर्यावरण जोगाउनलाई स्थानीयतहले विभिन्न संघसंस्थाको साझेदारीमा अभियान चलाइरहेको देख्न सकिन्छ ।

स्थानिय स्तरमा आएको बजेट र जनताबाट संकलित राजस्वबाट उठेको रकम आफ्नै समाजको सर्वपक्षिय हितमा खर्च हुने अपेक्षा आम मानिसको छ । चेतनाको विगुल बन्नसक्ने आम सञ्चारमाध्यम र पत्रकारिताको प्रभावकारितालाई पनि स्थानीय तहले सही तरिकाले बुझ्न र सदुपयोग गर्न आवश्यक छ ।

*उहाँ नेपाल पत्रकार महासंघ महोत्तरी शाखाका उपाध्यक्ष हुन्*

# मधेशक पत्रकारिता : आशा कम निराशा बेसी

> पत्रकारिता समाजक विषय वस्तु आ निश्चित क्षेत्र भीतरक आयाम सभकेँ खोजएकेँ महंग साधन अछि। ई दक्षता, सकारात्मकताक दृष्टी, प्रभावकारिता आ जिम्मेवारीबोधक भावनाकेँ प्रमुख मानैत अछि।



सुजीत कुमार झा

कहिओकाल कऽ होइत रहैत अछि, पत्रकारिता छोड़ि दी। करिब अढ़ाइ दशक पहिने जहिआ हमसभ पत्रकारितामे लागल छलहुँ तहिओ एहिसँ बढ़िया अवस्था नहि छल। एहिमे लागलसभकेँ सुधार हेतैक तकर सम्भावना किछु वर्षधरि कम्तीमे हमरा नहि बुझाइत अछि। कनि दिन पहिने एकटा पत्रकारिताक प्रशिक्षणमे गेल छलहुँ। नेपाल पत्रकार महासंघ केन्द्रिय कार्यालयद्वारा आयोजित ओ प्रशिक्षण कार्यक्रममे हमरा अपन अनुभव साझा करबाक छल। नव आगन्तुककेँ कोना कहिएक ई क्षेत्र जतेक सहज बुझिकऽ आबि रहल छी तेना नहि छैक, जीवनभरिकेँ संघर्ष मंगैत छैक। मुदा इहो सत्य अछि -कोनो क्षेत्र एहन नहि अछि बैसले-बैसले लाभ भऽ जाइक ! नीक करबाक लेल संघर्ष मंगैत छैक मुदा एहि क्षेत्रमे संघर्षक बादो लोकक भविष्य जतेक सुरक्षित होएबाक चाही ओ नहि देखल जाइत अछि।

ओना हमरासभ लग किछु एहनो उदाहरण अछि जे एहिमे लागि कऽ बढ़िया कऽ रहल छथि। जनकपुरधामक वरिष्ठ पत्रकार वृजकुमार यादवजीकेँ लेल जा सकैत अछि। ओ एकसंग पत्रिका, रेडियो, टिभी आ अनलाइनक सम्पादक सञ्चालक छथि। जखन 'जनकपुर टुडे' शुरु भेल रहैक, हमसभ संगे काज शुरु कएने छलहुँ हमसभ ओकरा निरन्तरता नहि दऽ सकलहुँ मुदा ओ असगरे लागल रहलथि। एखन हुनका लग व्यावसायिक टीम अछि आ बढ़ियाँ कऽ रहल छथि। हम सफल व्यक्तिक उदाहरण दऽ कऽ छोटका गलीसँ ओ प्रशिक्षण कार्यक्रममे निकलएकेँ प्रयास कएलहुँ।

मिडियाक विकास ओहि देशक राजनीतिक परिस्थितिसँ सम्बन्धित होइत अछि। लोकतान्त्रिक शासन व्यवस्था, संवैधानिक, विधिक शासन भेलासँ मिडिया विकासक संगहि स्वतन्त्रताक अभ्यास करएकेँ वातावरण होइत अछि। लोकतान्त्रिक मूल्य मान्यता क्षयीकरण भेलासँ मिडियाक विकास आ स्वतन्त्रतामे विभिन्न ढंगक अवरोध देखल जाइत अछि। जतए लोकतान्त्रिक व्यवस्था नहि होइत अछि, ओतए मिडिया तँ होइत अछि मुदा स्वतन्त्रताक अभ्यास करएकेँ वातावरण नहि होइत अछि।

***पत्रकारितामे लागब कठिन छैक !***

कोनो क्षेत्रमे बढ़िया करबाक लेल संघर्ष मंगैत छैक। ओ चाह, पानक दोकाने किए नहि

हुए वा' अन्य कोनो काज । तखन सीमित विज्ञापनक बजारक कारण एहन अवस्था आएल अछि । नेपाल पत्रकार महासंघ मधेश प्रदेशक अध्यक्ष राजेशकुमार कर्ण कहैत छथि, 'जाधरि मोफसलक विज्ञापन काठमाण्डू जाइत रहत ताधरि पत्रकारितामे सुधार सम्भव नहि अछि ।' ओ स्वयं कहैत छथि, 'विज्ञापनक अभावमे वर्गीकरणमे पड़ल दैनिक पत्रिका बन्द करए पड़ल, टिभी कहिआधरि चलत तकर ग्यारेन्टी नहि अछि !' कर्णक सम्पादनमे प्रकाशित 'तहलका दैनिक पत्रिका बन्द भेल ३ वर्ष भऽ गेल ।

कतेक विज्ञापन काठमाण्डू जाइत अछि एकर तथ्यांक नहि अछि। मुदा विज्ञापनक जानकारसभ कहैत छथि, '९० प्रतिशतसँ बेसी विज्ञापन उम्हरे चलि जाइत अछि, जे रहबो करैत अछि ओहिमे कमीशनपर कमिशन होइत किछु पैसा मात्र मिडियामे पहुँचैत अछि ।'

'दुनूपर लगाम लगौने बिना पत्रकारिताकेँ आगाँ नहि बढ़ाओल जा सकैत अछि,' वरिष्ठ पत्रकार विएम खनाल कहैत छथि । जतएकेँ विज्ञापन छैक, ओहिठाम बेसी देबए पड़लैक । ककरो नूनपर आफद आ ककरो लग ढाकिए-ढाकिए ! जाहिकारण नेपालक पत्रकारिता समाप्त भऽ रहल अछि ।

जनकपुरधाममे प्रकाशक महासंघ नेपाल किछुए दिन पूर्व गठन भेल अछि । ओ महासंघक अध्यक्ष शंकर साह कहैत छथि, 'आब अपन मिसन समानुपातिक विज्ञापनक लेल रहत । काठमाण्डू जाएवला विज्ञापनकेँ कोनो हालतमे रोकब ।'

कि मोफसलक विज्ञापनकेँ काठमाण्डू जाएसँ रोकल जा सकैत अछि ? पत्रकार महासंघ मधेश प्रदेशक अध्यक्ष कर्ण कहैत छथि, 'इच्छाशक्ति भेल तँ किछुओ सम्भव छैक, प्रदेश सरकार आ स्थानीय तहसंग बढ़िया जकाँ बात करए पड़लैक ।'

विज्ञापनमे सुधार होइतए मिडिया चम्कए लगतैक आ ओहिमे काज करएवलाकेँ भूखल नहि रहए पड़तैक । मधेश प्रदेशक ८ जिलाक बात कएल जाए त अधिकांश पत्रकार व्यावसायिक होबए नहि सकएकेँ प्रमुख कारण विज्ञापनकेँ अभाव अछि । जखने विज्ञापनकेँ वातावरण बनतैक पूजीपतिसभ मिडिया दिस सक्रिय हएत । एखन अधिकांश व्यावसायिक मिडिया नहि बनल अछि । जे खुजबो कएल अछि कोनो नेताजीक सहयोगसँ । हुनका राजनीति चम्कावए लेल । तँ किछु सामाजिक छबि बनावए लेल ।

किछु दिन पूर्व एकटा केबल टिभीमे किछु दिनक लेल हम काज कएने छलहुँ, ओहिमे हमरा जिम्मेवारी देल गेल छल अन्तर्वार्ता आ रिपोर्टक । २३ दिन मात्र नहि बितल जनकपुरधामक एक गोटेकेँ टिभीमे बाइट लेने छलहुँ सञ्चालककेँ हुनक मुँह नहि पसिन छलन्हि । हमरा अफिससँ अबितए युट्यूबसँ ओ रिपोट हटा देलन्हि । हम ओहिकेँ बाद ओहि टिभिमे दोबारा घूमिकऽ नहि गेलहुँ मुदा एखनो ओ टिभी चलि रहल छैक । जे सम्झौता कऽ लेलक ओ काज कऽ रहल छैक । जे नहि कएलक ओ छोड़ि देलक । ई प्रसंग उल्लेख करबाक उदेश्य श्रमजीबिकेँ केहन(केहन स्थितिसँ बढ़ए परिरहल अछि, एकर छोट उदाहरण अछि ।

व्यावसायिकताक अभावमे लम्बा समयधरि मीडिया चलि नहि पाबि रहल अछि। जे चलिओ रहल अछि ओकरा चलब नहि कहि सकैत छी, घुसैक रहल अछि । जे अपने घुसकि रहल

अछि, ओहिमे कार्यरत पत्रकारकेँ कोना चला सकैत अछि ।

पत्रकारिता समाजक विषय वस्तु आ निश्चित क्षेत्र भीतरक आयाम सभकेँ खोजएकेँ महंग साधन अछि । ई दक्षता, सकारात्मकताक दृष्टी, प्रभावकारिता आ जिम्मेवारीबोधक भावनाकेँ प्रमुख मानैत अछि । पत्रकारिता ओ बस्तुसभक उत्पादन आ वितरण अछि, जाहिमे कोनो व्यक्ति विशेष, समाज आ राष्ट्रक बहुतरास आयामसभक अवस्थाकेँ जानकारी होइत अछि । कोनो क्षेत्र ई बिना पूर्ण होबए नहि सकैत अछि । ई आमजनताकेँ सुचना प्रदान करएकेँ संगहि खबरदारीक लेल अपील करैत रहैत अछि ।

*एकटा अलग अनुभव*

डेढ़ दशक पूर्व जनकपुरधामक पत्रकारितामे एकटा परिवर्तन देखबाक अवसर भेटल छल । जनकपुरधाममे आधा दर्जन रेडियो खुजल वा ई कही काठमाण्डू बाहर हरेक शहरमे रेडियो खूजल । समाचार माने काठमाण्डूक मिडिया ई भ्रमक अन्त सेहो भेल छल । फेर स्थानीय भाषामे समाचार आ कार्यक्रम शुरु भेल । लोक हरेक समय रेडियो कानमे लगौने रहैत छल । गजबकेँ क्रेज छल । एतेकधरि कि क्रिकेटक कमेन्ट्री मैथिली भाषामे होबए लागल ।

हम स्वयं ७ वर्षधरि एकटा रेडियोकेँ समाचार प्रमुखक रुपमे कार्य कएलहुँ । 'रेडियो मिथिला' जाहिमे हम छलहुँ पत्रकार आ कर्मचारी मिला ६० गोटे कार्यरत् छलहुँ । एतेक लोक रहैक कार्यालय उबजूब रहैत छल । हरेक घण्टा समाचार, मनोरञ्जनक लेल व्यावसायिक प्रस्तोतासभ रहथि । ओ मिडिया हमरे सम्पादनमे मैथिली भाषामे 'मिथिला डटकम' नामक पत्रिका निकाललक । अनलाइन पत्रिका आ टिभी खोलएकेँ तैयारी सेहो शुरु करए लागल मुदा एहन समस्या एलैक जे सभ तहस नहस भऽ गेल ।

> **“मिडिया लाइसेन्स देबएमे सरकारी उदारता सेहो मिडियाक बाधक बनल। एकटा जिलामे एक दर्जनसँ बेसी एफएम रेडियो, जकरा तकरा केबुल टिभीक लाइसेन्स देब मिडियाकेँ आगाँ बढ़एमे परेशान कएलक”**

१० घण्टासँ बेसी लोडसेडिगं शुरु भेल जकर प्रभाव नेपालभरिक मिडियामे सभसँ बेसी पड़ल । आ ओ लोडसेडिगं कतेकोकेँ समाप्त कऽ देलक । ३/४ टा आन्दोलन सेहो मधेशमे भेलैक । एकटा तँ ६ महिनासँ बेसी बन्दी रहल जाहिसँ ९० प्रतिशत मिडिया उबरि नहि सकल । ओ सभ संकट नहि आएल रहैत तँ कम्तीमे मधेश प्रदेशमे मिडियाक एहन अवस्था नहि अबैत ! अनुसन्धान काजमे सेहो सक्रिय रहल जनक हजारी विद्यापीठ जनकपुरधामक प्राध्यापक रुद्रकुमार झा कहैत छथि, 'मिडिया लाइसेन्स देबएमे सरकारी उदारता सेहो मिडियाक बाधक बनल ।' 'एकटा जिलामे एक दर्जनसँ बेसी एफएम रेडियो, जकरा तकरा केबुल टिभीक लाइसेन्स देब मिडियाकेँ आगाँ

बढ़एमे परेशान कएलक,' ओ आगाँ कहैत छथि । मधेश प्रदेशक जँ बात कएल जाए तँ सूचना तथा प्रसारण विभागक अनुसार धनुषा जिलामे १२, पर्सा जिलामे २१, वारामे १८, महोत्तरीमे १३, रौतहटमे १६, सप्तरीमे १०, सर्लाहीमे ११, सिरहामे १५ सहित जम्मा ११६टा एफएम रेडियो अछि । मधेश प्रदेशमे १२ टा टेलिभिजन अछि । जाहिमे धनुषामे ६, पर्सामे ४, रौतहटमे १ आ सिरहामे १टा टेलिभिजन रहल सूचना तथा प्रसारण विभागक रिपोर्ट अछि । प्रेस काउन्सिल नेपालक अनुसार मधेशमे १५९टा अनलाइन अछि । जाहिमे धनुषामे २४, पर्सामे ४४, बारामे २०, महोत्तरीमे ९, रौतहटमे ४०, सप्तरीमे १३, सर्लाहीमे ३, सिरहामे ६टा अनलाइन अछि । अनलाइनक इजाजत देबएकेँ काज मधेश प्रदेशक आमसञ्चार प्रतिष्ठान सेहो शुरु कएलक अछि । पत्रिकाक जतएधरि सवाल अछि प्रेस काउन्सिल नेपालक अनुसार मधेश प्रदेशमे ७१०टा पत्रिका दर्ता अछि । जाहिमे धनुषामे १७८, पर्सामे २४५, बारामे ४७, महोत्तरीमे ३०, रौतहटमे ३४, सप्तरीमे ९५, सर्लाहीमे ३७ आ सिरहामे ४४टा अछि ।

जनकपुरधामेकेँ बात कएल जाए रेडियो आ टिभिसभक अवस्था नाजुक अछि । नियमित समाचार नहि रहैत अछि । एकटा रिपोर्टर ४/५ ठाम काज कऽ रहल छथि । 'एकठाम काज कएलासँ जीवन निर्वाह नहि कएल जा सकैत अछि,' पत्रकार महासंघ मधेश प्रदेशक पूर्व प्रदेश सचिव किरण कर्ण कहैत छथि ।

***पत्रकारकेँ पलायन सेहो समस्या***

नेपालक अन्य जिलाक मात्र नहि जनकपुरधामक पत्रकार सभक पलायनक भारी समस्या अछि । किओ एनजिओमे कार्यरत अछि, किओ व्यवसाय शुरु कऽ देलन्हि । शिक्षण पेशामे लागल कतेको व्यक्ति पत्रकारिताकेँ पार्ट टाइम बना देलन्हि अछि । किछु वर्ष भीतर जनकपुरधामसँ एकदर्जनसँ बेसी सम्भावना भेल दक्ष पत्रकार पत्रकारिता छोड़ि दोसर क्षेत्रमे लागि गेल छथि । एक समयक चर्चित पत्रकार मुकेश पाठक सरकारी नोकरीमे चलि गेलाह । रोशनकुमार झाकेँ युएनमे नोकरी भऽ गेल । ब्रह्मानन्द ठाकुर एनजिओमे नोकरी करैत छथि । इएह स्थिति नित्यानन्द मण्डलजीकेँ अछि । ओ एनजिओमे काज करैत छथि । मणि चौधरी व्यवसायमे लागि गेल छथि । दीपक मिश्र शिक्षक भऽ गेलथि । रामनारायण कापड़ि सेहो घरक काजमे लागि गेलथि । राजन सिंह जनकपुरधामक मेयरक स्वकिय सचिव भऽ गेलथि, संदीप साह उपमेयरक स्वकिय सचिव छथि । महिला पत्रकारसभ सेहो विवाह होइतए पत्रकारिता पेशा छोड़ि देलन्हि । बबिता ठाकुर, सीमा चौधरी, मेनका मल्लिक सहितक छलथि । एक समय हिनकरसभक तोती बजैत छल । हजारमे प्रशंसक रहन्हि ।

ओना विवाह भेलाक बादो मनिका झा, नेहा झा, गायत्री मिश्र, आरती मण्डल सक्रिय भऽ कऽ काज कऽ रहल छथि । 'श्रमजीविकेँ चुनौती छैक मुदा काज करएवलाक लेल अवसर नहि छैक एहिबातकेँ हम नहि स्वीकारैत छी,' नेपाल पत्रकार महासंघ धनुषाक अध्यक्ष मनिका झा कहैत छथि । जनकपुरधाममे सयौ पुरुषक बीच पत्रकारक नेतृत्व ओ कऽ रहल छथि । नेपालक प्रमुख मिडिया अन्नपूर्णपोष्ट दैनिकमे सेहो काज करैत छथि । 'हम काज करबाक लेल बार्गेनिगं करैत छी, जे मिडिया नियुक्तिपत्र नहि देत, जे पैसा नहि देत ओहिमे काज नहि करब हमर मान्यता अछि जकर हमरा फाइदा भऽ रहल अछि,' ओ आगाँ कहैत छथि । 'हमसभ ई क्षेत्र नहि छोड़ब आ नहि मंगनीमे

काज करब', पत्रकार नेहा झा कहैत छथि ।

*नेपालमे पत्रकारिताक प्रारम्भ*

विश्व पत्रकारिताक इतिहास देखलासँ नेपालमे पत्रकारिताक विकास बहुत बादमे भेल अछि । नेपालमे छापाखानाक विकास सेहो अबेरसँ भेल अछि । नेपालसँ करिब ३०० वर्ष पहिने सन् १५५० मे भारतमे छापाखानाक विकास भऽ गेल छल । नेपालमे बि.स. १९०८ मे जगंबहादुर राणा बेलायतसँ घूरलाक बाद लोहावला हाते प्रेस लौने रहथि । एकरा नेपालक पत्रकारिता इतिहासमे प्रथम मानल जाइत अछि । जकरा गिद्धेप्रेस सेहो कहल जाइत अछि । गिद्धेप्रेस अएलाक किछु समयक बाद नेपालमे दोसर छापाखाना आएल छल जकरा मनोरञ्जन छापाखाना कहल जाइत अछि । एना शुरु भेल नेपाली मुद्रणकार्यमे पत्रकारिता आनएवला आ शुरु करएवला प्रथम व्यक्ति रहथि मोतिराम भट्ट । एहिसँ पहिने सेहो भट्ट वि.सं. १९४२ मे गोर्खा भारत जीवन नामक पत्रिका बनारससँ प्रकाशन कएने ऐतिहासिक दस्तावेजसभमे भेटैत अछि । एकरबाद नेपाली पत्रकारिताक शुरुवात आ विकासक्रम भेल देखल जाइत अछि । साहित्यक माध्यमसँ नेपाली भाषाकेँ सेवा करएवला भट्टक १९५२ मे निधन भेलाक बाद पण्डित नरराजसभ १९५५ मे 'सुधासागर' प्रकाशित कएने विकपिडियामे उल्लेख अछि । 'सुधा सागर' नेपालसँ प्रकाशित पहिल पत्रिका अछि तँ 'गोर्खा भारत जीवन' केँ नेपाली भाषाक पहिल पत्रिका मानल जाइत अछि ।

नेपालमे जंगबहादुर बेलायतसँ प्रेस अनलाक कम्तीमे ५० वर्षक बाद मात्र पत्रिकाक प्रकाशन भेल छल । 'सुधासागर' क बाद नेपालसँ नेपाली भाषामे प्रकाशित दोसर पत्रिका 'गोर्खा पत्र' अछि । गोर्खा पत्रकेँ सन् १९०१मे प्रकाशन प्रारम्भ भेल छल ।

छापाखाना विकास अबेरसँ भेलाक कारण नेपालमे पत्रकारिताक लेल सहज वातावरण नहि रहल इतिहाससँ प्रष्ट होइत अछि ।

जहाँधरि मैथिली पत्रकारिताक इतिहास अछि मधुसुदन झाक सम्पादनमे भारतक राजस्थान राज्यक राजधानी जयपुरसँ १९०५ ई.मे 'मैथिली हितसाधन' नामक पत्रिका प्रकाशित भेल । ओ पत्रिका इतिहास स्थापना कएलक । मैथिली पत्रकारिताक प्रारम्भ ओतहिसँ शुरु भेल अछि । एकर ठीक एक वर्षक बाद काशीसँ १९०६ ई.मे मिथिला मोद नामक पत्रिका शुरु भेल । ओ पत्रिकाक सम्पादक मुरलीधर झा रहथि । सुच्चा मिथिलाञ्चलसँ १९१२ ई.मे मैथिली पत्रिका प्रकाशनक इतिहास रहल अछि । विष्णु कान्त झाक सम्पादनमे मिथिला मिहिर नामक पत्रिका प्रकाशन भेल अछि । मिथिला मिहिरक प्रभाव एहि रुपसँ बढ़ल जे बहुतो साहित्यकार एहिसँ जन्म लेलन्हि । जे पहिने जन्मल छल सेहो एहि पत्रिकासँ निखरल । २०२५ सालमे नेपालमे मैथिली पत्रकारिताक प्रारम्भ भेल अछि ।

अखिल नेपाल मैथिली साहित्य परिषद् काठमाण्डूद्वारा पण्डित सुन्दर झा शास्त्रीक सम्पादनमे निकालल गेल फुलपात नामक ओ पत्रिका काठमाण्डूमे मैथिलीक गतिविधि बढ़ाबएमे महत्वपूर्ण योगदान देलक ।

पण्डित सुन्दर झा शास्त्री काठमाण्डूसँ जखन जनकपुरधाम आबि गेलथि तँ ओ पत्रिका जनकपुरधामसँ प्रकाशित होबए लागल । २०५५ सालमे पण्डित शास्त्रीकेँ निधन भेलाक बाद वन्द भेल फुलपात एखनधरि प्रकाशित नहि भेल अछि ।

ओना इतिहासकार प्रफुल्ल कुमार सिंह मौन 'नेपालक मैथिली साहित्यिक इतिहास'मे नेपालक पहिल पत्रिकामे नवजागरणकेँ उल्लेख कएने छथि । महोत्तरी जिलाक पुस्तकालय संघद्वारा प्रकाशित ओ पत्रिकाक सम्पादक नवोनाथ झा आ संस्थापक ध्रुव नारायण लाल कर्ण छलथि । नेपाली, मैथिली आ हिन्दी भाषामे २०१६ सालमे एक अंकक लेल ओ पत्रिका प्रकाशित भेल रहए मुदा ओ पत्रिकाकेँ अधिकांश मैथिल विद्वान मैथिलीक पत्रिका नहि मानैत छथि ।

नेपालक मैथिली पत्रिकारिताक इतिहासमे २०२७ साल सेहो बहुत महत्वपूर्ण मानल जाइत अछि । जाहि कालमे पण्डित सुन्दर झा शास्त्रीक सम्पादनमे फुलपातक पूनर्जन्म (अखार( भादव, वि.स. २०२८) काठमाण्डूसँ डा. हरदेव मिश्र आ ओम कुमार झाक सम्पादनमे इजोत तथा विराटनगरसँ लक्ष्मण शास्त्री, प्रफुल्ल कुमार सिंह मौन आ गणेश लाल कर्णक संयुक्त सम्पादनमे मैथिली नामक पत्रिकाक प्रकाशन भेल छल ।

एकटा सत्यकेँ स्वीकार करए पड़त नेपाली हुए वा मैथिली पत्रिका २००७ सालमे प्रजातन्त्र स्थापना भेलाक बाद स्थितिमे परिवर्तन भेल छल ओ स्थापनाक होड़ लागए लागल । ओना मिडिया खोलएमे नेपालमे आसान होइतहुँ चलाएब कठिन भऽ रहल अछि। राज्यकेँ वातावरण निर्माणमे अग्रसरता देखावए पड़त ।

# पत्रकारिताको विकासमा स्थानीय तहको महत्व

> स्थानीयतहदेखि राज्यको माथिल्लोतहसम्म विकास भनेको बाटोघाटोलगायत भौतिक निर्माण मात्र हो भन्ने बुझाइ व्याप्त छ। योजना छनोट गर्दा कृषि, रोजगारी र साक्षरता जस्ता सामाजिक विकासका कामहरु प्राथमिकतामा पर्दैन वा परे अत्यन्त थोरै पर्ने गर्छ।



धीरेन्द्रप्रसाद साह

*पृष्ठभूमि*

एकसय वर्षभन्दा बढी इतिहास बोकेको नेपाली पत्रकारिताको क्रमिक विकास हुदै आएको छ। मानव विकासको शुरुआतदेखी नै मानिसले सन्देश प्रवाह गर्न मानिसले विविध माध्यमहरु प्रयोग गर्दै आएको छ। मानिसले स्थानीय स्रोत साधनको प्रयोग गरी बनाइएको साधन र पशुपंक्षीलाई समेत सांकेतिक व्यवहारले सन्देशको बाहकको रुपमा प्रयोग गर्थे।

अहिले विज्ञान र प्रविधिको युगमा सञ्चारका अत्यन्त तिव्र गतिका विभिन्न माध्यम आविष्कृत छन् र सूचना प्रवाह एकदमै गतिलो अवस्थामा छ। सूचना प्रविधिको विकास नहुँदाका बखत अर्थात् प्राचीन र मध्यकालमा राजामहाराजाहरुको विभिन्न प्रकारका चिठीपत्र आदानप्रदान गर्न, सन्देश प्रवाह गर्न, उर्दी सुनाउनको लागि भ्याली पिट्ने, तोप पड्काउने, शंख फुक्ने, बिगुल फुक्ने, ढोल बजाउने, सवाई गाउने गरिन्थ्यो। यस्तै, पशुपंक्षीमध्येका सबभन्द पाँच लाख मानिने कागको बोलीमा भविष्यको सन्देश रहेको मानिन्थ्यो समाजमा केही मानिस काकभाषा (कागको भाषा) जान्नेको रुपमा समेत प्रसिद्ध हुन्थे। त्यसरी नै कागले घरको छानामा आएर कराउने आवाजबाट घरमा पाहुना लाग्ने वा कुनै दुःखद घटना भएको वा हुने अन्धविश्वासी अनुमान गरिन्थ्यो। कयौं लोकगीत तथा पूर्वीय साहित्यमा कागलाई दुई प्रेमी बीच सन्देश पुऱ्याउने सन्देशवाहकको रुपमा उल्लेख गरिएको छ।

समयको परिवर्तनसंगै सञ्चारका साधनहरुपनि परिवर्तिन भएका छन्, नयाँ नयाँ साधनको विकास भएको छ। परिवर्तित सन्दर्भमा सञ्चारको प्रारम्भिक विकासको आधार स्रोतको रुपमा मुख्यतः हुलाक र टेलिफोन मान्न सकिन्छ। नेपालमा वि.सं. १९३८ सालमा हुलाक सेवा सुरु भएपछि सरकारीस्तरमा सार्वजनिकरुपमा हुलाकमार्फत चिठीपत्रको ओसारपासार सुरु भयो। त्यस्तै २०२४ सालमा टेलिफोन सेवाको सुरुवात भएको हो।

नेपालमा बिक्रम सम्बत १९०८मा जगबहादुर राणा बेलायतबाट फर्कदा फलामे हातेप्रेस

ल्याइएको थियो । यसलाई 'गिद्दे प्रेस'पनि भनिन्छ । यसलाई नेपालको पत्रकारिता ईतिहासमा प्रथम पाइला मानिन्छ । गिद्दे प्रेस ल्याएको झण्डै ५० वर्षपछि मात्र पत्रिकाको प्रकाशन भएको पाइन्छ । हुन त नेपाली भाषाको पहिलो पत्रिका गोरखा भारत जीवन हो । यसलाई मोतीराम भट्टले वि.सं १९४३मा बनारसबाट प्रकाशित गरेका थिए । यसको दुईवर्षपछि मोतीराम भट्टकै प्रेरणामा काठमाँडौबाट 'सुधासागर' नामक प्रकाशित भएको हो । सुधासागरलाई नेपालबाट प्रकाशित पहिलो पत्रिका मान्न सकिन्छ । पछि नेपालबाटै नेपाली भाषामा प्रकाशित दोस्रो पत्रिका 'गोर्खा पत्र' हो । गोर्खा पत्रको सन् १९०१(वि.स.१९५८साल)मा प्रकाशन प्रारम्भ भएको थियो । वि.स. १९८३मा गोर्खापत्रको हिज्जे फेरिएर गोरखा पत्र भयो र त्यसपछि नेपालको नियमित र विश्वासिलो पत्रिकाको रुपमा यो निरन्तर प्रकाशित भइरहेको छ ।

*सञ्चार र पत्रकारिता*

बदलिँदो समयसंगै सञ्चार र पत्रकारिकताको भूमिका र दायित्व बढदै गएको छ भने सञ्चार र पत्रकारिताको स्वरुप तथा अवधारणामा पनि परिवर्तन भएको छ । विभिन्न माध्यमबाट दुई वा दुईभन्दा बढी व्यक्ति वा समूह वा निकायबीच सूचना वा जानकारी आदानप्रदान गर्नु, एक व्यक्तिले अर्को व्यक्तिलाई निश्चित सन्देश प्रवाह गर्ने क्रममा प्रयोग गर्ने प्रक्रिया माध्यम, सङ्केत र बुझाइको संयुक्तरूप नै सञ्चार हो । यसरी नै सूचना, विचार, अवधारणा, अभिमत, राय, खबर तथा भावना जस्ता सूचनामूलक कुरा पारस्परिक समझदारीको प्रयोजनका लागि प्रसारित गर्ने प्रक्रिया नै सञ्चार हो ।

अर्को तर्फ सत्यतथ्य घट्नाहरूमा आधारित रहि सञ्चार माध्यमबाट आम नागरिकलाई समाज, राज्य, देश र विदेशबारे खबरमूलक जानकारी गराउनु नै पत्रकारिता हो । आजको विज्ञान र प्रविधिको युगमा संसारमा घटेका हरेक घट्नाको जानकारी र विवरण चाडै संसारभर पुग्छ । पत्रकारले घटनाको सत्यतथ्य जानकारी पाएलगतै सञ्चारको माध्यमबाट विश्व सामु पुऱ्याइरहेको हुन्छ । पत्रकारिताको यसै महत्वपूर्ण भूमिकाको कारण पत्रकारितालाई राज्यको चौथो अङ्ग भनिन्छ । तर, व्यवहार, सुविधा र व्यवहारको स्तरमा राज्यका अन्य अंङ्गको तुलनामा पत्रकारिता उपेक्षित हुनु दुःखद् हो ।

सञ्चारका प्रकार र माध्यमहरु लिखित, मौखिक, विद्युतीय र सामाजिक सञ्जाल गरी विविध छन् । वर्तमानमा सञ्चारको सशक्त माध्यम छापाखाना, रेडियो, टिभी पछि अनलाइन, सामाजिक सञ्जाल, ब्लगको माध्यमबाट समाचार प्रकाशन र प्रशारण प्रचलित तरिका हो । वर्तमान समयमा अनलाइन पत्रकारिता सञ्चारको दह्रो र लोकप्रिय माध्यम बन्दै गएको छ । घटनाभएको केही क्षणमै पोर्टलसम्म पुग्ने हुनाले पाठकहरुमा अनलाइनमा समाचार पढ्नु लोकप्रिय हुन थालेको छ । यसैकारण अनलाइन पत्रिकाहरुको पनि वृद्धि हुँदै गइरहेको छ । पछिल्लो समयमा सामाजिक सञ्जाल र अनलाइन मिडिया लोकप्रियता र व्यवहारको दृष्टिले सञ्चारक्षेत्रका अन्य माध्यमभन्दा निकै अगाडि देखिन्छ । तर, कुनै आधिकारिक नियमन र निगरानी बिनाको सामाजिक सञ्जालमा प्रसारित समाचारमाथी विश्वासको संकट हमेशा रहन्छ ।

*तीन तहको सरकार*

बिक्रम सम्बत २०७२मा जारी नेपालको संविधानमा तीन तहको सरकारको व्यवस्था

गरिएको छ । संघीय, प्रादेशिक र स्थानीयगरी तीन तहको सरकार गठन भएर गतिशील छ । संघ र प्रदेश सरकार पहिलो कार्यकालको उत्तरार्द्धमा छन भने स्थानीयतह पहिलो कार्यकाल पूरागरी दोस्रो कार्यकालको लागि जनप्रतिनिधिहरु चुनिएर कार्यभार सम्हालिसकेको छ ।

नेपालका ७७वटा जिल्लाका ७५३स्थानीय तह मध्ये छवटा महानगर, ११वटा उपमहानगर, २७६वटा नगरपालिका, ४६०वटा गाउँपालिका र ६७४३वटा वडाहरु, र ७७वटा जिल्ला समन्वय समितिहरु छन । मधेश प्रदेशमा सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा गरी आठवटा जिल्ला छन् । यस प्रदेशमा एकवटा महानगरपालिका, तीनवटा उपमहानगरपालिका, ७३वटा नगरपालिका, र ५१वटा गाउँपालिका गरी १३६वटा स्थानीय तह वा सरकार छन् । मधेश प्रदेशका आठवटा जिल्ला समन्वय समिति र १२७१वटा वडा पनि छन ।

*स्थानीय तहको महत्व*

नेपालको संविधानले पनि स्थानीय तहहरुलाई सरकारको अवधारणा अन्तर्गत् स्वीकारेको छ । यसै कारण यहाँ स्थानीयत तहलाई स्थानीय सरकार भनिन्छ । निर्वाचन आयोगबाट प्रत्येक पाँचवर्षमा यसका पदाधिकारीको स्वतन्त्र र निष्पक्ष निर्वाचन हुने व्यवस्था गरिएको छ । केन्द्र र प्रदेश सरकारले आफ्ना विपरीतका स्थानीय सरकारको घाँटी निमोठ्न नपाउन् भनेर आर्थिक सुरक्षाको संवैधानिक व्यवस्थासमेत गरिएको छ ।

विगतको व्यवस्थामा रहेको केन्द्रिकृत अधिकारलाई विकेन्द्रिकरण गर्न तथा विकास तथा सर्वसुलभ सेवामा नागरिकको सबैभन्दा तल्लो तहसमेतको पहुँच पुऱ्याउन, नागरिक र सरकारसँग निकट र सुमधुर सम्बन्ध स्थापित गराउन स्थानीय सरकार गठन भएको हो ।

*स्थानीय तहको काम, कर्तव्य र अधिकार*

संविधानले स्थानीय तह भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभालाई जनाएको छ । गाउँपालिकामा गाउँसभा र गाउँकार्यपालिका हुन्छ भने नगरपालिकामा नगरसभा र नगर कार्यपालिका हुन्छ । त्यस्तै जिल्लाभित्रका विकास तथा निर्माणसम्बन्धी कार्यमा सन्तुलन कायम गर्न तथा अनुगमन गर्ने तथा जिल्लामा रहने संघीय, प्रादेशिक र सरकारी कार्यालय तथा गाउँपालिका र नगरपालिकाबीच समन्वय स्थापित गर्न जिल्ला समन्वय समिति गठित हुन्छ । यसले जिल्ला सभाको कामपनि गर्दछ ।

नगर प्रहरी, सहकारी तथा संस्था सम्बन्धी, एफ.एम. सञ्चालन, स्थानीय कर, सेवा शुल्क तथा दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीय तथ्याङ्क र अभिलेख संकलन, स्थानीयस्तरका विकास आयोजना तथा परियोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाइ, गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, स्थानीय अभिलेख व्यवस्थापन, जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण, कृषि, पशुपंछी खाद्य पेय तथा सहकारी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन, बेरोजगारको तथ्याङ्क संकलन, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण, खानेपानी, साना जलविद्युत अयोजना, वैकल्पिक उर्जा, विपद् व्यवस्थापन, जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण र भाषा, संस्कृति र ललित कलाको संरक्षण र विकास गर्नु स्थानियतहको मुख्य काम हुन्छ ।

यसबाहेक स्थानीयतहले संघ र प्रदेशसँगको सहकार्यमा पनि विभिन्न गतिविधि सञ्चालन गर्न सक्छ । संघ र प्रदेशसंगको सहकार्यमा गरिने कामहरुमा खेलकुद्सम्बन्धी नीति, योजना र कार्यक्रम बनाउन, स्वास्थ्यसम्बन्धी, सेवाशुल्क, दस्तुर, दण्ड जरिबाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क, भूमि व्यवस्थापन लगायतका कामहरु छन् ।

यसरी नै एकसय मेगावाट सम्मको एफएम रेडियो सञ्चालन गर्ने अनुमति, नवीकरण र नियमन गर्ने अधिकार स्थानीय तहमा नै हुन्छ । हालसम्म मधेश प्रदेशमा अपवादबाहेक स्थानीय तहले कसैलाई एफएम खोल्न अनुमति दिएको देखिँदैन । यसमा एफएम रेडियो खोल्न अनुमति माग नगरिएको पनि हुनसक्छ वा स्थानीयतहमा ऐन, कानुनको जटिलताले अनुमति नदिएको पनि हुनसक्छ ।

स्थानीयतहदेखि राज्यको माथिल्लोतहसम्म विकास भनेको बाटोघाटोलगायत भौतिक निर्माण मात्र हो भन्ने बुझाइ व्याप्त छ । योजना छनोट गर्दा कृषि, रोजगारी र साक्षरता जस्ता सामाजिक विकासका कामहरु प्राथमिकतामा पर्दैन वा परे अत्यन्त थोरै पर्ने गर्छ । झन, पत्रकारिताको विकास त कता हो कता ! यसबारे सुन्न चाहने मानसिकताकै अभाव देखिन्छ । यद्यपि पत्रकार चाहिन्छ सबैलाई ।

संघीय सरकारले देशभरका स्थानीय तहलाई दुई प्रकारको अनुदान पठाउने गरेको छ । विकासका कामलाई भनेर समानीकरण अनुदानमा एकमुष्ट बजेट र सशर्त अनुदानमा बजेट विनियोजन गर्दै आएको छ । स्थानीय तहहरू केन्द्र सरकारले दिएको बजेट कुन कुन क्षेत्रमा कति कति खर्च गर्ने भन्ने कुरामा स्वायत्त हन्छन् । तर, उपयुक्त विकास नीति बनाउन नसक्दा र आवश्यकताको प्राथमिकीकरण गर्न नजान्नाले आवश्यक भएपनि, नभएपनि सबैभन्दा बढी सडक निर्माणमा खर्च हुनेगरेको छ ।

***पत्रकारिता र स्थानीय तह***

पछिल्लो समय नेपालमा पत्रकारिता समाचार सम्प्रेषण, राजनैतिक घटनाक्रमको व्याख्या र तिनिहरुको विश्लेषणमा मात्र बढी केन्द्रित हुनेगरेको देखिन्छ । त्यसैअनुरुप मिडिया हाउस र पत्रकारहरु पनि प्रयोग भइरहेका छन् । यसले समाजमा एक किसिमको निराशा पैदा गरिरहेको छ । र राजनैतिक अभिष्ट प्राप्तीका लागी पत्रकारिताका मूल्यमान्यताहरु दिनानुदिन निँचोरिँदै गएको छ । यसैकारण केही मिडिया हाउस र पत्रकारले पत्रकारिताको मूल्य मान्यताविपरीत गैरहेको पनि देखिन्छन् । यसैकारण वर्तमानमा नागरिकले स्वतन्त्र र सन्तुलित र निष्पक्ष पत्रकारिताको अभाव महसुस गरेको छ ।

तथापि जेभए पनि नागरिकको पत्रकारिता र पत्रकारप्रतिको अटुट विश्वास कायमै छ । राज्यको तीनवटै अङ्गबाट प्रताडित नागरिकको हक अधिकार, मावअधिकारको संरक्षण र सूचनाको हकको प्रत्याभूति दिलाउन, उचित न्यायको लागि पहलकदमीपूर्ण भूमिकाको लागि अन्तिम आश, विश्वास र भरोसामा पत्रकारिता पर्ने गरेको छ । यस विश्वासलाई अझै मजबुत बनाउन पत्रकारिता पेशामा लागेको व्यक्ति र मिडियाहरुको भूमिका महत्वपूर्ण हुन्छ ।

स्थानीयतहले वडादेखि नै विकासयोजनाको छनोट गर्दछ । पत्रकारितापनि विकास प्रक्रियामा महत्वपूर्ण अङ्ग हो भने योजना छनोटमा पर्नु पर्छ, तर यस्तो देखिँदैन । पत्रकारहरुको छाता संगठन

नेपाल पत्रकार महासंघले यो कुरा बुझाउन नसकेर हो वा स्थानीय तहका जनप्रतिनिधि, नागरिक समाजले बुझन नसकेर हो, पत्रकार र पत्रकारिताको संरक्षण र सम्बर्द्धनको विषय सँधै उपेक्षित हुने गर्छ ।

स्थानीय तहमा अनियमितता, भ्रष्टाचार, ढिलासुस्ती, कमिसन व्याप्त रहेको कसैसंग लुकेको छैन । यस कुरालाई चिर्न, सत्यतथ्य नागरिक समक्ष प्रस्तुतगर्न आवश्यकपनि छ । तसर्थ, पत्रकारितालाई विकाससँग जोडेर हेर्ने दृष्टिकोण तथा सहकार्य, समन्वय गरेर अगाडी बढ्नु आवश्यक छ । स्थानीयतहले नागरिकलाई सत्थतथ्य सूचना प्रदान गर्न, कामकाजमा पारदर्शिता ल्याउन, जनमुखी सेवा प्रदान गर्न, राम्रो कामलाई उजागर गर्न, कमीकमजोरीलाई औल्याउन लगायतको कार्यको लागि सञ्चारमैत्री नीति अबलम्बन गर्नु पर्दछ ।

*निष्कर्ष*

सञ्चार माध्यमबाट समाजमा भए गरेका हरेक क्रियाकलाप जनता समक्ष पुऱ्याउने पेसा पत्रकारिता हो । पत्रकारिताले लुकेर बसेका घटनाको खोजीगरेर जनसमक्ष ल्याउँछ र समाजमा रहेका विकृति, विसंगति र भ्रष्टाचारको अन्त्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

मुलुकको आर्थिक समृद्धिका लागि सञ्चार क्षेत्रको विकास आवश्यक हुन्छ । नागरिकलाई सत्यतथ्य सूचनाको जानकारी दिन प्रभावकारी सञ्चार क्षेत्र आवश्यक हुन्छ । यसका लागि सञ्चार क्षेत्रमा राज्यको लगानी आवश्यक छ । अर्को कुरा, पत्रकारिता क्षेत्रमा पत्रकारहरूको हकहितका लागि बनेका आचारसंहिताको पूर्ण पालना र श्रमजिवी पत्रकार ऐनको पूर्ण कार्यान्वयन जरुरी छ । र, व्यावसायिक पत्रकारिताको विकासले नै पत्रकारितालाई बढी जनमुखी र उपलब्धीमूलक बनाउँछ । स्थानीयतहले विकास र समृद्धिको लागि पत्रकार र पत्रकारिता सहकर्मी, सहयात्री हुन भनेर बुझ्नु र बुझाउनु आवश्यक छ ।

# पत्रकारितामा दलित, जनजाति मुस्लिम तथा अल्पसंख्यकको पहुँच

> पत्रकारितामा दलित, जनजाति, मुस्लिम तथा अल्पसङ्ख्यकको उपस्थिति अहिलेपनि कम रहेको कारण पनि यस वर्गका मुद्दा ओझेलमा पर्ने गरेका छन्। सञ्चारमाध्यम समाज रुपान्तरणको बलियो अस्त्रपनि हो।



मनोज कुमार माझी

पञ्चायती व्यवस्थाको समाप्ति अर्थात २०४६ सालको जनआन्दोलनपछि पत्रकारिता क्षेत्रमा पनि खुकुलोपन आयो। राजनीतिक दलहरुका मुद्दामा आधारित भएर आलोचना वा समर्थन गर्न पाउने वातावरण विकसित हुँदै गयो। पछि भएको २०६२।०६३ को दोस्रो जनआन्दोलनले राजतन्त्रको समाप्ति गर्दै मुलुक गणतान्त्रिक युगमा प्रवेश गऱ्यो। यससँगै पहिचान, स्वाभिमान, सम्मान तथा समान सहभागिता जस्ता कुराहरुलाई लिएर जनता जुर्मुराए। यो आन्दोलनको सफलतालाई ऐतिहासिक उपलब्धिका रुपमा लिईएको छ। यसको प्रभाव नेपाली सञ्चार क्षेत्रमा पनि पर्नु स्वभाविक नै थियो। त्यसैले अहिले नेपाली आमसञ्चार माध्यममा सबै जाति, समुदाय वा साँस्कृतिक समूहप्रति समान सम्मान दर्शाउने मान्यता स्थापित भएको छ। तथापि अहिले पनि लामो समयदेखि पछाडि पारिएका तथा अल्पसंख्यकहरुको आवाज र अवधारणा सही तबरले मुखरित हुन सकिरहेको छैन। यसको प्रभाव आमसञ्चार माध्यममा त्यस्ता वर्गको उपस्थितिमाथि पनि पर्न गएको छ। अहिले पनि पत्रकारितामा दलित, जनजाति, मुस्लिम तथा अल्पसंख्यकको उपस्थिती न्यून नै छ। जातीय भेदभाव तथा छुवाछुतलाई कानूनी रुपमा त बन्देज लगाईएको छ। व्यवहारतः दलित समुदाय अहिले पनि यो कुप्रथाको शिकार भई नै रहेका छन्। दलित तथा पछाडि पारिएका समुदायले भोग्नु परिरहेको बिभेद दीर्घ सामाजिक रोग झैं रहेका कारण यसलाई निर्मूल पार्दै समतामूलक समाज निर्माणको परिकल्पनालाई साकार रुप दिनुपर्ने आवश्यकता छ। सञ्चार माध्यममा अहिले पनि विशेषतः दलित तथा पछाडि पारिएकाहरुका समस्यालाई समग्र रुपमा स्थान दिएको पाईदैन। दिईए पनि ती बढीजसो घटनाप्रधान समाचारका रुपमा मात्र आउने गरेका छन्। कतिपय सम्वेदनशील घटनामा समेत सञ्चार माध्यमको आँखा पुग्न नसकिरहेको अवस्था छ। छुवाछुतका घटना, बलात्कार, अपमान जस्ता घटना दलितसित जोडिएको भए प्राथमिकताका साथ समाचार बन्दछन्। तर दलित, जनजाति, मुस्लिम र अल्पसंख्यकका सीप, क्षमता, कला जस्ता कुराले सञ्चारमाध्यममा कम प्राथमिकता पाएको अवस्था छ। तराई मधेशकै कुरा गर्दा यहाँका

पौराणिक र पारम्परिक गायन वादनमा दलित समूदायको योगदान प्रशंसनीय छ । बढ्दो आधुनिकताले गर्दा आफ्ना मौलिकता हराउँदै गएको अवस्थामा तिनको जगेर्नामा यही समुदायको बढी भूमिका रहने गरेको पाईन्छ । मूलतः दलित, मुस्लिम, जनजाति समुदायले आफ्नो सीपबाट समाजमा पुऱ्याएको योगदान प्रशंसनीय रहेता पनि सञ्चार माध्यममा तिनलाई अझैं पूर्ण रुपमा समेट्न नसकिएको अवस्था छ ।

मुलुकमा दलित, जनजाति, मुस्लिम तथा अल्पसंख्यकको पत्रकारितामा न्यून पहुँच रहेको अवस्था छ । निश्चय नै पत्रकारितामा उनिहरुको उपस्थिति कति संख्यामा छ भन्न नसकिएपनि उनिहरुको पहुँच अहिलेसम्म पनि निकै कम रहेको देखिन्छ । तथापि केही जिल्लामा दलित, जनजाति पत्रकारहरु थोरै संख्यामा रहेपनि मुस्लिम तथा अल्पसंख्यकहरुको सङ्ख्या चाहीँ अति नै न्यून छ । संख्या नै न्यून भएका कारण आफ्नो जिल्ला वा केन्द्रमा दलित, जनजाति, मुस्लिम तथा अल्पसंख्यक समूदायका पत्रकारहरुले प्रभाव पार्नसक्ने अवस्था बनिसकेको छैन । यद्यपि उनीहरुमा गुणात्मक क्षमता भने नरहेको होइन । नेपाल पत्रकार महासंघकै इतिहासलाई हेर्दा, केही जिल्लामा मात्रै यस समुदायबाट नेतृत्व गरेको र अधिकांशमा काम चलाउनकालागि (रित पुऱ्याउन) दलित, जनजाति समुदायका पत्रकारलाई समावेश गरेको भेटिन्छ । महासंघको पछिल्लो पटक भएको विधान संशोधनले मात्र महासंघको २५औं महाधिवेशनदेखि कार्यसमितिमा एकजना दलित पत्रकारको प्रतिनिधित्व सुनिश्चित भएको हो । अहिले जनजातिबाट पनि कार्यसमितिमा सहभागिता गराउन थालिएको छ। यसलाई सकारात्मक मान्न त सकिएला तर, दलित, जनजाति, मुस्लिम तथा अल्पसंख्यकको प्रतिनिधित्वमा अझै सुधारको आवश्यकता छ ।

संविधानमा शिक्षा, स्वास्थ्य, रोजगार, आवास र खाद्य सम्प्रभुतामा सबै नागरिकको अधिकार स्थापित गर्ने र आर्थिक, सामाजिक रुपले पछाडी परेका वर्ग र समुदायलाई जग्गा लगायत आर्थिक, सामाजिक सुरक्षाको व्यवस्था गर्ने राज्यको दायित्व हुने कुरा उल्लेख छ । तर अहिलेपनि भूमिहीन दलित, विपन्न मुस्लिम तथा अल्पसंख्यकहरुका समस्या यथावतै छन् । जग्गा नभएका कारण डगर, सार्वजनिक जग्गामा झुप्रो ठड्याएर पुस्तौंदेखि बसोवास गर्दै आएका मधेशी दलितहरुको दारुण अवस्था छ । कतिपय भूमिहीन ऋणमा डुब्दा गिरहत कहाँ हरुवाचरुवा बस्नु परेको पीड़ा कायमै रहेको छ । हलिया मुक्ति घोषणा पछिपनि सुदूर तथा मध्य पश्चिमका हलियाहरु पुनः मालिक कहाँ हली बस्नु परेको वाध्यतालाई मिडियाले प्राथमिकतामा उठाउन बाँकी नै छ । जातीय विभेद उन्मूलनकालागि अन्तराष्ट्रिय समूदाय समक्ष सरकारले गरेका प्रतिबद्धताहरुको सन्तोषजनक प्रगति हुनसकेको छैन । दलित समूदायलाई मात्र लक्षित गरी सरकारले ल्याएका कार्यक्रमहरु न्यून छन् । मुक्त कमैया र हलिया पुनर्स्थापन कार्यक्रम, गरिव घर परिवार पहिचान र परिचयपत्र व्यवस्थापन तथा वितरण कार्यक्रम, विद्यालय क्षेत्र सुधार कार्यक्रम, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सिटिईभिटी)को आवासीय सुविधा सहित निःशुल्क छात्रवृत्ति, जनता आवास कार्यक्रम, दलित बालबालिका भत्तामा अहिले पनि लक्षित समुदायको पहुँचमा पुग्न सकिरहेको छैन । पत्रकारितामा यस्ता सवाललाई उठाएर सरकारको ध्यानाकर्षण गराउनुपर्ने आवश्यकता छ । यसैगरी विपन्न मुस्लिम, अल्पसंख्यक तथा जनजातिका समस्यालाई पनि प्रमुखताका साथ उठाउन सके पत्रकारिताप्रति उनीहरुको पनि लगावमा बढोत्तरी ल्याउन सकिन्छ । लामो समयदेखि विभेदको

शिकारभई उपेक्षामा परेका दलित, जनजाति, मुस्लिम तथा अल्पसंख्यकका मुद्दालाई पत्रकारिताकाका माध्यमबाट उठान गर्न सके मुलुकमा आएको ऐतिहासिक परिवर्तनको प्रत्याभूति उनिहरुका घर आँगनमा पनि पुऱ्याउन सहज हुनेछ । अझ आफ्ना सवाललाई समग्रतामा उठाउन त आफ्नै वर्ग समुदायको पहुँच सञ्चार क्षेत्रमा हुनुपर्ने आवश्यकता रहन्छ । पत्रकारितामा दलित, जनजाति, मुस्लिम तथा अल्पसङ्ख्यकको उपस्थिति अहिलेपनि कम रहेको कारण पनि यस वर्गका मुद्दा ओझेलमा पर्ने गरेका छन् । सञ्चारमाध्यम समाज रुपान्तरणको बलियो अस्त्रपनि हो । नागरिकलाई अधिकारबारे सुसूचित गर्ने, नयाँ विचार निर्माण गर्ने, नागरिकको सरोकार इच्छा, आकांक्षा र आवश्यकतालाई सरोकारवाला निकायसम्म पुऱ्याएर नागरिकप्रति जिम्मेवार तथा उत्तरदायी बनाउन सञ्चार माध्यमको भूमिका महत्वपूर्ण रहन्छ । बञ्चितिकरणमा परेकाहरुका सवालमा कलम चलाएर पत्रकारले उनिहरुलाई पनि राज्यको मूल प्रवाहमा ल्याउनकालागि वातावरण तयार गर्ने हैसियत राख्दछन् । जो जो पीड़ा र समस्यामा परेका छन्, तिनको आवाज मुखरित गर्नका लागि सोही वर्ग समुदायको पनि पत्रकारितामा पहुँच स्थापित भयो भने अझै प्रभावकारी तवरले यो विषयको उठान हुनसक्छ । मिडियामा प्राथमिकताका साथ उठेका यी सवालप्रति सम्बन्धित निकायको ध्यानाकर्षण गराउनपनि सहज हुनेछ ।

राज्य पुनर्संरचनाका सवालमा अझैपनि दलित, जनजाति, मुस्लिम तथा अल्पसंख्यकको अवस्थाको मूल्याङ्कन गरिएको पाइँदैन । उत्पीड़न तथा उपेक्षामा पारिएका यस्ता वहुसंख्यक समुदायको अधिकार व्यवहारतः स्थापित नभएसम्म लोकतन्त्र सही अर्थमा स्थापित हुन नसक्ने निश्चित छ । नेपाली समाजलाई समुन्नत बनाउन अहम भूमिका खेल्ने पत्रकारिता क्षेत्रमा पनि दलित, जनजाति, मुस्लिम तथा अल्पसंख्यकको न्यून उपस्थितिमा बढोत्तरीको आवश्यकता छ। अनिमात्र नेपाली समाजलाई समुन्नत बनाउन पत्रकारिताबाट गरिने प्रयास अझै परिणाममुखी बन्न सक्नेछ। समाजमा हेपिएका, चेपिएका, कुसंस्कारमा जेलिएका, उपेक्षित तथा सबैजसो क्षेत्रमा तुलनात्मक रुपले कमजोर अवस्थाका समूदायलाई पहिचान र आत्मसम्मान दिलाउन, उत्थानगर्न तथा समर्थन र न्याय दिलाउन पछिल्लो समयमा गरिएको निश्चित आरक्षण र केही क्षेत्रमा गरिएको समानुपातिक समावेशीकरण मात्र पर्याप्त छ भन्न सकिन्न । शिक्षा, स्वास्थ्यसँगै सूचनाको पहुँचबाट समेत टाढा रहेका दूरदराज र विकट बस्तीकाहरुको आवाज पत्रकारिता मार्फत मुखरित गर्नुपर्ने आवश्यकता अझै विद्यमान छ । यसकालागि सबैलाई अवसर तथा सबैको सहभागिता अपरिहार्य रहन्छ । सबैको सशक्तिकरण हुनसक्दा मात्र बञ्चितीकरण र विभेदको पनि अन्त्य हुनसक्ने सम्भावना प्रबल बन्ने छ । आवाजविहीनको आवाज मानिने पत्रकारिता क्षेत्रमा पनि सबैको सम्मानजनक पहुँचको आवश्यकता छ। समाज परिवर्तनको सम्बाहक मानिने पत्रकारिता क्षेत्र स्वयम्पनि समावेशी हुनसक्यो भने यसको गरिमा र आस्था अझै चुलिने छ ।

*उहाँ नेपाल पत्रकार महासंघ राष्ट्रिय परिषद सदस्य हुन्*

# पत्रकारितामा आचारसंहिता

> **अरुको कमजोरी औंल्याउनेले पहिला आफू अनुशासनमा रहनै पर्दछ। त्यसका लागि नै आचारसंहिताको आवश्यकता बोध भएको हो। अरुले थोपरेको नभई आफैंले आफ्नालागि बनाएको संहिता पालना गर्न सकियो भने मात्र पत्रकारिता पेशाको गरिमा अझ उच्च बन्न सक्दछ।**



ब्यासशंकर उपाध्याय

पत्रकारिता जिम्मेवारपूर्ण पेशा भएका कारण यसमा आचारसंहिताको आवश्यकता रहन्छ नै । बेथिति,विकृति,बिसंगतिका बिरुध्दमा कलम चलाउनाका साथै विचार प्रवाहका माध्यमले समाज रुपान्तरणसम्मको हैसियत राख्ने भएका कारण लोकतन्त्रमा पत्रकारितालाई अपरिहार्य नै मानिएको छ । स्वतन्त्र पत्रकारिता विनाको लोकतन्त्र परिकल्पना समेत गर्न सकिँदैन । यसै गरी पत्रकारिताको जीवन्तताकालागि लोकतन्त्र अपरिहार्य नै मानिन्छ । लोकतन्त्र नरुचाउने,स्वेच्छाचारी शासकले पहिला स्वतन्त्र प्रेसमाथि नै अंकुश लगाउने गरेका धेरै उदाहरण छन् । कुन देशमा लोकतन्त्रको अवस्था के छ भन्ने बुझ्नु पर्दा त्यहाँ पत्रकारिताको अवस्था बुझेर सहजै अनुमान लगाउन सकिन्छ । कोमल भावना एवम् सत्यनिष्ठामा आधारित भएका कारण पत्रकारिता सम्बेदनशील कर्म पनि मानिन्छ । यसको जिम्मेवारी अरुभन्दा यस कारण पनि फरक मानिन्छ किनकी अरुले आफू बुझ्दा मात्र पुग्ला तर पत्रकारितामा आफूले बुझेर मात्र पुग्दैन अरुलाई पनि बुझाउन सक्नु पर्ने हुन्छ ।

यस्तो जिम्मेवारपूर्ण पत्रकारितालाई अझै विश्वसनीय तथा मर्यादित बनाउनकालागि आचारसंहिताको आवश्यकता रहन्छ । विश्वका लोकतान्त्रिका मुलुकमा प्रेस स्वतन्त्रताका साथै पत्रकार आचारसंहिता पनि एकै साथ रहेको पाईन्छ । पत्रकारले आफ्नो पेशामा रहँदा के के काम कर्तव्य निभाउनु पर्छ अर्थात के गर्नु हुन्छ र के के गर्नु हुँदैन भन्ने कुराको स्पष्ट उल्लेख नै पत्रकार आचारसंहिता हो । यिनै कुरालाई उल्लेख गर्दै प्रेस काउन्सिल नेपालले पनि नेपाल पत्रकार महासंघसितको सहमतिमा पत्रकार आचारसंहिता २०७३ लागु गरेको छ । पत्रकार आचारसंहिता भन्नाले पत्रकारले पत्रकारिता कर्मका क्रममा पालना गर्नु पर्ने नियमलाई बुझिन्छ । समाज रुपान्तरणको सम्म हैसियत राख्ने अनि विचार प्रवाहका माध्यमले व्यक्ति व्यक्तिमा जागरण पैदा गर्ने हैसियत राख्ने पत्रकारितालाई अझै जनजनमा विश्वसनीय बनाउनका लागि यसमा लागेकाहरुले आचारसंहिताको पालना मार्फत आफ्नो पेशाको मर्यादालाई अझ उच्च तुल्याउन जरुरी हुन्छ ।

व्यक्तिको धारणामा परिवर्तन ल्याउने,बेथितिका बिरुध्द आवाज बुलन्दको सामर्थ्य राख्नाका साथै अन्यायमा परेकाहरुकालागि बाणी दिएर आवाजविहिनका लागि आवाजको काम गर्ने पत्रकारले स्वच्छ तथा मर्यादित भएर पत्रकारिता गर्नु पर्ने आवश्यकता छ । अरुको कमजोरी औंल्याउनेले पहिला आफू अनुशासनमा रहनै पर्दछ । त्यसकालागि नै आचारसंहिताको आवश्यकता बोध भएको हो । अरुले थोपरेको नभई आफैंले आफ्नालागि बनाएको संहिता पालना गर्न सकियो भने मात्र पत्रकारिता पेशाको गरिमा अझ उच्च बन्न सक्दछ । सरकारदेखि समाजका हरेक विकृति र बेथितिका बिरुध्द कलम चलाउने भएका कारणले नै पत्रकारितालाई राज्यको चौथो अंगका रुपमा लिने गरिन्छ । अरुको कमी कमजोरी औंल्याउने सामर्थ्य रहेको पत्रकारितामा लाग्नेले आफू चाहिँ स्वेच्छाचारी वा छाडा बन्नु कदापि सुहाउँदो कुरा हुन सक्दैन । कलममा तागत छ भन्दैमा त्यसको दुरुपयोग स्वीकार्य हुन्न । शक्तिशालीले पनि मर्यादामा बस्नु पर्छ भन्ने कुरालाई कवि शिरोमणि लेखनाथ पौड्यालका यी दुई पंक्तिबाट मनन गर्न सकिन्छ ।

*को गर्दछ ठूलो व्यक्ति मर्यादास्थिति लंघन ?*
*बसेको छ महासिन्धु सीमाबध्द बनिकन ॥*

(जसरी महासागर आफ्नो सीमाभित्र सिमित भएर बसेको हुन्छ उसै गरी ठूला शक्तिशाली व्यक्तिले पनि मर्यादास्थिति (संहिता) को पालना गर्नु पर्दछ ।)

पत्रकारिता मर्यादितका साथै जोखिमयुक्त पेशा पनि हो । सत्यतथ्य समाचार लेख्दा पनि पीडित पक्षलाई त राहत मिल्ला तर पीडक पक्षबाट पत्रकारले आँखाको कसिंगर नै बन्नु पर्ने अवस्था नआउने होईन । जोखिमयुक्त भएका कारण पत्रकारितामा पत्रकारको सुरक्षाको सबाल पनि उठ्दछ । पत्रकारको सुरक्षाका सबालमा आचारसंहिताको पालना भएको छ यदि भने अस्सी प्रतिशत असुरक्षा त्यसबाटै निष्तेज हुने भनाई छ । यस दृष्टिले पनि आचारसंहिता पालनाका सबालमा सम्बेदनशील हुनै पर्दछ । प्रेस काउन्सिल नेपालले नेपाल पत्रकार महासंघसितको सहमतिमा पत्रकार आचारसंहिता जारी गरेपछि अहिले पछिल्लो चरणमा मधेश प्रदेशस्थित मिडिया काउन्सिलले पनि आचारसंहिता बारे जिल्ला जिल्लामा छलफल चलाई पत्रकारहरुबाट सुझाव संकलनको कार्य गरेको छ । यसले भावी दिनमा पत्रकार आचारसंहिताको महत्व अझै स्थापित हुने अपेक्षा लिन सकिन्छ ।

*उहाँ नेपाल पत्रकार महासंघ सप्तरी शाखाका पूर्व अध्यक्ष हुन्*

# नेपाली पत्रकारितामा दलित पत्रकारको अवस्था, अवसर र चुनौती

> पत्रकारितामा दलित समुदायको सङ्ख्या जति बढ्दै गएको छ, त्यो भन्दा बढी समस्या बढ्दै गएको देखिन्छ। दलित समुदायका पत्रकारहरुको मुख्य समस्या भनेको पेशागत सुरक्षा नहुनु र पारिश्रमिक नपाउनु नै रहेको छ।



राजु विश्वकर्मा

मुलुकमा प्रजातन्त्रको उदयसँगै फस्टाउँदै गएको नेपाली पत्रकारिता क्षेत्रमा पछिल्लो समय दलित समुदायका पत्रकारहरु उत्साहका साथ आएका छन् । विगतको भन्दा पछिल्लो एक दशक यता नेपाली पत्रकारितामा दलित समुदायका पत्रकारहरुको सङ्ख्या बढेको बिभिन्न तथ्याङ्कहरुबाट देखिन्छ । पत्रकारितामा पाइला टेकेका धेरथोर दलित समुदायका पत्रकारहरु राष्ट्रियस्तर सञ्चारमाध्यमहरुमा आफ्नो पहुँच पुऱ्याउन थालेका छन् । राष्ट्रिय दलित पत्रकार संघको तथ्याङ्क अनुसार नेपाली पत्रकारितामा प्रबेश गरेका दलित समुदायको पत्रकारहरुको सङ्ख्या करिब एक हजार २०० को हाराहारीमा छन् । पत्रकारितामा आएका दलित समुदायका पत्रकारहरु मध्ये करिब ३० प्रतिशत छापा माध्यममा र ६० प्रतिशत विद्युतीय माध्यममा कार्यरत रहेको पाईएको छ । अन्य कतिपय पत्रकारहरुले आफैले स्थानीयस्तरमा पत्रपत्रिकाहरु सञ्चालन गर्दै आएका छन् । प्रजातन्त्र स्थापनासँगै खुलेका एफएम रेडियोहरुमा काम गर्ने दलित समुदायको पत्रकारहरु सङ्ख्या समेत बढेको राष्ट्रिय दलित पत्रकार संघको तथ्याङ्कले देखाएको छ । यसबाट दलित समुदायको पत्रकारिताप्रति आकर्षण बढेको दर्शाउँछ । यो समग्र पत्रकारिताको लागि मात्र होईन्, सिङ्गो समाज र राष्ट्रका लागि सकारात्मक पक्ष मान्न सकिन्छ । मुलुकका अन्य प्रदेशहरुमा दलित पत्रकारहरुको सङ्ख्या बढिरहदाँ दलित समुदायको बढी जनघनत्व भएको मधेश प्रदेशमा भन्ने अपेक्षाकृत रुपमा दलित समुदायका पत्रकारहरुको संख्या बढ्न सकेको देखिदैन् । मधेश प्रदेशमा कुल जनसङ्ख्याको करिब १८ प्रतिशत जनसङ्ख्या दलित समुदायको छ । तर पत्रकारितामा त्यो अनुपातमा दलित समुदायको प्रबेश देखिएको छैन् । कुल आठ वटा जिल्ला रहेको मधेश प्रदेशमा दलित पत्रकारको सङ्ख्या करिब ३० जना मात्र छ । जिल्लागत हिसाबले हेर्ने हो भन्ने सप्तरीमा पाँच जना, सिरहामा पाँच जना, धनुषामा पाँच जना, महोत्तरीमा दुई जना, सर्लाहीमा तीन जना, रौतहटमा दुई जना, बारामा तीन जना र पर्सामा सात जना दलित पत्रकार क्रियाशिल

छन् । यो सङ्ख्या अत्यन्त न्यून हो । तर यसबाट खासै निराश हुनुपर्ने अवस्था चाहि छैन् । किन कि विगतको भन्दा अहिले त्यो सङ्ख्या क्रमशः बढ्दो क्रममा छ। पत्रकारितामा बिस्तारै दलित समुदायको उपस्थिति बाक्लिदै गएपनि उनीहरुले राष्ट्रियस्तरको मिडियामा खासै अवसर पाएको देखिदैन् । थेरैले मात्र राष्ट्रिय मिडियाहरुमा काम गर्ने मौका पाएका छन् । धेरै जसोले स्थानीय ( मोफसल) कै मिडियामा काम गर्नुपर्ने स्थिति छ । राष्ट्रियस्तरको सञ्चारमाध्यममा अवसर नपाएपछि कतिपयले आफैले पत्रिका, अनलाईन सेवा समेत सुरु गरेका छन् ।

*चुनौती*

पत्रकारितामा दलित समुदायको सङ्ख्या जति बढ्दै गएको छ, त्यो भन्दा बढी समस्या बढ्दै गएको देखिन्छ । दलित समुदायका पत्रकारहरुको मुख्य समस्या भनेको पेशागत सुरक्षा नहुनु र पारिश्रमिक नपाउनु नै रहेको छ । राष्ट्रिय दलित पत्रकार संघका उपाध्यक्ष गोपाल बराईलीका अनुसार एकातिर पत्रकारितामा दलित समुदायको प्रवेश क्रमश : बढ्दो छ भने अर्कोतिर मूलधारको मिडियामा अवसर नै नपाउने अवस्था छ, अवसर पाईहाल्यो भनेपनि समयमा उचित पारिश्रमिक नपाउने स्थिति छ। मूलधारको मिडियामा अवसर नपाउँदा उनीहरुले आफैले पत्रिका वा सञ्चारमाध्यमहरु सञ्चालन गर्दा अन्य समुदायका पत्रकारहरुले चलाउने सञ्चारमाध्यमको तुलनामा विज्ञापन र बजार कम पाउनु, प्रत्यक्ष र अप्रत्यक्ष रुपमा भेदभाव भोग्नुपर्ने बाध्यता छ । बिशेष गरी दलित पत्रकारहरु दाम भन्दा पनि नामका लागि आफ्नो श्रम बेच्छन् । दलित समुदायका पत्रकारहरुको मुख्य चुनौतीलाई यसरी हेर्न सकिन्छ-अत्यधिक समय खर्च गरेपनि उचित पारिश्रमिक नपाउनु, समाचार सङ्कलनमा जाँदा उचित सञ्चार सामग्री नपाउनु, समाचार सङ्कलनमा दलित समुदायका पत्रकारलाई राजनीतिक, बैदेशिक, खेलकुद वा अन्य महत्वपुर्ण बिषय भन्दा पनि स(साना बिटहरु दिनु, समाज, सञ्चारमाध्यम अनि राज्यबाट आवश्यक सहयोग नपाउनु, नियुक्तिपत्र बिना नै काम गर्न बाध्य हुनु, अवसरको कमी, पेशागत सुरक्षाको अभाव, श्रमजिवी पत्रकार ऐन प्रभाबकारी रुपमा कार्यान्वयन नहुनु र आर्थिक र सामाजिक सुरक्षाको अभाव र निर्णायक तहमा दलितको उपस्थिति कम हुनु हो । यो बाहेक पनि थुप्रै समस्याहरु दलित पत्रकारहरुको सामु उभिएको पाईन्छ ।

*अवसर*

दलित समुदाय सदियौं देखि अपहेलित छन् । दबाएका र दबिएका दलित समुदायको सबाललाई उजागर गर्ने ठुलो अवसर दलित पत्रकारहरुको सामु छ। पत्रकारिताको माध्यमबाट सिर्जनशीलता, बृतिविकास, क्षमता अभिबृद्धि गरी रोजगारी प्राप्त हुने अवसर दलित समुदायका पत्रकारका लागि छ । यो बाहेक व्यक्ति विकास गर्न पाउनु, समाजमा छुट्टै पहिचान बनाउन सकिनु, राज्यका हरेक संरचनामा सशक्त आवाज उठाउन सकिनु, यो क्षेत्रमा राम्रो प्रस्तुती दिन सक्यो भने अर्न्राष्ट्रिय क्षेत्रमा समेत राम्रो रोजगारी पाउन सकिने सम्भावना छ । नयाँ जोश जाँगरका साथ पत्रकारिता गर्न सकिए मूलधारका ठूला मिडियाहरुले समेत राम्रो अवसर दिन सक्छ । त्यसका लागि स्वयम्ले शैक्षिक पृष्ठभूमिलाई बलियो बनाउनु आवश्यक छ ।

*आगामी कदम*

पत्रकारितामा आएका दलित पत्रकारहरुलाई टिकाई राख्न राज्य उचित कदम चाल्नुपर्ने देखिन्छ। पेशागत सुरक्षासँगै उनीहरुलाई उचित अवसरको सृजना गर्नु जरुरी छ। दलित पत्रकार स्वयम्ले पनि आफ्नो शिक्षा, अनुभव, ज्ञानलाई फराकिलो बनाउँदै दक्षता अभिबृद्धिमा ध्यान पुऱ्याउनुपर्ने हुन्छ। नीजि तथा सरकारी सञ्चारमाध्यममा काम गर्ने उचित वातारण सृजना गर्नुपर्छ। दक्षता अभिबृद्धिका लागि समय समयमा आवश्यक तालिम सञ्चालन गर्नुपर्छ, नियुक्तिपत्र नदिई मौखिक सम्झौताको भरमा काममा लगाउने संस्कारलाई छाड्नुपर्छ, श्रमजिवी पत्रकार ऐन तत्काल कार्यान्वयन गरिनुपर्छ र सञ्चारगृहहरुले पनि सञ्चारकर्मी नियुक्ति गर्दा दलित समुदायका पत्रकारलाई प्राथमिकतालाई बिर्सिनु हुँदेन्। अनि त्यसपछि मात्र दलित समुदायको पत्रकारहरु पत्रकारितामा टिकिराखन सक्छ।

# प्रदेश सरकारले सामुदायिक रेडियोको विस्तारमा जोड दिनुपर्छ

> प्रदेशका रेडियोहरु आर्थिक संकटका कारण नियमानुसार प्रत्येक आर्थिकवर्षको असार मसान्तभित्र नवीकरण गर्नुपर्ने लाईसेन्स, ईजाजत पत्र नवीकरण समेत गर्न सकेका छैनन।

नवीन नरसिंह नेपाली

आमरुपमा विश्वमै सवैभन्दा सरल, सहज र विश्वसनीय सञ्चार माध्यमको रुपमा रहेको रेडियो/एफ.एम, नेपाल जस्तो अविकसित मुलुकका लागि झनै सञ्चारको भरपर्दो र आकर्षक साधन बन्न पुगेको छ । त्यसैले नेपाल जस्ता देशहरुमा रेडियोको लोकप्रियता झनै बढ्दैगएको महसुस हुन्छ । पत्रपत्रिका, टेलिभिजन, अनलाईन लगायतका अन्य सञ्चारमाध्यम भन्दा कमखर्चिलो र जुनसुकै ठाउँमा सहजै र सजिलै सुन्नसकिने भएकाले रेडियोको लोकप्रियता गाउँदेखि सहरसम्म र झुपडीदेखि महलसम्म उत्तिकै छ । पछिल्लो समय नेपालमा पनि रेडियोहरु खुल्ने क्रम बढ्दैगएको छ ।

रेडियोको पृष्ठभूमिलाई हेर्ने हो भने सन् १८९५ मा इटालियन वैज्ञानिक जि. मार्कोनीले विद्युतीय तारबिना आवाज सम्प्रेषणगर्न सफल भएपछि विश्वमा रेडियोको अविष्कार भएको हो । यस रेडियो प्रविधिलाई वायरलेस अर्थात् बेतार भन्ने गरिन्थ्यो । सन् १९०१ मा माकोर्नीले रेडियो सङ्केतलाई आन्धमहासागर वारपार २१०० माइल टाढासम्म सुन्ने बनाएपछि रेडियो प्रविधि विश्वमा फैलिएको हो । विश्वमा औपचारिक रूपमा रेडियो प्रसारण अमेरिकाको पेन्सलभेनिया शहरबाट सन् १९२० मा भएको थियो ।

रेडियो प्रसारण सम्बन्धी विद्युत(चुम्बकीय तरङ्गको सिद्धान्त सन् १८६० मा प्रतिपादन भएतापनि सन् १९१९मा मात्र रेडियो प्रसारण सुरु भएको हो । अक्टोबर सन् १९१९मा अमेरिकाको पिट्सवर्ग सहरमा वेस्टिङहाउस कम्पनीले पहिलो व्यावसायिक रेडियो खोलेको हो । सन् १९२०को दशकमा अमेरिका र बेलायतमा रेडियो प्रसारणले गति लियो । यसै क्रममा सन् १९२२मा ब्रिटिस ब्रोडकास्टिङ कम्पनीको स्थापना भयो, जुन सन् १९२७मा आएर ब्रिटिस ब्रोडकास्टिङ कर्पोरेसनमा परिणत भयो ।

नेपालमा अप्रिल सन् १९५० (२० चैत्र २००७)देखि काठमाडौमा औपचारिकरूपमा

सरकारीस्तरबाट ‘प्रजातन्त्र नेपाल रेडियो’ खुलेको हो । यसै रेडियोलाई पछि ‘रेडियो नेपाल’ नामाकरण गरिएको हो । नेपालमा सरकारीस्तरबाट प्रसारण थालिएको झण्डै ५० वर्षपछि गैरसरकारी क्षेत्रमा एफएम प्रविधिको प्रयोगगरी रेडियो प्रसारण गर्नका लागि इजाजत दिने काम सुरु भयो । वि.सं. २०५४मा स्थापित ‘रेडियो सगरमाथा’ दक्षिण एसियाकै पहिलो सामुदायिक रेडियो स्टेशन हो ।

रेडियोमा कामगर्ने पत्रकार तथा अन्य कर्मचारीलाई रेडियोकर्मी भनिन्छ। नेपालमा रेडियोकर्मीको संख्या करिब ५हजार भएको अनुमान छ। पछिल्लो समयमा रेडियोका प्राबिधिक, प्रस्तोता सबैलाई पत्रकार भनेर समेत परिभाषित गरिएको छ । समाचारमा कामगर्ने सबैलाई यस अघि नै पत्रकार भनिन्थ्यो । पत्रकार महासंघले दलित, जनजाती भए कम्तिमा दस जोड २ उत्तीर्ण गरी १वर्ष रेडियोमा कामगरेको तथा अन्य भए २वर्ष रेडियोमा कामगरेको व्यक्तिलाई सदस्यको लागि योग्य मानेको छ। यसरी नै स्नातकभए सबैलाई १ वर्षको कार्यअनुभव अनिवार्य छ।

नेपालको पहिलो रेडियोकर्मी तारणीप्रसाद कोइराला हुन् । त्यस्तै गजाधर भक्त माथेमा, कवि फणीश्वरनाथ रेणु( हिन्दी) विजयालक्ष्मी (वि.पि. कोइरालाकी बहिनी) अन्य प्रारम्भिक रेडियोकर्मीहरु हुन् । .२००७ साल मंसिर २८ गते बिहान ८:३० बजे एकाएक एउटा प्रसारण सुनियो( “यो नेपाल प्रजातन्त्र रेडियो हो । हामी विराटनगर मुक्तिमोर्चाबाट बोलिरहेका छौँ ।” यो नै नेपाली रेडियोकर्मीले बोलेको पहिलो आवाज हो ।

रेडियो नेपालमा प्रथम समाचारवाचक नेपाली- तारणीप्रसाद कोइराला, अङ्ग्रेजी -मधुसूदन देवकोटा, हिन्दी-राजेन्द्रकुमार गुप्ता, नेवारी (नेपाल भाषा) -हरि श्रेष्ठ, मैथिली -डा. चन्द्रेश्वर साह, तामाङ -रमिता लामा, मगर -हर्क आलेमगर, लिम्बू -बालकृष्ण माबोहाङ राई ,(बान्तवा) -चन्द्रकला राई, गुरूङ -गोविन्द गुरूङ ,पूर्वीय थारु -भूदेव भगत ,पश्चिमे थारु -नेमासिं थारु, अवधि -दिग्विजय मिश्र, भोजपुरी -राकेश सिंह, संस्कृत -अलका आत्रेय, शेर्पा - ङवाङ होसेर लामा, उर्दू -मोहम्मद अली उल्लाह नेपालका केही प्रसिद्ध सुरुवाती रेडियोकर्मीहरु हुन् । अहिले त देशभर धेरै चर्चित रेडियोकर्मीहरु क्रियाशील छन्। उनिहरु आफ्ना वाकपटुता र संवाद प्रस्तुतिको फरक शैलीको कारण चर्चित बन्ने गरेका छन्।

नेपालमा अहिले रेडियो खुल्ने क्रम तीव्ररुपमा बढिरहेको छ। अहिले सरकारको स्थानीय तहले नै रेडियो खोल्न सक्ने व्यवस्था भएपछि रेडियोप्रति आकर्षण बढ्दो छ। खासगरी २०६२/०६३ सालको आन्दोलन-२ पछि नेपालका प्राय सबैजसो जिल्लामा रेडियो खुल्ने क्रम बढ्दैगएको देखिन्छ। नेपाल सरकारको संचार तथा सूचना प्रविधि मन्त्रालयको तथ्यांक अनुसार हालसम्म ७सय ४०वटा रेडियो दर्ता भएका छन्। जस मध्ये सामुदायिक रेडियोको रुपमा ४सय ३वटा र व्यवसायिक रेडियोको रुपमा ३सय ३७वटा रेडियो दर्ता रहेको मन्त्रालयको तथ्यांकले देखाएको छ। देशभर दर्ता भएका रेडियोहरुमध्ये मधेश प्रदेशमा ४५वटा सामुदायिक रेडियो र ५५वटा व्यवसायिक रेडियो रहेका छन्। सामुदायिक र व्यावसायिक गरी कुल एकसय वटा रेडियो यस मधेश प्रदेशमा रहेपनि आर्थिक संकट, व्यवस्थापन पक्षबीचको वादविवाद र पछिल्लो चरणमा विश्वव्यापी महामारीको

रुपमा आएको कोभिड १९का कारण हाल यस प्रदेशका १५वटा रेडियोले आफ्नो प्रशारण बन्द गरेका छन् । केही रेडियो खारेजीमा समेत परेका छन । यस प्रदेशका रेडियोहरु आर्थिक संकटका कारण नियमानुसार प्रत्येक आर्थिकवर्षको असार मसान्तभित्र नवीकरण गर्नुपर्ने लाईसेन्स, ईजाजत पत्र नवीकरण समेत गर्न सकेका छैनन । अन्य सञ्चार माध्यम जस्तो विद्युत र टेलिफोनमा सुविधा समेत नरहेकाले विद्युतको बिल समयमा तिर्न नसक्दा विद्युत प्राधिकरणले लाईन काटन थालेपछि कतिपय रेडियो बाध्य भएर बन्द हुने जोखिममा छन् ।

**प्रदेशभित्रका सामुदायिक रेडियोहरुलाई प्रदेश सरकार मातहतका मन्त्रालय, सरकारी कार्यालयहरुबाट दिईने विभिन्न सूचना तथा विज्ञापनहरु समानुपातिक ढंगले वितरण, विद्युत, टेलिफोन र ईन्टरनेट महसुलमा अनुदान र मासिकरुपमा लोक कल्याणकारी विज्ञापनको व्यवस्था मात्र प्रदेश सरकारले गरिदियो भने यस प्रदेशभित्रका सामुदायिक रेडियोहरुलाई बचाउँन सकिन्छ।**

नेपालका सामुदायिक रेडियो गैरनाफामूलक र स्वयमसेवी, समुदायद्धारा समुदायकै लागि संचालित संचारमाध्यम हुन । सामुदायिक रेडियोहरु नाफा कमाउने उदेश्यले स्थापित भएका रेडियो होईनन् । यी रेडियोहरु नागरिकको सूसुचित हुने अधिकारको रक्षा गर्दै सो अधिकार दिलाउने माध्यमका रुपमा स्थापित भएका हुन् । मुनाफा आर्जन गर्ने उद्देश्यका साथ सञ्चार उद्यममा सक्रिय व्यवसायिक रेडियोहरुभन्दा सामुदायिक रेडियोहरु भिन्न हुन् । यी रेडियोहरु समुदायको हक अधिकार र आवाजविहीनहरुको आवाज बन्नका लागि स्थापित भएका हुन् । नेपालको कम्पनी ऐन अनुसार कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भएका प्रा.लि.हरुद्धारा संचालित रेडियोहरु विशुद्ध नाफा कमाउने उदेश्यले संचालनमा छन् । तर, सामुदायिक रेडियो भने गैर नाफामूलक, नाफा नकमाउने उदेश्यले संचालित रेडियो हुन् ।

त्यसैले सामुदायिक रेडियो संचालन गर्ने संस्थाहरु संस्था दर्ता ऐन अन्तर्गत दर्ता रहेकाले कुनै कारणबस रेडियो बन्द भयो वा व्यवस्थापन पक्षले संचालन गर्न नसकेको खण्डमा संस्था नै बन्दगर्ने वा खारेजगर्ने अवस्था आएमा तिर्नुपर्ने दायित्व बाहेकका सो संस्थाले आर्जन गरेको श्रीसम्पति नेपाल सरकारको नाममा जाने व्यवस्था रहेको छ ।

मधेश प्रदेश भित्रका सामुदायिक रेडियोहरु प्रदेश सरकारका रेडियो हुन् । यसको अर्थ प्रदेश सरकारले रेडियोको सम्पूर्ण व्यवस्थापकीय पक्षलाई हेर्नुपर्छ भन्नेपनि होईन । यसको तात्पर्य

सामुदायिक रेडियोहरुको आर्थिक पक्षलाई कसरी बलियो बनाउन सकिन्छ भन्ने तर्फ प्रदेश सरकारले सोच्नै पर्ने बेला आएको छ भन्ने हो ।

यस प्रदेशभित्रका सामुदायिक रेडियोहरुलाई प्रदेश सरकार मातहतका मन्त्रालय, सरकारी कार्यालयहरुबाट दिईने विभिन्न सूचना तथा विज्ञापनहरु समानुपातिक ढंगले वितरण, विद्युत, टेलिफोन र ईन्टरनेट महसुलमा अनुदान र मासिकरुपमा लोक कल्याणकारी विज्ञापनको व्यवस्था मात्र प्रदेश सरकारले गरिदियो भने यस प्रदेशभित्रका सामुदायिक रेडियोहरुलाई बचाउँन सकिन्छ । मधेश प्रदेशभित्र संचालित सामुदायिक रेडियोहरुमा स्वयंमसेवी ,आंशिक, करार, अस्थायी र स्थायी गरी करिब ५सय जनाले रोजगारी पाएका छन ।

देश संघीय संरचनामा रुपान्तरित भई संघीयताको अभ्यास भइरहेको वर्तमान अवस्थामा 'प्रदेश नै संघीयताको मूल आधार हुन्' भन्ने कुरालाई जनसमुदायमा स्थापित गर्नका लागि रेडियोहरुले महत्वपूर्ण भूमिका निर्वाह गर्नसक्छन् । आजको यो अवस्था सम्म आईपुग्दा नेपालका सामुदायिक रेडियोहरुले खेलेको भूमिका कसैसँग लुकेको छैन । त्यसमा पनि झन् मधेश प्रदेश, जहाँबाट संघीयताको जन्म नै भएको मानिन्छ, मधेश आन्दोलनको जगमा स्थापित मधेश प्रदेश सरकार र प्रदेशको प्रतिष्ठा उच्च राख्न जहिले पनि यहाँका सामुदायिक रेडियोहरुले निष्पक्षरुपमा आफ्नो भूमिका खेल्दैआएको कुरा स्मरणीय छ । त्यसैले मधेश प्रदेशले सामुदायिक रेडियोहरुको विकास र विस्तारमा विशेष जोड दिनु जरुरी देखिन्छ ।

*-उहाँ सामुदायिक रेडियो प्रसारक संघ नेपालका केन्द्रिय सदस्य हुन ।)*

# ग्रामीण पत्रकारिताका समस्या चुनौती र अवसर

> ग्रामीण क्षेत्रमा जेनतेन दुःखगरेर पत्रकारिता पेसामा रहेका पत्रकारहरुप्रति सदर मुकाम केन्द्रित पत्रकारिता गरिरहेकाहरुको दृष्टिकोणपनि फरक हुने गरेको देखिन्छ।



अजयकुमार साह

हाम्रो जस्तो अविकसित देश नेपालका सञ्चारमाध्यमहरु पनि खास्सै विकसित हुनसकेका छैनन् । केही ठुला सञ्चार माध्यमहरु बाहेक नेपालका थुप्रै सञ्चार माध्यमहरु अझै विभिन्न समस्याको चपेटामा पर्ने गरेका छन् । अझ भन्नुपर्दा मोफसलका सञ्चार माध्यमहरुको अवस्था टिठ लाग्दो देख्न सकिन्छ ।

पत्रकारिता क्षेत्रमा विभिन्न समस्याहरुले गर्दा पत्रिका व्यावसायिक हुनसकेको छैन । दक्ष जनशक्तिको अभाव, स्रोत साधनको कमी, आधुनिक प्रविधि तथा पत्रकारिताको मान्यतालाई आत्मसात गर्न नसक्नु र पुरानै ढंगबाट काम गर्ने प्रविधि जस्ता कुराले पत्रकारिता जगतलाई समस्या खेप्नु परेको हो । त्यसमा पनि ग्रामीण भेगमा रहेर पत्रकारिता गर्नुमा चुनौतीपूर्ण र समस्याहरुको पहाड नै खडा भएको हुन्छ ।

***पत्रकारिताको अनुभवबारे आफ्नो भोगाई यसरी सुरु गर्न मन लाग्यो :***

ग्रामीण क्षेत्रमा पत्रकारिता कस्तो हुँदो रहेछ भने, एकातिर पेसा आफैमा संवेदनशील, त्यसमा पनि कम मान्छेको चासो र चिन्ता, त्यसमा पनि अलि संवेदनशीलताको ख्याल राख्नैपर्ने, अझ फरक समाजका चुनौतीमा खेल्नुपर्ने । यतिधेरै कुराहरु जोडिएको सवालमा अध्ययन चाहिने, मेहनेत हुनुपर्ने, लगाव उत्तिकै आवश्यक, सामाजिक रुपमा स्वीकार्यता भएको हुनुपर्ने, स्थलगत अवलोकन, भ्रमण, वस्तुस्थितिको टिपोट र त्यसको विश्लेषण, थप प्रतिक्रिया चाहिने । यस्ता, आफैमा जटिल र समस्याजन्य विषयबाट पत्रकारिताको पेसा गुज्रने गर्छ । त्यसमा पनि गाउँबाट पत्रकारिता गर्नु र स्थापित हुनु आफैमा एक चुनौतीको सवाल छ ।

म यसो सम्झीन्छु, २०४९-५० ताका म एसएलसीको जाँच दिएर बसेको थिएँ । पुस्तक पसलमा बसेर युवामञ्च, मुना, विमोचन, रंगमच र हिन्दी पत्रिका सरलसलिल जस्ता पत्रपत्रिकाहरु पढ्ने गर्थे । त्यति बेला ती पत्रिकाहरुमा मानिसहरुको नाम र फोटो छापिएको देखेर केही केही

लेखौं, मेरोपनि यसरी नै फोटो र नाम पत्रिकाहरुमा आए क्या मजा हुन्थ्यो ! जस्तो लाग्थ्यो । पहिलो पटक विमोचन मासिक पत्रिकामा स्मृतिको पानामा एउटा लेख लेखेर पठाए, छापिएर आयो । फोटो सहित नाम छापिएपछि त्यतिबेला चौतर्फी चर्चाको विषय बन्न पुगेको अझै सम्झना छ । त्यसले फेरी लेख्नलाई झन् उत्साहित बनायो । कहिले विमोचन, कहिले युवामञ्च, कहिले रंगमंचहरुमा लेखेर पठाउने क्रम जारी राखें । कतिपय छापिन्थ्यो, कतिपय छापिदैनथ्यो । पत्रिकामा नाम छापिएर आउँदा निकै खुशी लाग्थ्यो ।

एसएलसी पास भएपछि लालिमा साप्ताहिक, नेपालीपत्र साप्ताहिक, घटना र विचार साप्ताहिकमा गाउँघर तिर भएका केहि घटनाहरुबारे समाचार तयार पारेर पठाउन थाले । समाचार छापिएर आउन थाल्यो । यसरी पत्रिकामा समाचार छापिएर आएपछि चिनेजानेका मान्छेहरुले पत्रकार भनेर बोलाउन थाले । आफुलाई पनि त्यसरी बोलाउँदा निकै खुशी लाग्थ्यो । र लेख्दै गए । यसरी पत्रकारिता तर्फ मेरो कदम आफ् से आफ् बढ्दै गयो ।

पछि जनकपुरबाट जनकपुर टुडे, जनकपुर एक्सप्रेस, जागरण दैनिकहरु प्रकाशित हुँदैगर्दा समाचारहरु लेख्न झन हौसिएँ । अहिलेजस्तो इमेल थिएन । आफ्नो रचना प्रकाशित गर्नका लागि हातले लेखेर हुलाक मार्फत पठाउनु पर्थ्यो । पछि कुरियर सेवाबाट पठाउन थालें । त्यसपछि फ्याक्स गरेर समाचार पठाउथें भने जनकपुरमा सामग्री बोकेर अखबारको कार्यालयसम्म पुग्नु पर्थ्यो ।

महेन्द्रनगरमा त्यति बेला दुई तीन दिनमा पत्रिकाहरु आइपुग्थ्यो । अहिले जस्तो दैनिक अखबारहरु हुन्थेन । साप्ताहिक अखबारहरु आउँथ्यो । महेन्द्र पुस्तक भण्डारमा बसेर विहान बेलुका सबै अखबारहरु पढ्नको लागि जान्थें ।

पत्रिका सधै पढ्थें । पत्रिका पसलको अगाडि उभिएर पत्रिका पढ्ने भर्खरका केटाहरु उमेरको म एक्लै हुन्थें । सबै पाका उमेरका बुढाहरु मात्र अखबार पढ्न आउँथ्ये । त्यतिबेला जनकपुरबाट नाम चलेका पत्रकारहरु राजेश्वर नेपाली, बृजकुमार यादव, रामभरोस कापडीहरुको नाम खुव सुन्थें । यसरी म पत्रकारितामा आएँ ।

खासै केही सोचेर आएको नहुनाले पत्रकारितामा जे गरिरहेको छु, ठिकै गरिरहेको छु जस्तो लाग्थ्यो । यस्तै गर्छु भन्ने कुनै योजना थिएन ।

कमाइ धमाइ केहि हुदैन्थ्यो तरपनि यस पेशाबाट बाहिर निस्किन सकिएन । मनोज सार्थक भन्ने एकजना महेन्द्रनगर कै दाईसंग मिलेर २०५७ साल तिर क्षीरेश्वर साप्ताहिक प्रकाशन सुरु गरें । दुईवर्ष चलाएँ । तर मिहिनेत अनुसार खासै नाम र दाम नपाएको अनुभव गरेपछि मैले त्यो पत्रिकाबाट राजिनामा गरें । पछि मनोजदाईले पनि चलाउन सक्नु भएन र पत्रिका बन्द भयो । त्यसपछि मैले २०६० सालमा शिरीष पाक्षिक भनेर आफ्नै सम्पादनमा पत्रिका प्रकाशन सुरु गरें । पछि त्यसलाई साप्ताहिक बनाएँ र अहिलेपनि निरन्तर प्रकाशित गर्दै आएको छु । साथै अहिले यस अवधिमा विभिन्न राष्ट्रिय र स्थानीय एफएम रेडियो तथा टिभीमा समेत काम गरे ।

हाल मैले आफ्नै सम्पादनमा एउटा दैनिक अखबार महोत्तरीको वर्दिवासबाट 'खबर दर्पण'

दैनिक र अनलाइन समाचार पोर्टल www.shirishnews.com संचालन गर्दै आइरहेको छु ।

यसरी ग्रामीण भेग मै बसेर धनुषा जिल्लाबाट सम्भवतः व्यवसायिक हिसाबले मैले नै पत्रकारिता सुरु गरेको जस्तो लाग्छ । मेरा समकालीन केही मित्रहरु, जो अहिले देश कै नाम चलेका ठूला अखबारहरुमा काम गर्नुहुन्छ, उहाँहरुले मेरो नाम नै ग्रामीण पत्रकार भनेर राखेका थिए । उनिहरु सबैले सदरमुकाम जनकपुर बसेर मलाई काम गर्न भन्थे, तर म मेरै ठाउँ, म जन्मेको ठाउँबाट आफूलाई स्थापित गर्ने निधो साथ यस क्षेत्रमा लागिरहें र अहिलेपनि निरन्तर नै लागेको छु ।

वास्तवमा भन्नु पर्दा ग्रामीण पत्रकारिता विकासको मुख्य आधार हो । वर्तमान समयमा प्रदेश सांसदलाईभन्दा बढी अधिकार वडा अध्यक्षलाई दिएको छ । त्यसैले वडादेखि नै मिहिन रुपमा समाचार सम्प्रेषण गरिए गाउँ वा नगरपालिका चनाखो हुने छ ।

गाउँ वा नगरको राम्रो कामलाई प्राथमिकतापनि दिनुपर्छ । नराम्रो कामगरे सुझाव सहित सचेत गराउँन जरुरी छ । यो वास्तविक पत्रकारीताको धर्म हो । संघीयताको अभ्यास भईरहँदा कतिपय नगर वा गाउँपालिकामा ब्यूरोक्र्याट्ले राजनीति चलाउँने, राजनीतिले ब्यूरोक्र्यासी चलाउने गर्छन् । त्यस्तो अवस्थामा सचेतभएर समाचार लेख्न जरुरी देखिन्छ । पहिले माथिबाट तल अधिकार प्रत्यायोजन गरिन्थ्यो । अहिले तलबाट माथि अधिकार दिने अभ्यास भइरहँदा पत्रकार चनाखो हुन उत्तिकै आवश्यक छ । रिर्पोटिङ्गलाई मर्यादित तवरले उठान गरे योग्य पत्रकार बन्न सक्छ । पढेरमात्र पत्रकारिता सम्भव छैन, अभ्यासपनि जरुरी छ ।

समयले, सूचना र प्रविधिसँगै समाजलाई अघि बढाएको छ । आज समाजमा जो कोहीले आफै घटना, त्यो सकरात्मक होस् वा नकरात्मक छिटो, छरितो, विश्वसनीय र भरपर्दो माध्यमबाट खोजीरहेको हुन्छ । सूचनाको प्राप्ति र आवश्यकताको तिर्खा जनमानसमा छ । समाजको सूचनामा सत्य-तथ्य र विश्वसनीयता हाम्रा आमसञ्चार माध्यमहरुले दिनसक्नु पर्दछ भन्ने सामुहिक र सामाजिक मान्यता र अपेक्षापनि हुन्छ । यसका लागि सञ्चार माध्यममा विश्वसनीय पात्र छनौट गर्नु र उनीहरुबाट समाजलाई सू-सुचित गर्ने कार्यको पछिल्लो चरणमा व्यापकता बढेको छ ।

नेपालको भूगोलका हिसाबले पनि ग्रामीण क्षेत्र अधिक ओगटेका कारण त्यहाँको जनजीवनलाई सूचित गर्ने पत्रकारिता, सामाजिक जागरणको निम्ती आवश्यक छ । तर स्थानीय स्तरबाट त्यहाँको आवाज मुखरित नहुनु ग्रामीण पत्रकारिताको जटिलता हो । पेसागत सुरक्षा र पत्रकारितामा पहुँचका हिसाबले समेत चुनौती छ ।

हरेक क्षेत्रमा वर्चस्व जमाएर बसेको राजनीतिले, गाउँ क्षेत्रबाट गरिने पत्रकारिता टिक्ने वा नटिक्नेमा अहम् अर्थ राख्छ । दलगत झुकाव, दलीय आस्थाका आधारमा बनाइएको मानसिकता र समाजका घटनाहरुलाई कसरी मिडियामा उतार्ने भन्ने सवाल, सानो ठाउँका लागि ठूलो सवाल हुने गर्दछ ।

पछिल्लो समय नेपाली आमसञ्चार, सञ्चारकर्मी र आम मिडिया जगतलाई चौथोअंग

भन्ने गरिएपनि अर्थहीन परिभाषाको चपेटामा हाम्रा सञ्चार माध्यम, सञ्चारकर्मी अर्थात पेसागत् रुपमा पत्रकारहरु शाव्दिकताको बहसमा छौं । सँधै आलोचक भएको भन्ने आरोप लागेका आमसञ्चार र त्यसमा क्रियाशील पत्रकार अनि हामीले गरेको पत्रकारिता कर्मदोषको भकारी जस्तो छ । पत्रकारिता जीवनमा हामीले अध्ययन गरेको समाज, हाम्रो पत्रकारिता र पत्रकारको भूमिका व्यवहारमा त्यसको प्रयोग ग्रामीण क्षेत्रबाट हेर्दा नूनमा बालुवाको घुलन जस्तो चूनौतीपूर्ण छ ।

***ग्रामीण पत्रकारिता र चुनौती***

पत्रकारितामा देखिएका केही सवालहरु यस्ता छन् :

परिवर्तन भन्ने दृष्टिकोणबाट समाजलाई हेर्ने र कर्मले बदल्न खोजेको त्यही समाजसँग आफै टक्कर लिने हाम्रो पेसाले आफैलाई सुरक्षित राख्न नसकेको स्थिति छ । पत्रकारिता पेसाको धर्म समाजलाई सूचना लिनु र दिनु त हो, तर समाजमा सँधै सकरात्मक कुरा मात्र हुँदैनन् । नकरात्मक काममा समाजकै मानिसहरु संलग्न रहन्छन् । उनीहरुको कर्म जस्तो छ त्यस्तै बताउने काम पत्रकारको हो । त्यो ऐनाको कामगर्दा, आफ्नो अनुहार विग्रेको देख्ने समाजको त्यो पात्रले त्यही अनुहार देखाउने ऐना फोर्न तयार हुन्छ ।

राज्यले चौथो अंग भन्छ । 'पत्रकार महोदय' भनेर बोलाउँछन् । तर आफूले चाहेको जस्तो समाचार नआएको खण्डमा, वा राज्यको गल्ती औँल्याइ दिएको खण्डमा चौथो अंगको पगडी गुथाउँनेले नै, पछि फर्केर त्यस अंगको शल्यक्रिया गर्नपछि पर्दैन । त्यसमा पनि गाउँबाट पत्रकारिता गर्ने र थोरै संख्या भएका ठाउँहरुका पत्रकारहरुलाई राज्यका स्थानिय प्रतिनिधिहरुले आतंकित पार्ने गरेका घटनाहरु समेत देखिन्छन् ।

अहिले हेर्दा हाम्रो पत्रकारितामा सिकाइको समस्या छ । समाजलाई जान्ने, बुझाईको समस्या पनि छ । आफ्नो स्वाभाविक पहिचान र गरिमासहित पेसागत सुरक्षापनि आम सञ्चारमाध्यमको समस्या छ । यस्ता जटिलताहरुको कारण कतिपयको लागि यो पेसामा कहिलेसम्म टिक्ने भन्ने असुरक्षित भविष्यको समस्या समेत छ ।

यसरी पत्रकारको व्यक्तिगत चुनौती र समस्याहरु एकातिर जटिल छ भने आजसम्म जेनतेन यस पेसामा टिकेको र क्रियाशीलहरुलाई हेर्ने सही दृष्टिकोणको समस्यापनि उत्तिकै छ । तर मेरो विचारमा कर्ममा सक्रिय, इमान्दार र जुझारु सञ्चारकर्मीलाई हामी आफैले पनि त्यही सकरात्मक दृष्टिका साथ एक अर्काप्रतिको व्यवहारमा एकरुपताको खाँचो छ । अर्कोतिर मूलधारका सञ्चार माध्यम र यसमा कार्यरत संचारकर्मी मित्रहरु जो जस्लाई भनिएको छ वा मोफसलका भिन्न सञ्चार गृहहरुले ग्रामीण पत्रकारितालाई सिधै अवमूल्यन गरिरहेका हुन्छन् । उनीहरु संस्थागत रुपमै गाउँमा एउटा स्टिङ्गरसम्म राख्ने पक्षमा देखिँदैनन् ।

ग्रामीण क्षेत्रमा जेनतेन दुःखगरेर पत्रकारिता पेसामा रहेका पत्रकारहरुप्रति सदरमुकाम केन्द्रित पत्रकारिता गरिरहेकाहरुको दृष्टिकोणपनि फरक हुने गरेको देखिन्छ । सदरमुकाम र शहरमा बस्ने पत्रकारहरुले ग्रामीण क्षेत्रबाट पत्रकारिता गर्नेहरुलाई पत्रकार नै गन्दैनन् । तर कतिपय ग्रामीण पत्रकारको पसिना र मर्म चुस्न पल्केका हुन्छन् । यद्यपि सबै त्यस्तो हुन्छन् भन्नेपन छैन ।

केही पत्रकारहरुसंग सहकार्यपनि हुन्छ । यसले पेसामा सहजता र आत्मीयता उत्पन्न गराउँछ । तर ग्रामीण पत्रकारिताप्रतिको हेपाहा दृष्टिकोणले पेसागत रुपमा अन्तरमन भने भाँचिन्छ । ग्रामीण पत्रकारको रुपमा यस्ता कयौँ नराम्रो अनुभव हामीले गरेका छौँ । गाउँ र दुर्गम क्षेत्रको कुना कन्दरामा घुमेर समाचार ल्याएको पत्रकारको कर्मले अर्को कोठाबाट गुगल चहार्ने मूलधारको मिडियाकर्मीले उसको कर्म लुटेको तीतोपनापनि हामीले चाखेका छौं ।

*ग्रामीण पत्रकारिता एक अवसर पनि हो*

पत्रकारिता पेसा गर्ने हो, पेसामा क्रियाशील रहने हो र हाम्रो उपस्थितिको औचित्यता पुष्टि गर्नका निम्ती हामी दृढ छौँ भने समाजका दृष्टि बदल्ने हिम्मत हामीसँग हुनुपर्दछ । अहिले आम जनता सचेत हुनुको साथै स्थानीय जनप्रतिनिधिहरुलाई जनताप्रति उत्तरदायी बन्न बाध्य पार्नेगरी, स्थानीयतहले गरेका राम्रा कामहरुलाई जनता माझ ल्याउनसक्नु र त्यहाँ भए गरेका कमी कमजोरी, अनियमितता र भ्रष्टाचार तथा ढिलासुस्तीप्रति कलम चलाएर जनता माझ पुऱ्याउनु पर्ने आवश्यक्ता छ ।

स्थानीय तहहरुले आफ्नो स्थानीय पत्रपत्रिका र पत्रकारहरुलाई संरक्षण सम्बर्द्धन गर्नको लागि उचित बन्दोबस्त गर्नसक्नु पर्दछ । स्थानीय संचारमाध्यमलाई टिकाउनको लागि प्रत्येकवर्ष केही बजेट विनियोजन गरेको हुन्छ, त्यसलाई सही सदुपयोग हुनुपर्दछ ।

हामी पत्रकारितामा समाजको मानसिकताले बोलेको लेख्छौं, पढाउँछौं । समाजले समेत सकरात्मक भन्दा नकरात्मक सवालमा बढी रुची देखाएको भएर होला, हामीले लेख्ने र बोल्ने गरेको पत्रकारितामा नकारात्मकता बढी देखिने गरिएको छ । यथार्थमा यो समाजमा देखिने नकारात्मकताप्रतिको आलोचना हो । यसैले होला, आज जनमानसमा पत्रकार, पत्रकारिता भनेको नकारात्मक कुरा लेख्ने, बोल्ने पात्र हुन् र आमसञ्चार माध्यमहरु सामाजिक सचेतनाको नाममा गलत कुरामात्र औंल्याउने र देखाउने थलो हो भन्ने परिसकेको छ । यस्तो चूनौतिको सामना गरि पत्रकारिताप्रति समाजको दृष्टिकोण सकारात्मकतामा परिवर्तित गर्नुपर्ने खाँचो छ ।

मैले देखेको र बुझेको सवाल, हाम्रो पत्रकारिता 'टिकाउ, बिकाउ र सिकाउ'को अवस्थामा छ । यसको तात्पर्य आमसञ्चारमा पस्केको सामाग्री कति बिक्छ, त्यो सामाग्री पस्कने पात्र 'पत्रकार' कतिसमय सञ्चारमाध्यममा टिक्छ र उसको कर्मबाट समाजले के सिक्छ भन्ने हो । हामी पत्रकार अरुलाई सिकाइ राखेका हुन्छौं । आफ्नो कर्मबाट स्वयं आफै के सिक्छौं भन्ने पनि हो ।

पत्रकारले समाचार लेखेर धारोसम्म पानी आउँदैन, कुप्रथा हट्दैन, विभेदको पूर्ण निरुपण हुँदैन, भ्रष्टचार, अनियमितता घट्दैन, तर पत्रकारिताले यतातर्फ ध्यान आकृष्ट गराउने र यसको निम्ती सामाजिक चेतना निर्माणमा भूमिका खेल्छ । पत्रकारिता नियमनकारी होइन निगरानीको प्रयत्न गर्ने हो ।

हामीले समाजबाट सिकेका सकरात्मक कुरा अघि सार्ने र नकरात्मक सवाललाई सही विश्लेषण गरि पस्कने क्षमता राख्यौं भने, भूगोल, ठाउँ विशेष र गाउँ भनेर पत्रकारिता ओझेलमा पर्दैन । क्षमताको विकास, समस्या बारे सही दृष्टि र कर्ममा सिर्जनशीलताले समाजलाई फाइदा नै

पुऱ्याउँछ ।

अझैसम्म पनि ग्रामीण पत्रकारितालाई नेपाली पत्रपत्रिकाले उचित स्थान दिन सकिरहेको देखिदैन । अब नेपाली पत्रकारिताले ग्रामीण पत्रकारिताको क्षेत्रमा चासो दिन जरुरी देखिन्छ । अहिले राज्यले पत्रकारिता बिषय अध्ययनगर्नको लागी विभिन्न क्याम्पस र उच्च माध्यमिक विद्यालयमा समेत पत्रकारिता विषयको अध्यापन सुरु गरेको छ । त्यतिमात्र होइन पत्रकारहरुको लागि विभिन्न संघसंस्थाहरुले पेसागत तालिमको आयोजनापनि गर्दै आएका छन् । यस्ले पत्रकारिता क्षेत्रमा लाग्नेहरुलाई अवसरको बोध गराउने र प्रोत्साहित गर्नेछ । यसरी नै सरकारले पनि पत्रपत्रिकाको विकास र उचित संरक्षणको लागि पत्रपत्रिका चल्ने उचित स्रोत र विज्ञापन पारदर्शी बनाउन जरुरी छ । विज्ञापनका अतिरिक्त संचार क्षेत्रलाई दिगो बनाउन वित्तिय संस्थाहरुलाई लगानी गर्न प्रोत्साहन हुने खालको नीति निर्माण तथा सम्भाव्यताको खोजी गर्न राज्य तथा सरोकारवालाहरुले प्रयत्न गर्नु नितान्त आवश्यक छ ।

*उहाँ नेपाल पत्रकार महासंघ मधेस प्रदेश समितिका सदस्य हुन्*

# मधेस प्रदेशमा टेलिभिजनको प्रयोग र अवस्था

> मधेशमा निजि क्षेत्रको लगानीमा संचालित टेलिभिजनहरुको अवस्था खासै उत्साहजनक देखिदैन। सरकार र टेलिभिजन संचालकहरुको समन्वय र सहकार्य नहुनुका कारणपनि मधेश प्रदेशका केही टेलिभिजनहरु बन्दहुने अवस्थामा पुगेको छ।



विष्णु कुवंर

विद्युतिय संचार माध्यमको रुपमा नेपालमा वि.स.२०४१मा पहिलो टेलिभिजन च्यानेल नेपाल टेलिभिजन (एनटिभी)को प्रसारण सुरुवात भएर २०४२ श्रावण २९गते परिक्षण प्रशारण सुरुवात भई २०४२ मंसीर देखि नियमित प्रशारण सुरु भए पछि टेलिभिजन प्रतिको आकर्षण बढन थालेको देखिन्छ। बर्तमान अवस्थामा प्राय: धेरैको घरमा रेडियो पछि पुगेको दोस्रो बिधुतिय संचार माध्यम टेलिभिजन नै हो।

नेपाल सरकारद्वारा मधेस प्रदेशमा केवुल तथा भू उपग्रह प्रविधि मार्फत मधेश प्रदेश स्थितका विभिन्न जिल्लाहरुबाट टेलिभिजन संचालन गर्न अनुमति प्राप्त टेलिभिजनहरुको संख्या कुल ११ वटा रहेको छ जसमा ७ वटा केवुलमा आधारित र ४ वटा भू उपग्रह प्रबिधि मार्फत संचालन गर्ने अनुमति प्राप्त गरेका छन। सम्बन्धित निकायबाट प्राप्त जानकारी अनुसार धनुषा जिल्लाको जनकपुरधामबाट ६ वटा , पर्सा जिल्लाको विरगन्जबाट ३ वटा, रौतहट जिल्लाको गौरवाट १ वटा र सिरहा जिल्लाको गोलबजारबाट १ वटा टेलिभिजनहरु प्रशारणमा रहेका छन। सरकारका नीति नियम, योजना तथा कार्यक्रमबारे जानकारी, प्रचार प्रसार वा कार्यक्रमबाट लाभान्वित हुने प्रक्रियाबारे सरोकारवालाहरु नियमित रुपमा सुसूचित हुने तथा गीत संगीत, खेल, राष्ट्रिय अर्न्तराष्ट्रिय समाचार लगायतका विभिन्न खाले मनोरन्जनात्मक गतिविधिहरु, नयाँ प्रबिधिहरुबारे जानकारी, व्यावसायिक जानकारी तरंगहरुको प्रसारणबाट श्रव्य र दृश्य सामग्रीहरु हेर्न र सुन्न पाइने भएकाले अहिलेको अवस्थामा हरेक घरमा टेलिभिजन सेट हुनु अनिवार्य जस्तै भैसकेकोले टेलिभिजनको प्रयोग बढदो क्रममा रहेको देखिन्छ। मानिसहरु टेलिभिजनको पर्दा अगाडी घन्टौं समय बिताउने गरेकाले यो जीवनको अभिन्न अंग जस्तै बनिसकेको छ। समग्रमा टेलिभिजनले राष्ट्रिय अर्न्तराष्ट्रिय स्तरका विभिन्न कार्यक्रमहरु संचालन गरि जनतालाई लाभान्वित गराउने भएकाले टेलिभिजन प्रभावकारी माध्यम बनेको कुरालाई नकार्न सकिँदैन।

*टेलिभिजन संचालनमा देखिएका समस्या एवं चुनौतीहरु :*

विभिन्न संचारमाध्यमहरु मध्ये केवुल तथा भू-उपग्रह प्रविधि मार्फत संचालन हुने टेलिभिजन सबैभन्दा बढी लगानीमा संचालन हुने संचारमाध्यम रहेको सर्वविदितै रहेको कुरा हो । मधेश प्रदेशमा टेलिभिजन संचालन गर्न चाहिने दक्ष प्राविधिकहरुको कमीका कारण संचालन पूर्व दक्ष प्राविधिक उत्पादन गर्न लगानी गर्नुपर्ने, विषयगत दक्ष जनशक्तिमा क्यामराम्यान, एम सी आर टेक्नीसियन, समाचार संकलन तथा व्यवस्थापन एवं प्रशारण, भीडियो संकलन तथा ईडीटींग, आवश्यकता अनुसारका टेली सृखंला उत्पादन एवं प्रशारण लगायतका कार्यहरु सम्पादन गर्न दक्ष जनशक्ति उत्पादन गरी टेलिभिजन संचालन गर्नु प्रमुख समस्या एवं चुनौतीको रुपमा रहेको छ ।

> **“ मधेश प्रदेशमा टेलिभिजन संचालन गर्न चाहिने दक्ष प्राविधिकहरुको कमीका कारण संचालन पूर्व दक्ष प्राविधिक उत्पादन गर्न लगानी गर्नुपर्ने, विषयगत दक्ष जनशक्तिमा क्यामराम्यान, एम सी आर टेक्नीसियन, समाचार संकलन तथा व्यवस्थापन एवं प्रशारण, भीडियो संकलन तथा ईडीटींग, आवश्यकता अनुसारका टेली सृखंला उत्पादन एवं प्रशारण लगायतका कार्यहरु सम्पादन गर्न दक्ष जनशक्ति उत्पादन गरी टेलिभिजन संचालन गर्नु प्रमुख समस्या एवं चुनौतीको रुपमा रहेको छ। ”**

साथै आर्थिक प्रशासनिक कार्यसंगै बजार व्यवस्थापनसंग सम्बन्धित कार्यहरु संचालनगर्न पनि चुनौती नै रहेको देखिन्छ ।

उपरोक्त कार्यहरुसंगै टेलिभिजन प्रशारण एवं संचालन/व्यवस्थापन गर्न निकै लगानीको आवश्यक्ता पर्ने भएकोले संघ, प्रदेश वा स्थानिय सरकारबाट टेलिभिजनको क्षेत्रमा सहयोगको वातावरण श्रृजना भएको देखिदैन । टेलिभिजन संचालनका लागि चाहिने उपकरणहरु, यातायातका साधन लगायतका सामानहरु भारतबाट ल्याउन भन्सार महसूलमा छुटको व्यवस्था नगरिएको कारणपनि टेलिभिजन संचालनमा सहजता आएको छैन ।

बर्तमान अवस्थामा केवुल तथा भू उपग्रह प्रबिधि मार्फत संचालन हुने टेलिभिजनहरुलाई निजिक्षेत्रले केही टेलिभिजनलाई व्यावसायिक विज्ञापन उपलब्ध गराएको तथा सरकारी क्षेत्रबाट कुनै कुनै कार्यालयहरुले सामान्य संन्देश प्रशारण गर्न अवसर प्रदान गरेको देखिन्छ ।

तर प्रदेश सरकारका मन्त्रालयहरु द्वारा प्रदान गरिने लोककल्याणकारी विज्ञापनबाट प्रदेशका टेलिभिजनहरु हालसम्म बंचित रहनु पर्ने अवस्था रहेको छ । मूख्य कुरो मधेश जनआन्दोलनका वेला तथा मधेशका विभिन्न मुद्दाहरुमा मधेश प्रदेश स्थित टेलिभिजनहरुले निर्वाह गरेका भूमिकाहरुप्रति

प्रदेश सरकारको ध्यानाकर्षण नहुनु वा टेलिभिजनहरु मार्फत उठाईएका राजनितिक मुद्दाहरुप्रति संवेदनशिल नहुनुपनि टेलिभिजनहरुको लागि प्रमुख समस्था वा चुनौतीको रुपमा रहेको छ ।

मधेश प्रदेशमा निजि क्षेत्रको लगानीमा संचालित टेलिभिजनहरुको अवस्था खासै उत्साहजनक रहेको देखिदैन । प्रदेश सरकार र टेलिभिजन संचालकहरुको समन्वय र सहकार्य नहुनुका कारणपनि मधेश प्रदेशका केही टेलिभिजनहरु बन्दहुने अवस्थामा पुगेको छ ।

सरकारले चौथो अंगको रुपमा संचारमाध्यमलाई स्वीकार गरेपनि सो अनुरुप सरकारको आचरण वा व्यवहार प्रस्तुत हुन नसकेका कारण संचार माध्यम मध्ये टेलिभिजनहरु बढी प्रभावित भएको देखिन्छ । प्रदेश सरकार संचालन भएको झण्डै ५ वर्ष वित्न लागेपनि टेलिभिजन र यससंग आवद्ध संचारकर्मीहरुको क्षमता अभिवृद्धिका लागि प्रदेश सरकारद्वारा कुनै पहल भएको देखिदैन । पटक पटक मूख्यमन्त्रीज्यु लगायत सम्बन्धित मन्त्रीलाई आ.व.२०७५/०७६ देखिनै मौखिक र लिखित रुपमा ध्यानाकर्षण गराउँदा पनि संचार माध्यम (टेलिभिजन)प्रतिको चासो नहुनुलाई टेलिभिजनप्रतिको सकारात्मक धारणा रहेको विश्वास गर्न सकिने वातावरण श्रृजना हुनसकेको अवस्था छैन । नेपालको संविधान २०७२को अनुसूचि ६ अनुरुप प्रदेश सरकारलाई टेलिभिजन दर्ता, नवीकरणगरि संचालन गराउने अधिकार प्रदान गरेपनि हालसम्म टेलिभिजन नवीकरण गराउन काठमाण्डौ नै धाउने वातावरण यथावतै छ ।

प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को बजेट वक्तव्यको दफा ५० मा “राज्यको चौथो अङ्गको रुपमा रहेको प्रेस जगत तथा आम सञ्चारमाध्ममलाई सम्मान गर्दै सञ्चारकर्मीको उत्प्रेरणाको लागि बजेट विनियोजन गरेको छु ” भनिएपनि व्यवहारमा आउनसकेको छैन । आर्थिक २०७७/०७८ को दफा ९७ मा “विद्यार्थीहरुलाई भौतिक दुरी कायम राखी पठन पाठन गराउनु पर्ने वर्तमानको आवश्यकतालाई ध्यानमा राख्दै विद्यालयको थप भवन निर्माण, थप कक्षाकोठा निर्माण, मर्मत सुधार, स्वयंसेवी शिक्षक भर्ना रेडियो र टेलिभिजनवाट शिक्षणकार्य संचालन तथा अनलाइन शिक्षा विस्तारगर्ने भएकोले यस क्षेत्रको लागी रु.१० करोड वजेट विनियोजन गरेको छु ” भनिएको देखिन्छ । त्यसैगरि दफा १४०.मा “सावजिर्नक सेवा प्रवाह तथा विकास निर्माणका आयोजनामा देखिएका जनगुनासो, जनअपेक्षा एवं आवश्यकता सुनुवाई गर्न रेडियो तथा टेलिभिजन मार्फत ‘जनताके साथ मुख्यमन्त्री’ कार्यक्रम संचालनका लागि आवश्यक रकम व्यवस्था गरेको छु ।” भनिएपनि प्रदेश सरकार प्रदेश स्थित टेलिभिजनहरुसंग समन्वय, सहकार्य गरेको देखिदैन ।

त्यसैगरि प्रदेश सरकारका विभिन्न मन्त्रालयहरुद्वारा विभिन्न समयमा उपलब्ध गराईने सेवा प्रवाह सम्बन्धी संदेश प्रवाह गरिएको देखिदैन । विभिन्न प्रकारका संदेशहरु विभिन्न समयमा लाग्ने रोगहरुबाट बच्ने उपायहरु, दैवि प्रकोपको समयमा अपनाउनु पर्ने उपायहरु, बेटी बचाउं बेटी पढाउं अभियान, स्वच्छता अभियान लगायतका कार्यक्रमहरु बारेका संदेशहरु प्रदेश स्थित टेलिभिजनहरु मार्फत प्रवाह गरि लाभान्वित गराउनु पर्नेमा सो नगरेको देखिएकोले प्रदेश सरकार आफनै प्रदेश स्थित टेलिभिजनहरुलाई उपेक्षा गरेको प्रष्टै देखिन्छ ।

*टेलिभिजनको अवस्थामा सुधार ल्याउन मधेस प्रदेश सरकारद्वारा गरिएका प्रयासहरु :*

मधेस प्रदेशमा संचारमाध्यमहरुलाई प्रभावकारी व्यवस्थापन, क्षमता अभिवृद्धि लगायत वर्गीकरणका आधारमा लोक कल्याणकारी विज्ञापन उपलब्ध गराई केही हदसम्म आर्थिक क्षेत्रमा सहयोग पुऱ्याउने उद्देश्यले प्रदेश सरकारद्धारा २०७७ माघ २९गते आम संचार प्राधिकरण र मिडिया काउन्सिल स्थापनागरी विधिवत् रुपमा २०७८ बैशाखदेखि कार्यालय संचालनमा आएको छ । आम संचार प्राधिकरण र मिडिया काउन्सिलद्वारा संचार क्षेत्रमा संचारकर्मीहरुका लागि क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन , टेलिभिजन संचालन एवं प्रभावकारी व्यवस्थापनका लागि अर्न्तक्रिया, संचार माध्यमहरुको वर्गीकरणका लागि पहल तथा संचार माध्यम (टेलिभिजन)का लागि लोककल्याणकारी विज्ञापन लगायत पत्रकारहरुको स्वास्थ्य विमाको व्यवस्थापन भएको प्रशंसनीय कार्य भएको देखिन्छ । तर गठित प्राधिकरण र काउन्सिलमा आवश्यक जनशक्ति परिपूर्तिका लागि प्रदेश सरकारद्वारा खासै पहल हुन नसक्नु संचार माध्यमको लागि गरिएको सकारात्मक पहलप्रति प्रदेश सरकारका सम्बन्धित मन्त्रालय लगायत मूख्यमन्त्री कार्यालयको संवेदनशिलतामा अझैपनि आवश्यक पहलको खांचो रहेको देखिन्छ ।

आगामी दिनमा टेलिभिजनको समस्याप्रति गम्भीर भई मधेस प्रदेश सरकारले आफ्ना नीति तथा कार्यक्रम मार्फत सहयोग र समन्वयको वातावरण श्रृजनागरी टेलिभिजनको अवस्थामा सुधार ल्याउन पहलगर्ने तथा नेपालको संविधान २०७२ले दिएको अधिकार प्रयोगगरि टेलिभिजन संचालन, नवीकरण लगायतका कार्यहरु मधेस प्रदेश सरकारका सम्बन्धित निकाय मार्फत गराउने व्यवस्था गर्नेछ भन्ने आशा र विश्वास लिएको छु । धन्यवाद ।

*उहाँ टेलिभिजन संचालक संघ,मधेस प्रदेशका अध्यक्ष हुन ।*

# पत्रकारिता, चुनौती र अवसर

> पत्रकारितामा यति धेरै चुनौती र समस्या हुँदाहुँदैपनि अवसर पनि हो । देशमा जस्तोसुकै विषम परिस्थिति आउँदा त्यही पत्रकारले देश रक्षाको लागि कलम चलाउने भएकोले अनेक आलोचना तथा समस्याहरु समेतका बावजूद पत्रकारिताप्रति जनताको भरोसा र सम्मान कायम छ।



रञ्जन भण्डारी

पत्रकारिता सम्मानित पेशा हो । देश र जनतासंग प्रत्यक्ष जोडिएको घटना र जानकारीलाई लिपिवद्ध गरी जनताकै बिचमा पुऱ्याउने विश्वासिलो माध्यम पत्रकारिता नै हो । पत्रकारिताको कर्म गरिरहदा एउटा पत्रकारले हरेक परिस्थितिमा समाचार लेख्नुपर्ने हुन्छ । बाढी, पहिरो, सुख्खा र आगलागी जस्ता विपद्को बेला होस वा मानव अस्तित्व नै सखाप पार्नेगरी सम्पूर्ण विश्व हल्लाउने कोरोना होस, पत्रकारको कलम रोकिन्न । हरेक ठाउँमा भौतिकरुपमै उपस्थित भई जनताको पीडा सरकारसम्म पुऱ्याई दिने र सरकारको काम कार्वाही जनता समक्ष पुऱ्याई दिने विश्वासिलो माध्यम अझैपनि पत्रकारिता नै हो ।

तर एउटा पत्रकारले पत्रकारिता गरिरहँदा उसले सामना गर्नुपर्ने चुनौतीपनि अथाह छ । पटक-पटक सुरक्षा निकाय र कहिलेकाँही जनताबाटै समेत कुटिनु पर्ने, डर, र धाकधम्कीको सामना गर्नुपर्ने र अपमानित हुनुपर्ने परिस्थिति प्राय हरेक पत्रकारको जीवनमा आएकै हुन्छ । कहिले आफ्नै लेखन त्रुटी र कहिले सही लेख्दा समेत यस्तो परिस्थितिको सामना पत्रकारले गर्नुपरेको छ । प्राय शक्तिको अहम्ले मात्तिएको पक्षबाट पत्रकार पीडित हुनुपरेको छ। तर पत्रकारले यस्तो परिस्थितिको सामना गरिरहँदा पत्रकारको हकहितको लागि भनिने गरिएको संघ संस्थाहरुले एउटा विज्ञप्ति निकाल्नुमै आफ्नो कर्तव्यको इतिश्री ठान्छन् ।

पत्रकारहरुले आफूले काम गरेको सञ्चार माध्यमबाट समेत समाचार लेखन वापत पाईने पारिश्रमिक समयमा नपाईंदा विल्लीबाँठको अवस्थामा पुग्ने गरेका छन् । सवारी साधनमा तेल हाल्नेदेखि मोबाईल र ईन्टरनेटको विल तिर्न धौ धौ पर्ने अवस्था मोफसलमा कामगर्ने प्रायः हरेक पत्रकारको साझा भोगाई हो । मोफसलमा समेत पत्रकारको लागि भनिने संस्थाहरुबाट विज्ञप्तिमात्र निकालेर झारा टार्ने काम गरिन्छ ।

देश कोरोनाको उच्च जोखिममा रहेको वेला ज्यानको माया मारेर पल-पलको समाचार

संकलन गरेर प्रकाशित र प्रसारित गर्ने पत्रकारले आफु आबद्ध मिडिया हाउसबाट प्रोत्साहन पाउनु पर्नेमा जागिर नै गुमाउनु परेको पीडा झन् भयावह छ । सयौँ पत्रकारलाई कोरोनाकालमै कामबाट निकालेर मिडिया हाउसहरुले ज्यादती गरेकै हुन । झन् आफु आवद्ध मिडिया हाउसबाट सहयोग र प्रोत्साहन पाउनु पर्ने पत्रकारले जागिर गुमाउदा उनका घर परिवारले कति दिन त आधा छाक खाएर समय विताए । केहीले त पेशा नै परिवर्तन गरे ।

केहि वर्ष पहिले म लगायत केही सञ्चारकर्मी सुरक्षा निकाय समेत पुग्न नसकेको वाढीग्रस्त डुवान क्षेत्रमा पुगेर त्यहाँको वस्तुस्थिति बुझी समाचार सम्प्रेषण गरेपछि मात्र सुरक्षा निकाय र सरोकारवाला अन्य निकायको ध्यान उक्त क्षेत्रमा केन्द्रित भयो र राहत तथा बचाव कार्य गरियो । जलेश्वर कारागार नै डुबानमा परेको बेला भित्रै पुगेर रिपोर्टिंग गरेपछि दुईदिन भोकै वसेका कैदी वन्दीले राहत पाए । तर यी सवै कार्य गरिरहदा सरकारी कर्मचारी र सुरक्षाकर्मी तथा अन्य सहयोगी संस्थाको वाहवाही मात्र भयो । त्यस्तो सम्वेदनशील परिस्थितिप्रति ध्यान आकृष्ट गराइदिने पत्रकारलाई धन्यवाद जस्तो एउटा शव्द समेत कहीँ कतैबाट व्यक्त भएन । तथापि पत्रकारले फलको चिन्ता नगरि कर्म गरिरहे ।

देशमा हुने हरेक आन्दोलनको प्रत्यक्ष साक्षी र सूचना तथा समाचारको सम्वाहक पत्रकारलाई जनआन्दोलन पछिका कयौं नेता र जनप्रतिनिधिले समेत होच्याउने कार्य मात्र गरेका छन् । आफु सत्ता बाहिर हुँदा पत्रकारले उठाईदिएको आवाजको प्रभावमा सत्तामा पुगेका दल तथा नेताहरुले पछि विभिन्न कानुन र परिस्थिति सृजना गरेर पत्रकारकै घाँटी निमोठने प्रयत्न गरेको कयौं उदाहरणहरु छन् ।

पत्रकारले आफ्नो पेशागत कर्मको लागि विभिन्न निकायसंग सूचना मांग गर्दा सूचनाबाट वञ्चित गरिनु अहिले पत्रकारको लागि सामान्य विषय बनिसकेको छ । जति धेरै जनप्रतिनिधि भए, भ्रष्टाचारपनि त्यति नै मौलायो । यता भ्रष्टाचार गर्नमा सरकारी कर्मचारीहरुपनि कम रहेनन् । त्यसैले भ्रष्टाचार हुँदा सूचना लुकाउनु स्वभाविकपनि हो । पत्रकारले सूचना पाए समाचार लेख्छ र समाचार लेखिएपछि कार्यवाही हुने भयको कारण सरकारी कार्यालयहरुमा सूचना लुकाइन्छ । त्यसैकारण भ्रष्टाचारले भरिएको स्थानबाट सुचना निकाल्नु सहज छैन । तथापि अझै पत्रकारहरुले सूचनाको हकको अनिवार्यता सम्बन्धी कानूनी व्यवस्थाको प्रयोग गरेर सूचना निकाल्ने र त्यसलाई समाचारको माध्यमले जनसमुदाय बिच प्रेषित गर्न प्रयास भने छाडेका छैनन । केही स्थानमा पत्रकारले सूचना मांगेको निहुँमा समेत पीडित हुनु परेकै छ ।

तर अरुमाथि यस्ता प्रश्न र गुनासो गरिरहँदा केहि कमी(कमजोरी भने पत्रकारमा समेत नभएको होईन । अदक्षता र समाचारको अपुष्टताले समेत पत्रकारको गरिमामाथि बेला बेलामा आँच आउने गरेको तितो यथार्थपनि छ । पत्रकारिताको सामान्य र आधारभूत ज्ञान र प्रशिक्षणको अभावमा बेखबर भएर गरिने पत्रकारिताले वेला वेलामा पत्रकारमाथि नै संकट ल्याउने गरेकोपनि यथार्थ नै छ ।

कतिपय स्थानमा सत्यता नै नबुझी समाचार लेखिदिने, असत्य समाचार समेत कपी

पेष्ट गरिदिने, एकपक्षीय समाचार लेखिदिने, राजनितिक तथा प्रशासनिक दवाव र प्रभावमा परेर समाचार लेखिदिने र दलगत पत्रकारिता जस्ता कार्यले पत्रकारिताको 'विश्वसनीयता, सत्यता तथा सन्तुलन माथि वेलावेलामा प्रश्न उठ्ने गरेको छ।

पत्रकारितामा देखिएका यस्ता विकृतिहरुमा सुधार गर्न वढी भन्दा वढी तालिमको आवश्यक्ता छ। तर महोत्तरी र धनुषामा मात्र नभएर सम्पूर्ण मधेश प्रदेशमै पत्रकारलाई तालिम दिएर दक्ष बनाउने तर्फ सम्बन्धित निकायहरु सुस्त देखिएका छन्।

स्थानिय निकायहरुले आफ्नै पालिकास्तरमा पत्रकारिता गर्नेहरुलाई अवसर र तालिम दिनसक्ने भएपनि पालिकाहरुको पत्रकारिता परिष्कृत गर्ने तर्फ ध्यान जान सकेको छैन। यसरी नै प्रदेश सरकार र मातहतका मन्त्रालयहरुले वेला वेलामा आयोजना गर्ने तालिमहरु कागजमै सीमित पारिनु तथा तालिम दिँदा समेत कोरम पुऱ्याउन मात्र, दलगत पत्रकारहरुलाई जम्मा पारेर बजेट पचाउनुले समग्र पत्रकारिताको विकास र सुदृढिकरण हुनसकेको छैन।

पत्रकारितामा यति धेरै चुनौती र समस्या हुँदाहुँदैपनि अवसर भने नभएको होईन। देशमा जस्तोसुकै विषम परिस्थिति आउँदा त्यही पत्रकारले देश रक्षाको लागि कलम चलाउने भएकोले अनेक आलोचना तथा समस्याहरु समेतका बावजूद पत्रकारिता प्रति जनताको भरोसा र सम्मान भने अझै कायम छ।

यस पेशामा उर्जावान युवाहरुको उपस्थितिले देशमा सकारात्मक परिवर्तनलाई बल पुऱ्याउन सक्ने भएकोले पत्रकारिताप्रति आकर्षण बढाउन सम्बन्धित पक्षहरुले प्रयत्न गर्नु आवश्यक छ। यसको लागि मिडिया हाउसहरु समेत थप सम्वेदनशील र उदार भैदिनु पर्ने हुन्छ। पत्रकारिता पेशामा सहभागितामा अवसरको सृजना गरेर युवालाई आकर्षित गराउनको निम्ती उचित वातावारण, तालिम तथा दक्षता अभिवृद्धिका कार्यक्रम जरुरी छ।

हाल पत्रकारितमा महिलाहरुको उपस्थितिपनि उल्लेख योग्य छ। तर उनीहरुभित्र पेशागत र भौतिक दुबै सुरक्षा भाव दृढ गर्नसके यस पेशामा लाग्न थप महिलाहरुलाई प्रोत्साहित र प्रेरित गर्न सकिन्छ।

पार्टी पत्रकारिता, व्यक्ति पत्रकारिता, पक्ष वा विपक्ष पत्रकारिता, घरखर्च चलाउने पत्रकारिताको मानसिकताबाट टाढा भई देश र जनताको हितमा गरिने पत्रकारितालाई प्रोत्साहित गर्नसकिए पत्रकार र पत्रकारिताको विकास निश्चित छ।

पत्रकारितालाई थप मर्यादित र प्रतिष्ठित बनाउन सहयोगी बनौ ! आवाज विहिनको आवाज बन्ने पत्रकारको भविष्य सुनिश्चित गर्न आवश्यक पहल गरौ !

# महोत्तरीमा पत्रकारिताको इतिहास

> महोत्तरीमा जिल्लामा पत्रकारिताको इतिहास स्पष्ट छैन। राणाकालदेखि नै पत्रकारहरुले आफ्नो कलम मार्फत जनताको आवाज बुलन्द गर्दै आएको देखिन्छ।



नागेन्द्रकुमार कर्ण

*विषय प्रवेश :*

पत्रकारिता मूलतः जवाफदेहिता, जिम्मेबारी, उत्तरदायित्व तथा मर्यादा बोकेको पेशा हो । यही भएर यसलाई राज्यको चौथो अंगको रुपमा मर्यादा प्राप्त भएको छ । तथ्य र सत्यमा आधारित पेशाको रुपमा रहेको पत्रकारिता आस्था, विश्वास, प्रतिवद्धता र पूर्ण जिम्मेबारी बोकेको पेशाको रुपमा मात्रै नभई जिम्मेबारी बोकेकाहरुलाई जिम्मेबार बनाउन घच्घचयाउने पेशाको रुपमा पनि परिचित छ । समाजमा हुने विकृति विसंगति, अन्याय र विभेदलाई पत्रकारिताको माध्यमबाट सार्वजनिक गरी ती समस्याहरुलाई सच्याउने र समाधानको भूमिका खेल्नुका साथसाथै समाजमा उदाहरणीय काम गर्ने मानिसलाई प्रोत्साहित गर्ने कामपनि पत्रकारिताले गर्दै आएको छ ।

नेपाली पत्रकारिताले पूर्ण प्रेस स्वतन्त्रताको पक्षमा दृढ रहँदै नेपालको विभिन्न प्रजातान्त्रिक आन्दोलनमा पहिलो पंक्तिमा रहेर भुमिका खेलेर समाजको मन जित्न सफल हुँदै आएको यस्को गर्विलो इतिहास रहेको छ । तर समयसंगै पत्रकारितामा विकृति, विसंगति समेत भित्रिएको छ । अझ पत्रकारिताको पछिल्लो आधुनिक अध्याय डिजिटल माध्यममा देखिने भ्रमात्मकता र विसंगतिहरुले पत्रकारिताजगत नै वदनाम हुने अवस्थामा सृजित भएको छ । नेपालको संविधानले पत्रकारहरुको लागि केही विशेष अधिकार नदिएपनि कतिपय पत्रकारहरुको लेखाई, बोलाई र व्यहवहार हेर्दा उनिहरु आफु संविधान र कानुनभन्दा पनि माथि रहेको अनुभूति हुन्छ । राज्यले समान नागरिक अधिकारको प्रत्याभूत गरेपनि पत्रकारिताजगतले आफुलाई विशेष नागरिकको रुपमा हेर्नु यसक्षेत्रको नकारात्मक प्रवृत्तिको रुपमा रहेको छ । आवाजविहीनहरुको प्रतिनिधित्व गर्ने पत्रकारिताजगतलाई आवाजविहिनहरुले नै एक विशेष नागरिकको रुपमा व्यवहारगर्ने भएकोले पत्रकारहरुले आचारसंहिताको पालनागर्दै सधै जनताप्रति जवाफदेही र इमान्दार भएर कामगर्न जरुरी छ ।

महोत्तरीमा जिल्लामा पत्रकारिताको इतिहास स्पष्ट छैन । राणाकालदेखि नै पत्रकारहरुले आफ्नो कलम मार्फत जनताको आवाज बुलन्द गर्दै आएको देखिन्छ । विगतमा महोत्तरी, धनुषा र

सर्लाही एउटै जिल्लाको रुपमा रहेको यसक्षेत्रमा नवोनाथ झा, युगेश्वर वर्मा, शहिद गणेश चौधरी, रामस्वरुपप्रसाद विएलगायतकाहरुले विभिन्न भारतीय पत्रपत्रिकामा काम गरेको देखिएको छ। वि.सं.२०१८ सम्म हालको धनुषा र महोत्तरी जिल्ला महोत्तरी जिल्ला थियो। ०१८सालमा दुवै जिल्ला छुट्टिएपछि जनकपुरधाम् केन्द्रित पत्रकारिता बढेको नेपालीय मैथिली छापा पत्रकारिताको इतिहासमा उल्लेख छ। वि.सं.२०१४ अघि निर्भयशकंर लाल कर्ण 'ललित'ले हस्तलिखित 'बालसखा' पत्रिका निकाल्ने गरेको सो पुस्तकमा उल्लेख छ। विगतका वरिष्ठ पत्रकारहरु विन्देश्वरीप्रसाद मण्डल, कुँवरकान्त झा, दशरथ भण्डारी, रामकुमार मण्डल, विश्वनाथ लाल कर्णलगायतकाहरुले विभिन्न भारतीय नेपाली मिडियामा काम गर्दै आइरहेका थिए। वि.सं. २०४०/०४१तिर नेपाल पत्रकार संघको रुपमा तत्कालिन केन्द्रीय अध्यक्ष गोविन्द वियोगीले आँशु साप्ताहिकका प्रकाशक/सम्पादक विश्वनाथ लाल कर्णको अध्यक्षतामा पत्रकारहरुको छाता संगठनको रुपमा तदर्थ समिति बनाएपछि महोत्तरीमा साँगठनिकरुपमा पत्रकारिताको शुरुवात भएको देखिन्छ। त्यतिबेला बिरगंज र जनकपुरका ख्यातीप्राप्त पत्रकारहरु गोपाल गिरी, सुर्दशन, लेखनाथ अधिकारीलगायतकाले महोत्तरीमा पत्रकारिताको जग बलियो पार्न यथेष्ट मद्दत गर्नुभएको थियो। साँगठनिकरुपमा पत्रकार संघ हुदै महासंघमा परिणत् भएपछि महोत्तरीमा पत्रकारिताले फस्टाउने मौका पाएको हो। अहिले जिल्लामा ३९जना महासंघसंग आवद्ध पत्रकारहरु छन् भने सदस्यता नपाएका तीनदर्जनभन्दा बढी सक्रिय छन्। अहिलेसम्म पत्रकारहरुको छाता संगठनको रुपमा रहेको पत्रकार महासंघमा विश्वनाथ लाल कर्ण, विन्देश्वरीप्रसाद मण्डल, रामकुमार मण्डल, दशरथ भण्डारी, हरिप्रसाद मण्डल र निवर्तमान अध्यक्ष कमलेश मण्डल (पद खारेजीमा, कार्यवाहकले अध्यक्षको रुपमा कामकाज गर्दै आएको) ले नेतृत्वको भूमिका निर्वाह गरिसक्नुभएको छ।

> **"भारतीय सीमासित जोडिएर रहेको यो जिल्ला विकासको दृष्टिले निकै पछि परेको छ। पुर्वमा धनुषा, पश्चिममा सर्लाही, दक्षिणमा भारतको बिहार राज्य र उत्तरमा धनुषा, सिन्धुलीसंग जोडिएको यो जिल्ला विगतदेखि नै पत्रकार हरुको लागी मलिलो देखिएको छैन।"**

***महोत्तरीको वर्तमान अवस्था :-***

"खिचों ना कमानंको ना तलवार निकालो, जब तोप मुकाबिल हो तो अखबार निकालो"

अखबार वा पत्रपत्रिकाहरुको कतिको महत्व छ माथिको उद्धरणले प्रस्टयाईरहेको छ। लोकतन्त्रको प्राप्तिको लागी प्रेसले खेलेको भुमिकाको प्रशंसा सबैले मुक्तकण्ठले गरिरहेकै छ। तर

लोकतन्त्र प्राप्तीको लागी प्रेसले खेलेको भुमिकालाई अहिले गौण राख्दै अहिले सबैक्षेत्रबाट प्रेस माथि दवाव बढदो छ । आफु अनुकुल समाचार प्रकाशन भएनभने पत्रिकाको कार्यालय र पत्रकारहरुलाई भौतिक कारबाहीको धम्की दिनु सामान्य मानिन्छ । यतिमात्र होइन, समाचार लेखेकै कारण पत्रकारको निर्ममतापूर्वक हत्यासम्मको कुर्कुत्य हुदैआएको उदाहरणहरुपनि छन् ।

भारतीय सीमासित जोडिएर रहेको यो जिल्ला विकासको दृष्टिले निकै पछि परेको छ । पुर्वमा धनुषा, पश्चिममा सर्लाही, दक्षिणमा भारतको बिहार राज्य र उत्तरमा धनुषा, सिन्धुलीसंग जोडिएको यो जिल्ला विगतदेखि नै पत्रकारहरुको लागी मलिलो देखिएको छैन । यस जिल्लामा उद्योगधन्दा, कलकारखाना, औधोगिक प्रतिष्ठानको पूर्णतः अभाव रहेको हुँदा यहाँका पत्रिका र पत्रकारहरु कसरी र कस्ता कठिनाईहरुका बिच काम गर्दा हुन भन्ने सहजै अनुमान गर्न सकिन्छ । व्यापारीक प्रतिष्ठानहरुको अभावको कारण छापा माध्यमका पत्रपत्रिकाहरुको निम्ती विज्ञापनको अभाव छ । सरकारी विज्ञापन अति नै अल्प छ । पत्रपत्रिका छपाँईको लागी अफसेट प्रेस नहुँदा पेपर प्रिन्ट गर्नपनि धनुषा जिल्लाको जनकपुर पुऱ्याउनुपर्ने बाध्यता छ । पूर्वपश्चिम राजमार्ग र विपी राजमार्गको सुविधाले जिल्लाको बर्दिबासमा त्यस्तो नभएपनि महोत्तरीको सदरमुकाम क्षेत्रमा भने समस्या छ ।

यहाँ सार्वजनिक साइबर अथवा सुचना केन्द्र नहुदाँ यहाँका पत्रकारहरुलाई समाचार प्रेषितगर्न समेत कठिनाई भइरहेको छ । केही समय अगाडीसम्म यहाँका कतिपय पत्रकारहरु आफ्नो समाचार ईमेलबाट प्रेषितगर्न कुनै संघसंस्था र सरकारी कार्यालयको मुख ताक्नपर्ने अवस्था रहेको थियो । पत्रकार दुःख के थियो भने राजधानीबाट प्रकाशित हुने पत्रपत्रिकाहरुमा ईमेलबाहेकबाट समाचार न पठाए छापिदैनथ्यो । अहिले इन्टरनेटहरुको सहज पहुँचले पत्रकारहरुले आ(आफनै घर तथा कार्यक्षेत्रमा इन्टरनेटको पहुँच बढाएका छन् । तर इन्टरनेटको चर्को मासिक शूल्क र वक्यौता तिर्न नसक्ने कठिनाई थप समस्या हुने गरेको छ ।

नेपाल पत्रकार महासंघ महोत्तरी शाखाको आफ्नै भवन र त्यहाँ उपलब्ध भएका कम्प्युटरहरुले केही राहत भने पक्कै दिएको छ । छापामाध्यमलाई आर्थिक संकट छ । तरपनि करिब पाँच दर्जन पत्रपत्रिका महोत्तरीमा दर्ता भएको पाईन्छ । यसमध्ये ६वटा साप्ताहिक पत्रिका जनकपुरबाट छपाएरै भएपनि नियमित प्रकाशन भई नै रहेको छ । यस्तै करिब आधादर्जन दैनिकपत्रिका नियमितरुपमा प्रकाशन भइरहेका छन् । एकदर्जन एफएम समेत नियमित प्रसारणमा छन् । विगतमा जनकपुर चुरोट कारखानाको विज्ञापनबाट प्रकाशन हुने पत्रपत्रिकाहरु त्यसपछि जिल्ला विकास समितिबाट दिइने धेरथोर विज्ञापन र सरकारी विज्ञापनको भरमा प्रकाशन हुँदै आएको थियो, तर संघीयतासंगै स्थानीय सरकार आएपछि जसको ठूलो स्वर, उसको पहुँच भन्ने आधारमा पत्रपत्रिकाले विज्ञापन पाउने स्थिति छ । यसरी नै पत्रिका वा विज्ञापन एजेन्सीले तथा सम्बन्धित कार्यालयका कर्मचारीसंग कमिशनको आधारमा विकसित सम्बन्धलेपनि महोत्तरीको पत्रपत्रिकाहरुमा नकारात्मक आर्थिक स्थिति सृजना गरेको छ ।

व्यावसायिक क्षमता अभिवृद्धिका लागि यदाकदा हुने अल्पकालीन तालिम, सेमिनार, गोष्ठीमा यहाँका पत्रकारहरुले सहभागिता जनाउदै आएपनि त्यो पर्याप्त छैन । राष्ट्रिय स्तरका समाचारपत्रहरु, विभिन्न टेलिभिजन च्यानलहरु, रेडियो नेपाल र विभिन्न एफ.एम रेडियो, राससंग

सम्बद्ध रहँदैआएका पत्रकारहरुको व्यावसायिक दक्षता वृद्धिको आवश्यकता रहेको छ भने राष्ट्रियस्तरको पत्रिका लगायत छापामाध्यमहरुले श्रमजीवि ऐनको कार्यान्वयन गर्नुपर्ने अपरिहार्यता छ ।

*निष्कर्ष :-*

यस जिल्लामा पत्रकारहरुको छाता संगठनसंग सम्बद्ध मात्र नभई, विभिन्न पत्रपत्रिका र एफएमहरुमा काम गर्ने पत्रकारहरुलाई क्षमता वृद्धि, व्यावसायिकता तथा पत्रकार आचारसंहिताको ज्ञानसहित कार्य क्षेत्रमा पूर्ण योग्य र दक्ष पत्रकार उत्पादनको निम्ती तालिम दिनु पर्ने आवश्यकता छ । यसकोलागि नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यालयसहित, केन्द्रिय प्रेस काउन्सिल, प्रदेश मिडिया काउन्सिलहरुले ठोस पहल गर्नु आवश्यक छ । उपयुक्त ज्ञान तथा पत्रकारिताको नैतिक प्रतिबद्धताको अभावमा आचारसंहिताको पालना नगर्दा पत्रकारिता क्षेत्र नै बदनाम हुने अवस्था रहेकोले पनि पत्रकारहरुले पत्रकारिताको मर्यादालाई ध्यानमा राख्दै आचारसंहिता अनुसार कामगर्न जरुरी छ ।

सुचना केन्द्र, अफसेट प्रेस लगायत पत्रकारिताको निम्ती आधारभूत सुविधाको पूर्णतः अभाव हुनूको बावजूद यहाँका पत्रकारहरुले आफ्नो क्षेत्रमा पसिना वगाई नै रहेका छन् । अनेकन अभावका बावजूद अन्य जिल्लाको तुलनामा महोत्तरीका समाचारहरु राष्ट्रिय पत्रपत्रिकाहरुमा दैनिक प्रकाशित भइरहनुले यसक्षेत्रका पत्रकारहरुको सक्रियताको अनुमान गर्नसकिन्छ ।

स्थानीय सरकारहरुले पनि पत्रकारिताक्षेत्रको लागि लेखनवृत्ति तथा सम्मान गर्दैजाने हो भने पत्रकारहरुको कार्यक्षमताको विकास तथा प्रोत्साहित हुने देखिन्छ । सामान्यतः पत्रकारहरुको कार्य जनता र समाजको तर्फबाट सरकारप्रति खबरदारीको भूमिका हुने भएकोले सामान्यतः स्थानीय सरकार लगायत राज्यका निकायहरुसंग अन्तर्विरोधी सम्बन्ध देखिएपनि पत्रकारहरुले यसलाई सौहार्द्र र अन्तर्समन्वय पूर्ण बनाउन जरुरी छ ।

# कोरोना र पत्रकारको दुःख

> तीनवर्ष कोरोना महामारीको विकराल रुपसँग हामी जुध्यौं। जतिबेला मानिसहरु घरमा आफूलाई सुरक्षित राख्न कोठाभित्र कोचिएर बसेका थिए, त्यतिबेला पत्रकारहरु फिल्डमा ज्यानको जोखिम मोल्दै थिए।



ज्योति झा

पत्रकारलाई देशको चौथो अंग र समाजको ऐना भनिन्छ। समाज र देशमा भइरहेको राजनीतिक, आर्थिक, सामाजिक गतिविधिलाई आम जनताको अगाडी छर्लङ्ग र सत्य तथ्य ल्याउने भनेको पत्रकारले नै हो।

कसैले सही गरेको छ भने सबैको सामु आफ्नो कलमको बलमा स्याबासी दिलाउने र कसैले गलत, अन्याय, भ्रष्टाचार गरेको छ भने उसको पर्दाफास गर्ने काम पनि पत्रकारले नै गर्छन्।

राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा कहाँ के भइरहेको छ, त्यो सबै कुरा हामी मिडियाकै माध्यमबाट थाहा पाउँछौ। साधन टिभी, रेडियो अथवा पत्रपत्रिका जे भएपनि माध्यम भनेको पत्रकार र उसको मिहनेत नै हो।

पत्रकारिता पेशा त्यस्तो पेशा हो जहाँ न दिन हुन्छ न रात, न घाम न त वर्षात, न भुँइचालो, न कोरोना जस्तो महामारी। हुन्छ भने त्यो हो आफ्नो पेशाप्रतिको इमान्दारिता र समाजप्रतिको दायित्व एवम् समाजलाई घटनाबाट अवगत गराउने थुप्रै प्रयत्नहरू।

तर अचम्मको कुरा के छ भने अरूको हकअधिकार दिलाउनलाई हरसम्भव प्रयासरत् रहने पत्रकार नै आफ्नो अधिकारबाट वञ्चित र पारिश्रमिकबाट शोषित छन्। अरूको सेवामा पेशागत् धर्म निर्वाह गर्ने पत्रकारले आखिरमा पाउँछ के ? दुश्मनी, ज्यान मार्ने धम्की, कम ज्यालादारी र माथिबाट भ्रष्टाचारीको आरोप !

म यो भन्दिन कि पत्रकारितामा विकृति छैन, पत्रकारले भ्रष्टाचारी गरेको छैन्, गरेको छ र यसलाई नकार्नपनि सकिँदैन। तर केहीको त्रुटी र विकृतिको कारण सबैलाई त्यही दृष्टिले हेर्नु उचित हुन सक्दैन।

विकृति जस्तो सुकै होस, जस्ले गरेपनि त्यसलाई उचित भन्न सकिँदैन, प्रोत्साहित गर्न सकिँदैन। तर यस्का पछाडी केही सामाजिक र आर्थिक आधारभूत विवशता तर्फ विचार गर्नु

उचित नै हुन्छ । एउटा आवेशमा शायद हामी यसतर्फ विचार गर्दैनौं । पत्रकारका लागि निर्धारित पारिश्रमिक पत्रकारले पाउँदैनन् र कहीं कसैले पाइरहेको छ भने त्यो पनि समयमा पाउँदैन ! समयमा तोकिएको ज्याला पाए भने सायद यो पवित्र पेशालाई अपमानित हुनु पर्दैनथ्यो होला ।

के पत्रकारको जीवन छैन् अथवा पत्रकारको परिवार नै हुँदैन कि कसो ? आफ्नो पेशागत् बाध्यताको कारण पत्रकारले न त परिवारमा समय दिन पाउँछ, न त राम्रो ज्याला नै पाउँछ !

यहाँसम्म कि कोरोना जस्तो भयावह महामारीमा पनि पत्रकारले आफ्नो ज्यानको परवाह नगरी, आफ्नो परिवारको नसोचिकन आमजनतालाई सूसुचित गर्न दिनरात फिल्डमा काम गरिरहे । करिव तीनवर्ष कोरोना महामारीको विकराल रुपसँग हामी जुध्यौं । जतिबेला मानिसहरु घरमा आफूलाई सुरक्षित राख्न कोठाभित्र कोचिएर बसेका थिए, त्यतिबेला पत्रकारहरु फिल्डमा ज्यानको जोखिम मोल्दै थिए । न आफ्नो ज्यानको डर न परिवारको बारेमा सोच्ने फुर्सत ! जब मानिस आफ्नो घरमा बसेर तातो तातो खाने, इम्युनिटी बढाउनका लागि खानपानमा सचेत थिए, पत्रकारहरू कहिले च्युरा खाएर त कहिले भोकभोकै । तातोको कुरा नै नगर्दा नै बेस ।

पत्रकारको जीवनमा तातो खाना खान पाउनु नै वरदान सरह हो । कहिलेकाँही खाना खान बस्यो कि फोन आउँछ फलानो ठाउँमा घटना भयो । कहिलेकाँही त खाना छोडेर कुद्नुपर्ने अवस्था हुन्छ ।

कोरोना महामारीको त्यस्तो दयनीय अवस्थामा पनि कति मिडियाले बिना कुनै कारण कयौं पत्रकारलाई जागिरबाट हटाइदिए । कति मिडियाले फिल्डमा काम गरेर कोरोना संक्रमित भएका पत्रकारलाई समेत जागिरबाट हटाए र कति मिडियाले त ३ महिना भएपछि एक महिनाको ज्याला दिन्थे । कोरोनामा पत्रकारलाई समस्या मात्र खेप्नु परेन, बरु श्रम शोषण पनि त्यतिकै भयो । अरूको आबाज बन्ने पत्रकार आफैको आवाज कोही भइदिएन । त्यसमा पनि झन् महिला पत्रकारलाई अझ बढी समस्या । बिदा लिने हो भने जागिर खोसिने डर, काम गरे जिउज्यान र परिवारको पीर । अबेर रातीसम्म डेस्कमा ड्युटी गर्नुपर्ने, तर उनलाई घर पुऱ्याउने साधनको व्यवस्था केही नहुने । सामाजिक सुरक्षाको दृष्टिले महिलालाई त्यसो पनि गाह्रो नै हुन्छ ।

अरू पेसामा त बिदापनि हुन्छ । पत्रकार महिलालाई महिनावारीको समयमा पनि मिडिया हाउसले विदा न दिने । अहिलेपनि धेरै यस्ता मिडिया हाउस छन्, जहाँ महिला बाथरूम समेत छैन ।

काम एकनास तर ज्याला फरक । कोरोना महामारीको कारण हामीलाई कयौं पत्रकार साथीलाई गुमाउनु पर्यो । तर अहिलेसम्म उनको परिवारले सहानुभूति बाहेक अरु केही पाएका छैनन् । जे छ, सब भाषणमा सीमित !

हरेक मानिसलाई खाना र स्वास्थ्य बिग्रेमा अस्पताल चाहिन्छ । तर कति पत्रकार औषधि र उपचारको अभावले स्वर्गलोक गए । हाम्रो सरकारलाई चुनावका लागि टन्नै पैसा छ । तर देशको चौथो अङ्ग भनिने पत्रकारको लागि सरकार असमर्थ छ अरे ! अहिलेपनि बढीभन्दा बढि पत्रकार कोठा भाडा लिएर बस्छन । तर त्यहीँ चोर, भ्रष्टाचारी, जनतालाई लुट्ने जनताको कर खाएर महल बनाउनेको कमी छैन ।

कोरोना महामारीले गर्दा मानिस एकअर्कासँग डराइरहेका बेला पत्रकारहरू अस्पतालदेखी चोक चौराहासम्म घुम्थे ।

मलाई त देशको चौथो अंङ्ग भनिने पत्रकार हात्तीको देखाउने दाँत सरह नै लाग्छ । त्यही भएर त होला, यस चौथो अंङ्गको अवस्था बारे कसैलाई कुनै वास्ता छैन...!

जतातते मिडिया हाउसहरू खुलेका छन् । तर त्यसको व्यवस्थापनमाथि सरोकारवालालाई कुनै चासो छैन् । जतिखेर मन लाग्यो काममा लगाउने र जतिखेर मन लाग्यो कामबाट निकाल्ने प्रवृत्ति छ अधिकांश मिडिया हाउसहरूको । त्यसको समाधानको कुनै उपाय छैन् । एक त कम ज्यालादारी र त्यसमाथि पनि कामको कुनै ग्यारेन्टी नै हुँदैन् ।

दुई/चारवटा मात्र मिडिया हाउस होस, तर व्यवस्थित होस् । पत्रकारले तोकिए जतिको ज्याला र आफ्नो ज्यानको सुरक्षा पाओस् । पत्रकारका लागिपनि बिमा, पेन्सन जस्तो सुविधा लागू होस । यस्ले देशको चौथो अंङ्गलाई हौसला भेट्ने छ । स्वच्छ पत्रकारिता हुनेछ ।

*उहाँ नेपाल पत्रकार महासंघ प्रदेश समितिको उपाध्यक्ष हुनुहुन्छ ।*

# कोभिड-१९ महामारी र रेडियो

> सामुदायिक रेडियो भनेको समुदायका लागि हो। त्यही भएर हामी कोरोना पोजिटिभ भएरपनि सुचना प्रवाह गर्न पछाडी हटेनौ। रेडियोले हाम्रो व्यवस्थापनमा कुनै कमी गरेन।

शिवनाथ यादव

साउन १८ गते रेडियोको कार्यालयमा कार्यरत् एकजना दाईले कोरोनाको परिक्षण गराउनु भयो । १९गते दिनभरी वहाँ रेडियोमा काम गर्नु भयो । १९गते राति नै वहाँले रिपोर्ट पोजिटिभ भएको खबर पाउनु भयो । २०गते बिहान केही साथीहरु रेडियोमा जानु भएको थियो, तर वहाँको रिपोर्ट थाहा पाएपछि सवैजना होम क्वारेन्टिनमा बस्नु भयो । म भने २०गते बिहान मात्र रेडियोको कार्यालयमा गएकोले त्यो दिन एकछिन मात्र वहाँसंग मेरो भेट भएको थियो, त्योपनि टाढैबाट । वहाँको कन्टूयाक्ट टेूसिङ्गमा साउन २८गते ५जना साथीहरुले परिक्षण गराउँदा १जना प्राविधिक भाईमा संक्रमण पुष्टि भयो । बाकी ४जना साथीहरुमा देखिएन र वहाँहरु ४.जना नियमित रुपमा रेडियो संचालन गरिराख्नू भयो । म भने घरमै बसिरहेको थिए । कोरोनाको महामारी भएदेखि नै म त्यती बाहिर जाँदैनथेँ । बाहिर जाने कामपनि थिएन । घरमै बसेर काम गर्थे । सवैभन्दा पहिला संक्रमित भएका दाई साउन ३०गते कोरोनामुक्त भएर घर फर्किनु भयो । वहाँ संक्रमित भएदेखि नै म रेडियोको कार्यालयमा नगएका कारण मलाई जाँच गराउनु खासै चासो थिएन । मलाई कुनैपनि किसिमको स्वास्थ्य समस्या नै थिएन । न त म बाहिर नै गएको थिए । म लगायत ७जना साथीहरु कोरोना जाँच नगराएको कारण रेडियोमा नगई घरमै बसी रहेका थियौ । कम जनशक्तिमा काम गर्दा साथीहरुलाई अप्ठयारो भईरहेको थियो ।

कोरोना परिक्षण नगराएका साथीहरुलाई एफएममा आउन नमिल्ने सुचना आए पछि म पनि परिक्षण गराउन राजी भए । भदौ ४गते एफएमका ६जना साथीहरु रमाईलो गर्दै त्रिजुद्ध अस्पतालमा गएर स्वाव संकलन गरायौं । भदौ ६ गते हामी सवैजनाको रिपोर्ट नेगेटिभ भएको र भोली देखि काम गर्न आउन एफएमबाट खबर आयो । खुशि लाग्यो । मैले फोन गरेर एक(दुईजना साथीलाई मैलेपनि कोरोना जाँच गराएको र रिपोर्ट नेगेटिभ आएको खबर सुनाए, तर जरुरी नठानेर सामाजिक संजालमा राखिन । लगभग १५ दिनदेखि घरमै बसेकाले मेरो रिपोर्ट नेगेटिभ आउछ

भन्नेमा म ढुक्क नै थिए । जाँच गराएकाहामी ६जना मध्ये एक जना प्राविधिक मित्र विहानै ५बजे देखि नै आफनो डयुटीमा जानु भयो । मपनि ८बजेको भोजपुरी समाचार वाचन गर्नका लागि ७बजे रेडियोमा पुगे । ८बजेको समाचार पढेर एउटा बैठकमा जाने तरखरमा थिए त्यहीबेला वीरगंजमा नारायणी एफएमका ५जना संक्रमित भनेर चर्चा चलिसकेको थियो । मलाईपनि हाम्रो सरले फोन गरेर पाँचजनाको रिपोर्ट पोजिटिभ आएको छ, नआतिनुस भनेर भन्नु भयो । हामी ६ जना मध्ये १जना को बाकी रहयो खोजी भयो । हिजो नेगेटिभ तर आज पोजिटिभ कसरी भयो ? सुचना प्रवाहमा कहाँबाट त्रुटी भयो ? भन्ने विशेष चासोको विषय बन्यो । हामी संक्रमितलाई त केही भएन, तर हाम्रो रिपोर्ट नेगेटिभ आएको भनेर हामीसंगै विहान डयुटी गरेका साथीहरुलाई अलि बढी तनाव भयो । कसले गऱ्यो यस्तो भनेर एकछिन त गरमागरम नै भयो, तर अब त हुनू भै हाल्यो, के गर्ने ? हामीलाई लक्ष्ण नभएपनि रिपोर्टमा पोजिटिभ आएपछि मान्नै परयो । हामी ५जना पोजिटिभ रिपोर्ट भएका मध्ये ३जना रेडियो मै थियौं । ८बजेको समाचार पढियो । '१०बजेको समाचार पढनुस है !' भनेर सहकर्मी जानु भयो । हामी संक्रमित भएपछि वहाँहरु बस्ने कुरापनि भएन । सवै सामान्य भएको रेडियोको माहौल एक छिनमै अर्को भयो । अव के गर्ने ? कसो गर्ने ? कहाँ जाने ? हामी कसरी संक्रमित भयौ ? हिजो एउटा र आज अर्कै रिपोर्ट कसरी भयो ? यस्तै( यस्तै कुरा चल्न थाल्यो ? म लगायत प्राविधिक मित्र आनन्द साह र कार्यालय सहायक गणेश पौडेल मात्रै रेडियोमा बच्यौं । यहाँसम्म सामान्य थियो । त्यस पछि कथाले अर्कै मोड लियो ।

महामारी शुरु भएदेखि म धेरैजसो घरमै वस्ने गरेको थिएँ । रेडियोमा पनि विहान मात्रै जान्थें । एकजना कोरोना संक्रमित भएपछि त म गएकै थिइन । रेडियोमा जानका लागि नै मैले कोरोना परिक्षण गराएँ, तरपनि रिपोर्ट पोजिटिभ आयो । जेका लागि म संक्रमित भए त्यो काम किन छोडने ? कार्यालय मै बसेर कार्यक्रम किन नचलाउने ? भनेर सोँचें । साथीहरु संग सल्लाह गर्दा अरु दुईजना साथीहरु पनि सहमत हुनु भयो । एक जनाको घरमा विरामी आमा र अर्को साथी डेरामा बस्नु हुन्छ । घर गएपछि के होला ? अरुले के भनलान् भन्ने वहाँहरुको मनमा पनि थियो । हामी रेडियो कार्यालयमै बसेर रेडियो संचालन गर्न सोचेका छौ भनेर रेडियोका कार्यकारी अध्यक्ष गोविन्द देवकोटा सरलाई खवर गर्दा वहाँपनि खुशी हुनुभयो र वस्ने खाने सवै व्यवस्थापन मिलाउछु भन्नु भयो । अर्का दुईजना साथीहरु प्राविधिक मित्र सद्दाम हुसेन र प्रशासन तथा लेखाप्रमुख विदुर गौतमसंग कुरा गऱ्यौं । वहाहरु पनि आउनु भयो । दिनको ११ बजी सकेको थियो । त्यो दिन बाहिरबाट खाना मगाएर खायौं । साँझसम्म व्यवस्थापकले हामीलाई वस्ने खाने, औषधी, दुध, अण्डा, बेड, ओढने ओछयाउने, जग बाल्टिन-आइसोलेसनमा बस्दा चाहिने सवै सामानको) व्यवस्थापन गर्नु भयो । र, हामी संक्रमितहरु रेडियो चलाउन थाल्यौ । हामीमा केही लक्षण थिएन । सवैजना सामान्य नै थियौं ।

बीरगंज हटस्पटको रुपमा थियो । धेरै संक्रमितहरुले अस्पतामा वेड पाउनु भएको छैन । घरमै वस्नु भएको छ । हामी किन अस्पताल जाने । अस्पतालको बेड खाली भयो भने सिरियस संक्रमितलाई राखेर उपचार गर्न सकिन्छ । म रेडियोको सेड्युल अनुसार बिहान साँढेपाच बजेको

समाचार वाचनगर्न शुरु गर्थैं, साँझ ६बजेसम्मको समाचार पढथैं र सातबजेको 'हल्ला बोल' कार्यक्रम चलाएर काम सक्थैं । घरमा बसेका साथीहरु समाचार बनाएर पठाउनु हुन्थ्यो । रोगको कुनै सिम्पटम (लक्षण) नै थिएन, त्यसैले मलाई त खासमा कोरोना संक्रमण भएको अनुभूति नै भएन । हामी जोखिम भएको ठाउँमा कतै गएका थिएनौं । होम क्वारिनटिनमा बसेको जस्तो थियो । दिनभरी काम गर्ने, रमाईलो गर्ने , खाने, र बेलुका नाचगान गर्नु नै हाम्रो दिनचर्या थियो । कसैमा पनि कोरोनावाला फिल थिएन ।

संक्रमित भएरपनि समाचार वाचन गर्दा मज्जा लाग्थ्यो । कति पटक त मैले आफनै नाम पछि पढें - 'कोरोना संक्रमित शिवनाथ' ! हामीले चाहयौं भने, आँट गरयौं भने, ईच्छाशक्ति भयो भने जेपनि गर्न सकिन्छ । रेडियोको कार्यालय नै आईसोलेसन क्याम्प बन्छ र कोराना संक्रमितहरुले नै कार्यक्रम चलाउँछन् भनेर कसैलेपनि सोचेको थिएन होला । तर हामीले गऱ्यौं । झन् मैले त संक्रमित भएकै दिनदेखि 'हल्ला बोल' नामबाट एउटा कार्यक्रम शुरु गरें । कोराना संक्रमणमा परेका धेरैजनाको फरक अनुभव होला । तर हाम्रो त अति फरक नै रहयो ।

भदौ ९गते विहानसम्म खासै चर्चा थिएन । ७ गते नै केही अनलाईन मिडियामा नारायणी एफएमका ५ जना संक्रमित भयो भनेर खबरहरु त आएका थिए, तर हामीमध्ये कसैलाई सार्वजनिक नगरेका कारण धेरैलाई थाहा भएन । हामी आफनो काममै व्यस्त थियौ । रमाई रहेका थियौ । भदौ ९गते विहानको समाचार सकेर म योग गर्दैथिएँ । हाम्रा साथीहरु सवैको फोटो खिचिरहनु भएको थियो । मेरोपनि फोटो खिच्नु भयो । मैले सोधे के भयो ? साथीहरुले केही होईन, हामी कसरी बसेका छौं भनेर देखाउनलाई फोटो खिचेको भनेर भने । एकछिन पछि गोविन्द सरले फोटो सहित हामीले गरेको कामको सराहना गर्दै सामाजिक सञ्जालमा स्टेटस राख्नु भएछ । त्यसपछि त हामी एकाएक चर्चामा छायौं । धेरै ठाउँमा हाम्राबारे समाचारहरु आए । फोन , मैसेज आउन थाल्यो । काम गर्दागर्दै सवैलाई रिप्लाई पनि गर्थे । कान्तिपुर टेलिभिजन, थाहा खबर, हाम्रै सिआईएन खबर, अनलाईन खबर, हिमालयन खबर, अन्नपुर्णपोष्ट, नयाँ पत्रिका, बिबिसी नेपालीसेवा र सिआईएन ईन्टरनेशनलमा पनि हाम्रो समाचार आयो । यसले हामीलाई कामगर्न अझ हौसला प्रदान गरिरहेको थियो ।

हामीले हाम्रो धर्म निर्वाह गऱ्यौ । सामुदायिक रेडियो भनेको समुदायका लागि हो । त्यही भएर हामी कोरोना पोजिटिभ भएरपनि सुचना प्रवाह गर्न पछाडी हटेनौ । रेडियोले हाम्रो व्यवस्थापनमा कुनै कमी गरेन । हाम्रो कोरोना विमापनि गरिएको थियो, त्यस वापत हामीले रु. एक लाख नगद पनि प्राप्त गरेका छौं । रेडियो व्यवस्थापनले पनि केही रकम दिएर हाम्रो मनोबल बढायो ।

कोरोना अवधिको काल शुरु भएदेखि आजसम्म हामीलाई तलबमा कुनै समस्या भएको थिएन । त्यस अवधिमा रेडियोको व्यवस्थापकले हाम्रो व्यवस्थापन गर्न पक्कै सरसापटी गर्नु भएको होला, तर त्यसको अनुभूति हामीलाई गर्न दिनु भएको छैन । त्यको निम्ति रेडियो व्यवस्थापन टीमलाई धेरै धेरै धन्यवाद ! हामीले रेडियोमा बसेर आफनो कर्तव्य निर्वाह त गऱ्यौं, तर कोभिडका कारण कयौं रेडियोहरु धराशायी भएका छन् । कतिपय रेडियो बन्द हुने अवस्थामा छन् भने,

कतिपय जेनतेन चलिरहेका छन । यस तर्फ तीनै तहको सरकारको ध्यान जान जरुरी छ ।

लामो कोरोनाको मार झेली रहेको सञ्चार क्षेत्रको प्रवर्द्धनको निम्ति सरकारले सहयोग प्याकेजको रुपमा सहयोग घोषणा गर्नु पर्ने नितान्त आवश्यकता देखिन्छ । कम्तीमा लकडाउनको समयावधि भरको रेडियोहरुको विद्युत महसुल मिनाहा गर्नु अति आवश्यक छ । सरकारले नविकरणमा केही छुट त दिएको छ तर त्यतिले मात्र पुग्दैन । हामीहरुले सरकारलाई नै कर बुझाएका छौँ, त्यसैले अरु निकायले  सहयोगगर्नु भन्दा सरकारले नै प्याकेज बनाएर सहयोग गर्नु पर्छ । दिन प्रतिदिन महँगी बढेको छ तर रेडियोहरुलाई उपलब्ध गराईने विज्ञापनमा कमी हुदैगएको छ । पहिला पहिला प्रदेश २ (अहिले मधेश प्रदेश) मा रहेको रेडियोहरुमा छिमेकी मुलुकबाट पनि विज्ञापन आउँथ्यो, तर अहिले त्योपनि बन्द छ । यसो हेर्दा अहिले अनलाईनहरु धेरै खुलेका छन । यो चलाउन सजिलो छ, तर रेडियोको अपरेशनल खर्च नै बढी छ , लगानी नै बढी छ त्यसैले हामी महामारीको समयमा पनि आफनो धर्म निर्वाह गऱ्यौ । जनतालाई सुचना दियौँ । अव सरकारले रेडियोलाई विद्युत महशुलमा छुट, नविकरणमा छुट, रेडियोकर्मीलाई तालिम, बिमाको व्यवस्था तथा अन्य औजारहरुको सहयोग गर्नु पर्ने आवश्यकता रहेको देखिन्छ ।

# पत्रकारिताक्षेत्रमा महिलाको चुनौती र सम्भावना

> पत्रकारिता क्षेत्र जोखिमपूर्ण क्षेत्र भएको कारण यस क्षेत्रमा महिलाको उपस्थिति कम छ। संगसंगै महिलामाथि दोहारो जिम्मेवारी, पारिश्रमिकमा विभेद, समाजमा हेराईको फरक दृष्टिकोण र पारिवारिक सहयोगको अभाव लगायतका कारण यो क्षेत्रमा महिलाहरु पलायन हुने स्थितिपनि छ।



आरती मंडल

पत्रकारिता पेशा एउटा चुनौतीपूर्ण पेशा हो । राज्यको तीनवटै अंग व्यवस्थापिका कार्यपालिका र न्यायपालिकाको निगरानी गर्ने जिम्मेवारी पत्रकारको हो । त्यसैकारण पत्रकारलाई राज्यको चौथोंअंगको संज्ञा दिइएको छ । हाल राज्यको खबरदारी र पहरेदारी गर्ने चुनौतीपूर्ण भूमिकामा रहेको पत्रकारहरुमा नगण्यरुपमा भएपनि महिला पत्रकारहरुले महत्वपूर्ण योगदान दिरहेका छन् । नेपाल पत्रकार महासंघका अनुसार देशमा १३हजार ७७जना पत्रकारहरुमा महिला पत्रकारको संख्या २हजार ४सय ८ छ । यसरीनै मधेश प्रदेशमा कुल ७९९ जना पत्रकारहरुमा १०७जना महिला पत्रकारहरु छन् । यसका अतिरिक्त मधेश प्रदेशमा ५०जना भन्दा बढी महिला पत्रकारहरु यस्ता छन जुन महासंघका डाटामा अटाउनसकेका छैनन् ।

देशमा महिलाको जनसंख्या ५१ प्रतिशतभन्दा बढी भएपनि अन्य क्षेत्र जस्तै पत्रकारितामा पनि महिलाको सहभागिता न्यून देखिएको छ । पत्रकारिता क्षेत्र जोखिमपूर्ण क्षेत्र भएको कारण यस क्षेत्रमा महिलाको उपस्थिति कम छ । संगसंगै महिलामाथि दोहारो जिम्मेवारी, पारिश्रमिकमा विभेद, समाजमा हेराईको फरक दृष्टिकोण र पारिवारिक सहयोगको अभाव लगायतका कारण यो क्षेत्रमा महिलाहरु पलायन हुने स्थितिपनि छ ।

हालमा संचारिका समूहले गरेको अनुसन्धान प्रतिवेदन अनुसार पत्रकारिता पेशामा आबद्ध पत्रकार महिला मध्ये सबैभन्दा बढी २० देखि ३० बर्ष उमेर समूहका महिलाहरु छन् । संचारिकाले ७३ जिल्लाका संचारमाध्यममा आबद्ध १ हजार ४३ महिलामा गरेको अनुसन्धानका अनुसार ७६.३ प्रतिशत महिला २० देखि ३० बर्ष उमेर समूहका थिए भने ३० देखि ४० बर्ष उमेर समूहका महिला १२.८ प्रतिशत मात्रै पाइएको थियो । यसरीनै ४० भन्दा माथिल्लो उमेर समूहका महिला सबैभन्दा कम अर्थात २.८ प्रतिशत मात्रै छन् ।

नेपाल पत्रकार महासंघ मधेश प्रदेस समितिका उपाध्यक्ष ज्योती झा का अनुसार न्यून

पारिश्रमिकका कारण बिहे भएपछि महिलालाई पत्रकारिता पेशा त्याग्न परिवार भित्रैबाट दबाब श्रृजना हुन्छ, जसले गर्दा महिलाहरु यो पेशामा टिक्न पाइरहेका छैनन । उपाध्यक्ष झाले भनिन 'महिला पत्रकारहरुलाई प्राय: जसो मिडियाहरु डेस्कको जिम्मेवारीमा राख्ने गर्छन् । उनीहरुको आवाज र रंगरुपको फायदा हुनेगरी काममा राख्न खोज्छन् । यसै कारण महिलाहरु एक निश्चित आयू सीमासम्म मात्र काम गर्न सक्छिन । उमेर ढल्नुसंगै उनीहरुको रंगरुप र आवाजमा परिर्वतन हुनु स्वभाविकै हो । र त्यसपछि विस्तारै पुरानोलाई विस्थापित गर्दै नयाँहरु कम पारिश्रमिकमा पनि कामगर्न तयार रहन्छिन् ।'

नेपालको संविधानले ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरेतापनि समान सहभागिता र समावेशिताको वकालतगर्ने सञ्चारमाध्यमले ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्नसकेका छैनन् । त्यसैगरी अधिकाँश सञ्चार गृहमा प्रष्ट लैङ्गिक नीतिको अभावले पनि सञ्चारमा महिला टिक्न सकिरहेकी छैनन् ।

'मधेश प्रदेशमा महिला पत्रकारको अवस्था अन्य क्षेत्रभन्दा भिन्न छैन । एकदमै दयनीय र उपस्थिति न्यून' -'डे टू डे' अनलाइन पत्रिकाकी संचालिका माला रायको भनाई छ । 'संचार क्षेत्रमा काम गरेवापत न्यून पारिश्रमिक, त्यसमापनि समयमा पारिश्रमिक नदिने प्रवृत्ती, विदाको अभाव, कार्यालयमा महिलामैत्री वातवरणको (शौचालय र बच्चालाई स्तनपान गराउने स्थान) अभाव आदिका कारण महिलाहरु यो क्षेत्रबाट टाढा हुने अवस्था छ' -रायले भनिन । यसका अतिरिक्त रायका अनुसार महिलाहरुको क्षमता माथि सञ्चालकको विश्वासको अभावपनि देखिन्छ । मधेश प्रदेसमा पुरुषभन्दा महिलाको बुद्धी र चेतना कम हुन्छ भन्ने सोचको कारण समान पद र कामका लागी नियूक्त भएको पुरुषको तुलनामा महिलाको पारिश्रमिक कम तोकिएको हुन्छ । अन्य क्षेत्र जस्तै पत्रकारिता क्षेत्रमा पनि लैंगिक विभेद भइरहेको प्रष्ट उदाहरण हो भन्ने रायको भनाई छ ।

आर्थिक आयका हिसावले मधेशमा पत्रकारिता खासै आकर्षक पेशा होइन । त्यसमा पनि महिला पत्रकारको जति नै क्षमता भएपनि सहकर्मी पुरुषको तुलनामा न्यून पारिश्रमिक दिने गरेको पाइन्छ । थोरै मात्र महिला पत्रकारले परिवारबाट पत्रकारितामा लागि रहन सहयोग र उत्प्रेणा पाउने अवस्था छ ।

हालको मधेश प्रदेशको राजधानी जनकपुरधाममा एफ.एम.रेडियोको स्थापनाकालमा रेडियोबाट पत्रकारिता शुरु गरेको सीमा चौधरीका अनुसार राज्यको चौथोअंग रहेको पत्रकारिता पेशा महिलाहरुका लागि चुनौतीपूर्ण छ । 'शुरु शुरुमा यस पेशामा महिलाहरु नयाँ जोश र जाँगरका साथ प्रवेश गर्छिन् । तर केही समय पछि नै उनीहरु यस पेशाबाट पलायन हुन थाल्छिन् । यसको प्रमुख कारण विवाहपछि महिलाहरुको परिवारप्रतिको जिम्मेवारी र पत्रकारिता पेशा बिचको तालमेल नसक्नु हो' -चौधरीले बताइन् । विगत आठबर्षदेखि पत्रकारिताबाट टाढिएकी चौधरी अहिले घर पारिवारलाई आफ्नो समय दिइरहेकी छिन् । आफ्नो रुची आफ्नो मिथिला संस्कार र परम्परामा रहेकोले आगामी दिनमा मिथिला कला तथा सांस्कृतिक विषयमा घरबाटै कलम चलाउने योजना रहेको उनले सुनाइन् ।

पत्रकारिता क्षेत्रमा समयकोपनि कुनै निश्चितता हुँदैन, सधैं ब्रेकिंग न्यूजका लागी तयारी अवस्थामा बस्नु पर्छ, जतिखेर पनि फिल्डमा रिर्पोटिंग गर्न जानु पर्छ । पत्रकार सम्मेलन, अन्तर्वार्ता आदिको कुनै निश्चित समय हुँदैन । यो सबै भ्याउनलाई पत्रकारले आफूलाई हमेशा तयारी अस्थामा राख्नु पर्छ । यस्तो अवस्थामा पुरुषलाई त खासै गाह्रो हुँदैन, तर महिलालाई विभिन्न किसिमको बाधा र अवरोध हुन्छ । घर बाट अवरोध हुने, सवारी साधनको पनि समस्या, सहकर्मीसंग गएपछि आफ्नो सुरक्षाको संकट र समाजमा नकारात्मक दृष्टिकोणको हेराई आदिका कारणपनि महिलाहरु आफूलाई संकुचित घेरामा राख्न बाध्य छिन् ।

मधेश प्रदेशमा जनकपुरको थापा चोकमा डेरागरी बस्ने महिला पत्रकार उमा सिंहको २०६५ साल पुस २७गते विभत्स हत्या भएको थियो । सिरहा जिल्ला महेशपुर निवासी उमा सिंह जनकपुरमा थापाचौक लोकप्रिय पत्रकार थिइन् । जनकपुरको रेडियो टुडेमा कामगर्ने सिंहको हत्या धेरैले जग्गा जमिन र सम्पत्तिको विवादको कारण भएको भनेपनि प्रष्ट कारण अझसम्म पत्ता लागेको छैन । सिंहको हत्या भएपछि पत्रकारिता क्षेत्र अत्यंत जोखिमपूर्ण क्षेत्र भएको र जीउ ज्यानको सुरक्षाको कुनै ग्यारेन्टी नभएको निष्कर्षसहित यो क्षेत्रबाट महिलाहरु विस्थापित हुने स्थितिपनि छ ।

निजी विद्यालय र बैंकिंङलगायतका क्षेत्रमा समय र पारिश्रमिकको सुनिश्चितताले महिलाहरुको आकर्षण पत्रकारिताभन्दा उतातिर बढी देखिन्छ । यसरी नै ब्यूटिशियन, सिलाई कटाई आदि सीप सिकेर आफ्नै व्यवसाय तर्फपनि महिलाहरु आकर्षित भइरहेकी छन् । आम्दानी र समयको सुनिश्चितताको अभावले पनि परिवारबाट पत्रकारिता छोडेर सरकारी जागिरको तयारीका लागी दबाबदिने अवस्थापनि छ ।

नेपाली पत्रकारिताको इतिहासमा महिला पत्रकारको जन्म २००८ सालमा ‘महिला मासिक’बाट शुरु भएको हो । यसको प्रकाशनद्वारा महिलाहरुलाई यस क्षेत्रलाई पेशा बनाउन एउटा ऐतिहासिक प्रेरणा दिएको मानिन्छ ।

मुलुकमा प्रजातन्त्रको बहाली भएसँगै पत्रकारितामा महिलाको सहभागिता क्रमशः बढ्दै गयो। त्यसपछि महिला हकअधिकार तथा महिलाका विविध मुद्दामा प्राथमिकताका साथ कलम चलाउन ‘अस्मिता’ जस्ता पत्रिकाहरुको शुरुवातले प्रमुख भुमिका निभायो । विशेषगरी महिलामाथि हुने दमन र हिंसाका विरुद्धका लेखनलाई प्राथमिकता दिने सो पत्रिका प्रकाशन पश्चात यस क्षेत्रमा महिला पत्रकारको संख्यापनि बढ्दै गयो ।

नेपाल पत्रकार महासंघको गरिमामय इतिहासका शुरुवाती दिनहरुमा महिला पत्रकारहरुको उपस्थिति झिनो भएतापनि, अनेक प्रतिकूलताका बावजूद विगतको तुलनामा अहिले महिला पत्रकार सक्रियता बढदो छ । महिला पत्रकारका हित र व्यावसायिक सुरक्षा आदिका लागि पत्रकार महासंघमा महिला नेतृत्वको सक्रियता र आकर्षण समेत बढेको छ । महिला पत्रकारसँग प्रत्यक्ष सरोकार राख्ने, चाहे त्यो लैंगिकहिंसाको विषयवस्तु होस वा महिला व्यवसायिक सुरक्षाका लागि आवश्यक भौतिक संरचना लगायतका अवयवहरु, सोको सुनिश्चतताका लागि महिला पत्रकारको

उपस्थिति महासंघमा हुनुपर्छ भन्ने सोँच महिला पत्रकारमाझ दृढ हुँदै गएको छ ।

नेपाल पत्रकार महासंघको अध्यक्षको गरिमामय भूमिकामा पुग्ने मात्र दुईजना महिला पत्रकार मध्ये एक जना मधेश प्रदेशमा नै धनुषा शाखाकी अध्यक्ष मोनिका झा हुनुहुन्छ । अनेक चुनौतीका बावजूद पेशा र नेतृत्व दुबै क्षेत्रमा यो सफल महिला पत्रकारको उदाहरण हो । यसरी नै मधेश प्रदेशमा जनकपुरधामकी रिंकु मिश्र गायत्री पत्रकार महासंघको केन्द्रिय सदस्य र मधेश प्रदेशको मिडिया काउन्सिलमा पनि कार्यकारी सदस्यको सक्रिय भूमिका र्निवाह गरिरहेकी छिन् । यसरीनै मधेश प्रदेशमा सप्तरीकी ललीता साह, सर्लाहीकी बन्दना झा, जनकपुरधामकी नेहा झा,लगायत पत्रकार महिलाले आफ्नो मेहनत, लगन र इमान्दारीले संचार जगतमा आफ्नो नाम अग्रस्थानमा राखेर राम्रो आय आर्जनपनि गरिरहेकी छिन् ।

नेपाल पत्रकार महासंघ धनुषा शाखाकी अध्यक्ष मोनिका झा आफ्नो उदाहरण दिएर महिला पत्रकारहरुलाई हतोत्साहित नभएर मिहनेत, जोश र जाँगरका साथ अघि बढ्न सँधै प्रेरणा दिनुहुन्छ । निराश नभएर लगनसाथ आफ्नो क्षमता अभिवृद्धि गरेमा पत्रकारिता क्षेत्रमा पनि धेरै संभावना छ भनेर झाले प्राय: हरेक अवसरहरुमा पत्रकार महिलाहरुको निम्ती संदेश दिने गर्नुहुन्छ ।

समग्रमा विगतको तुलनामा अहिले पत्रकारिता क्षेत्रमा महिलाको उपस्थिति बढेपनि राज्यको अन्य निकाय जस्तै ३३ प्रतिशत पुगेको छैन । खासमा मधेश प्रदेसमा महिलाका लागि अन्य क्षेत्रमा ५० प्रतिशत आरक्षणको व्यवस्था गरिएको हुनाले पत्रकारितामा पनि महिला सहभागिता बढनु पर्ने खाँचो छ । पत्रकार महिला बढेपछि महिलाको हक अधिकार र सुरक्षाको विषयमा आवाज बुलन्द गर्नेहरुमा वृद्धि हुन्छ र हरेक निकायमा जागृत महिलाहरुले देश र समाज र्निमाणमा अहम भूमिका र्निवाह गर्न सक्छिन् ।

# ग्रामीण पत्रकारिता : आवश्यकता र चुनौती

> शहरी भेगमा अधिकांशले पत्रकार र पत्रकारिताको महत्व बुझेपनि ग्रामीण भेगमा अझैपनि धेरैले पत्रकारिता र यसको महत्व बुझ्न सकेका छैनन्। यस कारण ग्रामीणक्षेत्रमा पत्रकार र सूचनालाई खासै महत्व दिएको पाईदैन्।



सुधा देव

पत्रकारिता आजको आवश्यकता हो । आजको युगमा सञ्चार बिना कुनैपनि क्षेत्र पूर्ण हुँदैन् । पत्रकारले सञ्चारलाई जीवन्तता दिन्छ । देशको विकासमा खबरदारीको भूमिकामा रहने पत्रकारिता समृद्ध समाजको निम्ती आवश्यक अङ्ग हो।

हाम्रो देश गाउँहरुले बनेको छ । त्यसैले ग्रामीण पत्रकारिता आजको आवश्यकता हो । तर शहरीक्षेत्रको अपेक्षा ग्रामीणक्षेत्रमा पत्रकारको उपस्थिति कमजोर देखिन्छ ।

पत्रकारहरु देश र समाजमा हुने गतिविधिका खबरदारी गर्नेहरु हुन् भनेर माथी नै भनि सकियो । त्यसैले जहाँ पत्रकारको सहभागिता हुन्छ, त्यस क्षेत्रको विकृति-विसंगति सहजै र तत्कालै बाहिरिने गर्छ । पत्रकारले बाहिर ल्याएको बिषयलाई सबैले विशश्वास पनि गर्छने । जनसमुदायले पत्रकारलाई विश्वसनीय स्रोतको रुपमा लिने गर्छन् र जनताको यो विश्वास नै पत्रकारको पूँजी हो ।

विकास होस वा राजनीति गाउँ देशको अहम् गतिविधिको केन्द्र हो । भौतिक विकासको दृष्टिले शहरको तुलनामा गाउँहरु पछाडी परेका छन् । त्यसैले सडक, सिँचाई जस्ता भौतिक विकास निर्माणको काम ग्रामीण क्षेत्रमा बढी भैरहेको छ । देशको गणतान्त्रिक सम्विधानले तीन तहको सरकारको अवधारणा ल्याएको छ । यस अवधारणा तहत अहिले स्थानीय तहहरुलाई पनि सरकार जस्तै अधिकार दिइएको छ । यस हिसाबले अहिले गाउँघरमा हुने विकास निर्माण तथा सामाजिक विकासका योजनाहरुको छनौट र कार्यान्वयनमा स्थानीय तह अधिकारसम्पन्न सरकार बनेको छ । यस दृष्टिले स्थानिय तहमा हुने गतिविधिहरुको निगरानीको निम्ती ग्रामीण पत्रकारिता अहिलेको प्रमुख आवश्यकता हो ।

तरपनि पत्रकार र पत्रकारिता अहिलेपनि अधिकांशतः शहरमूखि नै छ । श्रोत साधन र पहुँचको अभावमा ग्रामीण भेगमा पत्रकारिता गर्ने पत्रकारहरु नगन्य छन् । केही पत्रकारहरु सक्रिय

देखिएपनि अनुकूल वातावरणको अभावमा स्थापित हुनसकिरहेका छैनन् ।

कुनै घटना घट्यो वा गाउँमा कुनै कार्यक्रमको आयोजना भयो भने शहरका पत्रकार गाउँमा नगएसम्म त्यहाँका राम्रा नराम्रा कुरा समयमै बाहिरिन कठिनाइ हुन्छ ।

शहरी भेगमा अधिकांशले पत्रकार र पत्रकारिताको महत्व बुझेपनि ग्रामीण भेगमा अझैपनि धेरैले पत्रकारिता र यसको महत्व बुझ्न सकेका छैनन् । यस कारण ग्रामीणक्षेत्रमा पत्रकार र सूचनालाई खासै महत्व दिएको पाईदैन् ।

पत्रकारिता जोखिमयुक्त र शुरूवातमा आर्थिकसंकट हुने पेशा हो । त्यसैले यसलाई पेशाको रुपमा अँगाल्न शुरू शुरूमा कठिनाई नै हुने गर्छ । हुनपनि पत्रकारिता पेशाभन्दा पनि सामाजिक र राजनीतिक विकृति र विसंगति विरुद्धको अभियान बढी हो । त्यसैले यस पेशामा चुनौतीको सामना गर्दै अघि बढ्नुपर्ने बाध्यता हुन्छ । अर्कोतर्फ शहर भन्दा गाउँमा अशिक्षा, निमुखापना, गरिबी तथा पछौटेपनाको कारण समस्यै समस्याको पहाड हुने गर्छ । शहरको तुलनामा गाउँमा राज्यको उपेक्षापनि बढी नै हुने गर्छ । त्यसैले गाउँमा पत्रकारिताको आवश्यकता बढी भएपनि शहरको तुलनामा ग्रामीणमुखि पत्रकारिताको विकास हुन सकेको छैन् ।

ग्रामीणक्षेत्रको विकृति विसंगति चिर्न, शिक्षा, स्वास्थ्य ,आर्थिकरूपमा सशक्त बन्न, नेतृत्व विकास तथा गाउँहरुको अधिकार रक्षाको लागि ग्रामीण पत्रकारिता एकदमै आवश्यक छ । तरपनि त्यसतर्फ सम्वन्धित निकाय सम्वेदनशिल भएको देखिदैन् ।

पत्रकार र पत्रकारिताको आवश्यकता शहरभन्दा गाउँमा कम छैन । तर परिस्थितिको प्रतिकूलताको कारण गाउँमा पत्रकारिता अस्तित्व जोगाउनमै संघर्ष गरिरहेको छ । हरेक क्षेत्र शहरमुखि भए झैँ पत्रकारले पनि नचाहँदा नचाहँदै शहरमुखि बन्न बाध्य हुनुपरेको छ । गाउँमा अझै रेडियो, पत्रपत्रिका टेलिभिजन संचालनमा आउन नसकेकोले यहीँ पेशामा रमाए गाउँमा जिविकोपार्जन गर्न कठिन छ।

शहरमा पत्रकारिता गर्ने पत्रकारले जहाँपनि सजिलै अवसर पाउँछन् । ग्रामिण भेगमा पत्रकारिता गर्ने पत्रकारको निम्ती शहरको पत्रकारको तुलनामा अवसर पाउने संभावना न्यून रहन्छ । शहरभन्दा गाउँमा पत्रकारलाई आवश्यकपर्ने श्रोत र साधनमा पनि कमी छ ।

ग्रामीण क्षेत्रमा पत्रकारिता टिकाउनका लागि सकारात्मक बिभेद गरेर रोजगारीको अवसर सृजना गर्नुपने देखिन्छ । स्थानिय तहमा पत्रकारिता उत्पादनको निम्ती पेशागत रोजगारी प्रबर्द्धन तथा पत्रकारको आर्थिक जीवनको सुनिश्चिततताका नीति निर्माण र योजनाहरुको विकास जरुरी देखिन्छ । अनिमात्र ग्रामीणक्षेत्रको पत्रकारितामा देखिने चुनौती र समस्यासंग मुकाबिला गर्न सकिन्छ । यो स्थानिय तहको जनता बीचको सम्बन्ध तथा गतिविधिको पारदर्शिता तथा विश्वसनीयताको दृष्टिले स्थानिय तहको हितमा पनि हुनेछ ।

# केही उदाहरणीय महिला पत्रकारहरु

> पत्रकारिताको नाममा आफन्त, कार्यकर्ता र आसेपासेलाई जागिर खुवाएर पत्रकारिताको चीरहरण गरी रमिता देखाउने काम बढ्दै छ । प्रेस पास झुन्ड्याएर दादागिरी गर्ने, चरित्रहत्या गर्ने र दलाली गर्नेहरूको फौजले नेपाली सञ्चार जगत कलंकित हुन थालेको छ



ललिता साह

नेपाली समाजमा वर्गविभेद झैं जडो गाडेको अर्को विषय लैङ्गिकविभेद हो । यसले समाजमा अनेकौ असमान सामाजिक व्यवहारलाई जन्म दिन्छ। लैङ्गिकविभेदले यो काम महिलाले र त्यो काम पुरुषले मात्रै गर्ने भनेर काममापनि असमान मानसिकता जन्माउँछ। यसलेगर्दा कामको प्रकृति अनुसार महिलाहरुको निम्ती अवसर सीमित हुन्छ। यसैकारण क्षमता भएरपनि तथा काम गर्न चाहेरपनि महिलाहरुले समाजमा हरेक प्रकारले पछौटेपन झेल्दै आएका छन। यसका बाबजुद मधेश प्रदेशमा पत्रकारिता पेशामै संघर्ष गरेर आफुलाई देशकै पत्रकारितामा स्थापितगर्न सफल मधेशकी केही महिला पत्रकारहरुको यहाँ चर्चा गर्ने जमर्को गरिएको छ।

स्कुले जीवनदेखि नै लेखनमा दखल राख्छिन  सप्तरीका सुधा देव । केही रहर, केही सामाजिक अन्यायको खाडल र यही कलाका कारण डेढदशक अगाडी आफ्नो झुकाव पत्रकारितातिर रहेको उनी बताउँछिन् । स्नातकोतरसम्म अध्ययन गरेकी सुधा १२वर्षदेखि पत्रकारिता सँगसँगै बच्चा, पढाइ र घर समेत कुशलतापुर्वक सम्हाल्दै आएकी छिन ।

उनी लगायत सप्तरीमा स्थापित पत्रकार महिलाहरुमा करुणा झा, माला कर्ण, ललिता साह, अम्बिका दाहाल, अर्चना परियार, लगायत छिन् ।

लैङ्गिकविभेदको आधारमा पत्रकारिता पुरुहरुले गर्ने पेशा मात्रै भएको रुढ मानसिकता बोकेको समाजमा यी महिला पत्रकारहरु कोही १३ त कोही १६वर्ष कै किशोर अवस्थादेखि नै पत्रकारिता गर्दैआएकी हुन् ।

अनेक चुनौतीका बीच यिनीहरु विभिन्न पत्रपत्रिकामा लेख्दै र रेडियो, टेलिभिजनमा बोल्दै उच्च शिक्षा, घरबार, विवाह ,बच्चा हुर्काउदै निरन्तर  पत्रकारितामा टिकिरहेकी छिन् ।

अहिले कतिले आफ्नै सम्पादनमा लामो समयदेखि पत्रिका निकाल्दै आएकी छिन्, त कोही राष्ट्रिय मिडियामा आबद्ध छिन्। यतिमात्रै नभई पत्रकारिता र कलमले खारिँदै यी शिक्षित र अनुभवी

पत्रकार महिलाहरु नेतृत्व तहमा समेत अब्बल साबित हुँदै गएकी छन् ।

स्नातकोतर गरेकी ललिता साह नेपाल पत्रकार महासंघको निर्वाचित केन्द्रीय सदस्य हुन् । देव सप्तरी शाखाकी निर्विरोध पुर्व उपाध्यक्षमा छिन् भने दाहाल वर्तमान निर्वाचित उपाध्यक्ष छिन् । कर्ण जनमुखी पब्लिकेसनकी अध्यक्ष र झा संचार यात्राकी अध्यक्ष छिन् ।

जनकपुरकी मोनिका झा १५ वर्षकै हुँदा, उनले कान्तिपुरमा लेख्न शुरु गरिन् । मधेशमा उनी एक स्थापित पत्रकारको रुपमा आफुलाई चिनाउन सफल भएकी छिन् । पत्रकारितासँगसँगै बच्चा, पढाइ र घर समेत कुशलतापुर्वक सम्हाल्दै आएकी झा अहिले धनुषा पत्रकार महासंघको निर्वाचित अध्यक्ष छिन्, भने जनकपुरकै रिंकु मिश्र महासंघकी केन्द्रीय सदस्य र मधेश प्रदेश मिडिया प्रतिष्ठानका सदस्य समेत हुन् ।

आउने पुस्ताका निम्ति मधेश प्रदेशको पत्रकारितामा यी उदाहरणीय महिलाहरु र उनीहरुको नेतृत्वदायी भुमिकालाई प्रेरणादायी ईतिहासको रुपमा हेरिनेछ ।

२०६५ सालदेखि जनकपुरधाममा मिथिलाञ्चल एफ एमको शुरुवातसँगै पत्रकारिता शुरु गरेकी जनकपुरकी ज्योति झा विगत १२ वर्षदेखि निरन्तर काम गर्दै आएकी छिन् । पत्रकारितासँगै पढाइ, परिवार र बच्चा हुर्काउदै आएकी ज्योती अहिले नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिको महिला उपाध्यक्ष समेत हुन् । आफू कुनचाहिँ पाटोमा योग्य छु भन्ने चेतनासँगै पत्रकारिता पेशा अँगालेकी ज्योति भन्छिन-'वास्तवमा भन्नुपर्दा व्यावसायिक मर्यादा अपनाउन म यो पेशा अंगालेकी हुँ ।' उनको अनुभवमा उनले शुरुमा स्थिति सहज र स्वच्छ पत्रकारिता नै देखिरहेको थिएँ । तर, पछिल्लो समयमा सत्ताको नजिक पुग्न, राजनीतिक आस्थाका आधारमा शक्तिआर्जन गर्न र मिडियाको आडमा व्यक्तिगत स्वार्थ पूरा गर्नेहरुका कारण यो पेशा असहज हुँदैगएकोले आफू दुःखी रहेको उनले बताईन् ।

पछिल्लो समयमा पत्रकार र पत्रकारिताको नाममा आफन्त, कार्यकर्ता र आसेपासेलाई जागिर खुवाएर पत्रकारिताको चीरहरण गरी रमिता देखाउने काम बढ्दै गइरहेको छ । प्रेस पास झुन्ड्याएर दादागिरी गर्ने, चरित्रहत्या गर्ने र दलाली गर्नेहरूको फौजले नेपाली सञ्चार जगत कलंकित हुन थालेको ज्योतिको बुझाई छ । सञ्चार माध्यम खोल्न चाहिने न्युनतम् विषयगत योग्यता र पृष्ठभूमिको स्पष्ट नीति नहुनुले राजनीतिक दलहरुका कार्यकर्ता र उनिहरुका आसेपासेहरुको कारण पत्रकारिताप्रतिको जनविश्वासमा कमी आएको छ र नैतिक संकट उत्पन्न हुँदैछ । यी र यस्ता थुप्रै कारणहरुले उनको मन भित्र कयौं सवालहरु उत्पन्न भइरहेको पीडाबोध ज्योति झाले सुनाइन् ।

स्वच्छ र कामप्रति बफादार पत्रकारहरुले कहिलेकाँही आवश्यक परेको बेला भोको रहेरपनि काम गर्नुपर्छ । तर योग्यताअनुसार काम, तलब सुविधा र बढुवा नपाउने स्थितिको कारण ज्योतिको मन खिन्न हुन्छ । मिडियाउद्योग अरु कारखानाजस्तो होइन भनेर यसका मालिकहरुले पनि बुझ्न आवश्यक रहेको ज्योतिको तर्क रहेको छ ।

मोनिका, रिंकु, नेहा, ज्योति, प्रतिभा, बरुणा, अनामिका जनकपुरका र निलिमा पौडेल,

माधुरी महतो, कविता खडका, लक्ष्मी खरेल, मनिता पाण्डे लगायत बारा र पर्साका स्थापित पत्रकार महिलाहरुका नाम हुन् ।

ईतिहासको विविध कालखण्डमा प्रेस जगत र पत्रकारहरुले संघर्ष र निरंकुशता भ्रैल्दै आएको छ । हरेक परिवर्तनको संबाहक र तितामिठा सबै खाले घटनाक्रमको साक्षी पत्रकार र पत्रकारिता राज्यबाट निरन्तर उपेक्षित नै छ । यद्यपि समकालीन समयमा नेपाली पत्रकारिताको विकाससँगै मधेशको परिवेशमा अनेकौ बाधा व्यवधानका बीच महिला पत्रकारहरु उलेख्य रुपमा पत्रकारितामा आबद्ध छिन् । उनीहरु सशक्त रुपमा कलम चलाउँदै पत्रकारिताबाट समाजको विकृतिलाई औल्याउँदै सुसूचित, परिवर्तित र विकासशील समाज निर्माणमा अनवरत योगदान गर्दै आईरहेको यथार्थ हो ।

अनुगमन

# मधेशका मिडियाहरुको समस्या र चुनौती

*पृष्ठभूमि*

मिडिया काउन्सिलका अध्यक्ष शिवहरी प्रसाद भट्टराईको नेतृत्वमा महोत्तरीको पत्रिका, एफएम र अनलाइनलाई अध्ययन अवलोकन तथा अनुगमन गरियो । अनुगमन टोलीमा नेपाल पत्रकार महासंघका प्रदेश समिति अध्यक्ष राजेश कर्ण, मिडिया काउन्सिलका सदस्य कैलास दास र प्रशासकीय प्रमुख मुनेश्वर यादव रहेको थियो । महोत्तरीको जलेश्वर, गौशाला र बर्दिवासमा सञ्चालनमा रहेको एफ.एम तथा पत्रपत्रिकाहरुको कार्यालयमै गएर अध्ययन अवलोकन समेत गरियो । सोही क्रममा नेपाल पत्रकार महासंघ महोत्तरी शाखाका अध्यक्ष कमलेश मण्डल लगायतका महोत्तरीका पत्रकारहरुसँग भेटघाट तथा सञ्चार हाउसमा गएर त्यहाँको समास्याहरु र सोको समाधानका लागि छलफल पनि गरियो ।

गएका अनुगमन टोली नेपाल पत्रकार महासंघ महोत्तरी शाखामा पुगेर त्यहाँको मिडियाहरुको अवस्था, समस्या र चुनौती बारेमा त्यहाँबाट प्रकाशित/प्रशारित पत्रपत्रिका, एफएम रेडियोको बारेमा नेपाल पत्रकार महासंघ महोत्तरी शाखाका अध्यक्ष कमलेश मण्डल, वरिष्ट पत्रकार दशरथ भण्डारी, पत्रकार संजीत कुमार मण्डल लगायतका पत्रकार एवं प्रकाशक/सञ्चालक एवं सम्पादकहरुसँग भेटघाट गरियो । सोही क्रममा महोत्तरीबाट दैनिक पत्रिका ६ वटा, ९ वटा सप्ताहिक पत्रिका, चारवटा आँनलाइन र १२ वटा रेडियो एफएम सञ्चालनमा रहेको पाइयो ।

दैनिक पत्रिकामा जलेश्वर टुडे, महोत्तरी टाइम्स, द पब्लिक टुडे, गौशाला खबर, टाँप नेपाल रहेको छ । त्यस्तै साप्ताहिकमा : भूमि सप्ताहिक, पालिका खोज, युग पुकार, मैथिल संदेश, तथ्य साप्ताहिक, जलेश्वर साप्ताहिक, गौशाला टाइम्स, पँचधुरा,महोत्तरी साप्ताहिक निरन्तर रुपमा सञ्चालनमा रहेको जानकारी भयो । रेडियो : रेडियो रुद्राक्ष, रेडियो जलेश्वरना, रेडियो मिर्ची, सोनामाई एफएम, रेडियो मैक्स, रेडियो गौशाला, रेडियो रुपान्तरण, रेडियो जुनतारा, रेडियो दर्पण, रेडियो बर्दिवास, रेडियो सुनगाभा सञ्चालनमा छ । अनलाइनमा पब्लिक टुडे, ठोस खबर, महोत्तरी पोष्ट, टाँप नेपाल सञ्चालनमा रहेको छ ।

*मिडियाको अवस्था*

महोत्तरीबाट प्रकाशित पत्रिकाहरुको अवस्था निकै दयनीय रहेको महोत्तरी शाखा अध्यक्ष कमलेश मण्डलले जानकारी गराए । तीन तहको सरकार भएपछि झण्डै सञ्चार जगतको अवस्था बलियो हुनुपर्नेमा विशेष गरी 'पालिका'हरुको विज्ञापन जातिय आधारमा अर्थात जुन समुदायका मिडिया सञ्चालनमा छ, त्यो समुदायका मेयर, उपमेयर, प्रकाशकीय अधिकृत लगायतका जनप्रतिनिधिहरुले आफ्ना नातागोतालाई प्रकाशिक/प्रसारित मिडियाहरुमा विज्ञापन दिने गरेको बढी गुनासो पाइयो । केही पत्रिकाहरु जुन बजारमा देखिदैन त्यस्ता पत्रिकामा पालिका लगायतका सरकारी विज्ञापनहरु

प्रकाशित गरेर विज्ञापन वापत आएको रकमको ५० देखि ६० प्रतिशतसम्म कमिशन कार्यालयहरुलाई दिने गरेको गुनासो थियो । त्यति मात्र होइन,महोत्तरीका पालिकाहरुको पनि अधिकांश विज्ञापन जनकपुरधामबाट प्रकाशित/प्रसारित मिडियाहरुमा दिने गरेको र मधेश प्रदेश सरकारले अहिलेसम्म कुनै पनि विज्ञापन उपलब्ध नगराइएकोले यहाँका पत्रिकाहरुको अवस्था निकै दयनीय रहेको बुझ्न आयो । रेडियो एफएमहरुमा कहिलेकाही सीमापारी अर्थात भारत सीमाको छेउँछाउँको विज्ञापन आएकोले केही हदसम्म अवस्था राम्रो रहेको छ । कतिपय वरिष्ठ पत्रकारहरुले आफ्नो प्रतिष्ठा बचाउनका लागि पनि मिडियालाई जीवन्त राख्न सञ्चालन गर्दै आएको पाइयो । विगत दुईवष कोरोना भाइरसको कारणले व्यापारी, विद्यालय लगायतको विज्ञापन नआएपछि कतिपय मिडियाहरु बन्द हुने अवस्थामा पुगेको छ ।

*मिडियामा राजनीतिहावी*

राजनीतिकर्मीद्वारा प्रसारित रेडियो एफएममा मात्र मधेश सरकारको विज्ञापन जाने गरेको गुनासो सुन्न पाइयो । जलेश्वरबाट प्रसारित रुद्राक्ष एफएममा मधेश प्रदेश साँसद रानी शर्माको लगानी रहेकोले मधेश प्रदेशबाट विज्ञापन ती एउटा एफएमले मात्र लाभ लिने गरेको गुनासो बढी पाइयो । राजनीतिकर्मी वा दलहरुको निष्पक्ष, निस्वार्थ र सत्थ्यतथ्य समाचार प्रकाशन/प्रसारणमा आएमा त्यसको खण्डन राजनीतिकर्मीद्वारा प्रकाशित/प्रसारित सञ्चारहरुले गर्ने गरेको गुनासो पाइयो । जबकि यो आचार संहिता विपरित रहेको छ ।

प्राथमिकता र गुणस्तरीयता

महोत्तरीबाट प्रकाशित/प्रसारित मिडियाहरुमा खासै गुणस्तरीयता पाइएन । एफएमहरुमा हिन्दी, मैथिली, भोजपुरी गीतहरुको प्राथमिकता दिनुका साथै दिनमा दुई वटा तीन पटक समाचार दिने गरेको पाइयो । त्यस्तै पत्रिकाहरुको पनि अवस्था त्यस्तै नै देखियो । अधिकांश समाचारहरु अनलाइन लगायतको देखियो भने संख्यात्मक रुपमा एक सय वा दुई सयभन्दा बढी पत्रिकाहरु नछाप्ने गरेको पाइयो । बजारमा दैनिक पत्रिका देखिएपनि साप्ताहिक निक्कै कम देखियो ।

*मुख्य समस्याहरु*

- मिडियाहरुमा समावेसी समानुपातिक अनुसार विज्ञापन नआउनु
- जातिय मिडिया वा कमिशनको भरमा विज्ञापन जानु
- राजनीति दलका व्यक्तिहरुद्वारा मिडिया सञ्चालनमा आउँदा आचार संहिताको खुल्लोआम उल्लंघन हुनु
- अर्को समाचारलाई अर्कोले खण्डन गर्नु
- नभएका पत्रकारहरु पनि मिडियाको कार्ड भुण्डाएर धाकधम्की देखाउनु
- पत्रकार पत्रकारबीच अन्तरद्वन्द वा समन्वय नभएको कारण राजनीति दल तथा जनप्रतिनिधिहरुले त्यसको बढी फाइदा लिनु
- स्थानीय र मधेश सरकार स्थानीय मिडियाप्रति उदासिन देख्नु

*समाधानका उपायहरु*

- मिडिया हाउस मिडियाकर्मीद्वारा सञ्चालित हुनुपर्छ ।
- स्थानीय निकाय स्थानीय मिडियाहरुलाई विज्ञापन उपलब्ध गराउनुपर्छ
- प्रदेश सरकारले समानुपातिक अनुसार विज्ञापन उपलब्ध गराउनुपर्छ

- विज्ञापनमा जातियकरण र कमिशनको खेलबेला अन्य गरिनुपर्छ
- जनप्रतिनिधिहरुलाई मिडियामैत्री बन्नुपर्छ ।
- मिडिया हाउस र पत्रकार निष्पक्ष र निस्वार्थ बन्नुपर्छ ।

*काउन्सिलबाट अपेक्षा*

- मधेश प्रदेशका आठवटै जिल्लाका पत्रकार महासंघलाई जीवन्त र गरिमालाई बढाउन भूमिका खेल्नुपर्छ ।
- मधेश प्रदेश सरकारबाट समानुपातिक अनुसार प्रत्येक जिल्लाबाट प्रकाशित/प्रसारित मिडियाहरुलाई विज्ञापन उपलब्ध गराउनुपर्छ ।
- राजनीति दलद्वारा प्रकाशित/प्रसारित मिडियालाई निरुत्साहित गर्नुपर्ने भूमिका निर्वाह गरिदिनुपर्छ ।
- पत्रकारहरुलाई बेलाबेलमा तालिमको व्यवस्था गरिदिनुपर्छ ।
- नातावाद/कृपावादको अन्त्य र राम्रो कार्य गर्ने मिडिया वा पत्रकारलाई पुरस्कारको व्यवस्था गरिदिनुपर्छ ।
- मधेश प्रदेश सरकारको छुट्टै लोकल्याणकारी विज्ञापन बनाई सो वापत रकमको व्यवस्थापन गरिदिनुपर्छ ।

# सञ्चारमाध्यमको विकासका लागि आएका सुझावहरु

*पृष्ठभूमि*

मधेस प्रदेश भित्रका सञ्चारमाध्यमहरु तथा कार्यरत श्रमजिवी सञ्चारकर्मीहरुको हकहित, वृति विकास तथा अनुगमन, आचार संहिता आदि नियमन गर्न मधेस प्रदेश सरकारद्वारा गठित मधेस मिडिया काउन्सिल प्रदेशका आठवटै जिल्लामा कार्यरत सञ्चारकर्मीहरुसंग विचार विमर्श, राय संकलन, गोष्ठी तथा सेमिनार आदिको आयोजन भयो । सर्लाहीको मलंगवामा सर्लाही, रौतहट, बारा, पर्साका सञ्चारकर्मीहरुसंग 'सञ्चार माध्यमहरुको विकासको लागी सुझाव संकलन' गोष्ठी भयो ।

नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिका अध्यक्ष राजेश कुमार कर्णको प्रमुख आतिथ्यमा भएको सो सुझाव संकलन गोष्ठीमा नेपाल पत्रकार महासंघ पर्सा शाखाका अध्यक्ष अनुप तिवारी, सर्लाही शाखाका अध्यक्ष टंक बहादुर क्षेत्री, मिडिया काउन्सिलका सदस्य बन्दाना झा, कैलास दास, दलित पत्रकार संघका सर्लाही अध्यक्ष अकलेश बैठा, रौतहट शाखाका सहसचिव रामप्रवेश बैठा, बारा शाखाका पन्नालाल दास सहितको सहभागिता थियो ।

प्रदेश भित्रका सञ्चार माध्यम तथा सञ्चारकर्मीहरुको वृति विकास तथा हक हितका लागी प्रदेश मिडिया काउन्सिलको भूमिका के हुने ? पत्रपत्रिकाहरुको वर्गिकरण, लोक कल्याणकारी विज्ञापनको न्यायोचित वितरणआदि विषयमा चार वटै जिल्लाका सञ्चारकर्मीहरुसंग लिखित सुझाव मांग गरिएको थियो । सोही क्रममा पाँचवटा समूह बनाई छलफल गरी सुझाव संकलन गरिएको थियो । उनीहरुबाट आएको सुझावहरु यस प्रकार रहेका छन् -

*सुझावहरु*

१. संचार माध्यममा विभेद सामुदायिक र व्यवसासिक बीच हुनुपर्छ
२. झोले पत्रकारिताको नियन्त्रण गर्नुपर्छ
३. लोक कल्याणकारी विज्ञापन समानुपातिक किसिमले बाँडफाँड गर्नुपर्छ

४. उपकरण खरीदमा सहुलियत दरमा ऋण उपलब्ध गराउनु पर्छ ।
५. मिडिया विकास कोषको स्थापना गर्नुपर्छ ।
५. उपकरण विमा हुनुपर्छ ।
६. सञ्चार माध्यमहरुका लागि ऋण उपलब्धताको व्यवस्था गर्नुपर्छ ।
७. समानुपातिक तरिकाले विज्ञापन वितरण गर्नका लागि पहल गर्नुपर्छ
८. विभिन्न पालिकाहरुका विज्ञापनमा लिने गरेको कमिशन हटाउनु पर्छ ।
९. योग्यताको आधारमा तलव तलव उपलब्ध गराउनुपर्छ ।
१०. मिडिया संचालनमा उद्योग र व्यापारी पहुँचलाई कम पर्छ ।
११. सुझाव संकलन हुन्छ, कार्यान्वयन हुदैन
१२. लोक कल्याणकारी सिन्डिकेट हटनु पर्यो
१३. स्थानीय तहहरुले समानुपातिक दिनुपर्यो
१४. नेपाल पत्रकार महासंघ मार्फत विज्ञापन उपलब्ध गराउनु पर्‍यो ।
१५. पत्रिका प्रकाशन कठिन हुँदै गएको छ
१६. अनलाइन सहज छ
१७. समाचार माध्यमको सूचिकरण हुनु पर्यो
१८. सञ्चार तथा सञ्चारकर्मीहरुको विमा गराउनु पर्छ
१९. रेडियोकर्मीलाई तालिमको व्यवस्था गरिदिनु पर्‍यो ।
२०. समय समयमा अनुगमन हुनुपर्‍यो ।
२१. सामाग्री खरीदका लागि आर्थिक सहयोग वा शुन्य ब्याजदरमा ऋण उपलब्ध गराउनु पर्‍यो ।
२२. सुझाव संकलनलाई डस्टविन नफाल्नु होला ।
२३. समाचार माध्यमको वर्गीकरण समयमा हुनपर्‍यो ।
२४. नविकरण, दर्ता प्रक्रिया झन्झटिलो हुनु भएन ।
२५. दर्ता खारेज भएका एफ.एम. बन्द गर्नु पर्यो
२६. पुरस्कारको व्यवस्था हुनुपर्‍यो ।
२७. प्रेस पासको दुरुपयोग रोकियोस्
२८. पत्रकारहरुको भौतिक सुरक्षा हुनुपर्‍यो ।
२९. पार्टीको झण्डा बोक्नेमाथि कारवाही प्रक्रिया ल्याएर कारवाही गर्नुपर्‍यो ।
३०. विज्ञापनको न्यूनतम दर रेट कायम गर्नुपर्‍यो ।

**राजेश कुमार कर्ण**
*नेपाल पत्रकार महासंघ मधेश प्रदेश समिति*

नेपालमा रहेका सञ्चारमाध्यमहरुको लोककल्याणकारी विज्ञापन र अन्य सञ्चालन हुने तरतरिकाको लगानीको आधारमा छुट्टाछुट्टै वर्गिकरण हुनुपर्ने आवश्यकता रहेको छ । लोककल्याणकारी विज्ञापनका लागि सो सञ्चारमाध्यमहरुको वितरण प्रसारण क्षमता र पाठक, स्रोता र दर्शकहरुसम्मको पहुँचका आधारमा वजर्गिकरण गर्नुपर्दछ भने लगानीको आधारमा र कम पूजीबाट पत्रकारहरुद्वारा सञ्चालित सञ्चार माध्यमहरुलाई स्वरोजगार मुलक सञ्चार माध्यमक र साना सञ्चार माध्यमक, मझौला सञ्चार माध्यम र ठूला लगानीका सञ्चार माध्यमहरु गरी चार प्रकारमा वर्गकिरण गर्नुपर्छ । स्वरोजगार मुलक र सानो सञ्चार माध्यमहरुलाई राज्यले संरक्षणको नीति लिनुपर्दछ भने पूर्ण रुपले व्यवसायिक दृष्टिले खोलिएका सञ्चार माध्यमहरुको व्यवस्थापन सुधारका लागि अनुगमन, मूल्यांकन गर्नुपर्दछ । श्रमजिवि पत्रकारहरुको हकमा ठूला व्यवसाय सञ्चार माध्यमहरु र साना स्वरोजगार मुलक सञ्चार माध्यमकहरुका लागि छुट्टै पारिश्रमिक नीति लागु गर्नुपर्छ । न्यूनतम पारिश्रमिक प्रत्येक सञ्चार माध्यमकले समयमै दिनुपर्दछ ।

पत्रकारहरुलाई बिना कुनै कारण

रोजगारबाट हटाउन मिल्दैन साथै गत दुईवर्ष कोरोना महामारीका कारण पीडित रहेका सञ्चार माध्यमहरुलाई एकपटकको लागि संघीय सरकार प्रदेश सरकारले राहत प्याकेजमा सहयोग गर्नुपर्दछ । त्यसको लागि निशिचत अवधिसम्मका लागि निःशुल्क विद्युत, उपकरण खरीदका लागि अनुदान र उपकरणहरुको बीमा गर्नुपर्दछ भने पत्रकारहरुको लागि स्वस्थ्य र दुर्घटना बिमा एवं दक्षमता सम्बन्धी प्रशिक्षणहरु दिनुपर्दछ ।

***टंक क्षेत्री***

*अध्यक्ष - नेपाल पत्रकार सर्लाही शाखा*

पत्रकारहरु एउटै पेशामा संलग्न हुनुपर्दछ । पत्रकारहरु नै कही शिक्षक, कही मानव अधिकारवादी, कही कुनै संस्थाको कर्मचारी हुनुहुँदैन । सञ्चार माध्यमहरुको विकासका लागि लिने सुझावहरुमा आफूले पटक पटक यही अनुहारहरु देख्दै गरेको र जहाँ गएपनि यही पत्रकारहरु र सञ्चालकहरु हुने गरेको भएपनि रेकर्डमा थुप्र पत्रकार र सञ्चालकहरु रहने गरेको पाइएको बताए । उनले पत्रकारहरुले सञ्चालन गरेको सञ्चार माध्यमलाई सरकारले विशेष प्राथमिकता दिन हुने बताए । प्रदेश सरकारले सामुदायिक एफएमहरुको विकासका लागि आफ्ना नीति तथा कार्यक्रममा साकारात्मक दृष्टि देखाएपनि व्यवसायिक एफएमहरुका लागि विभेदपूर्ण नीति लिनु गलत हो, कार्यको दृष्टिकोणले समुदायिक एफएम र व्यवसायिक एफएम उस्तै कार्य गरेपनि दुईटैबीचको विभेद गर्नु सरकारको दोहरा् मापदण्ड हो त्यसको हामी विरोध गर्दछौं ।

***अनुप तिवारी***

*अध्यक्ष-नेपाल पत्रकार सर्लाही शाखा*

नेपालमा एउटा स्वरोजगार मुलक सञ्चार माध्यम छ भने अर्को व्यवसायिक । तर व्यवसायिक सञ्चार माध्यमहरुमा पनि कुनै अर्ध व्यवसायिक र साना सञ्चार माध्यम छन् त्यसैगरी मझौला र ठूला सञ्चार माध्यमहरु पनि छन् । तर सरकार साना सञ्चार माध्यम र स्वरोजगार मुलक सञ्चार माध्यमलाई बढी नियन्त्रण गर्ने मूडमा रहन्छ भने ठूला सञ्चार माध्यमहरुसँग सरकार नै डराएको जस्तो देखिन्छ  र राज्यको विज्ञापन ठूला सञ्चार माध्यमहरुमा नै जान्छ , त्यसैले साना र स्वरोजगार मुलुक सञ्चार माध्यमहरु सुख्दै गएको छ । सरकारले आफ्नो नीतिमा तत्काल सुधार गर्नुपर्दछ ।

***काउन्सिलबाट अपेक्षा***

- मधेश प्रदेश सरकारको छुट्टै लोकल्याणकारी विज्ञापन बनाई सो वापत रकमको व्यवस्थापन गरिदिनुपर्छ ।
- मधेश प्रदेशका आठवटै जिल्लाका पत्रकार महासंघलाई जीवन्त र गरिमालाई बढाउन भूमिका खेल्नुपर्छ ।
- मधेश प्रदेश सरकारबाट समानुपातिक अनुसार प्रत्येक जिल्लाबाट प्रकाशित/प्रसारित मिडियाहरुलाई विज्ञापन उपलब्ध गराउनुपर्छ ।
- राजनीति दलद्वारा प्रकाशित/प्रसारित मिडियालाई निरुत्साहित गर्नुपर्ने भूमिका निर्वाह गरिदिनुपर्छ।
- पत्रकारहरुलाई बेलाबेलमा तालिमको व्यवस्था गरिदिनुपर्छ ।
- नातावाद/कृपावादको अन्त्य र राम्रो कार्य गर्ने मिडिया वा पत्रकारलाई पुरस्कारको व्यवस्था गरिदिनुपर्छ ।

# सुझाव संकलन गोष्ठी.....

यसै क्रममा धनुषाको जनकपुरधामको जिल्ला समन्वय समिति धनुषाको सभाकक्षमा धनुषा, सिरहा,महोत्तरी र सप्तरीका सञ्चारकर्मीहरुसंग ‘ सञ्चार माध्यमहरुको विकासको लागी सुझाव संकलन’ गोष्ठी गऱ्यो । वरिष्ट पत्रकार तथा प्राज्ञ रामभरोस कापडिको प्रमुख आथित्य तथा काउन्सिलका अध्यक्ष शिवहरि प्रसाद भट्टराईको अध्यक्षतामा सम्पन्न गोष्ठीमा नेपाल पत्रकार महासंघका पूर्व केन्द्रिय अध्यक्ष गोविन्द आचार्य, प्रेस काउन्सिलका पूर्व सदस्य नवलकिशोर यादव, पत्रकार महासंघका केन्द्रिय सदस्य रिंकु गायत्री मिश्र, सञ्चार उद्यमी विष्णु कुंवर, मधेस मिडिया काउन्सिलका सदस्य कैलास दास र अर्जुन मण्डल, महोत्तरीका वरिष्ट पत्रकार दशरथ भण्डारीसहित चारै जिल्लाका सञ्चारकर्मीहरु सहभागी थिए ।

प्रदेश भित्रका सञ्चार माध्यम तथा सञ्चारकर्मीहरुको वृति विकास तथा हक हितका लागी प्रदेश मिडिया काउन्सिलको भूमिका के हुने ? पत्रपत्रिकाहरुको वर्गिकरण,लोक कल्याणकारी विज्ञापनको न्यायोचित वितरणआदि विषयमा चार वटै जिल्लाका सञ्चारकर्मीहरुसंग लिखित सुझाव मांग गरिएको थियो । सहभागीहरुले आपसमा गहन छलफल गरेर लिखित सुझाव बुझाएका थिए । जिल्लाहरुबाट आएका सुझाव घत लाग्दा थिए । अधिकांश सुझाव समान प्रकृतिका थिए भन्ने केही फरक तथा महत्वपूर्ण । ती सुझावहरुलाई समष्टिगत रुपमा प्रस्तूत गरिएको छ -

१ मिडिया कोषको स्थापना

२ समानुपातिक विज्ञापन प्रणाली

३ प्रदेश सरकारको विज्ञापन आठ वटै जिल्लामा समानुपातिक रुपमा वितरण गर्नु पर्ने

४ लोककल्याणकारी विज्ञापनको समानुपातिक वितरण

५ सञ्चार माध्यम तथा सञ्चारकर्मीहरुको उपकरण/सवारी साधान खरीदमा अनुदान/कर माफीको व्यवस्था

६ जिल्लाका विज्ञापन जिल्लाकै सञ्चार माध्यमलाई

७ छाडा अनलाईलाई नियन्त्रण तथा नियमन

८ प्रदेशमा पत्रकारिता विश्वविद्यालय स्थापना

९ सञ्चारकर्मीहरुलाई नियमित क्षमता अभिवृधि तालिमको व्यवस्था

१० सञ्चार माध्यमहरुको नियमित अनुगमन तथा पत्रकार आचार संहिताको कडाईका साथ कार्यान्वयन

११ अवलोकन,अध्ययन र थकाई मेटाउन अवलोकन भ्रमणको व्यवस्था

१२ अनलाईन, टेलिभिजन, एफएम रेडियोहरुलाई पनि लोककल्याणकारी विज्ञापनको व्यवस्था

१३ सञ्चार माध्यमहरुलाई निरव्याजी ऋणको व्यवस्था

१४ प्रदेश भित्रका सञ्चार माध्यमहरुको मधेस मिडिया काउन्सिलबाटै वर्गिकरणको व्यवस्था

१५ सञ्चारकर्मीहरुको स्वास्थ्य विमाको व्यवस्था

१६ सञ्चार माध्यम र सञ्चारकर्मीहरुको एकिकृत तथ्यांक संकलनको व्यवस्था

१७ अति जोखिममा रहेका सञ्चार माध्यमहरुलाई अनुदान र सहयोग

१८ सञ्चारकर्मीहरुको न्युनतम पारिश्रमिकको ग्यारेन्टी

*रामभरोस कापडि भ्रमर*

वरिष्ट पत्रकार तथा प्राज्ञ

पत्रकारितामा अध्ययन महत्वपूर्ण विषय हो । गहन अध्ययन गरौं अनि खोजमूलक समाचार,विचारहरु लेख्ने प्रयास गरौं । सञ्चारकर्मीहरु समाजका ऐना हुन् । धमिलो ऐनामा अनुहार हेर्न कठिन हुन्छ । यस कारण अध्ययनको माध्यमले आफूलाई चमकाउ ।

*गोविन्द आचार्य*

*पूर्व अध्यक्ष : नेपाल पत्रकार महासंघ*

मुलुकमा संघीयता आएपनि नेपाल पत्रकार महासंघ र नेपाल सरकारले संघीयताको अभ्यास गर्न दिएको छैन । संघीताको मर्म अनुसार अनेकौ कानून निर्माण गरियो तर यसका कार्यान्वयन हुन दिएको छैन । महासंघ कानून बनाउने हो । व्यवस्थापकीय काम गर्ने अधिकार प्रदेशलाई दिनु पर्दछ । प्रदेश मिडिया काउन्सिल अधिकार विहीन छन् । मिडियाको विकास भनेको संस्थागत र गुणात्मक हुनु पर्दछ । तलको विज्ञापन तलै रहनु पर्दछ । माथिको विज्ञापन पनि तल आउनु पर्दछ । मिडिया वर्गिकरणको अधिकार प्रदेशलाई दिनु पर्दछ । गुणात्मक समाचारको आभाव भयो । दुनियामा राजनीतिक दल र नेताहरुको समाचार आउन कम भयो तर हामी राजनीतिक समाचारकै पछि लागेका छौं । सामाजिक,आर्थिक,शैक्षिक तथा स्वास्थ्यआदि क्षेत्रका समाचारहरुलाई प्राथमिकतामा राखौं । पाठक र श्रोताहरु औपचारिक भन्दा खोजमूलक समाचार पढन रुचाउछन् ।

# सूचनाको हक प्रवर्द्धन अन्तरक्रिया कार्यक्रम

*पृष्ठभुमी :*

सूचनाको हकलाई लोकतन्त्र प्रबर्द्धनको अनिवार्य शर्तको रुपम लिने गरिन्छ । त्यसैले गर्दा यो अधिकार आज सबैको चासो र सरोकारको बिषय बनेको छ । नागरिकलाई राज्य संयन्त्रको प्रकृयामा सहभागी गराउन उनीहरुलाई सो प्रकृयाको बारेमा आवश्यक जानकारी दिनु राज्यको दायीत्व हो र यो अत्ति आवश्यक पनि छ ।

आफ् नो तथा सार्वजनिक सरोकारको बिषयमा प्रश्न सोध्न सक्ने अधिकारले नागरिकलाई आफु सार्वभौम भएको अनुभुति दिन सक्ने हुँदा सूचनाको अधिकार नागरिकको लागि एक महत्वपूर्ण मानव अधिकार एवं कानुनी अधिकारका रुपमा स्थापित रहेको छ । हाल विश्वका १०० भन्दा बढी राष्ट्रहरुमा सूचनाको हकलाई संवैधानिक एवं कानुनी अधिकारका रुपमा व्यवस्था गरिएको सर्वविदितै छ ।

नेपालमा सूचनाको हकसम्बन्धी संवैधानिक व्यवस्थाको इतिहास लामो छैन । २०४७ सालको संविधान भन्दा पहिलाका संविधानहरुमा सूचनाको हकको सम्बन्धमा स्पष्ट व्यवस्था थिएन । नेपालमा सूचनाको हक सुनिश्चित गर्ने पहिलो दस्तावेज नेपालको अधिराज्यको संविधान २०४७ हो । नेपालको अन्तरिम संविधान २०६३ ले पनि सूचनाको हकलाई नागरिकको मौलिक हकका रुपमा स्वीकारेको छ । नेपालको संविधनाको २०७२ को धारा २७ ले “प्रत्येक नागरिकलाई आफ् नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ” भनी उल्लेख गरेको छ । यस हकलाई प्रचलन

गराउन सूचनाको हकसम्बन्धी ऐन २०६४ र नियमावली २०६५ जारी भई प्रचलनमा आएको पनि धेरै भईसकेकोछ । यो ऐन र नियमावलीमा भएका प्रावधानहरुलाई व्यवहारमा उतारी सुशासन र पारदर्शीता सृजना गर्नु यी कानुनी व्यवस्थाहरुका मुख्य उद्देश्य पनि हो ।

संवैधानिक र कानुनी रुपमै स्थापित यो अधिकारको अधिक्तम सदुपयोग आम नागरिकले अझै पनि गर्न पाएका छैनन भने अर्कोतिर सार्वजनिक निकायहरु नागरिक प्रति उत्तरदायी र जवाफदेहि का साथै सुशासनमुखी हुन सकेको छैन् । सूचनाको हकले सार्वजनिक निकायलाई सुशासित, नागरिक प्रति उत्तरदायी र जवाफदेहि बनाउन राष्ट्रिय सूचना आयोग मार्फत प्रयासहरु थालेकोछ यो राज्यको राम्रो कदम हो । यसका साथै नागरिक स्तरबाट समेत यसको प्रवर्द्धन हुन उत्तिक्कै आवश्यक्ता महशुस भएकोछ । ग्रामिण भेगका नागरिक सम्म यो हकलाई

पुऱ्याउनका लागि सूचनाको हकका लागि राष्ट्रिय महासंघको स्थापना भएकोछ भने महासंघले ७ वटै प्रदेश, ७७ वटै जिल्ला र ७५३ वटै स्थानिय तह सम्म पुग्ने प्रयास गरिरहेकोछ यसका लागि महासंघले नागरिक समाजको प्रतिनिधित्व गर्दै संजालको रुपमा विगत ५ बर्ष देखि अभियन्ताहरुलाई परिचालन गरि स्वंसेवी भावले सूचनाको हकको प्रवर्द्धन गर्न गराउन मुख्य भुमिका खेलिरहेकोछ । महासंघ २०७८ फागुन २ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंमा विधिवत रुपमा दर्ता भई कानुनी रुपमै नागरिक समाजको बलियो संस्थाको रुपमा स्थापित भएकोछ । महासंघले अब आगामी दिनहरुमा राष्ट्रिय सूचना आयोग सँग सहकार्य गरेर उपलब्ध श्रोतहरुको परिचालन गरेर आम नागरिक सम्म सूचनाको हकको अभियानलाई परिस्कृत ढंगले अगाडी बढाउने जमर्को गरेकोछ ।

राज्यको उत्तरदायीत्वलाई नागरिक समाजको तर्फबाट समेत सहयोग गर्न महासंघले विगत देखिनै आयोग मार्फत समन्वय गरि कार्य गर्दै आईरहेकोछ । मधेश प्रदेशमा रहेको प्रदेश स्तरीय सरोकारवालाहरुसँग अन्तरक्रिया गर्न र प्रदेश अन्तर्गतका सबै स्थानिय तह र जिल्लाहरुमा सूचनाको हकलाई प्रचलनमा ल्याउन लागि यो प्रस्ताव अगाडी बढाएका छौं । यसका साथै

सूचनाको हकका सवालमा प्रदेश स्तरका सबै सरोकारवालाहरुमा सूचनाको हकको बारे जानकार बनाउनको साथै व्यवहारिक रुपमा यो कानून कार्यान्वयन हुन सकेमा जनताले सुशासनको अनुभूति गर्न सक्ने वातावरण श्रृजना हुने विश्वास हामीले गरेका छौ । सूचनाको हकका बारेमा मधेश प्रदेशका प्रदेश स्तरमा रहेका सबै एकाईहरुका जिम्मेवारी पाएका पदाधिकारीहरु र सूचना अधिकारीहरुसँग सूचनाको हकको कार्यान्वयनमा देखिएका समस्या, उपलब्ध अवसरहरु र सूचनाको हकको प्रबर्द्धनका लागि गर्न सकिने प्रयासहरु र यसबाट प्राप्त

हुने उपलब्धि बारेमा केन्द्रित भई कार्यक्रम संचालन गर्ने योजना गरेकोछ । यस कार्यक्रम पश्चात सरोकारवालाहरुले सूचना दिने र सूचनाको हकको प्रबर्द्धन गर्न अग्रसर हुने र स्थानिय सर्वसाधारणले सूचना माग गरेमा सहज रुपमा दिन र पाउन सक्नेछन । प्रदेशगत निकायहरुको सूचना दिने कुरामा देखिएको सक्रियताले प्रदेशका सबै निकायहरुलाई सुशासन युक्त बनाउने छ भने सेवा सुविधाको सही सदुपयोग गरी उत्तरदायी तथा सक्रिय नागरिकको रुपमा आफनो भुमिका निर्वाह गर्ने छन भने

मधेश प्रदेश थप जवाफदेही र जिम्मेवार भएको आम नागरिकले महसुस गर्ने हामीले अपेक्षा गरेकाछौं ।

*मुख्य उद्देश्य :*

- मधेस प्रदेश स्तरका निकायका काम कारबाही लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शी बनाउने ।
- मधेस प्रदेशमा सूचनाको हकको आफै प्रबर्द्धनमा लाग्ने वातावरण श्रृजना हुने ।
- मधेस प्रदेशमा सूचनाको हक सम्बन्धी कानुनी प्रावधानमा सुझाव संकलन गर्न मद्दत गर्ने ।
- सबै तहका सरकारहरुलाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउने ।
- मधेस प्रदेशको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउने ।
- मधेस प्रदेशमा सर्वसाधारणको सूचनाको हक सम्बन्धी ऐन २०६४ र नियमावली २०६५ मा रहेको प्रावधानहरुको विषयमा जानकारी गराउने ।













**वीरगञ्जमा सञ्चारमाध्यम र पत्रकार आचारसंहिता निर्माण सुझाव संकलन कार्यशाला गोष्ठी**

तस्वीर (१ र २) मधेश प्रदेशका मुख्यमन्त्री मोहम्मद लालबाबु राउत, गृह तथा सञ्चारमन्त्री भरत प्रसाद साह, नेपाल पत्रकार महासंघ चार जिल्लाका शाखा अध्यक्षहरु (३र४) पत्रकारहरु सुझावहरुलाई लिपिबद्ध गर्दै ।




**बर्दिवासमा सञ्चारमाध्यम र पत्रकारआचार संहिता निर्माण सुझाव संकलन कार्यशाला गोष्ठी**

तस्वीर (१) गृह तथा सञ्चारमन्त्री भरत प्रसाद साह (२ र ३) नेपाल पत्रकार महासंघ धनुषा, महोत्तरी र सर्लाही शाखाका पत्रकारहरु आचारसंहिता गोष्ठीमा आफ्ना सुझावलाई लिपिबद्ध गर्दै ।








**बर्दिवासमा सञ्चारमाध्यम र पत्रकार आचारसंहिता निर्माण सुझाव संकलन कार्यशाला गोष्ठी**

तस्वीर (१ र २) गृह तथा सञ्चारमन्त्री भरत प्रसाद साह उद्‌घाटन गर्दै (३) पत्रकार आचारसंहिता गोष्ठीमा सहभागी नेपाल पत्रकार महासंघ धनुषा, महोत्तरी र सर्लाही शाखाका पत्रकारहरु ।


सुझाव संकलन गोष्ठी
१


सञ्चार माध्यमको विकासको लागि
सुझाव संकलन गोष्ठी
२
2022/6/13 14:14


३


४










**जनकपुरधाममा सञ्चारमाध्यमको विकासका लागि सुझाव संकलन गोष्ठी**

तस्वीर (१) वरिष्ठ पत्रकार रामभरोस कापडि, प्रेस काउन्सिलका पूर्व सदस्य नवल किशोर यादव, (२) सुझाव र विचार दिदै नेपाल पत्रकार महासंघका पूर्व केन्द्रिय अध्यक्ष गोविन्द आचार्य (३ र ४) संकलित सुझवालाई प्रस्तुत गर्दै सञ्चारकर्मी (४, ५ र ६) सुझाव संकलित गर्दै सञ्चारकर्मीहरु ।










**सप्तरीको राजविराजमा सञ्चारमाध्यम र पत्रकार आचारसंहिता निर्माण सुझाव संकलन कार्यशाला गोष्ठी**
तस्वीर (१ र २) गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साह, राज्यमन्त्री रुबि कर्ण कार्यक्रमको उद्घाटन गर्दै (३) कार्यक्रममा सहभागी सप्तरी र सिरहाका सञ्चारकर्मीहरु ।




**सञ्चारमाध्यम र पत्रकार आचारसंहिता, मधेश प्रदेश २०७९ सार्वजनिक कार्यक्रम**

तस्वीर (१ र २) मधेश प्रदेशका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साह, नेपाल पत्रकार महासंघ आठवटै शाखा अध्यक्ष/प्रतिनिधिहरु लगायत पत्रकार आचारसंहिता सार्वजनिक गर्दै। (३) आचारसंहिता सार्वजनिक कार्यक्रममा सहभागी सञ्चारकर्मीहरु










## जनकपुरधाममा सूचनाको अधिकार सम्बन्धी अन्तरक्रिया कार्यक्रम गोष्ठी

तस्वीर (१) मधेश प्रदेशका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साह, सचिव रामकुमार महतो, धनुषाका प्रमुख जिल्ला अधिकार सुरेन्द्र पौडेल सहित (२ र ३) कार्यक्रममा सहभागी सञ्चारकर्मीहरु


पर्सा
बारा
रौतहट
सर्लाही
महोत्तरी
धनुषा
सिरहा
सप्तरी
मिडिया काउन्सिल
मधेश प्रदेश जनकपुरधाम